२४ औं वार्षिकोत्सव
परिवर्तन
मध्यान्ह
९ माघ २०८२, शुक्रबार | 23 January 2026, Friday

# रूपान्तरणको संकल्प



मदनकुमार श्रेष्ठ

> पछिल्लो समय नेपाली पत्रकारितामा निकै उतारचढाव देखिएको छ । जसरी हिजो सूचना संकलनमा समस्या थियो, आज त्यसैगरी अधिक सूचनाबाट सही सूचना संकलन गर्नु चुनौती बनेको छ । र राज्यलाई सही मार्गमा हिँडाउन र समाजमा सही संस्कृतिको विकास गराउन पत्रकारिताले सूचनाको आँधीबाट समाचारको सिर्जना गर्नुपर्नेछ ।



जेन्जी विद्रोह, सत्ता पलट र मध्यावधि निर्वाचन । २३ भदौपछि विकसित यो राजनीतिक कोर्स वर्तमान दायित्व मात्र होइन । मुलुकको नमेटिने इतिहास पनि बनिसकेको छ । किनकि जेनजी विद्रोहका क्रममा मुलुकको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबार नै जल्यो । सर्वोच्च अदालत जल्यो । संसद् भवन जल्यो । बालुवाटार, शीतल निवास, मन्त्री निवास र राजनीतिक दलका कार्यालयहरू जले । नेताहरूका घर जले, व्यापारिक कार्यालयहरू जले । दुई प्रमुख दलहरू नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सत्ता ढल्यो, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाली सेनाले हेलिकोप्टरबाट उद्धार गर्‍यो । कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र पत्नी आरजु राणा कुटिए । कैयन नेताले लुकेर ज्यान जोगाए ।

२४ भदौमा भएको यो तहको विध्वंशभन्दा डरलाग्दो क्षति थियो- २३ भदौको सत्ता दमन । जेनजी (नवयुवा)हरूको शान्तिपूर्ण प्रदर्शनमा राज्य दमन हुँदा केही घण्टाको फरकमै नयाँ बानेश्वर क्षेत्रमा १७ विद्यार्थीको हत्या र साढे ४ सय बढी घाइते भए । इटहरीमा थप दुई युवाको गोली लागेर मृत्यु भयो । जेनजीहरूमाथि भएको राज्य दमनविरुद्ध निस्किएको आक्रोशले सिंगो मुलुकलाई झन्डैझन्डै शून्यमा पुर्‍याइदियो । २४ भदौपछिका केही दिन त राज्य नै नेपाली सेनाजस्तो बन्यो । तर विस्तारै जनताले राष्ट्रपतिको खोजी गरे । सेनाले राष्ट्रपति रामचन्द्र पौडेलमार्फत मुलुकलाई सामान्यीकरणतर्फ डोर्‍याए । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार बन्यो । यो सरकारलाई आगामी २१ फागुनमा चुनाव गराउने जिम्मेवारी दिइएको छ । आफूलाई प्राप्त जिम्मेवारी पूरा गराउन सरकार लागिपरेको छ, अपवादलाई छोडेर आमनागरिकको एउटै चाहना छ- चुनाव ।

चुनावले नै मुलुकलाई सामान्य अवस्थामा फर्काउने आशा गर्नुबाहेक अर्को विकल्प कसैसँग देखिन्न । यसरी इतिहासमा कहिल्यै नभएको राज्य दमन र बदलामा भएको राज्य विध्वंशको मूल कारण थियो- सूचनामा जबर्जस्त बन्देज लगाउने प्रयास ।

यदि तत्कालीन सरकारले सामाजिक सञ्जालहरू बन्द गर्ने निर्णय नलिएको थिए भने जेनजी विद्रोह टर्थ्यो या सम्भवतः नहुन पनि सक्थ्यो । तर नागरिकको जीवन प्रणाली बनिसकेको सामाजिक सञ्जाल प्रयोगमा अर्को भरपर्दो विकल्प नदिई सरकारले जबर्जस्ती बन्देज लगाउन खोज्यो । जबकि सूचना, मनोरञ्जन, सम्पर्क-साधन, उद्यम-व्यावसायदेखि आमसञ्चार माध्यमहरूकै निम्ति पनि अपरिहार्य बनिसकेको थियो- सामाजिक सञ्जाल । जुन सत्य बुझ्न नसक्दा मुलुकले अपूरणीय क्षति बेहोर्नुपर्‍यो ।

## साथमै छ संसार

जेनजी विद्रोहबारे अनेक आयाममा विश्लेषण सुनिँदै छ । तत्कालीन सत्तारूढ शक्तिको एउटा विश्लेषण छ, त्यसमा जेनजीहरूको बिमति छ । मझधारमा रहनेहरूको आफ्नै विश्लेषण छन् । कतिपय अलमलमा छन् ।

विशेषगरी आमनागरिकमा ठुलै अलमल देखिन्छ । आखिर, जेनजी विद्रोहका क्रममा भएको के थियो ? मुलुकमा के भइरहको छ ? नेताहरूको कुन बोली सत्य हो ? कुन झुट हो ?




सूचनाको यस्तो बाढी छ कि तथ्य पहिचान गर्न आमनागरिकलाई सजिलो छैन । कुन सूचना ताजा हो ? कुन बासी हो ? पत्ता लगाउन नसकेर सचेत पंक्ति नै हैरान छन् । एआईमार्फत बनेको तस्बिर हो अथवा सक्कली दृश्य हो ? विचार पुर्‍याउन सकिएन भने गलत सूचनाको खतरामा पर्ने सम्भावना अधिक छ ।

अडियो, भिडियो, तस्बिरदेखि आलेखसमेत एआईमार्फत सिर्जना हुन थाल्यो । सूचना प्रविधिको बढ्दो पहुँच, सञ्चारका माध्यमहरूको विकास रफ्तार र मानव जीवन प्रणालीमा आएको परिवर्तनले कृत्रिम दुनियाँको आतंक नै सिर्जना भएको छ । अब त कम्प्युटर विकासको जेनेरेसनसँग तुलना गरेर मानिसको परिचय दिइन थालेको छ । जस्तो- जेन एक्स, जेनजी, अल्फा इत्यादि ।

सञ्चार प्रणालीमा आएको यो बदलाब दुनियाँका लागि (अझ नेपालका लागि विशेष) चानचुने क्रान्ति होइन । जसलाई बुझ्न संक्षेपमा यो इतिहासलाई हेरौं- आज सूचनाको बाढी नै ल्याउनेगरी आमनागरिकसम्म सरल पहुँजमा पुगेको सञ्चार-प्रविधिका माध्यमको विकास हुन असाध्यै लामो समय लागेको थियो । व्यवस्थित अध्ययनका दृष्टिकोणले १७औं शताब्दीमा विकास भएको प्रिन्टिङ प्रेसलाई 'पानीढलो' मान्न सकिन्छ ।

त्यसअघिका समयमा सत्ताले जनतालाई सूचना दिन गरेका प्रयत्न पत्रकारिताको विकासक्रममा अनेक खण्ड गरेर अध्ययन गरिँदै आएको छ । ढुंगामा लेखेर सार्वजनिक ठाउँमा राख्ने, घरघर/चोकचोक पुगेर खबर गर्ने, बाजा बजाएर सन्देश दिनेजस्ता अभ्यास सूचना सम्प्रेषणका निम्ति हुन्थ्यो । नेपालका सन्दर्भमा केही दशक अगाडिसम्मै त्यस्तो अभ्यास थियो । एक ठाउँको खबर अर्को ठाउँ पुग्न महिनौं लाग्ने, अथवा पुग्दै नपुग्ने हुन्थ्यो ।

बिस्तारै हस्तलिखितको विकास भयो । यसले सूचना सम्प्रेषणमै सहयोग पुग्यो । जब प्रिन्टिङ प्रेसको विकास भयो र अखबर छापिन थाल्यो । अब एकले अर्कोलाई सूचना दिने नभएर आमसञ्चारका रूप धारणा गर्‍यो । जर्मन, इटाली, अमेरिकालगायत पश्चिमा देशहरूमा मासिक, साप्ताहिक हुँदै दैनिक अखबर प्रकाशन हुन थाले । १९औं शताब्दी आइपुग्दा विकसित 'पेन्नी प्रेस' पत्रकारिता इतिहासकै अर्को 'कोसेढुंगा' साबित भयो । एक पेन्नीमा पत्रिका बिक्री गर्ने संस्कृतिले छापामाध्यमलाई आमसमुदायसम्म पुर्‍यायो । एकप्रकारले पत्रकारिताको इतिहासमा नौलो क्रान्ति भयो ।

२०औं शताब्दीमा रेडियोको विकास भयो । रेडियोबाट हुने सूचना सम्प्रेषणले संसारलाई क्षणभरमै जोड्न थाल्यो । यही शताब्दीको अन्त्यतिर विकसित टेलिभिजन र केही दशकको अन्तरमा विकसित इन्टरनेटको क्रान्तिले आज विश्व एउटा घर बन्न पुगेको छ । संसारको खबर पलभरमा हातहातमा रहेको मोबाइलसम्म पुग्ने अवस्था विकास भएको छ ।

विश्वको तुलनामा नेपाली पत्रकारिताको इतिहास र सूचनामा नेपालीहरूको पहुँच विकास पनि निकै पछाडि छ । छापा माध्यमको विकासकै कुरा गर्दा पनि विक्रम संवत् १९५५ मा प्रकाशित 'सुधा सागर' नै नेपालको पहिलो प्रकाशन थियो । यद्यपि नेपाली भाषामा प्रकाशित पहिलो प्रकाशन भने 'गोर्खा भारत जीवन' हो । मोतीराम भट्टले भारतबाट यसको प्रकाशन गरेका थिए ।

विक्रम संवत् १९५८ वैशाख २४ गते राणा प्रधानमन्त्री देव शमशेरले गोरखापत्र प्रकाशन सुरु गरे । विश्वभर चलेको अभ्यासजस्तै सरकारी सूचना जनतालाई पुर्‍याउने हेतुले देव शमशेरले 'गोर्खापत्र' छाप्न थालेका थिए । पहिलो अंकमै 'राजा, रैती र देशलाई फाइदा हुने १४ वटा विवरण' छापिएका थिए । तर देशमा राणाशासन भएकाले पत्रकारिताले गति लिन असाध्यै ढिलो भयो । ८ फागुन २००७ सालमा प्रकाशित 'आवाज' नेपालको पहिलो दैनिक प्रकाशन थियो । तर राणा शासन अन्त्य भएर फैलन थालेको नेपाली पत्रकारिता २०१७ सालमा पञ्चायत सुरु भएसँगै फेरि खुम्चनतिर लाग्यो । आमनागरिकले सही सूचना नपाएर सत्तालाई अनुकूल लाग्ने सूचना मात्र पाउने अवस्था बन्यो । २०४६ सालको परिवर्तनसम्म यो प्रवृत्ति कायमै रह्यो जबकि दुनियाँ धेरै अगाडि बढिसकेको थियो ।

## नयाँ संकट

पञ्चायत ढलेसँगै नागरिक स्वतन्त्रको दायरा फराकियो भयो । आमसञ्चारको विकास अब दौडिन थाल्यो । तर मुलुकले अर्को संकट खेप्नुपर्‍यो- माओवादीको सशस्त्र विद्रोह ।

१० वर्षे सशस्त्र विद्रोहको अवधिमा धेरै प्रताडित हुनुपर्नेमध्ये अग्रभागमै थियो- प्रेस । विद्रोही, सत्ता र समाजका अराजक तत्वहरूले एकसाथ हमला गर्थे । उनीहरू आफ्नो सत्य सार्वजनिक भएको मन पराउँदैन थिए । आफू अनुकूल सूचना सम्प्रेषण गराउने ध्येयले प्रेसमाथि आक्रमण हुन्थ्यो । अर्थात् लोकतन्त्र भने पनि सूचना पाउने संवैधानिक हकबाट नागरिकहरू वञ्चित थिए ।

२०६२/६३ सालको राजनीतिक परिवर्तनले भने सूचना पाउने नागरिकको हकलाई थप स्थापित गर्‍यो । यो खुलापनले छापा, रेडियो, टेलिभिजन, अनलाइन हुँदै पत्रकारिताको दायरालाई यति फराकिलो बनाइदियो कि हरेक नागरिकले आफूलाई मन परेको सूचना संकलन र सम्प्रेषण गर्न सक्ने भए ।

जेनजी विद्रोह, विध्वंश र सत्ता पलटको उपक्रमलाई आमनागरिकले बेरोकतोक सूचना सम्प्रेषण गर्ने संस्कृतिकै उपज मान्न सकिन्छ । यो अवस्था एकातिर खुसी र सफलताको मानक हो भने अर्कातिर चुनौती पनि हो । विशेषगरी पत्रकारिता जगतका निम्ति नयाँ खाले चुनौती हो ।

जसरी हिजो सूचना संकलनमा समस्या थियो, आज त्यसैगरी अधिक सूचनाबाट सही सूचना संकलन गर्नु चुनौती बनेको छ । राज्यलाई सही मार्गमा हिँडाउन र समाजमा सही संस्कृतिको विकास गराउन पत्रकारिताले सूचनाको आँधीबाट समाचारको सिर्जना गर्नुपर्नेछ । जसले पत्रकारिताप्रतिको विश्वासलाई संरक्षण गर्ने मात्र नभएर नेपाली समाजका विद्यमान संकट समाधानमा पनि बल पुग्नेछ । किनकि अधिक सूचनाका कारणले आमसाधारणमा सञ्चार संस्थाहरूप्रतिको विश्वास कमजोर बन्दै छ भने सही सूचनाको अभावले थप संकट निम्तिरहेको छ । यो विश्वासको संकट तत्काल समाधान हुनु जरुरी छ, सरोकारवाला सबैपक्ष यसप्रति समयमै गम्भीर हुनु आवश्यक छ ।



राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

राष्ट्रपति

## शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिकको २४ औं वर्ष प्रवेशका अवसरमा म मध्यान्ह दैनिक परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साढे दुई दशकदेखि अनवरतरुपमा आमनागरिकलाई सत्यतथ्य सूचना प्रवाह गर्ने कार्यमा यसले खेलेको भूमिका प्रशंसनीय छ। यसले राजनीतिक, आर्थिक, सामाजिक, खेलकुद, मनोरञ्जन, विकास-निर्माण, बैंक, वैदेशिक रोजगार, रेमिट्यान्स, बीमा र सञ्चार तथा सूचना प्रविधिजस्ता विषयका समाचारलाई प्राथमिकताका साथ प्रकाशन गर्दै आएको विदितै छ। सत्यतथ्य, विश्वसनीय, आधिकारिक र भरपर्दो समाचार आमजनतालाई शीघ्र प्रवाह गरी सुसूचित गराउने कार्यमा यसको दायित्व र भूमिका परिवर्तित सन्दर्भमा अझ बढेको मैले महसुस गरेको छु।

लोकतन्त्र र पत्रकारिता एकअर्काका पूरक हुन् । लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि प्रेस स्वतन्त्र, निष्पक्ष र उत्तरदायी हुनु आवश्यक छ । पत्रकारिताले जनताको आवाजलाई राज्यका निकायसम्म पुऱ्याउने, सरकारको निगरानी गर्ने र समाजमा व्याप्त विकृति-विसङ्गतिविरुद्ध खबरदारी गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । राजनीतिक परिवर्तनपछि मुलुकको एजेण्डा आर्थिक समृद्धि र विकास हो। नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीको अभिष्ट पनि यही हो। यो शासन व्यवस्थालाई सुदृढ बनाउने कार्यमा नेपाली प्रेसले विगतमा झैं अझ महत्वपूर्ण योगदान दिने मैले विश्वास लिएको छु।

सूचना प्रविधिको विकास, विश्वव्यापीकरण र भूमण्डलीकरणको आधुनिक युगमा पत्रकारिता क्षेत्र र आमसञ्चार माध्यमको भूमिका महत्वपूर्ण छ। तसर्थ, दक्ष जनशक्ति, आधुनिक स्रोत साधन र प्रविधिको अधिकतम उपयोग गरी आम पाठकको सूचना पाउने चाहना पूरा गर्न मध्यान्ह दैनिकलगायतका नेपाली आमसञ्चार माध्यमले सत्यतथ्य, आधिकारिक र विश्वसनीय सूचना सम्प्रेषणमा आगामी दिनमा अझ प्रभावकारी ढङ्गले काम गर्ने मैले विश्वास लिएको छु।
अन्त्यमा, मध्यान्ह दैनिकको २४ औं वार्षिकोत्सवको सफलतासहित यसको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

जय नेपाल !
मिति : २०८२ माघ ६ गते मङ्गलबार

रामचन्द्र पौडेल

---

नेपाल सरकार
**विज्ञापन बोर्ड**
बबरमहल, काठमाडौं, नेपाल

फोन नं.: ०१-५९०७३४४
वेबसाइट : adboard@gov.np
इमेल : info@adboard.gov.np

प.सं.
च.नं.

मिति-२०८२/१०/०४

शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो स्थापनाको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गर्न लागेको अवसरमा म मध्यान्ह राष्ट्रिय दैनिकका प्रकाशक तथा प्रधानसम्पादक लगायत सम्पूर्ण पत्रकार तथा कर्मचारीहरूमा बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

जनतालाई सुसूचित गराउने अभियानमा छापा सञ्चारमाध्यमको आफ्नै विशिष्ट भूमिका विगतदेखि नै रहँदै आएको र भविश्यमा पनि निरन्तर रहने मैले विश्वास लिएको छु । सूचना र प्रविधिको क्षेत्रमा आएको आमुल परिवर्तन र त्यसले उत्पन्न गरेका चुनौतीको सामना गर्न विगतमा जस्तै आगामी दिनमा पनि मध्यान्ह दैनिकलाई सफलता मिलोस् भन्ने कामना गर्दछु ।

विज्ञापन बजारले धान्न नसक्ने गरी खुलेका सञ्चारमाध्यम र सुस्त विज्ञापन बजारका कारण नेपालका सञ्चारमाध्यमहरूले गम्भीर चुनौती व्यहोरिरहेका छन् । त्यसमा पनि प्रविधिमा आएको परिवर्तन र त्यसलाई ग्रहण गर्न आवश्यक पुँजीको अभाव अर्को चुनौती बनेको छ । उपलब्ध विज्ञापन बजारको सही सदुपयोग गर्ने कार्यमा सञ्चार क्षेत्रकै सहयोग र सहकार्य आवश्यक रहेको मैले महशुस गरेको छु ।

चुनौतीका बीच मध्यान्ह दैनिक जस्तो लामो समयदेखि सक्रिय संस्थाले आफूलाई आझ बढी सशक्त र प्रभावकारी बनाउँदै भविश्यको गन्तव्य तय गर्न सफल हुने मैले विश्वास लिएको छु ।

मध्यान्ह राष्ट्रिय दैनिकको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गर्दछु ।

लक्ष्मण हुमागाई
कार्यकारी अध्यक्ष

---

"स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री"
**प्रेस काउन्सिल नेपाल**
(........................महाशाखा/शाखा)
सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं

प. सं.
च. नं.

शुभकामना

संघीय राजधानीबाट नियमित रूपमा प्रकाशित मध्यान्ह राष्ट्रिय दैनिकले स्थापनाको २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको खबर सुन्न पाउँदा अत्यन्त खुसी लागेको छ। यस उपलक्ष्यमा म प्रकाशक, प्रधानसम्पादक तथा सम्पूर्ण मध्यान्हकर्मिहरूमा हार्दिक बधाई तथा शुभकामना प्रकट गर्दछु। राज्यको चौंथो अङ्गका रूपमा राष्ट्रिय हित प्रवर्धन गर्ने उद्देश्यसहित नागरिकलाई सुसूचित गर्दै आएको यस दैनिकले सत्य, तथ्य, निष्पक्ष र जिम्मेवार पत्रकारितालाई निरन्तरता दिने छ भन्ने पूर्ण विश्वास लिएको छु।

प्रेस काउन्सिल नेपालबाट राष्ट्रिय 'क' वर्गमा सूचिकृत यस राष्ट्रिय दैनिकले आफ्नो यात्रामा अविचलित रही व्यावसायिक सफलतासँगै जनताको सुसूचित हुने अधिकारलाई समृद्ध बनाउन अझै योगदान गर्न सकोस्।

हार्दिक शुभकामना ।

९ माघ २०८२

डा. कुमार शर्मा आचार्य
अध्यक्ष
प्रेस काउन्सिल नेपाल
Chairman

---

**नेपाल पत्रकार महासंघ**
**Federation of Nepali Journalists (FNJ)**
केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं, नेपाल

Ref No. :

मिति : २०८२।१०।०६

शुभकामना

**मध्यान्ह राष्ट्रिय दैनिक**ले आफ्नो प्रकाशनको २३औं वर्ष सफलतापूर्वक पूरा गरी २४औं वर्षमा प्रवेश गर्न लागेको सुखद अवसरमा म हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। यस अवसरमा प्रकाशक, प्रधान सम्पादकसहित सम्पूर्ण मध्यान्ह परिवारको निरन्तर सफलताको कामना गर्दछु।

आमनागरिकलाई सुसूचित गर्ने अभियानमा यो **दैनिक**ले निरन्तरता दिनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । पछिल्लो समय सूचना तथा प्रविधिको तीव्र विकाससँगै आमसञ्चार क्षेत्रले नयाँ आयाम पाएको छ । सञ्चारमाध्यम आमनागरिकको दैनिकीसँग जोडिँदै गएको छ भने देशको जुनसुकै भूगोलमा रहे पनि नागरिकलाई सूचना प्रदान गर्ने र राष्ट्रिय एकतालाई मजबुत बनाउने महत्वपूर्ण माध्यमका रूपमा स्थापित भएको छ। यस्तो परिवेशमा छापामाध्यमले सामना गरिरहेको चुनौतीबीच पनि आफ्नो पहिचान र विश्वसनीयता जोगाइराख्नु सजिलो कार्य होइन।

सीमित विज्ञापन बजार, सामाजिक सञ्जालको अनियन्त्रित प्रभाव र व्यावसायिक दबावका बीच नेपाली आमसञ्चारमाध्यमहरू थप चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेका छन्। यस्तो परिस्थितिमा प्रेसले आफ्नो प्रभावकारिता, विश्वसनीयता र जनउत्तरदायित्वलाई अझ सुदृढ बनाउन आवश्यक छ।

स्वतन्त्र, भौतिक तथा व्यावसायिक रूपमा सुरक्षित पत्रकारिता आजको प्रमुख आवश्यकता हो । संस्थागत र बलियो पत्रकारिताले मात्र सुसूचित हुने नागरिकको अधिकारको रक्षा गर्न सक्छ र लोकतन्त्रलाई समृद्ध बनाउने आधार तयार गर्न सक्छ। यस दिशामा यो **दैनिक**ले आफ्नो यात्रालाई अझ मजबुत बनाउँदै लैजाओस् भन्ने अपेक्षा गर्दछु।

अन्त्यमा, **मध्यान्ह राष्ट्रिय दैनिक**को २४औं वार्षिकोत्सवको अवसरमा पुन: एकपटक सम्पूर्ण पत्रिका परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दै यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

निर्मला शर्मा
अध्यक्ष

# व्यवस्था बदलियो, देश पनि बदलिँदै छ



■ जनक नेपाल

६ राज्यको रूपान्तरण चामत्कारिक हुँदैन । त्यो क्रमिक सुधार, नागरिक चेतना र सांस्कृतिक परिवर्तनबाट हुन्छ । नेपाली समाज अब नायकको खोजीमा होइन, जिम्मेवार प्रणालीको खोजीमा छ । व्यवस्था बदल्ने चक्रभन्दा बाहिर निस्केर अब व्यवहार बदल्ने साहस गर्नुपर्छ ।

शासन व्यवस्थामा छिटोछिटो परिवर्तन हुने देशमा सम्भवत: नेपाल अगाडि नै छ । नेपालको राजनीतिक इतिहास हेर्दा एउटा रोचक तथ्य देखिन्छ–यहाँ झन्डै हरेक १० वर्षमा कुनै न कुनै खाले परिवर्तन भएकै छ । २००७ सालको क्रान्तिदेखि भर्खरैको जेनजी आन्दोलनसम्म आइपुग्दा अस्थिरता भने कायमै छ । यसमा धेरैको टिप्पणी हुने गरेको छ, 'व्यवस्था त फेरियो, अवस्था उस्तै छ ।' अस्थिर सरकार, कुशासन र दलीय विकृतिले वाक्क भएका आमनागरिकका लागि यो भाष्यले काम गरे पनि गहिरिएर हेर्दा नेपाल उस्तै छैन । आमनागरिकको जीवनस्तर, सामाजिक चेतना, आर्थिक पहुँच र राजनीतिक सचेतनामा देशले ठुलै फड्को मारेको छ ।




२००७ सालको क्रान्तिले १ सय ४ वर्ष लामो राणा शासनको अन्त्य गर्दै देशमा प्रजातन्त्रको उज्यालो ल्याएको थियो । तर त्यो एक दशक पनि टिकेन । २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित सरकार र संसद् अपदस्त गरेर निर्दलीय पञ्चायती शासन सुरु गरे । ३० को दशकमा झापा विद्रोहलगायत छिटफुट आन्दोलनले पञ्चायतलाई धक्का दिने कोसिस गरे पनि पनि सफल भएनन् । २०३६ सालको विद्यार्थी आन्दोलनले जनमत संग्रहको स्थिति बन्यो । त्यतिबेला सुधारिएको पञ्चायतले जिते पनि व्यवस्था सुधारिएन । जसले २०४६ सालको जनआन्दोलन निम्त्यायो । जुन आन्दोलनमा वामलोकतान्त्रिक शक्ति एकठाउँ उभिए र ३० वर्षे पञ्चायती शासन ढाले । त्यसपछि पनि शासनसत्ता सुध्रिएन । नागरिकको असन्तुष्टिलाई सशस्त्र विद्रोहमा रूपान्तरण भयो । हिंसात्मक विद्रोहले नेपाली समाजलाई झन्डै एक दशक पिरोल्यो । त्यहीबेला राजा ज्ञानेन्द्रले संसदवादी दलहरूलाई पाखा लगाएर शासनसत्ता आफ्नो हातमा लिए । जसका कारण सशस्त्र र शान्तिपूर्ण आन्दोलन गरिरहेका राजनीतिक शक्तिलाई एकठाउँ ल्याइदियो । अन्ततः देशमा लोकतन्त्र मात्र बहाली भएन, २ सय ५० वर्ष लामो शाहकालीन राजतन्त्रको पनि अन्त्य गरिदियो । जनताका प्रतिनिधिले आठ वर्ष लगाएर संविधान सभाबाट संविधान लेखे, तीन तहका सरकार बन्यो । यति धेरै परिवर्तनपछि पनि आमनागरिक सन्तुष्ट छैनन् । किनभने उनीहरूले महसुस गर्नेगरी परिवर्तन आएको छैन । त्यसैले त युवा आक्रोशका रूपमा जेनजी आन्दोलन (२३-२४ भदौ) हुन पुग्यो ।

यसले के देखाउँछ भने समस्या व्यवस्था मात्र होइन, नेतृत्व, संस्कृति र व्यवहारमा छ । व्यवस्था त एउटा औजार मात्र हो । त्यो औजार कसरी प्रयोग हुन्छ भन्ने कुरा नेतृत्वको विवेक, दलको विचार र राजनीतिक संस्कृतिमा निर्भर गर्छ । नेपालमा राम्रा व्यवस्था पनि नेताहरूले गलत संस्कृतिबाट प्रयोग गर्दा बदनाम भएका छन् । समानुपातिक प्रणाली समावेशिताका लागि ल्याइयो तर तरमारा वर्गकै लागि भयो । गुट जोगाउने, आफन्त र पैसावाललाई संसद् छिराउने माध्यम बनाइयो । राष्ट्रिय सभालाई विज्ञको थलो बनाउने भनियो तर चुनाव हारेकाहरूको सुरक्षित अवतरणस्थल बनाइयो । यसले जनताको निराशा बढायो ।

यही निराशाले जेनजी आन्दोलन जन्मायो । यो कुनै एक दल वा नेताविरुद्ध मात्र होइन, पूरै राजनीतिक संस्कृतिविरुद्ध थियो । नेता ठुलो कुर्सीमा बसेर ठुलो हुँदैनन् । नागरिकसँगको दूरी घटाएर, उनीहरूको पीडा बुझेर मात्रै जनताका प्रिय हुन्छन् । तर आज नेताहरू आमनागरिकभन्दा माथि रहेको भ्रममा छन् । यही भ्रमले दल र नेता मात्र होइन, जनताले लामो संघर्ष गरेर ल्याएको लोकतान्त्रिक शासन व्यवस्थासमेत अप्ठेरोमा परेको छ ।

यसो भन्दैमा व्यवस्था फेरिएर नेपालले प्रगति गरेन भन्ने होइन । दुई दशकमा शिक्षा, स्वास्थ्य, सञ्चार र यातायात आम नागरिकको पहुँच छ । आज गाउँगाउँमा सडक पुगेको छ, मोबाइल र इन्टरनेटले सूचना सहज भएको छ । गरिबी घट्दै गएको छ, प्रतिव्यक्ति आय र औसत आयु पनि बढेको छ । महिला सशक्तीकरणमा नेपालले फड्को मारेको छ । सामाजिक चेतनामा ठुलो परिवर्तन आएको छ । तर नागरिकले चाहेको परिवर्तन यति मात्र होइन । उनीहरूले सुशासन, पारदर्शिता र जनमुखी शासन व्यवस्था चाहेका छन् । स्वदेशमै रोजगारी खोजेका छन् । विश्वव्यापीकरणको यो युगमा संसारको जुनसुकै कुनामा पुगे पनि काम लाग्ने उपयोगी एवं गुणस्तरीय शिक्षा चाहेका छन् । सर्वसुलभ स्वास्थ्य र सहज सरकारी सेवा खोजेका छन् । राजनीतिक नेतृत्वले परिवर्तनको मर्म आत्मसात् गरेर इमानदार प्रयत्न गरे मात्र यो निराशाको अन्त्य हुन्छ ।

केही विरोधाभाषबाट भने नेपाली समाज मुक्त हुनैपर्छ । हामीले संघीयता स्वीकार गर्‍यौं तर संघीय संस्कृति अपनाउन अहिले पनि हिच्किचाइरहेका छौं । दलहरू, कर्मचारीतन्त्र र आममानसिकता अझै केन्द्रीयतामै छ । संघीय व्यवस्था र केन्द्रीय व्यवहारबीचको यो अन्तरविरोधले अस्थिरता जन्माएको छ । संसद् पनि जनताको मुद्दाको थलो बन्न सकेन । किसान, मजदुर, बेरोजगार र कर्मचारीका पीडा संसद्मा छलफल हुन नसक्दा संसद्प्रतिको विश्वास घट्यो । जेनजी आन्दोलनपछि असंवैधानिक ढंगले संसद् विघटन गर्दासमेत विरोधको स्वर खासै नसुनिनुको एउटा कारण त्यही हो । यसरी हेर्दा आजको नेपाल समस्यारहित देश होइन । तर नेपाल उस्तै पनि छैन । परिवर्तनले अपेक्षित गति नलिए पनि समाज रूपान्तरित भइरहेको छ । मुख्य प्रश्न दल, नेतृत्व र राजनीतिक संस्कृतिको हो । विचार कमजोर, संस्कृति जड र व्यवहार अहंकारी भयो भने जुनसुकै व्यवस्था असफल हुन्छ । त्यसै पनि राज्यको रूपान्तरण चामत्कारिक हुँदैन । त्यो क्रमिक सुधार, नागरिक चेतना र सांस्कृतिक परिवर्तनबाट हुन्छ । नेपाली समाज अब नायकको खोजीमा होइन, जिम्मेवार प्रणालीको खोजीमा छ । व्यवस्था बदल्ने चक्रभन्दा बाहिर निस्केर अब व्यवहार बदल्ने साहस गर्नुपर्छ । तब मात्र परिवर्तनले सार्थकता पाउँछ ।


दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

नगरबासीहरुमा जानकारी मूलक सन्देश

चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- बढी चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्न परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बेद नारायण गच्छदार
नगर प्रमुख

मेनुका पोखरेल खतिवडा
नगर उप-प्रमुख

दुहवी नगरपालिका, दुहवी सुनसरी, कोशी प्रदेश, नेपाल





# नीतिगत अस्थिरता र भ्रष्टाचार




■ डा. दिवाकर वशिष्ठ


> दुई दशकमा बारम्बार सरकार परिवर्तन भए पनि सत्ता संघर्ष र नीतिगत अस्थिरताले शासन कहिल्यै मजबुद बनेन, जसको प्रतिफल मुलुक अपेक्षित रुपमा अघि बढ्न सकेन । सुशासनको प्रश्न थप गम्भीर बन्दै गयो । शासनप्रति जनतामा आक्रोश बढ्दै गयो ।

राजनीतिक अस्थिरता, भ्रष्टाचार र कमजोर विकास नेपालको अभिशाप बनेको छ । यी समस्या समाधान नगरी नेपालले दिगो विकास र समृद्धिको लक्ष्य हासिल गर्न सक्दैन । त्यसैले सुशासनको स्थापना, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण र दीर्घकालीन विकास नीतिको प्रभावकारी कार्यान्वयन नै नेपाललाई यस अभिशापबाट मुक्त गर्ने मुख्य उपाय हुन सक्छ ।

नेपाल पछिल्ला तीन दशकदेखि हालसम्म निरन्तर राजनीतिक परिवर्तन र संक्रमणको अवस्थाबाट गुज्रिएको छ । २०४६ सालको प्रजातान्त्रिक आन्दोलन, २०६२/२०६३ को जनआन्दोलन, संविधान निर्माण, संघीयता कार्यान्वयनजस्ता ऐतिहासिक परिवर्तन भए तापनि अपेक्षित आर्थिक तथा सामाजिक विकास हासिल हुन सकेको छैन । यसको प्रमुख कारणका रूपमा राजनीतिक अस्थिरता र बढ्दो भ्रष्टाचारलाई लिन सकिन्छ, जसले विकास प्रक्रियालाई गम्भीर रूपमा कमजोर बनाएको छ ।

बारम्बार सरकार परिवर्तन, सत्ता संघर्ष, नीतिगत अस्थिरता र कमजोर शासन व्यवस्थाका कारण देशको विकास प्रक्रिया अपेक्षित रूपमा बढ्न सकेको छैन । भ्रष्टाचार राज्यका विभिन्न निकायमा मौन तर गहिरो रूपमा फैलिँदै गएको छ, जसले सार्वजनिक स्रोतको दुरुपयोग र सुशासनको ह्रास निम्त्याएको छ । सम्भावनायुक्त स्रोतसाधन हुँदाहुँदै पनि जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन नसक्नु नै नेपालको वर्तमान विकास अवस्थाको मुख्य चुनौती हो ।

यद्यपि, पछिल्लो समय युवापुस्ता, विशेषतः जेनजी आन्दोलनले सचेत नागरिकको आवाज बुलन्द गर्दै भ्रष्टाचारमुक्त, जवाफदेही राजनीति, पारदर्शिता र विकासमुखी शासनको माग गरिरहेको छ । सामाजिक सञ्जाल, नागरिक अभियान र शान्तिपूर्ण दबाबमार्फत यो पुस्ताले पुरानो राजनीतिक संस्कृतिमा परिवर्तनको संकेत दिएको छ । त्यसैले आगामी निर्वाचनपछि बन्ने सरकारले राजनीतिक अस्थिरता र भ्रष्टाचारले कमजोर बनेको विकास प्रक्रियामा सुधार ल्याउनुका साथै उत्तरदायी, स्थिर तथा समावेशी विकासको नयाँ अध्याय सुरु गर्नेछ भन्ने आशा गर्न सकिन्छ ।

विगतलाई हेर्दा, एक सरकार बनेर नीति तथा योजना निर्माण गर्ने तर अर्को सरकार आएपछि ती योजना अलपत्र पर्ने प्रवृत्तिले विकासमा ठुलो अवरोध हालसम्म मुलुकले बेहोर्दै आएको अवस्था छ । राजनीतिक अस्थिरताका कारण दीर्घकालीन विकास आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । विदेशी लगानीकर्तामा विश्वास घटेको छ । निजी क्षेत्र निरुत्साहित बनेको छ । उच्च तरलताको जालमा मुलुक परेको छ र राज्य संयन्त्र निर्णयहीन छ । परिणामस्वरूप पूर्वाधार, उद्योग, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्र निरन्तर प्रभावित बनिरहेका छन् ।

भ्रष्टाचार नेपालमा विकास नहुनुको अर्को गम्भीर कारण हो । सार्वजनिक खरिद, ठेक्का प्रक्रिया, कर्मचारी नियुक्ति, कर प्रशासन र सेवा प्रवाहमा भ्रष्टाचार व्यापक देखिन्छ । विकासका लागि विनियोजित बजेट सही समयमा खर्च नहुनु, गुणस्तरहीन काम हुनु र लागत बढ्नु भ्रष्टाचारकै परिणाम हुन् । भ्रष्टाचारले राज्यप्रति जनताको विश्वास कमजोर बनाउँछ, सुशासनको अवधारणा धरापमा पर्छ र गरिबी न्यूनीकरणका कार्यक्रम प्रभावहीन बन्छन् ।

राजनीतिक संरक्षणमा हुने भ्रष्टाचार झन् खतरनाक छन् किनकि दोषीहरू कारबाहीबाट जोगिएको प्रशस्त उदाहरण छन् । दण्डहीनताले सुशासनलाई चुनौती दिएको छ । राजनीतिक अस्थिरता र भ्रष्टाचार एकअर्कासँग गहिरो रूपमा जोडिएको अवस्था छ । अस्थिर सरकारहरू छोटो समयमै सत्ता टिकाउने प्रयासमा अनियमित निर्णय गर्छन् । शक्तिको दुरुपयोग बढ्छ र भ्रष्टाचारलाई प्रश्रय मिल्छ । अर्कोतर्फ, भ्रष्टाचारले जनआक्रोश बढाएर राजनीतिक अस्थिरता झनै गहिरो बन्ने अवस्था आउँछ । यसरी यी दुई कारणले विकासलाई निरन्तर कमजोर बनाइरहेको अवस्था नेपालमा समेत विद्यमान छ ।

राजनीतिक अस्थिरता र भ्रष्टाचारका कारण नेपालको विकास प्रक्रिया सुस्त छ । बेरोजगारी बढ्दो छ, युवाशक्ति वैदेशिक रोजगारीमा पलायन भइरहेका छन् । उद्योग, व्यापार फस्टाउन सकेको छैन र मानिसको जीवनस्तरमा अपेक्षित रूपमा सुधार आउन सकेको छैन । प्राकृतिक स्रोत, पर्यटन, जलस्रोत र श्रमशक्तिको धनी नेपालमा प्रशस्त सम्भावना हुँदाहुँदै पनि राज्यस्तरबाट यसको उपयोग अपेक्षित नहुँदा यसै वर्ष सन् २०२६ मा विकासोन्मुख मुलुकका रूपमा नेपालको स्तरोन्नति पनि ओझेलमा पर्ने देखिएको छ ।

नेपालको विकासलाई दिगो, समावेशी र मजबुत बनाउन निम्न कदम चाल्न ढिला गर्नुहुँदैन । दीर्घकालीन विकासका लागि स्थिर सरकार, नीतिगत निरन्तरता र राष्ट्रिय सहमतिको विकास, सत्ता संघर्षभन्दा राष्ट्रिय हितलाई प्राथमिकता दिने राजनीतिक संस्कृतिको विकास गर्नुपर्छ । भ्रष्टाचार विकासको प्रमुख बाधक भएको हुँदा पारदर्शिता, जवाफदेहिता र कडा कानुनी कार्यान्वयन अनिवार्य छ । अख्तियार, अदालत र निगरानी निकायलाई स्वतन्त्र र प्रभावकारी बनाउनुपर्छ ।

युवा पुस्तालाई नीति निर्माण, नेतृत्व र उद्यमशीलतामा सहभागी गराउनुपर्छ । जेनजीको चेतना, प्रविधि ज्ञान र परिवर्तन चाहनालाई विकासको शक्तिमा रूपान्तरण गर्न आवश्यक छ । कृषिमा आधुनिकीकरण, उद्योग प्रवर्धन, जलविद्युत्, पर्यटन र सूचना प्रविधिजस्ता क्षेत्रमा लगानी बढाएर उत्पादन र रोजगारी सिर्जना गर्नुपर्छ । गुणस्तरीय शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिममार्फत दक्ष जनशक्ति उत्पादन गर्नु आवश्यक छ, जसले युवाको वैदेशिक पलायनलाई घटाउन सक्छ ।

नीतिगत स्थिरता, सरल कानुनी प्रक्रिया र सुरक्षाको ग्यारेन्टी दिई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी स्रोत र अधिकारको सदुपयोग गर्नुपर्छ, जसबाट स्थानीय विकासलाई गति दिन सकिन्छ । डिजिटल शासन, स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन दिई सेवाप्रवाह र विकास प्रक्रियालाई छरितो बनाउनुपर्छ । सबै वर्ग, क्षेत्र र समुदायको समान सहभागिता सुनिश्चित गर्दै विकासका लाभको समान वितरणमा ध्यान दिनुपर्छ ।

सरकार परिवर्तन भए पनि नबदलिने राष्ट्रिय विकासको नीति र लक्ष्य तय हुन जरुरी छ, जसले विकासलाई स्थायित्व दिन सक्छ । राजनीतिक अस्थिरता र भ्रष्टाचार नेपालको कमजोर विकासको प्रमुख कारण भएको हुँदा स्थिर राजनीति, जिम्मेवार नेतृत्व र प्रभावकारी सुशासनमा ध्यान दिन जरुरी छ । तसर्थ समृद्ध नेपालका लागि राजनीतिक सुधार, भ्रष्टाचार नियन्त्रण र विकासलाई प्राथमिकतामा राख्ने सोच नै समृद्ध नेपालको आधार हो भन्नुमा अत्युक्ति नहोला ।

***(डा. वशिष्ठ, बैंक तथा वित्तीय संस्थासम्बन्धी जानकार हुन् ।)***




हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

२४ औं वार्षिकोत्सव यात्रा २५ औं वर्षको

रघु पुरी
अध्यक्ष, तथा

The River Overseas (P) Ltd.

दि रिभर ओभरसिज प्रा. लि., परिवार

बत्तिसपुतली (होटल द्वारिकाजको पछाडी, गौशाला, काठमाडौं, नेपाल, फोन: ४४६७४३१



हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको

नवराज के.सी.
अध्यक्ष तथा

PARADISE INTERNATIONAL (P.) LTD.

प्यारडाइज इण्टरनेशनल प्रा. लि. परिवार

बखुण्डोल, ललितपुर, फोन: ०१-५५३४०४२, ५५२२०६३

# व्यावसायिक सुरक्षा र लगानी प्रवर्धन रणनीति



■ चन्द्र ढकाल

निजी क्षेत्रको मुख्य माग नीतिगत स्पष्टता र स्थिरता हो । सरकार वा नेतृत्व परिवर्तनसँगै नीतिहरूमा हुने बारम्बारको फेरबदलले लगानीको वातावरण कमजोर बनाउँछ र अन्तर्राष्ट्रिय जगतमा नकारात्मक सन्देश प्रवाह गर्छ । त्यसैले दीर्घकालीन रूपमा स्पष्ट र स्थिर नीतिगत मार्गचित्र तयार गर्नु अत्यावश्यक भइसकेको छ ।

नेपालमा अथाह स्रोतसाधन र सम्भावना हुँदाहुँदै पनि हामीले अपेक्षित रूपमा आर्थिक विकास हासिल गर्न सकेका छैनौं । प्राकृतिक स्रोत, भौगोलिक विविधता, युवा जनशक्ति र रणनीतिक अवस्थाजस्ता बलिया आधार हुँदाहुँदै एकातर्फ हाम्रा स्रोतहरू यथोचित रूपमा दोहन हुन नसकेर खेर गइरहेका छन् भने अर्कोतर्फ न्यूनतम् पूर्वाधार, पुँजी, प्रविधि र सक्षम व्यवस्थापनको अभावमा हामी गरिबी, अविकास र पछौटेपनको दुष्चक्रमा फसेका छौं ।

यो यथार्थलाई हृदयगम गर्दै नेपालको समग्र आर्थिक विकास, रोजगारी सिर्जना र दिगो समृद्धिका लागि उद्योग-व्यवसाय क्षेत्र राज्यको प्राथमिक महत्वको क्षेत्रका रूपमा स्थापित हुनैपर्छ भन्ने नेपाल उद्योग वाणिज्य महासंघको धारणा रहेको छ । निजी क्षेत्रले दशकौंदेखि राष्ट्रिय अर्थतन्त्रको मुख्य चालकको भूमिका निर्वाह गर्दै आए पनि लगानीमैत्री वातावरण, नीतिगत स्थिरता र व्यावसायिक सुरक्षाको अभावका कारण अपेक्षित परिणाम हासिल हुन सकेको छैन । यसै सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्रको संरक्षण र प्रवर्धन रणनीति बनाई त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारसँग निरन्तर छलफल, विमर्श र माग राख्दै आएको छ ।

### ■ व्यावसायिक सुरक्षा : लगानीको आधार

कुनै पनि देशमा लगानी आकर्षण गर्न तथा विस्तार गर्न पहिलो सर्त व्यावसायिक सुरक्षाको सुनिश्चितता हो । उद्यमी-व्यवसायीले आफ्नो पुँजी, श्रम र समय सुरक्षित छ भन्ने अनुभूति गर्न नसकेसम्म लगानीको निर्णय लिन सक्दैनन् । तर नेपालमा उद्योग, व्यापार र सेवा क्षेत्र पटकपटक बन्द, हडताल, आगजनी, तोडफोड तथा अवाञ्छित दबाबको सिकार बन्दै आएको छ । यसले निजी क्षेत्रको मनोबल कमजोर बनाउनुका साथै स्वदेशी र विदेशी लगानीकर्तामा नकारात्मक सन्देश प्रवाह गरेको छ ।

त्यसैले उद्योग तथा व्यापारिक क्षेत्रलाई यस्ता गतिविधिबाट पूर्ण रूपमा सुरक्षित राख्न यस क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गर्ने स्पष्ट नीति आजको आवश्यकता हो । सुरक्षित, स्थिर र पूर्वानुमानयोग्य व्यावसायिक वातावरणबिना निजी लगानी प्रवर्धन सम्भव छैन । निजी क्षेत्रको सुरक्षा सुनिश्चित गर्नु भनेको केही व्यक्तिको हित होइन, राष्ट्रिय अर्थतन्त्र, रोजगारी र समृद्धिको सुरक्षा गर्नु हो ।

### ■ सुशासन : दिगो समृद्धिको आधार

आर्थिक वृद्धि र राष्ट्रको समग्र विकासका लागि




सुशासन अनिवार्य पूर्वसर्त हो भन्ने तथ्यलाई निजी क्षेत्रले निरन्तर रूपमा उठाउँदै आएको छ । विधिको शासन, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्यान्वयनको अभावले आमनागरिक, विशेषगरी युवापुस्तामा गहिरो निराशा पैदा गरेको छ । हालैको जेनजी आन्दोलनले यो यथार्थलाई अझ स्पष्ट रूपमा उजागर गरेको छ ।

राज्यप्रणालीप्रतिको आक्रोशले सुशासन केवल कानुनी वा प्रशासनिक विषय नभई जनअपेक्षा, भविष्यको सुरक्षा र सामाजिक स्थायित्वसँग प्रत्यक्ष रूपमा जोडिएको गम्भीर मुद्दा हो भन्ने पुष्टि गरेको छ । आन्दोलनका क्रममा भएको मानवीय क्षति र अर्बौं रुपैयाँबराबरको भौतिक संरचनाको विनाशले हामी सबैलाई गहिरो पाठ सिकाएको छ । अब विगतका कमजोरीहरूको निर्मम समीक्षा गर्दै अघि बढ्नुको विकल्प छैन । यही सन्दर्भमा निजी क्षेत्रको मनोबल उकास्न र मुलुकमा सुशासन कायम गर्न नेपाल उद्योग वाणिज्य महासंघले प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा गत कात्तिक २२ गते राष्ट्रिय आर्थिक बहस २ को आयोजना गरेको थियो । उक्त कार्यक्रममार्फत महासंघले कानुनी तथा प्रशासनिक सुधारका लागि सरकारबाट स्पष्ट प्रतिबद्धता अपेक्षा गरेको थियो, जुन प्रतिबद्धता सरकारका तर्फबाट प्राप्त भएको छ ।

सुशासन प्रवर्धन केवल सरकारसँगको संवादले मात्र सम्भव हुँदैन भन्ने निष्कर्षसहित महासंघले सबै राजनीतिक दल, नागरिक समाज, युवापुस्ता तथा अन्य सरोकारवालासँग बृहत् संवाद र सहकार्यको आवश्यकता औंल्याउँदै आएको छ । यही उद्देश्यले पुस १६ गते प्रधानमन्त्रीकै प्रमुख आतिथ्यतामा सर्वपक्षीय राष्ट्रिय संवाद आयोजना गरी सबै पक्षबाट सामूहिक प्रतिबद्धता प्राप्त गरिएको छ ।

### ■ नीतिगत स्थिरता र दीर्घकालीन दृष्टि

हालैका वर्षमा भूमि, वन र लगानीसम्बन्धी कानुनी व्यवस्थामा केही महत्वपूर्ण सुधार भएका छन् । यद्यपि अबको मुख्य चुनौती ती नीतिहरूको प्रभावकारी कार्यान्वयन हो । संशोधित कानुन कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि र राजपत्रमा सूचना प्रकाशनमा हुने ढिलासुस्तीका कारण सुधारका प्रयास अवरुद्ध हुनुहुँदैन ।

निजी क्षेत्रको मुख्य माग नीतिगत स्पष्टता र स्थिरता हो । सरकार वा नेतृत्व परिवर्तनसँगै नीतिहरूमा हुने बारम्बारको फेरबदलले लगानीको वातावरण कमजोर बनाउँछ र अन्तर्राष्ट्रिय जगतमा नकारात्मक सन्देश प्रवाह गर्छ । त्यसैले दीर्घकालीन रूपमा स्पष्ट र स्थिर नीतिगत मार्गचित्र तयार गर्नु अत्यावश्यक भइसकेको छ ।

यसै सन्दर्भमा महासंघले लामो समयदेखि नागरिक एपमा व्यवसाय नामक छुट्टै आइकन थप गरी व्यवसाय दर्तादेखि बहिर्गमन र पुनर्संरचनासम्मका सम्पूर्ण प्रक्रिया पूर्ण रूपमा डिजिटल बनाउन आग्रह गर्दै आएको छ । यो व्यावहारिक र रचनात्मक सुझावलाई सरकारले ग्रहण गरे पनि अझै कार्यान्वयनको चरणमा प्रवेश गर्न सकेको छैन ।

विश्व बैंक समूहले हालै प्रकाशित गरेको नेपालमा व्यावसायिक वातावरणसम्बन्धी प्रतिवेदनले नेपालमा लगानीको वातावरण खस्कँदै गएको स्पष्ट संकेत गरेको छ । स्थापित उद्योगहरू औसतमा ४४ प्रतिशत क्षमतामा मात्र सञ्चालन हुनु, न्यून ब्याजदर हुँदाहुँदै पनि कर्जाको माग नबढ्नु र बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढ्दै जानु–यी सबै समस्याहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुशासन र नीतिगत अन्योलसँग जोडिएका विषय हुन् । यसैले अब यी समस्यालाई सतही रूपमा होइन, बहुआयामिक दृष्टिले विश्लेषण गर्दै समयमै समाधान खोज्नु अत्यन्त जरुरी भइसकेको छ ।

### ■ स्मार्ट व्यावसायिक सेवा र युवाको आकांक्षा

आजको युवा पुस्ताले सुशासन, भ्रष्टाचारको अन्त्य, उद्यमशीलताको प्रवर्धन र मर्यादित रोजगारीलाई आफ्नो प्राथमिकतामा राखेको छ । युवाको यही आकांक्षालाई सम्बोधन गर्न सरकारले अविलम्ब स्मार्ट व्यावसायिक सेवा अभियान सुरु गर्न आवश्यक छ । यस अभियानअन्तर्गत व्यवसायी र नागरिकले पाउने सबै सार्वजनिक सेवाहरूलाई पूर्ण रूपमा डिजिटल बनाउँदै सरकारी कार्यालयमा हुने ढिलासुस्ती र एउटै कामका लागि विभिन्न मन्त्रालय वा निकाय धाउनुपर्ने बाध्यताको अन्त्य गरिनुपर्छ । हाल एउटै उद्योग प्रतिष्ठानले आफ्नो वार्षिक विवरण उद्योग विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र आन्तरिक राजस्व विभागमा छुट्टाछुट्टै बुझाउनुपर्ने बाध्यता छ । यो एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो । यस्ता दोहोरोतेहोरो प्रक्रियाले उद्यमीलाई व्यवसाय विस्तारभन्दा बढी प्रशासनिक झमेलामा अल्झाइरहेको छ । यसलाई अन्त्य गर्दै एकीकृत प्रणाली लागू गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

### ■ निष्कर्ष

निजी क्षेत्रको संरक्षण र प्रवर्धनबिना न लगानी बढ्छ, न रोजगारी सिर्जना हुन्छ, न त दिगो समृद्धि नै हासिल हुन्छ । निजी क्षेत्रको संरक्षण र प्रवर्धन रणनीतिको प्रभावकारी कार्यान्वयन, सुशासनको संस्थागत अभ्यास, डिजिटल तथा स्मार्ट सेवा प्रणाली र दीर्घकालीन नीतिगत स्थिरतामार्फत मात्र नेपालले आफूलाई लगानीमैत्री र व्यवसायमैत्री राष्ट्रका रूपमा स्थापित गर्न सक्छ । अहिले मुलुक निर्वाचनतर्फ उन्मुख हुँदै छ । सबै राजनीतिक दलहरूले आ-आफ्ना घोषणापत्र तयार गर्दै छन् । देश र जनताप्रति साँच्चिकै जिम्मेवार हुने हो भने आर्थिक एजेन्डा, निजी क्षेत्रको भूमिका र लगानी प्रवर्धनका विषय हरेक घोषणापत्रको प्राथमिकतामा पर्नैपर्छ । केवल राजनीतिक परिवर्तनले मात्र देश बदलिँदैन, रोजगारी सिर्जना हुँदैन भन्ने कुरा हाम्रो विगतले प्रमाणित गरिसकेको छ । आगामी सरकारको प्राथमिकतामा आर्थिक विकास र समृद्धिका यी विषय परे मात्र नेपाल आर्थिक रूपमा सबल, सक्षम र आत्मनिर्भर राष्ट्रतर्फ अग्रसर हुन सक्छ । अब निर्णायक कदम चाल्ने समय आएको छ ।

*(ढकाल नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन् ।)*









# लोकतन्त्रमा लोकप्रियतावादको खतरा



■ डा. केदार कार्की

> करिस्माई नेतामा केन्द्रित 'भीड-केन्द्रित' वा 'स्टन्ट राजनीति'ले दीर्घकालीन नीति निर्माणभन्दा भावनात्मक प्रतिक्रियालाई प्राथमिकता दिन्छ । राजनीतिक दिशाहीन हुनुको प्रमुख कारण पनि यस्तै अवसरवादी र भीड-केन्द्रित राजनीतिक अभ्यास हो ।

लोकप्रियतावादी राजनीति (पपुलिजम)को मूल राजनीतिक दर्शन यथास्थितिवाद र पश्चगमन हो। संसारभरका लोकप्रियतावादी राजनीतिक अभ्यासहरूले यस तथ्यलाई पुष्टि गरिसकेका छन्। लोकप्रियतावादले जनताको असन्तुष्टि, निराशा र आक्रोशलाई आकर्षक नारामा रूपान्तरण गरेर सत्ता प्राप्त गर्ने लक्ष्य राख्छ। तर यसले राज्य र समाजका संरचनात्मक समस्याको दीर्घकालीन समाधान दिने स्पष्ट वैचारिक दृष्टि र राजनीतिक कार्यक्रम प्रस्तुत गर्न सक्दैन । नेपाली लोकतन्त्रमा लोकप्रियतावादले गम्भीर खतरा निम्त्याइरहेको छ किनभने यसले लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउने, राजनीतिक अस्थिरता बढाउने र सामाजिक-आर्थिक रूपान्तरणलाई अवरुद्ध गर्ने जोखिम बोकेको छ । लोकप्रियतावादी नेताहरू प्रायः दिगो शासन, संस्थागत सुदृढीकरण र अल्पसंख्यक अधिकारको संरक्षणभन्दा छोटो अवधिको लोकप्रियता र व्यक्तिगत लाभलाई प्राथमिकता दिन्छन् । उनीहरू संविधान, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस र नागरिक समाजजस्ता संस्थाहरूलाई 'भ्रष्ट अभिजात वर्ग' वा 'जनताका शत्रु' का रूपमा चित्रण गर्छन् । यसले शक्तिको पृथकीकरणको सिद्धान्तलाई कमजोर पार्दै कार्यकारी शक्ति केही व्यक्तिको हातमा केन्द्रित गराउँछ । नेपालमा पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत सञ्चालित भीड-केन्द्रित राजनीतिक अभियानहरूले असहमति दबाउने, आलोचकलाई आक्रमण गर्ने र संस्थागत मर्यादालाई कमजोर बनाउने अभ्यासलाई सामान्य बनाउँदै लगेका छन्।

करिस्माई नेतामा केन्द्रित 'भीड-केन्द्रित' वा 'स्टन्ट राजनीति'ले दीर्घकालीन नीति निर्माणभन्दा भावनात्मक प्रतिक्रियालाई प्राथमिकता दिन्छ । राजनीतिक दिशाहीन हुनुको प्रमुख कारण पनि यस्तै अवसरवादी र भीड-केन्द्रित राजनीतिक अभ्यास हो । लोकप्रियतावादी आन्दोलनहरूले भ्रष्टाचार, बेरोजगारीजस्ता जनसरोकारका मुद्दा उठाए पनि जातीय, लैंगिक र क्षेत्रीय असमानताजस्ता गहिरा संरचनात्मक समस्यालाई सम्बोधन गर्ने ठोस योजना प्रस्तुत गर्न सकेका छैनन्। भावनात्मक नारा र सतही समाधानमा केन्द्रित यस्तो राजनीतिले दीर्घकालीन सामाजिक-आर्थिक प्रगतिलाई अवरुद्ध गर्छ।



लोकप्रियतावादको अर्को मूल चरित्र बहुलवाद विरोधी हुनु हो। समाजलाई 'शुद्ध जनता' र 'भ्रष्ट अभिजात वर्ग'बीचको द्वन्द्वका रूपमा चित्रण गर्दा राजनीतिक बहुलवाद, सहिष्णुता र समावेशीता कमजोर हुन्छ । जात, धर्म, भाषा वा पहिचानका आधारमा अल्पसंख्यक समुदायलाई अलग्याउने जोखिम बढ्छ, जसले लोकतन्त्रको समावेशी आधारलाई नै खतरामा पार्छ। लोकप्रियतावादी नेताहरूले आफूलाई जनताको एक मात्र प्रतिनिधि ठान्दा वैध असहमति र फरक विचारलाई देशविरोधी वा जनविरोधी ठहर गर्ने प्रवृत्ति बलियो बन्छ।

अनियन्त्रित लोकप्रियतावाद अन्ततः अधिनायकवादतर्फ उन्मुख हुन्छ । सत्ता प्राप्त गरेपछि लोकप्रियतावादी नेताहरूले आफ्ना कमजोरी र अनियमितता ढाकछोप गर्न कानुनको शासनलाई चुनौती दिने र संस्थामाथि दबाब सिर्जना गर्ने गर्छन्। नेपालमा केही नेतामाथि उठेका कानुनी प्रश्न र त्यसको प्रतिरक्षामा देखिएको अन्धसमर्थन र हिंसात्मक व्यवहारले व्यक्तिगत महत्वाकांक्षाले कानुनी ढाँचालाई कसरी कमजोर बनाउँछ भन्ने स्पष्ट देखाएको छ । नेतृत्वमाथि उठेका तर्कसंगत प्रश्नको राजनीतिक जवाफ दिनुको सट्टा प्रश्न उठाउनेमाथि सामूहिक आक्रमण गर्ने प्रवृत्ति आफैंमा अधिनायकवादी राजनीतिक संस्कृतिको संकेत हो।

नेपालको अर्थतन्त्र रेमिट्यान्समा निर्भर छ। विदेशी भूमिमा श्रमिकले बगाएको पसिनाबाट राज्य सञ्चालन भइरहेको यथार्थ सबैसामु स्पष्ट छ। तर लोकप्रियतावादी पार्टीहरूले यस परनिर्भर र असफल आर्थिक संरचनाको विकल्प प्रस्तुत गर्न सकेका छैनन्। आत्मनिर्भर अर्थतन्त्र, उत्पादनमुखी नीति र संरचनात्मक आर्थिक रूपान्तरण उनीहरूको प्राथमिकतामा पर्दैन । बरु नवउदारवादी पुँजीवादी व्यवस्थाकै निरन्तरताको पक्षपोषण गरिएको देखिन्छ । गरिबी, बेरोजगारी र असमानताको मूल कारण र समाधानबारे कुनै नयाँ वैचारिक प्रस्ताव लोकप्रियतावादी राजनीतिसँग छैन ।

नेपाली समाज आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा गहिरो विभेद र बहिष्करणबाट ग्रसित छ । सम्भ्रान्त वर्ग र सत्तासँग निकट समुदायको प्रभुत्व कायमै छ । यस्ता अन्तरविरोध समाधान नगरी सामाजिक रूपान्तरण सम्भव छैन। तर लोकप्रियतावादी राजनीतिमा दैनिक भइरहेका हिंसा, शोषण, दमन, जातीय र लैंगिक विभेद अन्त्य गर्ने सवाल प्राथमिकतामा पर्दैन। विश्वव्यापी अनुभव हेर्दा लोकप्रियतावादी नेतृत्व प्रायः उग्र राष्ट्रवादी र दमनकारी बनेका छन्। ट्रम्पको ह्वाइट सुप्रिमेसी वा मोदीको हिन्दु अतिवाद यसका उदाहरण हुन्। नेपालका लोकप्रियतावादी शक्तिहरूमा पनि जातिवाद, पितृसत्ता र संरचनात्मक उत्पीडन अन्त्य गर्ने स्पष्ट दृष्टिकोण देखिँदैन ।

लोकप्रियतावादको अर्को विशेषता अवसरवाद हो । जनताका जायज असन्तुष्टिलाई नारा बनाएर सत्ता हासिल गर्ने तर व्यवहारमा उही पुरानै प्रवृत्ति दोहोऱ्याउने अवस्था देखिन्छ। भ्रष्टाचारविरोधी नाराबाट उदाएका केही नेतृत्व आफैं नैतिक संकटमा फसेका उदाहरणहरूले लोकप्रियतावादी राजनीतिको खोक्रोपन उजागर गर्छन् । यसले नेतृत्वको मात्र होइन, समग्र राजनीतिक संस्कृतिको नैतिक धरातल कमजोर बनाउँछ। लोकप्रियतावादी राजनीतिले अरू राजनीतिक दल र ऐतिहासिक संघर्षहरूको अवमूल्यन गर्दै अपमान र गालीलाई राजनीतिक हतियार बनाउँछ । तथ्य र तर्कमा आधारित आलोचना लोकतन्त्रको सुन्दर पक्ष हो । तर घृणा र अपमानमा आधारित राजनीति जनतामा क्षणिक आकर्षण त पैदा गर्छ, समाधान दिन सक्दैन । यससँगै नेतृत्वमाथि प्रश्न उठाउन नदिने, व्यक्तिलाई पार्टी र विचारभन्दा माथि राख्ने एकाधिकारवादी अभ्यास लोकप्रियतावादी राजनीतिमा देखिन्छ। यसले अन्ततः व्यक्तिकेन्द्रित अधिनायकवादी संरचना निर्माण गर्छ ।

लोकप्रियतावादको उदय स्थापित राजनीतिक दलहरूको असफलतासँग गहिरो रूपमा जोडिएको छ। विगतका संघर्ष र आन्दोलनबाट सत्तामा पुगेका दलहरू विचार, सिद्धान्त र जनजीविकाका सवालबाट विमुख हुँदा जनतामा निराशा र आक्रोश बढेको हो । यही निराशाले नयाँ विकल्प खोज्ने मनोविज्ञान जन्माएको छ । तर नयाँ भनिएका लोकप्रियतावादी पार्टीहरूसँग पनि सामाजिक-राजनीतिक रूपान्तरण, सीमान्तकृत समुदायको सशक्तीकरण र दीर्घकालीन आर्थिक रणनीतिबारे स्पष्ट दृष्टि छैन । यसको अर्थ पुराना दल सही थिए भन्ने होइन तर लोकप्रियतावाद समाधान होइन भन्ने हो ।

लोकप्रियतावादको चुनौती सामना गर्न लोकतान्त्रिक संस्था सुदृढ बनाउनु, समावेशी शासन प्रवर्धन गर्नु र संवाद तथा सहमतिमा आधारित राजनीतिक संस्कृति विकास गर्नु अपरिहार्य छ । रोजगारी, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र शिक्षामा राज्यको दायित्व सुनिश्चित गर्न सके आर्थिक असुरक्षाबाट जन्मिने लोकप्रियतावादी भावनालाई नियन्त्रण गर्न सकिन्छ। लोकतन्त्रमा लोकप्रियतावाद कहिलेकाहीँ चेतावनीका रूपमा देखिन सक्छ । तर कमजोर संस्थागत संरचना र राजनीतिक अस्थिरता भएको मुलुकमा यसले अधिनायकवादतर्फ लैजाने गम्भीर जोखिम बोकेको हुन्छ। त्यसैले भीड-केन्द्रित लोकप्रिय राजनीति होइन, वैचारिक, समावेशी र संस्थागत लोकतान्त्रिक नेतृत्व नै नेपालको दीर्घकालीन विकास र सामाजिक रूपान्तरणको आधार हो ।

हार्दिक बधाई तथा शुभकामना
२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
नेपाली पत्रकारिताको क्षेत्रमा अटल र हिमालझैं रहेर निरन्तर प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४औं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
ध्रुवराज राई
अध्यक्ष तथा
ग्लोबल वेलफेयर एच आर सोलुसन प्रा. लि.
परिवार
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 01- 4970357, 4989246
E-mail: document.globalhr@gmail.com, Web.: www.globalwelfarehr.com

हार्दिक बधाई तथा शुभकामना
२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राम श्रेष्ठ
प्रबन्ध निर्देशक, तथा
हार्वेष्ट मुन ग्रुप
परिवार
गैरीधारा २, नक्साल, काठमाडौं, नेपाल, फोन: ०१-४४१५५७४

# आत्मनिर्भर अर्थतन्त्रको सपना



■ उद्धव सिलवाल

"सत्ता र भोटको राजनीतिले अर्थतन्त्रलाई मजबुत बनाउनुपर्नेमा कमजोर बनाउँदै लगिरहेको आर्थिक गतिविधिले देखाउँदै आएको छ । देशमा उपलब्ध स्रोत र साधन उत्पादनशील क्षेत्रमा प्रयोग हुनुपर्नेमा भोट बैंक बढाउने क्षेत्रमा परिचालन भएको कारण देशमा आशाभन्दा निराशाले बढी स्थान लिइरहेको छ ।

हामीकहाँ न्याय-निसाफ, नैतिकता, निःस्वार्थपना, निष्पक्षता र नीतिका पंखाहरूको गति मन्द हुँदै आएको लामो समय भइसकेको छ। जीवनको यौवनकालमा रगत-पसिना बगाएर, स्वदेश वा विदेशमा जीवनको प्रवाह नगरी कमाएको धनराशि बैंकमा राखी त्यसको ब्याजबाट पारिवारिक खर्च जोहो गर्ने नियतिले व्यक्तिले बैंकमा पैसा राख्ने चलन पनि घट्दो ब्याजदरले कम भइसकेको छ। बैंकले अधिक तरलता भन्दै ब्याजदरै घटाएर एकदमै न्यून पुऱ्याएको कारण पुँजी पलायन हुन थालिसकेको छ । यस्तो अवस्थाले भोलिको दिन पनि निरन्तरता पाउँदै जाने हो भने बेथितिका शक्तिशाली तरंग प्रज्वलनशील बनेर देशमा परनिर्भरताको लप्कोले उद्योगधन्दा, कलकारखाना सबैको अस्तित्वमा खिया लाग्न सक्छ ।

सन् २०१० मा हामीकहाँ संघीयता अनुसरण गरियो। देशलाई ७ प्रदेश र ७ सय ५३ स्थानीय सरकारमा विभाजन गरियो। यो विकेन्द्रीकरणको उद्देश्य शासक र शासनलाई आमनागरिकसँग नजिक बनाउने रहेको थियो । स्थानीय सरकारको सेवाप्रवाहमा सुधार ल्याई स्थानीय रोजगारी बढाउने संघीयताको उद्देश्य रहे पनि यी सबै कागजमा मात्रै सीमित बन्न पुग्दा कार्यान्वयनमा आउन सकेको छैन।

सत्ता र भोटको राजनीतिले अर्थतन्त्रलाई मजबुत बनाउनुपर्नेमा कमजोर बनाउँदै लगिरहेको आर्थिक गतिविधिले देखाउँदै आएको छ। देशमा उपलब्ध स्रोत र साधन उत्पादनशील क्षेत्रमा प्रयोग हुनुपर्नेमा भोट बैंक बढाउने क्षेत्रमा परिचालन भएको कारण देशमा आशाभन्दा निराशाले बढी स्थान लिइरहेको छ । सोही कारण युवा वर्गमा स्वदेशप्रतिको मोह कम भएको हो । युवा वर्गको चाहना भनेको आत्मसम्मानसहितको जीवन र दिगो समृद्धि हो। तर हामी कहाँ त्यस्तो अवस्था देखिँदैन ।

नेपाली युवा निराशा हुनुमा भ्रष्टाचार र यसलाई राजनीतिक संरक्षण, स्थायी सरकारको अकर्मण्यता, निरन्तरको राजनीतिक संरक्षण र राजनीतिक संकट रहेको छ। यिनै कारणले बेरोजगारीको चक्रब्युहमा युवा वर्ग परेका हुन् । १६औं योजनाले निर्दिष्ट गरेअनुसार समृद्धि हासिल गर्न सर्वप्रथम देशको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई आधार दिने कृषि क्षेत्र हो भन्ने कुरालाई आत्मसात् गर्नुपर्छ । तर हामीकहाँ कृषि क्षेत्र नै दीर्घकालीन उपेक्षा र नीति कार्यक्रमको चंगुलमा जकडिएको छ। २० वर्षदेखि र सोभन्दा माथिका लाखौं व्यक्ति वैदेशिक रोजगारीमा छन्। सोही कारण खेतबारी बाँझो अवस्थामा रहन पुगेका हुन्। राष्ट्रिय उत्पादनमा कृषि क्षेत्रको योगदान न्यून रहेको छ। भन्सार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा ६० अर्ब ७८ करोड रुपैयाँको खाद्यान्न आयात भएको छ। यस्तो अवस्थामा कृषि र युवाको मिलन गराउने वातावरण राज्यले सिर्जना गर्न सक्नुपर्छ।

त्यसका लागि सिँचाइ प्रणालीमा दीर्घकालीन लगानी परिचालन गरी खेतीयोग्य जमिनमा पानीको पर्याप्त व्यवस्था गर्नुपर्ने देखिएको छ। अहिले भारत, बंगलादेश, भियतनाम र इन्डोनेसियामा त्यहाँको सरकारले युवालाई कृषिमा विभिन्न प्याकेज ल्याएर आकर्षित गरिरहेका छन्। सोही कारण कृषिबाट नै अर्थतन्त्रको शल्यक्रिया गरी पुनर्जीवन दिइएको छ । हामीकहाँ पनि यस्ता कार्यक्रम ल्याउन सके वार्षिक ६० अर्बभन्दा बढी रुपैयाँको खाद्यान्न आयात गर्नुपर्ने अवस्थामा कमी आउने थियो ।



परम्परागत कृषि प्रणालीबाट प्रविधिमैत्री, यान्त्रिक र ज्ञान आधारित प्रणालीमा रूपान्तरण गरी कृषिलाई व्यवसाय, सम्मान र समृद्धिको रूपमा पुनः परिभाषित गर्नुपर्ने समय आएको छ। त्यसैले अब कृषिलाई सम्मानित पेसा बनाउने वातावरण राज्य पक्षले सिर्जना गर्नुपर्ने खाँचो देखिएको हो। जसबाट मात्रै कृषिलाई अर्थतन्त्र उत्थानको मूल आधार बनाउन सकिन्छ।

राष्ट्रिय कृषि जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्याको ६७ प्रतिशत खेतीपाती अर्थात् कृषिसम्बन्धी पृष्ठभूमिमा रहेको देखिन्छ। यो संख्या विगत दुई-तीन दशकदेखि द्रुत रूपमा घट्दै गइरहेको छ। केही वर्षअघि यो जनसंख्या ८० देखि ९० प्रतिशत रहेको मानिन्थ्यो। देशलाई पनि बडो गर्वका साथ कृषिप्रधान देश भन्ने गरिएकोमा अहिले परनिर्भर देश भन्नुपर्ने अवस्था आएको छ।

कृषिबाट किसानको जीवनस्तर उकास्न र राष्ट्रिय अर्थतन्त्रमा कृषिको योगदानलाई थप वृद्धि गरी अर्थतन्त्रलाई सुदृढ बनाउन कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणलाई प्राथमिकता दिनुपर्ने समय आइसकेको छ। कृषि प्रधान देश भनिए पनि कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा यसले करिब २५ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ । ठुलो जनसंख्या कृषिमा आश्रित भए पनि जिडिपीमा यसको हिस्सा घट्दो क्रममा रहेको छ।

जिडिपी भन्नाले एक निश्चित समयभित्र देशभित्र उत्पादन भएका वस्तुहरू र सेवाहरूको कुल मौद्रिक मूल्यलाई जिडिपी भन्ने गरिएको छ। यस हिसाबले हेर्दा सेवा क्षेत्रले जिडिपीमा सबैभन्दा धेरै करिब ५२/५३ प्रतिशत योगदान पुऱ्याएको छ। यसमा बैंकिङ, पर्यटन, यातायात र सञ्चारजस्ता क्षेत्र पर्छन्। त्यसैगरी उद्योगमा सबैभन्दा कम करिब १४ प्रतिशत जति रहेको छ। यो नै परनिर्भरताको सबैभन्दा ठुलो कडी बनेको छ। यही कारण परनिर्भरता हट्न सकेको छैन । अत्यधिक परनिर्भरताले आयातमुखी अर्थतन्त्र बढ्दै गइरहेको छ । खानादेखि नानासम्म पनि अन्य देशमा भर पर्नुपर्ने अवस्था कायमै रहेको छ।

जिडिपीमा सबैभन्दा कम योगदान उद्योग क्षेत्रमा रहेको कारण देशभित्र रोजगारी सिर्जना हुन सकिरहेको छैन । देशमा रोजगारीका अवसरहरूको कमीले गर्दा युवाहरू बिदेसिन बाध्य भएका छन्। यसले देशमा क्रमशः कर्मठ र दक्ष जनशक्ति अभाव गराउँदै लगिरहेको छ। जसको प्रभाव अर्थतन्त्रमा परेको कारण यसमा सुधार आउन नसकेको हो।

राष्ट्रिय तथ्यांक कार्यालयले गरेको चौथो नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०) को प्रतिवेदनले नेपालका ७६ दशमलव ८ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने उल्लेख छ। यसअघिको तेस्रो नेपाल जीवनस्तर सर्वेक्षणको प्रतिवेदनअनुसार २३ दशमलव ४ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्थे । यसरी वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढेसँगै विप्रेषण प्राप्त गर्ने घरपरिवारको संख्या र विप्रेषण रकम बढेको छ । विप्रेषण पाउने घरपरिवार र विप्रेषण आप्रवाह बढेसँगै आफैंले उत्पादन नगरी आयातीत वस्तु उपभोग गर्ने प्रवृत्ति हाबी भइरहेको छ। त्यस्तो रकम उत्पादनशील क्षेत्रमा नगई विलाशिताको क्षेत्रमा प्रवाह भइरहेको कारण समाजमा देखासिखी गर्ने प्रवृत्ति हाबी हुन थालेको छ।

पछिल्लो केही वर्षयता भन्सार विभागको तथ्यांकअनुसार हरेक वर्ष बढ्दो क्रममा रहेको छ। नेपालको कृषि परनिर्भर बन्दै जानुमा कृषि र किसानलाई उपल्लो दर्जामा राख्ने वातावरण मुख्य रहेको छ। सोही कारण खेतबारी बाँझो परेका हुन् । नारामा मात्रै कृषि क्रान्ति सीमित भएको कारण किसान र कृषि दुवै पेसा उपेक्षित हुँदै आइरहेका छ। कृषिप्रधान भनिँदै आएको मुलुकमा किसान नै भोकै बस्नुपर्ने अवस्था अझै अन्त्य हुन सकेको छैन। विकसित देशहरू उद्योगको विकास गरी उत्पादन वृद्धि, रोजगारी सिर्जनासहित आत्मनिर्भर भएका छन्। हाम्रो जस्तो मुलुक भने सधैं आयातमुखी र पराधीन रहेको छ। अर्थतन्त्रमा सुधार ल्याउने क्षेत्र भनेकै कृषि, उद्योग, पर्यटन, वित्तीय क्षेत्र हो।

कृषिप्रधान देशमा धनियाँ, कागती, आलु प्याजजस्ता सजिलै र देशभित्र जहाँ पनि उत्पादन गर्न सक्ने वस्तु पनि करोडौं रुपैयाँमा आयात गर्ने हाम्रो विडम्बनामा परिवर्तन आउन सकेको छैन। त्यसैले कृषि उत्पादनतर्फ भूमिको दोहोरो स्वामित्व अन्त्य गरी भूमिको अधिकारबाट कसैलाई पनि वञ्चित हुन नदिई सहकारीबाट सामूहिक खेती प्रणालीको विकास गरी उत्पादन प्रक्रियामा कृषकलाई मल, बिउ विजन र औजार उपकरणमा अनुदान, निःशुल्क प्राविधिक सहयोग र उत्पादनपछि लागत मूल्यमा न्यूनतम नाफासहित बजारीकरणको ग्यारेन्टी राज्यले गर्न सके १६ औं योजनाले लिएको सुखी नेपाली र समृद्ध नेपालको मर्म कार्यान्वयनमा आउन सक्ने थियो । अनि मात्रै ब्ल्याक होलतिर धकेलिएको देशको आर्थिक गतिविधिमा सुधार आई आत्मनिर्भर अर्थतन्त्रको सपना साकार हुने थियो।

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह
पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको
२३ औं वर्ष पूरा गरी २४ औं वर्षमा
प्रवेश गरेको सुखद अवसरमा
यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
पदमराज पौडेल
प्रवन्ध निर्देशक
तथा
भिजन एण्ड भ्यालु ओभरसिज प्रा. लि.
परिवार
बसुन्धारा, काठमाडौं, नेपाल

हार्दिक बधाई तथा शुभकामना
२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
नेपाली पत्रकारिताको क्षेत्रमा अटल र हिमालझैं रहेर निरन्तर
प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी
२४औं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर
प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
SGMC
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT LTD
शेरमन ग्लोबल म्यानेजमेन्ट कन्सल्टेन्ट्स प्रा. लि.
परिवार
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४७३७०५, ४४९४४५७

हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न
आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको
२३ वर्ष पूरा गरी २४ औं वर्षमा
प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक
परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
२४ औं वार्षिकोत्सव
राजेश गौतम
प्रवन्ध निर्देशक, तथा
गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
परिवार
सुबिधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोन: ५१९२०२८, ४१११६४४

# आर्थिक विकासको बाटो



कृष्ण अधिकारी

सही नीति, सुशासन र लगानी सुनिश्चित गर्न सके मात्रै अवसरलाई मुलुकको दिगो विकास र समृद्धितर्फ लैजान सकिन्छ । नेपालको दिगो आर्थिक विकासका लागि संरचनागत सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना र सुशासन अपरिहार्य छ ।

सन् २००० देखि २०२५ को अढाई दशकमा नेपालले थुप्रै राजनीतिक, प्राकृतिक, सामाजिकलगायत हरेक क्षेत्रमा ठुलो उतारचढावको सामना गर्नुपरेको छ । सन् १९९० देखि विश्वव्यापी रूपमा प्रजातन्त्रको लहरमा नेपाल पनि रहेको थियो तर अन्य मुलुकहरूले जसरी प्रजातन्त्रको प्रतिफल जनतासम्म पुऱ्याउन सके र राष्ट्र समृद्धिको शिखरमा लैजाने जमर्कोमा सफलता प्राप्त गरे, त्यस अनुपातमा नेपाल निकै पछाडि परेको छ । सधैंजसो राजनीतिक अस्थिरता रहँदा आर्थिक समृद्धिको बाटोमा मुलुकलाई डोऱ्याउन मुस्किल पऱ्यो । एकातिर राजनीतिक अस्थिरताले ठाडो शिर गर्न कठिन भइरहेकाबेला १० वर्षे माओवादी सशस्त्र द्वन्द्व र २०७२ सालको भूकम्पले मुलुकलाई उठ्न निकै कठिन भयो । सन् २०१९ को अन्त्यतिर विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीले नेपालजस्ता मुलुकमा आउने बाह्य सहयोगलाई ह्वात्तै घटायो । यद्यपि यस अवधिमा नेपालले आर्थिक विकासमा केही सकारात्मक सुधार भने नगरेको होइन ।

सन् २००१ देखि २०२५)को नेपालको आर्थिक विकासको अवस्थालाई तुलना गरेर हेर्दा निराशै गर्नुपर्ने अवस्था पनि छैन । २००० दशकदेखि २०२५ सम्म नेपालको आर्थिक वृद्धिलाई मुख्य सूचकका आधारमा सुधार भएको देखिन्छ । २००१/२ मा नेपालको वार्षिक लगभग ४६.७-४६.८ अर्ब कुल ग्राह्स्थ उत्पादन (जिडिपी) रहेकामा २०२५ मा अनुमानित लगभग ४४५-४७ अर्ब पुगेको छ । यसरी यस अवधिमा जिडिपी करिब ६-७ गुणा बढेको देखिन्छ । कोरोना महामारीअघिसम्म औसत ६ प्रतिशतको हाराहारीमा रहेको आर्थिक वृद्धि दर कोरोनाको प्रभाव हुँदा ह्वात्तै घट्न पुगे पनि पछिल्ला वर्षहरूमा वृद्धि मध्यम-कम अर्थात् ३ देखि ४.६ प्रतिशतको आसपास रहेको छ । दक्षिण एसियाका अन्य मुलुकहरूको तुलनामा नेपालको वृद्धि दर अपेक्षाकृत कम गतिमा रहेको छ ।

यस्तै, प्रतिव्यक्ति आम्दानीलाई हेर्ने हो भने पनि उस्तै अवस्था देखिन्छ । सन् २००१ मा प्रतिव्यक्ति आम्दानी लगभग ४ हजार २ सय ६० रहेकामा सन् २०२४-२५ मा लगभग ४१ हजार ४ सय ४० देखि ४१ हजार ५ सय पुगेको विभिन्न प्रतिवेदनले देखाएको छ । प्रतिव्यक्ति आयलाई हेर्दा नेपाल अझै मध्यम-आयस्तर भएका राष्ट्रहरूको सूचीमा रहेको छ । गरिबी र सामाजिक संकेतलाई हेर्दा नेपालले राम्रै प्रगति हासिल गरेको देखिन्छ । सन् १९९० को दशकमा अत्यन्त गरिबी लगभग ५० प्रतिशतभन्दा माथि थियो । जबकि २०२२-२३ मा गरिबी लगभग २० प्रतिशतको हाराहारीमा घटेको छ । शिक्षा र स्वास्थ्य पहुँचमा सुधार र जीवनस्तरमा सकारात्मक प्रभावका कारण नेपालले यो सफलता प्राप्त गर्न सकेको हो । मुलुकको आर्थिक विकासमा मुख्य हिस्सा भनेको विदेशमा गएर पठाएको रेमिट्यान्स रहेको छ । विदेशमा काम गर्ने नेपालीहरूले पठाउने रेमिट्यान्सले जिडिपीमा झन्डै २५ देखि ३० प्रतिशत योगदान पुऱ्याएको छ । त्यस्तै, सेवा क्षेत्रमा विशेषगरी पर्यटनले पनि ठुलो योगदान गरेको छ ।




## समृद्धिको अवसर

विगत २४ वर्षको आर्थिक विकासलाई हेर्दा नेपालका अगाडि थुप्रै अवसर छन् । आर्थिक विकासका प्रमुख अवसरका रूपमा जलविद्युत्लाई लिन सकिन्छ । ८३ हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्न सकिने सम्भावनासँगै त्यसलाई स्वदेशी खपत गर्न तथा भारत-बंगलादेशमा निर्यातको अवसर रहेको छ । यहाँको प्राकृतिक सम्पदा, सांस्कृतिक विविधताले गर्दा नेपालले पर्यटनका माध्यमबाट आर्थिक विकासमा छलाङ मार्नसक्ने सम्भावना रहेको छ । साहसिक पर्यटन, धार्मिक पर्यटन, पर्यापर्यटनको माध्यमबाट २०औं लाख विदेशी पर्यटक भित्र्याउन कुनै कठिनाइ छैन ।

यस्तै, नेपालको आर्थिक विकासको अर्को ढोका भनेको कृषि क्षेत्र नै हो । कृषिमा व्यवसायीकरण गरी जैविक कृषि, नगदे बाली, कृषिउद्यमलाई बढवा दिने र निर्यातमुखी उत्पादनमा जोड दिने हो भने यसको ठुलो सम्भावना देखिन्छ । अर्को ठुलो अवसर भनेको युवाको जनसंख्या उच्च हुनु हो । काम गर्न सक्ने उमेर समूहको जनसंख्या धेरै हुनु भनेको उत्पादनकत्व बढ्नु हो । यसले युवालाई स्वदेशमै रोजगारीको अवसर दिन सक्छ । नयाँ अवसरका रूपमा आएको सूचना प्रविधि र डिजिटल अर्थतन्त्रबाट पनि नेपालले प्रशस्त लाभ लिनसक्ने देखिन्छ ।

सन्तुलित परराष्ट्र सम्बन्ध विस्तार गर्न सकिएमा छिमेकी दुई विशाल अर्थतन्त्र भएका देशहरूको बीचमा रहेका कारण नेपालले राम्रो विदेशी लगानी आकर्षित गर्न सक्छ । ट्रान्जिट व्यापार र लगानीको अवसर लिन सकिन्छ । रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा लगानी गर्दा नवप्रवर्धन र उद्यमशीलताको विकास हुन सक्छ । यसै वर्षदेखि नेपाल अति कम विकसित राष्ट्रहरूको सूचीबाट स्तरोन्नति भई विकासशील राष्ट्रमा उक्लिएको छ । यसले देशको अन्तर्राष्ट्रिय छविमा सुधार सुधार आउनुको साथै वैदेशिक लगानी र व्यापारमा विस्तार ल्याउन सक्छ । आज विश्वव्यापी रूपमै हरित अर्थतन्त्रको लहर आएको छ । नेपालमा नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना रहेको र वातावरणमैत्री परियोजनाको कार्यान्वयनबाट जलवायु वित्त पहुँचको अवसर रहेको छ ।

## समृद्धिका मुख्य चुनौती

आर्थिक वृद्धिको प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि थुप्रै चुनौती छन् । राजनीतिक अस्थिरता र नीति लगातार परिवर्तनका कारण निजी क्षेत्रको लगानी आकर्षित हुन सकेको छैन । स्वदेशमै रोजगारीको अवसर कम हुँदा बढ्दो बेरोजगारीका कारण युवा जनशक्तिको पलायनले गर्दा जनशक्तिको अभाव खड्किएको छ । सरकार बारम्बार परिवर्तन भइरहँदा प्राथमिकतामा परिवर्तन हुँदा दीर्घकालीन नीति र योजना कार्यान्वयन कमजोर देखिएको छ । उत्पादनमुखी उद्योगको अभावले निर्यातको अवस्था न्यून र आयातमा अत्यधिक निर्भरता बढेको छ । लगानीमैत्री वातावरण कमजोर, कानुनी जटिलता र नीति अस्थिरताले गर्दा स्वदेशी निजी क्षेत्र नै आकर्षित हुन नसकिरहेको अवस्थामा बाह्य लगानी भित्र्याउन सहज देखिँदैन ।

अर्थतन्त्रको करिब एक चौथाई हिस्सा ओगटेको रेमिट्यान्समा आधारित भए पनि त्यसको उत्पादनशील क्षेत्रमा लगानी हुन सकेको छैन । सार्वजनिक खर्चमा पारदर्शितामा कमी र लगानीकर्ताको अविश्वासका कारण सुशासन र भ्रष्टाचारको समस्या ठुलो छ । कृषि क्षेत्रको आधुनिकीकरण नहुँदा परम्परागत खेती प्रणालीले निर्वाहमुखी नभएर अब आयातमा निभएर हुनुपर्ने अवस्था आएको छ । पछिल्ला केही वर्षयता विश्वव्यापी जलवायु परिवर्तनको प्रभावका कारण हाम्रो अर्थतन्त्रका मुख्य आधार कृषि, पर्यटन र जलविद्युत्मा अनेक समस्या देखिएका छन् । यी समस्या दीर्घकालीन, दिगो वृद्धि र रोजगारी सिर्जनामा बाधक बनेका छन् । अन्त्यमा सही नीति, सुशासन र लगानी सुनिश्चित गर्न सके मात्रै अवसरलाई मुलुकको दिगो विकास र समृद्धितर्फ लैजान सकिन्छ । नेपालको दिगो आर्थिक विकासका लागि संरचनागत सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना र सुशासन अपरिहार्य छ ।






# सीमाविहीन उडानमा नेपाली फिल्म



■ अञ्जना कोइराला

> अढाइ दशकअघिसम्म नेपाली सिनेमा क्षेत्र एउटा साँघुरो गल्लीजस्तै देखिन्थ्यो, केही हल, केही कलाकार, केही निर्देशक हुन्थे । सिनेमाहरूमा एकै किसिमका कथा हुन्थे । २०८२ सालसम्म आइपुग्दा त्यो गल्ली विश्वतर्फ खुल्ने राजमार्गमा बदलिएको छ । यो केवल प्रविधिको विकासले मात्र होइन, नेपाली समाज, अर्थतन्त्र, सोच र आत्मविश्वासको प्रतिफल हो ।

नेपालको ग्रामीण गाउँको गरिब गन्धर्व परिवारको कथा समेटिएको सिनेमा हो- पूर्णबहादुरको सारंगी । सामाजिक अनादरसँग गन्धर्व समुदायले गर्नुपरेको संघर्ष केलाएको फिल्म समेत व्यावसायिक रूपमा सफल हुनु पछिल्लो समयमा दर्शकको स्वाद बदलिएको बलियो प्रमाण हो । पूर्णबहादुरको सारंगी त एउटा उदाहरण मात्रै हो । पछिल्लो अढाइ दशकमा नेपाली सिनेमाले निकै ठुलो फड्को मारेको छ । उदाहरणका लागि, ‘कबड्डी’, ‘छक्का पञ्जा’जस्ता फिल्महरूले नेपालबाहिरबाट समेत आफ्नो लगानीको ठुलो हिस्सा कमाए । अर्थात् नेपाली सिनेमा विश्वभर फैलिएको छ ।

२०५८-२०५९ तिर फर्केर हेर्दा नेपाली सिनेमा एउटा साँघुरो गल्लीजस्तै देखिन्थ्यो, केही हल, केही कलाकार, केही निर्देशक र एकै किसिमका कथा हुन्थे । २०८२ सालसम्म आइपुग्दा त्यो गल्ली विश्वतर्फ खुल्ने राजमार्गमा बदलिएको छ । यो केवल प्रविधिको विकासले मात्र होइन, नेपाली समाज, अर्थतन्त्र, सोच र आत्मविश्वासको प्रतिफल हो ।

एक समय नेपाली फिल्म बनाउनु साहस थियो, आज त्यो रणनीति बनेको छ । एक समय फिल्म कलाकारको करियर थियो, आज त्यो हजारौंको रोजगारी बनेको छ । र, एक समय नेपाली दर्शकलाई हलसम्म ल्याउनका लागि अनेक संघर्ष गर्नुपर्थ्यो भने अहिले विश्वभरबाट नेपाली फिल्मको खोजी हुन्छ ।

यो परिवर्तनलाई हेर्दा नेपाली सिनेमा अब केवल मनोरञ्जनको माध्यम होइन, हाम्रो राष्ट्रिय पहिचानको एक शक्तिशाली हतियार बनेको महसुस हुन्छ ।

### ■ बजार विस्तार

२०-२५ वर्षअघि नेपाली फिल्मको बजार नेपालमै सीमित थियो । काठमाडौंका केही पुराना हलहरूमा फिल्म चलेन भने निर्देशकहरूको सपना डुब्थ्यो । तर यो परिदृश्यलाई नेपाली डायस्पोराले पूर्ण रूपमा बदलिदियो । वैदेशिक रोजगारीका लागि मध्यपूर्व, अमेरिका, अस्ट्रेलिया र युरोप पुगेपछि नेपालीहरूले आफ्नो संस्कृति र भाषासँग जोडिन नेपाली फिल्म खोज्न थाले । जसका कारण अहिले मलेसिया, कतार, युएई, अमेरिका, अस्ट्रेलियाका थिएटरहरूमा नेपाली फिल्महरू नियमित रूपमा रिलिज हुन्छन् । र नेपाली फिल्महरूले विदेशबाट समेत पनि कमाइरहेका छन् । साथै, नेपाली सिनेमालाई लाग्दै आएको ‘सानो बजार’को ट्याग पनि हटेको छ । यसले निर्देशकहरूलाई प्रवासको पीडा, सांस्कृतिक संघर्ष वा विश्वमा नेपालीको पहिचानलगायतका



विश्वव्यापी कथाहरू अपनाउन प्रेरित पनि गरेको छ ।

### ■ प्रचारमा डिजिटल क्रान्ति

पहिले प्रचारको केन्द्र पोस्टर, माइकिङ र पत्रिका थियो- एउटा सीमित र महँगो माध्यम । अहिले त्यो फेसबुक, टिकटक र युट्युबमा परिवर्तन भएको छ । एक ट्रेलरले लाखौं भ्यु पाउँछ, एक संवाद रातारात मीम बन्छ र सोनो क्लिप टिकटकमा चल्यो भने फिल्म हिटको बाटोमा पुग्छ । पछिल्लो समय सामाजिक सञ्जालमा ट्रेलरले भाइरल भएपछि हजारौं दर्शक हलसम्म पुग्ने गरेका पनि छन् ।

यो डिजिटल क्रान्तिले प्रचारलाई सस्तो र स्मार्ट बनाएको छ । जसका कारण सानो बजेटका फिल्महरूले पनि ठुला प्रोडक्सनसँग प्रतिस्पर्धा गर्न सक्छन् । तर यसले चुनौती पनि ल्याएको छ, ट्रोलिङ र फेक रिभ्युका कारण राम्रा फिल्मले पनि दर्शक नपाउने सम्भावना बढ्छ । त्यसैले निर्देशकहरूले अब केवल फिल्म बनाउने होइन, डिजिटल मार्केटिङ पनि सिक्नुपर्छ ।

### ■ लगानी वृद्धि

नेपाली सिनेमा लामो समयसम्म ‘कम लगानी, धेरै जोखिम’मा चल्यो । सीमित हल संख्या, सीमित दर्शकका कारण पहिले कम लगानी उठाउन पनि गाह्रो हुन्थ्यो । पहिले फिल्म निर्माताहरूले आफ्नो व्यक्तिगत पुँजी फिल्ममा लगानी गर्थे भने अहिले अवस्था फेरिएको छ । अहिले कर्पोरेट हाउसहरू, जस्तै विभिन्न बैंक, कम्पनी र अन्तर्राष्ट्रिय लगानीकर्ताहरू प्रवेश गरेरे फिल्ममा लगानी गर्न थालेका छन् । यो परिवर्तनले समग्र नेपालको फिल्म क्षेत्रलाई नै व्यावसायिक बनाएको छ ।

### ■ प्रविधिको देन

सेल्युलोइड युगमा एक टेक नै महँगो हुन्थ्यो, जसले सिर्जनात्मकतालाई सीमित बनाउँथ्यो । आज डिजिटल क्यामेराले स्वतन्त्रता दिएको छ- ड्रोनले हिमाल र गाउँलाई नयाँ आँखाले देखाएको छ भने भिएफएक्सले ऐतिहासिक र काल्पनिक संसार सम्भव बनाएको छ । ‘कागबेनी’ जस्ता पुराना फिल्महरूमा साउन्ड डिजाइन र कलर ग्रेडिङको सीमित प्रभाव थियो, तर अहिले रिलिज भएका फिल्महरूमा अन्तर्राष्ट्रिय स्तरको साउन्ड डिजाइन र कलर ग्रेडिङ छ ।

प्रविधिले नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय स्तरको बनाएको छ, तर सांस्कृतिक मौलिकतालाई बचाउन भने चुनौती थपिएको छ । भिएफएक्सले कथालाई मौलिकताभन्दा धेरै पर लगेर ओझेलमा पार्न सक्छ । तर पनि प्रविधिको विकासले नेपाली सिनेमालाई विश्व फेस्टिभलहरूमा प्रतिस्पर्धी बनाएको छ ।

### ■ कथामा विविधता

पुराना नेपाली सिनेमा प्रेम, विछोड र मेलोड्रामामा अड्किएको थियो । आज त्यो समाज, राजनीति, वर्ग, महिला, पहिचान र इतिहाससम्म पुगेको छ । ‘लुट’, ‘छक्का पञ्जा’, ‘पूर्णबहादुरको सारंगी’ जस्तो फिल्म व्यावसायिक रूपमा सफल हुनु दर्शकको स्वाद बदलिएको प्रमाण हो । अब फिल्महरूले केवल मनोरञ्जन मात्र प्रदान गर्दैनन्, सामाजिक परिवर्तन पनि ल्याउँछन्- जस्तै ‘बुलबुल’ले महिलाको सशक्तीकरणलाई चित्रण गरेको छ । तर यसमा सन्तुलन भने चाहिन्छ, यदि कथा मात्र सामाजिक मुद्दामा केन्द्रित भयो भने, मनोरञ्जन हराउन सक्छ ।

नयाँ पुस्ताका निर्देशकहरूले नेपाली सिनेमालाई स्थानीय कथाबाट वैश्विक भाषामा ल्याए । रामबाबु गुरुङ, प्रदीप भट्टराई, निश्चल बस्नेत, दीपक रौनियार वा मिनबहादुर भाम जस्ता नामहरूले नेपाली फिल्म पनि गुणस्तरको बन्न सक्छन् भन्ने प्रमाण प्रस्तुत गरे ।

### ■ दर्शक सर्वोपरि

नेपाली सिनेमा बदलिनुको सबैभन्दा ठुलो श्रेय दर्शकलाई नै जान्छ । पहिले फिल्म हेर्न हल जाने दर्शकको संख्या निकै कम थियो । तर पछिल्लो समय हलका संख्यासँगै गुणस्तर पनि बढेका कारण हल जाने दर्शकको संख्या पनि बढेको छ । सँगै अहिले प्रविधिको विकासका कारण दर्शकहरू अब ओटिटी प्लेटफर्महरू (कान्तिपुर सिनेमाज, सिनेमा घर, एमएमएस भिडियोलगायत)तिर पनि आकर्षित भएका छन् । पहिले लभ स्टोरी हेरेर दंग हुने दर्शक अहिले फिल्ममा विविधता खोज्छन् । जसका कारण निर्देशकहरूलाई पनि विविध कथा समेटिएका फिल्म निर्माण गर्न प्रेरित गरिरहेको छ ।

२०५८-२०५९ तिर नेपाली सिनेमा बाँच्न संघर्ष गर्दै थियो । २०८२ मा नेपाली सिनेमा आफ्नो भविष्य योजना बनाइरहेको छ । पाइरेसी, असमान वितरणलगायतका समस्याले नेपाली फिल्म क्षेत्रलाई अझै गाँजेको छ, तर सम्भावना भने ऐतिहासिक छन्, अन्तर्राष्ट्रिय सहयोग, एआई प्रयोग र पर्यटनसँग जोडेर नेपाली फिल्म क्षेत्रलाई अझै उकास्न सकिन्छ । नेपाली सिनेमा अब सानो देशको सानो सपना होइन, ठुलो पहिचानको ठुलो यात्रामा छ । यदि यो गति कायम रह्यो भने, नेपाली सिनेमा विश्व सिनेमाको महत्वपूर्ण हिस्सा बन्न धेरै समय लाग्दैन ।






# त्रिवि परिवर्तनको मार्ग चित्र



■ प्राडा टंकनाथ धमला

> आशावादी हुने प्रशस्त बाटा छन् । प्रस्तुत चुनौती र अवसरको विश्लेषण त्रिविको आमूल परिवर्तनको मूल आधार बन्न सक्छ । यसको सुरुवात गुटगत स्वार्थरहित साँचो अर्थको खुला प्राज्ञिक बहसमा आधारित त्रिविको पुन: संरचनाबाट हुनुपर्छ ।



नेपालकै पहिलो गैरनाफामूलक संस्थाका रूपमा सन् १९५९ मा स्थापित स्वायत्त उच्च शैक्षिक धरोहर त्रिविलाई, सन् २०१३ मा सरकारद्वारा केन्द्रीय विश्वविद्यालयका रूपमा मन्यता दिने सहमति भयो। राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मापदण्डअनुसार गुणस्तरीय शिक्षा, अनुसन्धान, र नवीनताका लागि आरम्भ गरिएको यो गरिमामय संस्थामा, सन् २००६ देखि कुलपतिको व्यवस्था राजाबाट प्रधानमन्त्री हुने गरियो । उपकुलपति, रेक्टर, र रजिस्ट्रारका नियुक्तिसहित नीति, बजेट र नियमावलीवाहक ५२ सदस्यीय सिनेटको अध्यक्ष कुलपति हुने व्यवस्था कायमै रह्यो । त्रिविले नेपालको दिगो राष्ट्रिय विकासमा खेल्ने महत्वपूर्ण भूमिका अति सफल हुने थियो यदि यसका शिक्षक सही अर्थमा प्राज्ञिक रही राजनीतिक रूपमा निष्पक्ष र तटस्थ रहन्थे । साथै विश्वविद्यालयको सर्वोच्च प्रमुखले यसलाई सुदृढ पार्न वास्तविक प्रतिबद्धता देखाउँदै राजनीतिक प्रभावबाट मुक्त राखी सकारात्मक निर्देशन र सहयोग गर्थे । दुर्भाग्यवश विश्वविद्यालयलाई चरम राजनीतिकरण, भागबन्डा, सत्ता र शक्ति आशक्तिले प्रभावित गरियो र अपेक्षित उपलब्धि हासिल गर्नबाट वञ्चित पारियो ।

राजतन्त्रकालीन निरंकुश भनिएको पञ्चायती व्यवस्थाविरुद्ध आवाज उठ्दै जाँदा स्थापना गरिएका संस्थागत विद्यार्थी, कर्मचारी तथा प्राध्यापक संगठनमा आफ्ना बहुल्यता कायम गर्न विस्तार गरिएका विभिन्न भ्रातृ संगठन पञ्चायतको अन्त्यपछि पनि सक्रिय रहे र अझ विगत २०-२५ वर्षमा झन् सशक्त हुँदै गए । २०४६-२०५८ सम्म मुख्यतः पार्टी (केन्द्रित रहेको विद्यार्थी आन्दोलन, २०५९ तिरबाट त्रिवि नीति निर्माणमा चासो बढाउँदै गयो । २०७०-२०८२ मा थप शैक्षिक (अनुसन्धान सशक्तीकरणका लागि आकर्षित हुँदै चरम भागबन्डाविरुद्ध मेरिटोक्रेसी पक्षीय माग र नारा उठान गरेको देखिन्थ्यो । सुरुवातदेखि नै सेवा सुरक्षा र हकहितमा केन्द्रित कर्मचारी संगठनसमेत राजनीतिक रूपमै प्रभावित हुँदै जाँदा, २०५८ पछि पनि विशुद्ध शैक्षिक प्रशासनिक पक्षमा खासै गतिशील हुन सकेनन् ।

शैक्षिक (अनुसन्धान स्तर, प्राज्ञिक स्वतन्त्रता र अधिकारका लागि भनिने प्राध्यापक संगठनहरूले प्रारम्भदेखि राख्दै आएको राजनीतिक चासो २०५८ पछि बढ्दै गयो, जसका प्रभावले त्रिवि नेतृत्व र नीतिमा प्रभुत्व जमाइदियो र प्राज्ञिक प्राथमिकता घट्दै गयो । प्रभावित पदाधिकारी नियुक्तिको जबर्जस्त उपस्थिले त्रिवि नेतृत्वको साख उठाउन सकेन र आमजनमानस तथा युवावर्गमा निराशाको वातावरण सिर्जना गराउँदै गयो । ज्ञानविज्ञानको आर्जन र दानबाट जिउनुपर्ने वर्ग नै अवसरवादी शक्ति-भक्ति केन्द्रको भरोसामा जिएपछि कर्मचारी कर्मठता र विद्यार्थी सिर्जनशीलताप्रति दोष दिनु र त्यहाँबाट थप आशा गर्नु बेकार नै थियो । यदि सम्पूर्ण प्राध्यापक वर्गले विश्वविद्यालयको मर्ममा धर्म थामेको भए, त्रिविका समस्या ९ सय ५ बढी समाधान भइसकेको हुने थियो । परिणामस्वरूप युवा ब्रेन (ड्रेन र तिनको आशामा भरोसा हुने थियो । त्रिविले उत्कृष्ट उद्देश्य, दृष्टि र लक्ष्य स्थापित र कार्यान्वयन गर्न सक्ने थियो ।

त्रिविले व्यक्तिगत वा समूहगत स्वार्थरुपी चौतर्फी घेराबन्दीका बाबजुत पनि विगत २४ वर्षमा केही प्रगति भने अवश्य गऱ्यो । चरम आर्थिक कठिनाइबीच सञ्चालनमा ल्याएको हालको केन्द्रीय पुस्तकालय, प्रवेश गर्दै गरेको डिजिटलीकरणको प्रक्रिया, यसका उत्कृष्ट अन्तर्राष्ट्रियस्तरमा स्थापित निश्चित प्राध्यापकको शिक्षण-अनुसन्धानप्रतिको लगाव, सहकार्य र सफलता, कर्मठ कर्मचारीको योगदान, केन्द्र, विभिन्न अध्ययन संस्थान र संकायले सुरु गरेका वा थप अगाडि बढाएका अनुसन्धानमुखी कार्यक्रमप्रतिको बढ्दो रुचि, अन्तर्राष्ट्रिय समुदायले दिएको मान्यता र तिनको सहभागिता, त्रिविका विद्यार्थीहरूले देखाएको दक्षता र समाज र विद्यार्थीहरूको अझै यसैप्रतिको अगाध माया एवं अटुट विश्वास नै तत्काल प्रगतिका प्रमाण र भविष्यका भर हुन् ।

२०५९ अगाडिबाटै सञ्चालित ६० आंगिक क्याम्पसको संख्या हालसम्म पनि ६२ बाट बढ्न सकेन तर सो ताका रहेका १ सय ५० सामुदायिक र २ सय ५० निजी कलेजको संख्या आज १ हजार ६० बढी पुगे । शिक्षामा निजी क्षेत्रको सहभागिता स्वागत योग्य नै हो तर यो तरंगले त्रिविले पूरा गर्नुपर्ने मूल जिम्मेवारीले प्राथमिकता पाएनन् भन्नेमा आशंका राख्नुपरेन । हुन त यसबीच केही आत्मनिर्भर स्कुल, होटल व्यवस्थापन, पर्यटन, कम्प्युटर विज्ञान, सूचना प्रविधि, साइबर सुरक्षा, प्रविधि, डेटा विज्ञान र विश्लेषणजस्ता धेरै रोजगारमुखी विषय पनि थपिए । यसका विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ, शिक्षासहित पाँच अध्ययन संस्थान र चार संकाय प्रायः सबैले सकेसम्म बजारमुखी बनाउने नयाँ विषयहरू, एमफिल र पिएचडीजस्ता कार्यक्रम थप्दै गए । यसले मात्र अवसर र गुणस्तरको खोजीमा तल्लीन पछिल्लो पुस्ता विदेशी विश्वविद्यालयतर्फ उन्मुख हुने क्रम रोक्न सकेन र आफ्नै सिर्जनशील, सशक्त जनशक्ति ठुलो मात्रामा बिदेसिँदै गयो । तसर्थ, अब शास्त्रीय विज्ञान, संस्कृति र सामाजिक शिक्षाको गतिलो जग बसाल्दै, आजको नवयुवालाई आकर्षित गर्ने सिपमूलक, व्यावहारिक र बजारमुखी ज्ञानलाई आफ्ना आंगिक कार्यक्रममा पर्याप्त रूपमा रूपान्तरण गर्नुपर्नेछ । औद्योगिकीकरणबिनाको बेरोजगारमूलक शिक्षा, व्यापारीकरण र गुटगत राजनीति मौलाउँदै गएमा त्रिविले दुर्भाग्यवश भयावह क्षति भोग्नुपर्ने अवस्था देखिन्छ ।

२०५८ पछि देखिएका अनुसन्धानमा संख्या र गुणस्तर दुवैको अवस्था राम्रै छ । सीमित प्राध्यापकले उलेख्य अनुदानबिनै आफ्नै पहलमा अन्तर्राष्ट्रिय सहकार्यात्मक अनुसन्धान समेतमा विश्वस्तरीय प्रकाशन गरेका छन् । दुर्भाग्यवश त्रिविभित्र अत्यन्त ठुलो समूह अनुसन्धानबाट विमुख पनि छ । भएकामै पनि धेरैको स्तर असमान छन् । प्राप्त अनुदान पर्याप्त छैन । अनुसन्धानको मूल्यांकन र वितरणमा समेत कमजोरी छन् । त्रिविभित्र पनि जतासुकै जर्नल प्रकाशनमा बढ्दो लहर छ तर तीमध्ये धेरै मूल्यहीन पनि छन् । निरुत्साह गर्नुपर्नेस्तरका अनुसन्धान र डिग्रीलाई समेत समान मान्यता दिन खोज्दा यसले कतिपय ठाउँमा अनुसन्धानको अपमूल्यन पनि गरेको छ । योभन्दा जटिल समस्या त शिक्षण पेसामा भए पनि गुणस्तरीय शिक्षा र अनुसन्धानको बाटो नसोच्ने समूहबाट छ । यसमा आमूल परिवर्तन सम्भव छ तर त्यो केवल अनुसन्धानमुखी प्राज्ञिक नेतृत्वको दृढ इच्छाशक्तिमा मात्र हुन्छ ।

यसभित्र र बाहिरका केही व्यक्ति र समूहहरूको चरम स्वार्थले हुर्कंदै गएको अन्तरिक भागबन्डा र अराजकताका कारण त्रिविले २०५८ यता अनेकन हर्कतसमेत बेहोर्नुपऱ्यो र ठुलो हानि, नोक्सानी तथा हन्डर भोग्नुपऱ्यो । यसको ठुलो सम्पत्ति हडप भयो, फर्काउन सकेन । भिजन २०३० सहितका अनेकन कार्ययोजनाको सफलता सीमित भयो । आफ्नै विज्ञता बिर्सेर त्रिवि सेवा आयोग नै लोकसेवा आयोगको पूर्ण भरमा पर्नुपर्ने दिन आयो । निम्नस्तरीय अनुसन्धानलाई जबर्जस्ती समकक्षता दिलाउन बल गर्ने क्रममा यो जिम्मेवारीसमेत विश्वविद्यालय अनुदान आयोगतिर सुम्पिनुपऱ्यो । कति अस्थायी, करार र पार्टटाइम सेवकको अवस्था झन् भयावह भयो भने कति निष्ठावान् सेवकहरूले आफैंलाई हेपिँदै पछि परेको अवस्थामा जिउनुपऱ्यो । उल्टै सेवासुविधा र स्तरोन्नति ढिलाइ हुँदा यहाँका प्राध्यापक र कर्मचारीको संख्यासमेत घट्दै गयो । पछिल्लो समयमा वास्तविक क्षमतालाई अवमूल्यन गर्दै मेरिटोक्रेसीको नाममा ठुलो अन्योलको भ्रम सिर्जना गराई समाजलाई दिग्भ्रमित पनि गराइयो । अनुसन्धानविहीन यसका प्रमुख, सदस्य र मूल्यांकन कर्तासमेत भई नै रहे । त्रिविका अधिकतम दिन यिनका प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनको चावी खोल्न मै व्यस्त रहनुपऱ्यो । पदाधिकारी बस्ने र काम गर्ने ठाउँको समेत पत्ता हुन छोड्यो ।

आशावादी हुने प्रशस्त बाटा छन् । प्रस्तुत चुनौती र अवसरको विश्लेषण त्रिविको आमूल परिवर्तनको मूल आधार बन्न सक्छ । यसको सुरुवात गुटगत स्वार्थरहित साँचो अर्थको खुल्ला प्राज्ञिक बहसमा आधारित त्रिविको पुनः संरचनाबाट हुनुपर्छ । वास्तविक मेरिटोक्रेसीका आधारमा अग्रिम पंक्तिमा रहने सक्षम प्राध्यापकको अगुवाइमा त्रिविमा उत्कृष्टता केन्द्र स्थापना गर्नुपर्छ र तिनकै नेतृत्वमा त्रिविको उद्देश्य, दृष्टिकोण र लक्ष्य प्राप्तिका मार्गचित्र कोरिनुपर्छ । त्रिविको प्राज्ञिक लक्ष्य प्राप्तिको तगारो भई मौलाएको गुटगत र संगठनगत संरचनालाई यसको निश्चित लक्ष्य प्राप्तिका लागि रूपान्तरण गरिनुपर्छ, अन्यथा बिदा नै । कच्चा त्रिवि सेवा आयोगलाई गुणगत र वस्तुगत आधारमा आत्मनिर्भर, नियमित र विश्वासनीय बनाउनुपर्छ । विश्वविद्यालय ज्ञान, विज्ञान र नवप्रवर्तनको शक्ति केन्द्र बन्नुपर्छ र यसका प्राज्ञ स्वतन्त्र बौद्धिक पुजारी हुनुपर्छ । त्रिविले राष्ट्र निर्माण, औद्योगिकीकरण र नवयुवाको भविष्य सुनिश्चित गर्नुपर्छ । यीबाहेक हाल देखिएका भौतिक, आर्थिक र शैक्षिक समस्या समाधान गर्न त्यति जटिल छैन । सिर्जनात्मक विद्यार्थी, कर्मठ कर्मचारी र सक्षम प्राध्यापक नै समस्याको समाधानका वास्तविक सम्पत्ति हुन् । यो सम्पूर्ण कुरा पूर्ण रूपमा सम्भव छ जब प्राज्ञिकहरू आफ्नो स्वतन्त्रता प्रयोग गरी पूर्ण स्वायत्त त्रिविलाई राजनीतिक सौदाबाजीबाट मुक्त गराउन प्रतिबद्ध हुन्छन् र लागि पर्छन् ।









# नेपालको राजनीति र कूटनीति



टंक कला तिमिल्सेना

जेनजी आन्दोलन र त्यसपछि देखिएका राजनीतिक घटनाक्रममा र अप्रत्यक्ष रूपमा चलखेल भइरहेको देखिन्छ । अर्थात् नेपाल राजनीति र कूटनीतिक क्षेत्रमा कमजोर साबित हुँदै गएको छ ।

नेपालको शासन व्यवस्थादेखि कूटनीतिक र आर्थिक अवस्था दशकौंसम्म पनि अस्थिर रहँदा अहिले पनि मुलुक संक्रमणकालीन अवस्थामै रुमलिरहेको छ। शासन व्यवस्था फेरियो, पद्धति फेरियो, विश्वव्यापीकरणले व्यपकता लिइरहेको छ, प्रविधिले विश्वलाई एक गाउँ समान सीमित गरिदिएको छ। तर हामीले न राजनीतिक स्थिरता पाएका छौं न त जनसाधारणको जीवनमा आमूल परिवर्तन सारभूत रूपमा देख्न पाएका छौं। यसको तत्कालीन जेनजी आन्दोलन र त्यसपछि देखिएका राजनीतिक घटनाक्रम र अप्रत्यक्ष रूपमा भइरहेको 'विदेशी चलखेल' ले देखाएको छ। अर्थात् हामी राजनीति र कूटनीतिक क्षेत्रमा कमजोर साबित हुँदै गएका छौं।

पछिल्ला २४ वर्ष यताको समयलाई विश्लेषण गर्ने हो भने पनि घटनाक्रमले तथ्यलाई वस्तुनिष्ठ रूपमा सतहमा देखाएको छ। नेपालको राजनीतिक जगलाई उथलपुथल पार्नेगरी आजभन्दा २४ वर्ष पहिले नेपालको राजनीतिक इतिहासमा कहिल्यै नभएको घटना घट्यो। जसको चर्चा विश्वजगतले अहिले पनि गर्छ। त्यो थियो, दरबार हत्या प्रकण। राजनीतिक घटनाक्रमकै आधारमा मुलुकको कूटनीतिक कडी सक्रिय हुने भएकाले पहिले राजनीतिक परिवेशकै चर्चा गरौं।

## दरबार हत्याकाण्ड र ज्ञानेन्द्रको शासनकाल

२०५८ साल जेठ १९ गते राति करिब ९ बजे नारायणहिटी राजदरबारमा तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहको वंश नै विनाश हुने गरी राजारानीसहित राजपरिवारका अन्य सदस्यको समेत हत्या भयो। यो घटनाले विश्वभर सनसनी मच्चायो। सरकारी प्रतिवेदनले राजाका छोरा दीपेन्द्रले हो भने पनि दीपेन्द्र होइन, देशभित्रकै शक्तिले मात्रै पनि यो घटना घटाउन सक्दैन, यो विदेशी शक्तिको मिलेमतोबिना सम्भव नै छैन भन्ने नेपाली जनमत अहिले पनि त्यसबेलाको जस्तै बलियो छ। वीरेन्द्रको वंश विनाशपछि उनका भाइ ज्ञानेन्द्र शाह राजा घोषित गरियो।

२०५८ जेठदेखि राजाका रूपमा ज्ञानेन्द्रले शासन सञ्चालन गरिरहँदा यहाँ पनि अस्थिरता थप बढ्दै गयो। २०५९ सालमा उनले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा रहेका समय प्रतिनिधि सभा विघटन गराए। यस समय तत्कालीन राज्यविद्रोही पक्ष माओवादी द्वन्द्वको उग्र अवस्थामा थियो। २०६० सालमा आपतकाल सिर्जना भएको भनी राजा ज्ञानेन्द्रले प्रधानमन्त्री देउवालाई अपदस्त गरी संसद् पुनर्स्थापना नगरी आफ्नो प्रत्यक्ष शासन लागू गरे। २०६१ साल शाही शासन जारी गरी शासन सक्रिय नै रह्यो। राजाको प्रत्यक्ष शासनबाट रुष्ट राजनीतिक दलले चरम उत्कर्षमा रहेको माओवादीसँग सहकार्यको रणनीति अपनाउन थाले। राजनीतिक दल र माओवादीबीच सहकार्यको वातावरण बन्दै २०६२/६३ सालमा दोस्रो जनआन्दोलन भयो। राजा ज्ञानेन्द्र सत्ता त्याग्न बाध्य भए र २०६३ मंसिर ५ गते सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौतासँगै माओवादी शान्ति प्रक्रियामा आएपछि प्रतिनिधि सभा पुनर्स्थापना गरियो। २०६४ साल चैत २८ मा पहिलो संविधान सभा निर्वाचन भयो। माओवादी सबैभन्दा ठुलो दल बन्यो। संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो।

## राजतन्त्र अन्त्य र गणतान्त्रिक संविधान

राजतन्त्रको औपचारिक अन्त्यपछि डा. रामवरण यादव पहिलो राष्ट्रपति बने। विद्रोहबाट शान्तिपूर्ण राजनीतिमा आएको माओवादीका सुप्रिमो पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बने। २०६६-२०६९ साल (संविधान लेखनमा विवाद, सरकार बारम्बार परिवर्तन) अन्तत २०६९ मा पहिलो संविधान सभा विघटन भयो। २०७० साल मंसिर ४ मा दोस्रो संविधान सभा निर्वाचन भयो र नेपाली कांग्रेस पहिलो दल बन्यो।



आन्तरिक, विदेशी तत्वको चलखेल र रस्साकस्सीका बीच २०७२ असोज ३ गते नेपालको संविधान जारी गरियो। संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भयो। तर मधेश आन्दोलनदेखि भारतको अघोषित नाकाबन्दीको सामना गर्नुपरेपछि अस्थिरता कायम रह्यो। २०७३-२०७४ सालमा २० वर्षपछि स्थानीय तहहरूको निर्वाचन भयो। प्रदेश र संघीय निर्वाचन पनि भयो र एमाले-माओवादी गठबन्धनले बहुमत पायो। २०७५ साल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने। यसै वर्ष माओवादी र एमालेले एकता गर्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन गरे। तर मिलन भइरहन सकेन। प्रचण्डसँगकै शक्ति संघर्षका कारण २०७७ सालमा केपी ओलीले प्रतिनिधि सभा विघटन गरे। यसलाई अवैध भनी सर्वोच्च अदालतले पुनर्स्थापना गऱ्यो। ओलीले पुनः विघटन गरे। सर्वोच्च अदालतले पुनर्स्थापित गर्दै परमादेश नै जारी गरी सरकार गठन गर्न भन्यो। सोही धरातलमा २०७८ साल देउवा प्रधानमन्त्री बने। सर्वोच्चकै आदेशले नेकपा औपचारिक रूपमा विभाजन भयो। २०७९ साल स्थानीय र संघीय निर्वाचन भयो। मिश्रित संसदीय नतिजाले एमालेसँग गठबन्धन गर्दै प्रचण्ड प्रधानमन्त्री बने। गठबन्धनमा खटपट फेरबदल चलिरहयो। २०८०-२०८१ साल सत्ता गठबन्धन बारम्बार फेरबदल आयो। प्रचण्डलाई प्रधानमन्त्रीबाट हटाउनेगरी कांग्रेस-एमाले गठबन्धन बन्यो र एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री बने। मुलुकमा व्याप्त असन्तुष्टि गएको भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबाट विस्फोट भयो भनिन्छ। यसलाई कूटनीतिक आधारमा हेर्दा वास्तविकता फरक छ। अहिले जनसरकारका रूपमा सुशिला कार्की अन्तरिम प्रधानमन्त्री छन्। आगामी फागुन २१ मा प्रतिनिधि सभा निर्वाचनको मिति तोकी काम भइरहेको छ तर सरकार र दल अनि चलखेलका परिदृश्यले अस्थिरता मच्चि नै रहेको छ।

## अस्थिर राजनीतिमा कूटनीतिक परिदृश्य

२०५८ सालमा दरबार हत्या प्रकरणपछि नेपालको शासन र माओवादी द्वन्द्व अनि राजनीतिक दलका गतिविधिमा अन्तर्राष्ट्रिय समुदायको चासो बढ्यो। भारत, चीन, अमेरिकालगायत देशहरूले स्थिरताको अपिल गरे। २०५९/२०६१ सालमा माओवादी द्वन्द्वका कारण अमेरिका, बेलायत, इयूले माओवादीलाई आतंककारी सूचीमा राखे। भारत, अमेरिका र बेलायतबाट नेपाली सेनालाई सैन्य सहयोग गरियो। २०६२/६३ सालमा दोस्रो जनआन्दोलनमा भारत, अमेरिका, इयूको सक्रिय कूटनीतिक भूमिका देखियो। भारतको मध्यस्थतामा १२ बुँदे समझदारी (दल-माओवादीबीच) २०६३ साल मंसिरमा विस्तृत शान्ति सम्झौतापछि नेपाल-संयुक्त राष्ट्र सम्बन्ध सुदृढ बन्न थाल्यो। माओवादी लडाकु समायोजनदेखि संक्रमणकालीन न्यायमा सहजीकरणका लागि अनमिन (संयुक्त राष्ट्र मिसन) नेपालमा स्थापना भयो। २०६४ साल संविधान सभा निर्वाचनलाई अन्तर्राष्ट्रिय पर्यवेक्षकको समर्थन मिल्यो र नेपाललाई शान्ति प्रक्रिया सफलताका रूपमा यूएनले लियो। २०६५ साल गणतन्त्र घोषणाले धेरै देशबाट औपचारिक मान्यता पायो। २०६६-२०६८ सालमा अनमिनको कार्यकाल समाप्त भयो र शान्ति प्रक्रिया पूर्ण रूपमा आन्तरिक स्वामित्वमा आयो। २०७० सालमा दोस्रो संविधान सभा निर्वाचनमा अन्तर्राष्ट्रिय समर्थन मिल्यो। यूएन, इयू, सार्कले सकारात्मक भूमिका खेले।

तर २०७२ सालमा जारी नेपालको संविधानप्रति भारतले अस्वीकारको प्रस्ट सन्देश दिँदै अघोषित नाकाबन्दी गऱ्यो। भारतसँग तनावपूर्ण सम्बन्ध रह्यो। त्यसताका नेपालमा मच्चिएको मधेश आन्दोलन, थारुहट आन्दोललगायत जातीय हिंसा भड्काउनेगरी भएका आन्दोलनमा भारतको संलग्नता रहेको आरोप रहेको छ। तर अन्य शक्तिहरूले पनि आफ्नो स्वार्थकेन्द्रित चलखेल नगरेका होइनन्। यहाँ नेपाल कूटनीतिक अस्त्र प्रयोगमा थप कमजोर देखियो। भारतका विरोधी कहलिएका तत्कालीन प्रधानमन्त्री २०७३ सालमा चीन भ्रमण गए। यसबीच चीनसँग इन्धन तथा पारवहन सम्झौता भयो। यसले भारत थप चिढियो। कूटनीतिक सन्तुलनता यस समय कमजोर देखियो। २०७४ साल चीनको भूराजनीतिका लागि प्रभावकारी अस्त्र रणनीतिक परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभमा नेपालले सहभागिता जनायो।

## कूटनीति सन्तुलनको प्रयास

२०७५ सालमा भारतसँग रेल, जलमार्ग र ऊर्जा सहकार्य गरियो। अमेरिका-नेपाल विकास सहकार्य विस्तार गरियो। २०७६ सालमा एमसिसी सम्झौताबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहस एवं दुईधार निर्माण भएपछि सम्झौता विचाराधीन रह्यो। २०७७ साल भारतसँग कालापानी-लिपुलेक सीमा विवाद बढ्यो। संविधान संशोधन गरेर नेपालको नयाँ नक्सा जारी गरिएपछि भारत-नेपाल सम्बन्ध चिसिएको अवस्था अहिले पनि छ। २०७८ साल विवाद र आन्दोलनकै बीच अमेरिकी रणनीतिक परियोजनाका रूपमा रहेको एमसिसी सम्झौता संसदबाट अनुमोदन गरियो। अमेरिका, भारत र पश्चिमी देशसँग सम्बन्ध पुनःसन्तुलन बनाउने प्रयास त्यसयता पनि जारी छन्।









# स्टार्टअपमा युवा क्रेज



■ छवि सापकोटा

सरकारले नेपाल स्टार्टअप कोष बनाएर दीर्घकालीन रणनीति बनाउने, कर तथा आयकर छुटदेखि लगानीकर्तालाई प्रोत्साहित गर्ने नीतिगत सुधारको आवश्यक अझै बाँकी छ । युवापुस्तालाई स्टार्टअपको आकर्षण गर्न कृषि, सूचना प्रविधि, पर्यटन प्रवर्धन, स्वास्थ्य सेवा, शिक्षा क्षेत्रमा नयाँ सोचसहितको उद्यमशिलतको विकास गर्न आवश्यक छ ।

नेपालमा युवा पुस्तामा स्टार्टअपको सोच पछिल्लो एक दशकयता निरन्तर बढ्दो छ । वैदेशिक रोजगारीबाट नेपाल फर्केका युवा जनशक्तिमा नेपालमै केही गर्न सकिन्छ भन्ने सोचको विकास बढ्दो छ। नेपालजस्तो भौगोतिक बनावट भएको भूगोलमा ठुला व्यवसाय, उद्योगको विस्तारभन्दा स-साना उद्यमबाट आत्मनिर्भर बन्न सक्ने देखिन्छ । नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकका लागि स्टार्टअप उद्यमको रोजगारी सिर्जनादेखि आत्मनिर्भर बनाउन सहयोग गरिरहेको छ। पछिल्लो समय युवापुस्तामा देखिएको सोच नवप्रवर्तन, प्रविधि र उद्यमशीलताले स्टार्टअपप्रति मोह देखिएको छ। युवा पुस्तामा देखिएको डिजिटल प्रविधिको मोहले अझ स्टार्टअपको प्रविधिको प्रयोग बढेको छ। युवा पुस्तामा १० टु ५ को काम गर्नेभन्दा सानो भएपछि केही स्टार्टअपको सोचको विकास भएको छ। चिया पसलदेखि आइटी सोलुसनसम्म, नयाँनयाँ क्षेत्रमा सम्भावनाको खोजी भइरहेको छ। परम्परागत कामभन्दा सहज रूपमा सानो लगानी गरेर भए पनि युवाहरू आत्मनिर्भरतर्फ केन्द्रित भएका छन्। स्टार्टअप सुरु गर्ने युवापुस्ता अहिले गरिरहेको आम्दानीबाट सन्तुष्टसमेत छन् ।

### बढ्दो स्टार्टअप संस्कृति

अहिले सहर होस् वा गाउँ अहिले स्वदेशमै केही गरौं भन्ने सोचको विकास भएको छ । नेपालमा रोगजारी छैन भनेर विदेश गएर फर्केकाहरू अहिले सहरी क्षेत्रमा आइटीदेखि चिया पसललाई समेत व्यवसायका रूपमा विस्तार गरेका छन् । गाँउमा कृषि, पशुपक्षीपालन र पर्यटक प्रवर्धनका लागि साना होटल, होस स्टे, रिसोर्टजस्ता क्षेत्रमा लगानी गरेका छन् । जागिर, सरकारी सेवा वा स्थायी रोजगारीभन्दा युवा पुस्तामा छिटो लाभ लिन सक्ने व्यवसायमा आकर्षण बढिरहेको छ। युवामा धेरै समय काम गर्नेभन्दा दीर्घकालसम्म लाभ लिन सक्ने क्षेत्र खोजिरहेका छन् । तर स्टार्टअपको कतिपय असफताको कथासमेत जोडिएका छन्। स्टार्टअप सुरु गर्नु भनेको जोखिम मोल्न सक्नेसमेत हुनु हो। असफलताबाट नआत्तालिने र निरन्तर लाग्ने क्षेत्रसमेत स्टार्टअप हो । बढ्दो प्रविधिको प्रयोगले स्टार्टअपको अन्तर्राष्ट्रिय बजारसम्म पुग्न थालेको छ। कुनै नयाँ प्रोडक्ट बनाउन सकियो भने त्यसको माग विश्व बजारमा समेत हुन सक्छ। इन्टरनेट र बढ्दो सामाजिक सञ्जालको प्रयोगले अन्तर्राष्ट्रिय बजारमा पुग्ने माध्यम बनेको छ। नेपालको छिमेका भारत र चीन विशाल राष्ट्र र अर्थतन्त्रमा दोस्रो र तेस्रो अर्थतन्त्र भएको मुलुक छन् । त्यसको असर नेपालको अर्थतन्त्र परिरहेको अवस्था छ । तर दुई अर्थतन्त्रमा अगाडि रहेको मुलुकको बीचमा रहेको नेपालले नवीन सोचका साथ स्टार्टअपमा गर्ने हो भने त्यसको लाभ लिन समय लाग्नेछैन ।

### स्टार्टअप नीति

स्टार्टअप क्षेत्रमा देखिएको आकर्षणले नेपाल सरकारले पनि राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० नै ल्याएको छ। नेपालमा नवप्रवर्तनकारी र सिर्जनशील सोच भएका उद्यमीहरूका लागि अनुकूल वातावरण निर्माण नीति कार्यान्वयनमा ल्याइएको हो । नीतिले स्टार्टअपलाई प्रोत्साहित गरी उत्पादन र रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य राखेको छ । सूचना प्रविधिको बढ्दो प्रयोग र सिर्जनशील सोचका कारण व्यवसाय गर्ने शैलीमा परिवर्तनलाई स्टार्टअपको माध्यमबाट युवा पुस्तालाई समेटने प्रयास गरिएको हो । विश्वव्यापी रूपमा स्टार्टअप क्षेत्रमा भइरहेका प्रगतिले न नेपाली युवामा केही नयाँ गरौं भन्ने सोचको विकास बढ्दै गएपछि नीति नै ल्याएर काम भइरहेको छ। स्टार्टअप व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत स्पष्टता हुने र बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न सहजता बनाउने हो भने नेपालमा स्टार्टअपबाट आर्थिक समृद्धिको बाटो बनाउने देखिन्छ।

सरकार बनाउने स्टार्टअप नीतिले लगानीकर्तालाई प्रोत्साहन अझै गर्न सकेको छैन । स्टार्टअप क्षेत्रका काम गर्ने चाहना भएको युवा पुस्तालाई सहुलियतपूर्ण ऋणदेखि अनुदानको व्यवस्था गर्ने हो भने युवालाई नेपालमै काम गर्न सकिन्छ भन्ने सोच ल्याउन सकिन्छ ।

यस्तै, सरकारले नेपाल स्टार्टअप कोष बनाएर दीर्घकालीन रणनीति बनाउने, कर तथा आयकर छुटदेखि लगानीकर्तालाई प्रोत्साहित गर्ने नीतिगत सुधारको आवश्यक अझै बाँकी छ । युवापुस्तालाई स्टार्टअपको आकर्षण गर्न कृषि, सूचना प्रविधि, पर्यटन प्रवर्धन, स्वास्थ्य सेवा, शिक्षा क्षेत्रमा नयाँ सोचसहितको उद्यमशिलतको विकास गर्न आवश्यक छ ।

### असरसँगै जोखिम

असरसँगै जोखिमको क्षेत्रसमेत हो, स्टार्टअप । सानो लगानीबाट सुरु गर्न सक्ने भएकाले ठुला लगानीकर्ताबाट यसको जोखिम हुने गरेको छ । स्टार्टअप सुरु गर्न पुँजी जुटाउन नै युवापुस्तामा अभाव हुन्छ। पर्याप्त आर्थिक स्रोत नहुँदा काम गर्न नै सहज हुँदैन। भिजन भए पनि आर्थिक स्रोतको अभावमा कति स्टार्टअप आइडियाको सुरु नै हुने गरेका छैन। आफूले रोजेको व्यवयाय सफल नै हुन्छ भन्ने केही ग्यारेन्टी हुँदैन । बजारको आवश्यकता र प्राथमिकता बुझ्न नसक्ने हो भने स्टार्टअपको असफल हुन सक्छन् । तर नेपाल उद्यम क्षेत्रमा सुरुवात भइरहको अवस्थामा आगामी दिन सुनौलो बन्ने देखिन्छ । स्टार्टअपको नेपालमा जोखिमभन्दा पनि असर धेरै रहेको छ। नेपाल लगानीका लागि भर्जिन ल्यान्डका रूपमा रहेकाले समेत हरेक क्षेत्रमा असवरको सम्भावनासमेत उत्तिकै छ । पछिल्लो समय उद्योग, होटल, रेस्टुरेन्ट कृषि क्षेत्रमा युवापुस्ताको आकर्षण बढेको छ। अहिले जसरी स्टार्टअपको आकर्षण बढेको छ। त्यसलाई व्यवस्थित बैलैमा गर्न नीतिगत रूपमै सरकारले ध्यान दिनु आवश्यक छ। स्टार्टअपको कुन क्षेत्रमा कति आवश्यक छ । त्यसलाई व्यवस्थित र लगानी सुरक्षित गर्न पनि राज्यले भूमिका निर्वाह महत्वपूर्ण छ ।


















# प्रतिभावान् खेलाडी, दिशाहीन खेलकुद



■ सुवास लामिछाने

नेपालको खेलकुदमा राजनीतिक हस्तक्षेप सबैभन्दा ठुलो रोग बनेको छ । संघसंस्थामा खेल बुझेका होइन, पार्टी बुझेका मानिस पुग्छन् । प्रशिक्षक छनोटदेखि टोली निर्माणसम्म 'फोन र पहुँच' हाबी हुन्छ ।



नेपालमा खेलकुद सधैं सम्भावनाको देश भनेर चिनिन्छ । हिमाल, पहाड र तराई फैलिएको भूगोल, युवा जनशक्तिको बाहुल्य र खेलप्रतिको स्वाभाविक रुचि हुँदाहुँदै पनि नेपालले खेलकुदलाई राष्ट्रिय गौरवको क्षेत्रमा रूपान्तरण गर्न सकेको छैन । हरेक अन्तर्राष्ट्रिय प्रतियोगितापछि उठ्ने प्रश्न उही हो- गल्ती खेलाडीको कि प्रणालीको ? नेपालको खेलकुद इतिहास पल्टाउँदा केही चम्किला क्षण देखिए पनि ती दीर्घकालीन उपलब्धिमा बदलिन सकेका छैनन् । दक्षिण एसियाली खेलकुद (साग)मा कहिलेकाहीँ आउने पदकलाई नै हामी ठुलो सफलता ठान्न बाध्य छौं । ओलम्पिकजस्तो विश्वस्तरीय मञ्चमा नेपालको उपस्थिति सहभागितामै सीमित रहनु, राज्यको खेलकुदप्रतिको दृष्टिकोणको स्पष्ट प्रमाण हो ।

हाल नेपालमा क्रिकेट र फुटबल खेल मात्र होइन, भावनासँग जोडिएका छन् । क्रिकेटले छोटो समयमै जनसमर्थन र अन्तर्राष्ट्रिय पहिचान बनाएको छ । तर यही क्रिकेट पनि संघीय झगडा, पदको लडाइँ र राजनीतिक चलखेलबाट अछुतो छैन । खेलाडी मैदानमा संघर्ष गरिरहँदा संघहरू अदालत र कुर्सीको खेलमा अल्झिएका छन् । फुटबलको अवस्था झनै विडम्बनापूर्ण छ । दर्शक, खेलाडी र इतिहास हुँदाहुँदै पनि एन्फा वर्षौंदेखि विवाद, आर्थिक अपारदर्शिता र नेतृत्व संकटमा फसेको छ । परिणामस्वरूप फुटबलको स्तर उकासिन सकेको छैन ।

संघीय संरचनामा गएपछि खेलकुद अझ व्यवस्थित हुन्छ भन्ने अपेक्षा थियो । तर केन्द्र, प्रदेश र स्थानीय तहबीच अधिकार स्पष्ट नहुँदा खेलकुद झनै अलमलमा परेको छ । कतै बजेट छ तर कार्यक्रम छैन, कतै प्रतिभा छ तर संरचना छैन । स्थानीय तहले खेलकुदलाई प्राथमिकतामा राख्न नसक्दा संघीयताको फाइदा मैदानसम्म पुगेको छैन ।

नेपालको खेलकुदमा राजनीतिक हस्तक्षेप सबैभन्दा ठुलो रोग बनेको छ । संघसंस्थामा खेल बुझेका होइन, पार्टी बुझेका मानिस पुग्छन् । प्रशिक्षक छनोटदेखि टोली निर्माणसम्म 'फोन र पहुँच' हाबी हुन्छ । जब खेलकुद नेतृत्व नै खेलभन्दा बाहिरको एजेन्डामा चल्छ तब नतिजा पनि स्वाभाविक रूपमा कमजोर हुन्छ ।

नेपालमा खेलाडी तबसम्म 'हिरो' हुन्छन्, जबसम्म पदक ल्याउँछन् । त्यसपछि उनीहरूको जीवनप्रति राज्यको चासो सकिन्छ । बिमा, पेन्सन, रोजगारी र पुनर्स्थापनाको स्पष्ट नीति नहुँदा धेरै राष्ट्रिय खेलाडी सामान्य जीवनमै हराइरहेका छन् । खेललाई पेसा बनाउने सपना अझै जोखिमपूर्ण यात्राजस्तै छ ।

महिला खेलाडीहरूले सीमित स्रोत र अवसरका बीच पनि निरन्तर उपलब्धि दिइरहेका छन् । महिला फुटबल टोली, कराते र तेक्वान्दो खेलाडीहरूको सफलता प्रशंसनीय छ । तर समान पारिश्रमिक, सम्मान र सुविधा अझै नारामै सीमित छन् । राज्यले महिला खेलकुदलाई अझै अनुषंगिक विषयकै रूपमा हेरेको अनुभूति हुन्छ ।

खेलकुदको दिगो विकास विद्यालय तहबाट सुरु हुनुपर्छ । तर नेपालमा खेलकुद अझै पनि पाठ्यक्रमको अतिरिक्त क्रियाकलापमै सीमित छ । प्रशिक्षित शिक्षक, नियमित प्रतियोगिता र प्रतिभा पहिचान प्रणाली नहुँदा धेरै सम्भावना अंकुरमै मर्छन् ।

विश्वका धेरै देशले खेलकुदलाई उद्योगका रूपमा विकास गरेका छन् । पर्यटन, ब्रान्डिङ, रोजगारी र अन्तर्राष्ट्रिय पहिचानसँग खेलकुद जोडिएको छ । तर नेपालमा खेलकुद अझै खर्चको शीर्षक मात्रै बनेको छ, आम्दानीको स्रोत बन्न सकेको छैन ।

नेपालको खेलकुद सुधार नाराबाट होइन, कठोर निर्णयबाट सम्भव छ । खेलकुद संघहरूमा राजनीतिक हस्तक्षेप पूर्ण रूपमा रोक्नुपर्छ । खेलाडीको भविष्य सुनिश्चित हुने नीति बनाउनुपर्छ । आधारभूत संरचना र प्रशिक्षक विकासमा लगानी बढाउनुपर्छ । विद्यालयदेखि राष्ट्रिय तहसम्म एउटै स्पष्ट रोडम्याप लागू गर्नुपर्छ । खेलकुद केवल पदकको कुरा होइन, राष्ट्रिय आत्मविश्वास र पहिचानको विषय हो । यदि अब पनि हामीले खेलकुदलाई प्राथमिकतामा राखेनौं भने नेपाल सधैं सम्भावना भएको तर नतिजा नआएको देशकै सूचीमा सीमित रहनेछ ।















# सहरदेखि गाउँसम्मै स्वास्थ्य सेवा



अस्मिता बम

> स्वास्थ्य संस्था संख्याको वृद्धिका दृष्टिमा नेपालले पछिल्लो अढाइ दशकमा उल्लेख्य प्रगति गरेको छ । सहरदेखि गाउँसम्मै स्वास्थ्य सेवा पुग्नेगरी संरचना बनेका छन् । तर दक्ष जनशक्तिको अभाव र साधन स्रोतमा पर्याप्त लगानी हुन नसक्दा गुणस्तरीयताको प्रश्न यथावत् छ ।

पछिल्लो अढाइ दशकमा नेपालको स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच बढेको विभिन्न अध्ययनले देखाएको छ । खासगरी केन्द्रीकृत शासन व्यवस्था विकेन्द्रित भएर संघीयतामा मुलुक प्रवेश गरेसँगै स्थानीय सरकारको सक्रियता र खबरदारीले नागरिकको स्वास्थ्य उपचारको पहुँचलाई नजिक पुऱ्याएको छ । यस्तै अनुभव सुनाउँछन्, बैतडीको पुर्चौडी नगरपालिका-२ ल्याटिका मानबहादुर बम । उनका अनुसार पुर्चौडबासीलाई अढाइ दशकअघि सामान्य उपचारका लागि पनि दुई घण्टाको पैदल यात्रा गर्नुपर्थ्यो । कि त उनी 'न्वाघर'को आधारभूत स्वास्थ्यचौकी पुग्थे, कि 'हाट'सम्म । कुनै ठुलो उपचारका लागि भने डडेल्धुरा पुग्नुपर्थ्यो । डडेल्धुरा पुग्न पनि सहज थिएन । आठ घण्टाको निरन्तर पैदलयात्रा पछि 'ढोल्यामोड' भन्ने ठाउँमा गाडी भेटिन्थ्यो । कच्ची बाटोले ३ घण्टाको यात्रालाई ५ घण्टाको बनाइदिन्थ्यो । कोही-कसैको उपचार नपाएर बाटोमै ज्यान जाने गरेको उनी सम्झन्छन् ।

'गाउँमा उपचार भन्ने त छँदै थिएन । टाउको दुखेमा औषधि खानुपर्छ भन्ने जानकारीसमेत थिएन । सानोसानो चोट लागे, गाह्रै भएको हो भन्ने भए २ घण्टा हिँडेर जानुपर्थ्यो । ठुलै उपचारका लागि डडेल्धुरा नै हो पुग्ने,' मानबहादुरले मध्यान्हसँग भने ।

## गाउँगाउँमा पुगे संरचना

नागरिकको स्वास्थ्य उपचारप्रति सचेतना जगाउने काम स्वास्थ्य संस्थाको उपलब्धताले समेत गरेको छ । मानबहादुर आफैं यसका उदाहरण हुन् । २००२ सालमा जन्मेका मानबहादुरले बाल्यकालमा अस्पताल नै देखेनन् । उनका अनुसार हाटमा पनि २०४०/४५ सालतिर मात्रै स्वास्थ्यचौकी खुलेको हो । न्वाघरमा पनि धेरैपछि आधारभूत स्वास्थ्यचौकी खुलेको हो । अहिले भने स्थानीय तहमै स्वास्थ्य सेवा उपलब्ध हुने गरेको छ । सवारी जाने कालोपत्रे बाटो बनेको छ । जसले आपतकालीन स्वास्थ्य सुविधालाई छिटो र सहज बनाइदिएको छ ।

बैतडीको पुर्चौडी एउटा प्रतिनिधि ठाउँ हो र मानबहादुर एक प्रतिनिधि पात्र । त्यसबाहेक नेपालका त्यस्ता धेरै ग्रामीण क्षेत्र छन् । जहाँको स्वास्थ्य सेवामा आमूल परिवर्तन आएको छ ।

नेपालले स्वास्थ्य सेवा दिनुमा मात्रै फट्को मारेको भने होइन । अढाइ दशकका बीचमा उल्लेख्य स्वास्थ्य संस्थासमेत खुलेका छन् । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार सन् २०००/२००१ मा नेपालमा स्वास्थ्य सेवा दिने संस्थाको संख्या जम्मा ४ हजार २ सय ३८ थियो । सन् २०२५ सम्ममा यस्तो संख्या १४ हजार बढी पुगेको नेपाल हेल्थ फ्याक्ट सिटले देखाएको छ ।

जसमा सामुदायिक अस्पताल ८ हजार १ सय, निजी अस्पताल २ हजार ४ सय ५१, आधारभूत स्वास्थ्य सेवा केन्द्रको संख्या ७ हजार ८ सय ६५ र आधारभूत अस्पतालको संख्या ४ सय १३ रहेको छ । सन् २०२५ सम्ममा विशेष अस्पतालको संख्या देशभर २३ रहेको भने अति विशेष अस्पतालको संख्या २० छ । शिक्षण अस्पताल भने २८ वटा रहेका छन् ।

प्रदेशगत रूपमा कोशीमा १ हजार ३ सय ९३, मधेश १ हजार २ सय ७८, बागमती १ हजार ४ सय ४१, गण्डकी ९ सय ८०, लुम्बिनी १ हजार १ सय ३८, कर्णालीमा ८ सय ८२ र सुदूरपश्चिममा ९ सय ८८ सामुदायिक अस्पताल रहेका छन् ।




## उस्तै सक्रिय स्थानीय सरकार

स्वास्थ्य केन्द्र र अस्पतालको संख्या बढ्नुको कारण नागरिकले नजिकको सरकारको रुपमा स्थानीय सरकार पाउनु हो । विगतमा पनि गाउँ विकास समिति र जिल्ला विकास समिति थिए । तर ती अधिकारविहीन थिए । अहिलेको स्थानीय सरकार नीति बनाउने र कार्यान्वयन गर्ने, आफैं बजेट विनियोजन गर्नेसहितको अधिकार प्राप्त सरकार हो ।

विगतमा हुम्ला, जुम्ला, कालिकोटलगायतका ठाउँमा सुत्केरी हुन नसकेर आमा र बच्चा दुवैले ज्यान गुमाएका अनगिन्ती घटना हुन्थे । तर अहिले नेपाली सेनाको हेलिकोप्टरबाटै गर्भवती महिलाको उद्धार हुन थालेको छ । यस्तो कार्यमा स्थानीय सरकारका प्रतिनिधि सक्रिय भएका प्रशस्तै उदाहरण छन् ।

१४ साउन २०८२ मा काभ्रेको डाँडापारिस्थित महाभारत गाउँपालिका-१ गोकुलेकी २१ वर्षीया रेनुका लुंगेलीलाई सुत्केरी व्यथा लाग्यो । सहज सुत्केरी नहुने र टोलमै सहजीकरणका लागि स्वास्थ्यकर्मी थिएनन् । त्यसपछि राष्ट्रपति महिला उद्धार कार्यक्रमको आर्थिक सहयोगमा उनको हेलिकोप्टरबाट उद्धार गरियो । त्यसपछि उक्त गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले सुत्केरी र बच्चाको ज्यान जोगाउन सफल भएको प्रतिक्रिया दिएका थिए । अर्थात्, स्थानीयस्तरमै सम्भव नभए वैकल्पिक उपायका लागि समेत स्थानीय सरकार सक्रिय हुने गरेका छन् । यसले जनप्रतिनिधित्वको महत्व त देखाएको छ नै, नागरिकले समेत परिवर्तनको अनुभूत र प्रत्यक्ष लाभ लिन सकेका छन् ।

गाउँगाउँमा खुलेका स्वास्थ्यचौकीले त ठुलो राहत पुऱ्याएकै छ । नागरिकको जीवनलाई स्वस्थ रहन मद्दत गरेको छ । विगतमा देश भित्रैका ठुला सहरमा समेत उपचार नहुँदा कति रोगको उपचार गर्न विदेश जानुपर्ने बाध्यता नेपाली समाजमा थियो । अहिलेसम्म आइपुग्दा मिर्गौला प्रत्यारोपणसमेत देशभित्रै हुन थाल्नुले स्वास्थ्य क्षेत्रको क्रान्ति पार गरेको देखाउँछ । आँखा, दातकै उपचारका लागि पनि नेपाल नमुना बन्दै गइरहेको छ । जसको उदाहरण कैलालीको गेटा आँखा अस्पताल एक हो ।

साथसाथै, नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई मौलिक हकअन्तर्गत राखेको छ । यसकारण स्वास्थ्य संस्थाको संख्या बढाएको हो । गुणस्तरीय स्वास्थ्य उपचारका विषयमा भने प्रश्न छन् । जनशक्ति व्यवस्थापनलगायतका विषय पनि छन् ।

जनस्वास्थ्यविद् डा. रविन्द्र पाण्डे कतिपय अवस्थामा जीवनशैलीले पनि स्वास्थ्य अवस्थामा अर्थ राख्ने बताउँछन् । उनी भन्छन्, 'समयको विकासक्रमसँगै मानिसमा नसर्ने दीर्घ रोग बढ्न थाले । आलस्य आउन थाल्यो । तनाव बढ्न थाल्यो । खानपानमा परिवर्तन भयो । जसले विभिन्न रोग निम्तायो ।'

हरेक तहमा स्वास्थ्य सेवाको पहुँच हुँदै गइरहेका बेला यसलाई अझै गुणस्तरीय बनाउन सरकारले चालेको स्थास्थ्य बिमा कार्यक्रमले ठुलो भूमिका खेल्न सक्ने उनी बताउँछन् । साथै स्थानीय तहहरूमै गएर सरकारले जनस्वास्थ्यसम्बन्धी जनचेतना फैलाउनुपर्ने उनको आग्रह छ ।







# उतारचढावका दुई दशक



■ जीवन शर्मा

6 नेताहरूप्रति जनतामा गहिरिँदै गएको अविश्वासलाई विश्वासयोग्य बनाउन र राजनीतिप्रति सकारात्मक दृष्टिकोण निर्माणमा युवा नेताहरूले हिजोको संरचनालाई परिमार्जन गर्दै नयाँ स्वरूपमा देखिनेगरी बदल्न सक्नुपर्छ ।

राजनीतिमा पछिल्लोपटक पुराना पात झर्दै नयाँ पालुवा पलाउने क्रम जारी छ । बढ्दै गएको जनचेतना, भ्रष्टाचारविरुद्धको लहर, सुशासन र सामाजिक सञ्जालको प्रभाव, युवापुस्ताको सक्रियता र पुराना दलप्रतिको वितृष्णको कारण यो अवस्था आएको हो । पछिल्ला दुई दशकमा मुलुकले भोगेका जनआन्दोलन, संविधान निर्माण, संघीयता र सामाजिक परिवर्तनसँगै सबै राजनीतिक दलहरूभित्र नयाँ पुस्ताका युवा नेता उदाएका छन् । यी युवा नेता केवल उमेरका हिसाबले मात्र होइन, सोच, शैली र प्राथमिकताका दृष्टिले पनि फरक देखिन्छन् । उनीहरूको पृष्ठभूमि र संघर्ष नेपाली राजनीतिमा रूपान्तरणको कथा बोकेका छन् ।

पछिल्लोपटक देखिएका परिवर्तन, जनचासो र अन्तर्राष्ट्रिय परिवेशका कारण नयाँ अनुहारसँगै नयाँ एजेन्डा क्रमशः अघि बढिरहेका छन् । यी एजेन्डा परम्परागत सत्ता-केन्द्रित राजनीतिभन्दा माथि उठेर सुशासन, जवाफदेहिता र नागरिकको जीवनस्तर सुधारमा केन्द्रित छन् । गत आमनिर्वाचनबाट संसदमा आएका नयाँ अनुहारले नागरिकस्तरमा एउटा सकारात्मकताको सन्देश दिएको थियो । यद्यपि सत्ता राजनीतिमा पुरानै कार्यशैलीलाई पछ्याउँदै समयानुकूल परिवर्तनको ढोका खोल्न नसकेका परम्परागत रानजीतिक दल र पुराना नेताका कारण मुलुक र जनताले कुनै परिवर्तनको महसुस गर्न पाएनन् ।

नितान्त सत्ता केन्द्रित राजनीतिमा डुबेका नेताहरूले परिवर्तनको आकांक्षालाई नजरअन्दाज मात्रै गरेनन् नयाँ पालुवामै निमोठ्ने अहंकारी प्रवृत्तिलाई निरन्तरता दिए । ठुला राजनीतिक दलहरूले नै सत्ताको भऱ्याङ चढ्न राजनीतिक इमानदारिता, विचार, सिद्धान्त दाउमा राखेर ३ महिना, ६ महिनामा गठबन्धन परिवर्तन गर्दै प्रधानमन्त्रीको कुर्सीको वरिपरि घुमिरहे । आमनागरिकको भावन एकातिर र नेताहरूको कार्यशैली अर्कैतिर बरालिँदा मुलुकमा भयंकर ठुलो दुर्घटना आइलाग्यो ।

देशमा व्याप्त भ्रष्टाचार, कुशासन, नातावाद, नेतावाद र फरियावादले पहाड छुन लागे पनि नेताहरूको चाल चरित्र बदलिएन । त्यसैको आक्रोशस्वरूप युवाहरूले सडकमा उत्रिन बाध्य भए । परम्परागत चालढाललाई सर्वस्वीकार्य ठानेका शीर्ष नेतालाई बढार्नेगरी भएको जेनजी आन्दोलले एकाएक पुरानो सत्ता र शक्ति



ढाल्यो । सुशासन र भ्रष्टाचार नियन्त्रण नेपालको राजनीतिमा सबैभन्दा बलियो नयाँ एजेन्डाका रूपमा आएको छ । नागरिक केवल नारामा होइन, व्यवहारमै सुशासन र पारदर्शिता चाहन्छन् । सार्वजनिक खर्चको निगरानी, डिजिटल प्रणालीको प्रयोग, ठुला भ्रष्टाचार काण्डको निष्पक्ष छानबिन र दोषीमाथि कानुनी दायरामा ल्याउने विषय राजनीतिमा केन्द्रमा नयाँ बहस सुरु भएको छ । यही बहसलाई संस्थागत गर्दै परिवर्तनको शंखघोष गर्दै आएका नेताहरूले जनताको अपेक्षा पूरा गर्ने दृढ संकल्प गर्नुपर्छ । मुलुकको राजनीतिक परिवर्तनसँगै आर्थिक सुधार र रोजगारी सिर्जना नयाँ पुस्ताको मुख्य चासो हो । वैदेशिक रोजगारीमा निर्भर अर्थतन्त्रलाई स्वदेशमै उत्पादन, उद्योग, कृषि आधुनिकीकरण, पर्यटन र स्टार्टअपमार्फत बलियो बनाउने एजेन्डालाई नेताहरूले व्यवहारमा रूपान्तरण गर्नैपर्छ । युवालाई सीपमूलक शिक्षा, उद्यमशीलता सहयोग र निजी-सार्वजनिक साझेदारीमार्फत रोजगारी सिर्जना गर्नु राजनीतिक नेतृत्वको प्राथमिकता बन्नुपर्छ ।

युवा पुस्ताको राजनीतिक सहभागिताले आमरूपमा सकारात्मकताको सञ्चार प्रवाह गरेको छ । पुरानो नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि बढ्दै जाँदा नेताहरूको चाल चरित्र र चेहरासमेत परिवर्तन गर्ने दलमा नीति, नेतृत्वमा पुस्तान्तरण गर्दै आन्तरिक लोकतन्त्रको संस्कारलाई बलियो बनाउने एजेन्डा बनेको छ । त्यसैको परिणामस्वरूप दलहरूमा एकाएक नयाँ नेताहरूले छलाङ मार्दै आएका छन् । राजनीतिमा जनतामाझ पुगेर एक/एक मतदाता भेटेर मत माग्ने परम्परा परिवर्त हुँदै डिजिटल शासन र प्रविधि प्रवेश गरेको छ ।

गत २०७९ को आमनिर्वाचनपूर्व उदाएका राष्ट्रिय स्वतन्त्र पार्टीदेखि पुराना दलहरूमा समेत युवा नेताहरूले नेतृत्वमा जबरजस्ती स्थापित हुन थालेका छन् । करिब ८० वर्षको पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसको नेतृत्वमा युवा नेता गगन थापासहितको टिम पुगेको छ । कांग्रेसभित्र उदाएका युवा नेताहरूको पृष्ठभूमि हेर्दा उनीहरू अधिकांश विद्यार्थी राजनीति हुँदै आएका देखिन्छन् । गगन थापा विद्यार्थी आन्दोलन हुँदै शाही शासनविरुद्धको संघर्षबाट राष्ट्रिय राजनीतिमा उदाए । जेल, दमन र प्रतिबन्धका बीच उनले लोकतन्त्र र संविधान सभाको पक्षमा निरन्तर आवाज उठाए ।

त्यस्तै, विश्वप्रकाश शर्मा पत्रकारिता र साहित्यिक पृष्ठभूमिबाट राजनीतिमा आएका नेता हुन् । विचार निर्माण, लेखन र संगठन निर्माणमा सक्रिय रहँदै उनले पार्टीभित्र सुधार र पारदर्शिताको मुद्दा उठाउँदै आएका छन् । त्यस्तै, प्रदीप पौडेल, गुरुराज घिमिरे नेपाल विद्यार्थी संघको राजनीति हाँकेर पार्टीको शीर्ष तहमा पुगिसकेका छन् । कांग्रेसको दोस्रो विशेष महाधिवेशनले यी नेताहरूलाई पार्टीको हाइ कमान्डमा पुऱ्याइसकेको छ । यी युवा नेताहरूको संघर्ष पार्टीभित्रै पुरानो गुट, वरिष्ठ नेताको प्रभुत्व र निर्णय प्रक्रियालाई सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूले हाँकेको कांग्रेसलाई नागरिकप्रति भरोसायोग्य बनाउने विश्वास दिलाएका छन् ।

अहिले यहाँ विभिन्न जातजातिका साथै स्थानीय भाषामा भनिने देशी र मुस्लिमहरू पनि यहाँ छन् । यहाँको मौलिक भाषा र धर्मलाई आयातीत कुरा र इसाईको एक समूह सच्चाईले व्यापकतामा छोप्दै लगेको देख्न सकिन्छ । चितवनको दोस्रो सौरहा बनाउन खोजिएको माडीको सिमरा उपत्यका यस्ता विषयमा पूर्णत विखण्डनको अवस्थामा पुग्दै छ । निकुञ्जको पहाडी जंगलको आगन वा सरयु नदीले काटेर बनाएको रसिलो सानो उपत्यका पर्यटकीय दृष्टिले ज्यादै सुन्दर र मनमोहक हुन सक्छ । थारुहरूको मात्र स्थायी बस्ती रहेको सिमरा थारु संस्कृतिको मुख्यस्थल बन्न र बनाउन अब कठिन अवस्थामा पुग्दै छ । त्यसका पछाडि नेपाल सरकार र स्थानीय सरकार दोषी छन् भन्न डराउनुपर्दैन जस्तो लाग्छ । सौराहसँगै पर्यटन विकास गर्न गराउन सकिने यो क्षेत्र प्राकृतिक र सांस्कृतिक क्षमतालाई गुमाउँदै गएको दुर्गम क्षेत्र बन्न बाध्य भयो । वर्षात र बाढीका समयमा अन्य क्षेत्रसँग सम्पर्कविहीन बन्नुपर्ने सिमरा यस वर्षदेखि भने अलिकति भए पनि खुसी हुँदै छ । माडी नगरपालिको तीन नम्बर वडामा समेटिएको सिमरामा बघौडा तर्फबाट वारपार हुन हालै झोलुंगे पुल तयार भएको छ । विस्थापित हुँदै गरेका र गरिबीको चपेटामा परेका सिमरावासी आर्थिक भविष्यको सहजताका लागि यो पुल महत्वपूर्ण हुने ठान्दछन् । जसले पर्यटकीय सम्भावना र गतिविधिलाई पनि बढाउन सक्ने छ ।

माडी क्षेत्रमा तत्कालै पर्यटकीय गतिविधिलाई बढाउन सकिने आधार धेरै छन् । प्राकृतिक रूपमा जंगल सफारीपछिको शीतल विश्रामस्थल बन्न सक्ने यो पहाडी उपत्यका हालसम्म प्रदूषणसहित छ । विशुद्ध स्थानीय खानपानमा आत्मनिर्भर बन्न बनाउन सकिने यो क्षेत्र भीडभाडले भरिँदै गएको चितवनको अन्य क्षेत्रभन्दा भिन्दै स्वादमा पर्यटकलाई लोभ्याउन सकिनेछ । सनातन धर्मका विभिन्न सम्प्रदायका अनुयायीका लागि अयोध्याधाम, पाँच पाण्डव, देवीस्थानलगायत धार्मिक ताल, झरना, नदी आदिको एकै दिनमा परिक्रमा गर्न सकिने क्षेत्र पनि हो । पदयात्रा र जंगल सफारीको वा हाइकिङको सुन्दर सम्भाव्यता भएको माडी क्षेत्रमा मात्रै प्राकृतिक र स्थानीय परम्परागत जातिको सास्कृतिक परिवेशमा कम्तीमा तीन दिनसम्म सहजै रमाउन सकिन्छ । तर यतिधेरै सम्भावना वा उज्जल आर्थिक भविष्यको माडीमा पर्यटकीय गतिविधिको सुरुवाती नै दोषपूर्ण बन्दै गएको देखिन्छ । जताततै राज्यको वा स्थानीय सरकारको योजनाबिना उर्वर भूमिमा भइरहेको घडेरी विकास, पर्यटन र होमस्टेको सैद्धान्तिक अवधारणालाई पन्छाउन नसकेको पर्यटकीय गतिविधि र होमस्टे, स्थानीय स्रोत र क्षमतालाई उपयोग नगरी विकसित हुँदै गएका केही होटेल र रिसोर्ट माडीको सांस्कृतिक र प्राकृतिक पर्यटनको भविष्यका लागि अर्को कमजोर एवं गतल पूर्वाधारका रूपमा देखिँदै जानेछन् । वास्तवमा माडीको पर्यटकीय सुन्दर भविष्यका लागि थारु समुदाय अन्य स्थानीय आदिवासीले आफ्नो पहल र चासोलाई अग्रानी स्थानमा राख्दै जान सक्ने वातावरण बन्नुपर्छ । स्थानीय सरकारले राजनीतिभन्दा माथि उठेर स्थानीय पहिचान र माडी क्षेत्रको प्राकृतिक र सांस्कृतिक संरक्षण र त्यसको पहिचान एवं प्रचारप्रसारमा अन्तर्राष्ट्रिय तहसम्म पुग्न काम थाल्नुपर्छ । स्थानीय लगानी र आधुनिक प्रविधिको अभाव रहेको माडीमा तीनै तहका सरकारको दीर्घकालीन योजनामा तयार भएर आउन सके राष्ट्रिय अर्थतन्त्रको दरिलो स्रोत माडी बनिरहनेछ ।

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

गाउँबासीहरुमा जानकारी मूलक सन्देश

चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- बढी चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अजमल अख्तर मियाँ
अध्यक्ष

सुनिता कुमारी उराँव
उपाध्यक्ष

भोक्राहा नरसिंह गाउँपालिका, चिरौली सुनसरी, कोशी प्रदेश, नेपाल

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाडा, झापा
कोशी प्रदेश, नेपाल

नगरबासीहरुमा जानकारी मूलक सन्देश

चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- बढी चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मेघहाङ्ग थोप्रा (रोशन)
प्रमुख

नरमाया कार्की
उप- प्रमुख

शिवसताक्षी नगरपालिका, ब्याङ्गडाडा, झापा, कोशी प्रदेश, नेपाल

# सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण



■ शंकरमान सिंह

अन्तर्राष्ट्रिय अनुभवबाट हेर्दा, सिंगापुरले कडा कानुनी व्यवस्था र पारदर्शितामार्फत भ्रष्टाचार नियन्त्रण गरेको छ भने भुटानले सुशासनलाई राष्ट्रिय दर्शनकै रूपमा अंगीकार गरेको छ । नेपालले यी देशहरुबाट कानुनी कडाइ, पारदर्शिता र नागरिक सहभागिताका अभ्यास सिक्न सक्छ ।

नेपालको राजनीतिक, सामाजिक र आर्थिक विकासमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण अत्यन्तै महत्वपूर्ण विषय बनेका छन् । सुशासन भनेको राज्य सञ्चालनमा उत्तरदायित्व, पारदर्शिता, कानुनी शासन, नागरिक सहभागिता र समान अवसर सुनिश्चित गर्ने प्रक्रिया हो । तर नेपालमा भ्रष्टाचार स्थानीय तहदेखि संघीय संसदसम्म व्यापक रूपमा फैलिएको छ । यसले विकासलाई अवरुद्ध मात्र गरेको छैन, नागरिकको राज्यप्रतिको विश्वाससमेत कमजोर बनाएको छ । सुशासन भन्नाले राज्य सञ्चालनमा पारदर्शिता, उत्तरदायित्व, कानुनी शासन, नागरिक सहभागिता र समान अवसर सुनिश्चित गर्ने प्रणालीलाई जनाउँछ । यसले नागरिकलाई राज्यसँग जोड्ने पुलको काम गर्छ । सुशासनको अभावमा विकासका कार्यक्रम असफल हुन्छन्, स्रोतहरूको दुरुपयोग हुन्छ र नागरिक असन्तुष्ट बन्छन् । नेपालमा बारम्बार सरकार परिवर्तन हुँदा नीति निरन्तरता कमजोर भएको छ । भ्रष्टाचारका कारण पूर्वाधार परियोजना ढिलाइ हुने गरेका छन् । पारदर्शिता नहुँदा नागरिकले राज्यप्रति विश्वास गुमाउँछन् र सुशासन कमजोर हुँदा लगानीकर्ताले नेपाललाई जोखिमपूर्ण देशका रूपमा हेर्ने गर्छन् ।

पारदर्शिता सुशासनको आधार हो । बजेट खर्चमा पारदर्शिता नहुँदा भ्रष्टाचार बढ्छ । जनप्रतिनिधिहरूले सम्पत्ति घोषणा गर्नुपर्ने व्यवस्था सुरु गरिएको छ तर यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीकै रूपमा रहेको छ । नागरिकलाई सरकारी निर्णय र प्रक्रियाबारे जानकारी दिनु सुशासनको आधारभूत सर्त हो ।

भ्रष्टाचार भन्नाले सार्वजनिक कर्मचारी वा व्यक्तिले व्यक्तिगत स्वार्थका लागि गैरकानुनी रूपमा सार्वजनिक शक्ति र अधिकारको दुरुपयोग गर्ने कार्यलाई बुझिन्छ । अर्को शब्दमा भन्नुपर्दा, भ्रष्टाचार भनेको प्रक्रियामा गरिने ढिलाइ हो, जसमा निर्णयकर्ताले आफ्नो निर्णय वा सम्बन्धित व्यक्तिको पक्षमा काम गरिदिनुको बदलामा पुरस्कार माग्छ । नेपालमा भ्रष्टाचार बढ्नुका कारणहरूमा पैसाको लोभ र देखावटी जीवनशैलीको वृद्धि, छोटो समयमा धनी बन्ने चाहना, सरकारी अनुगमन प्रणालीको कमजोरी, भ्रष्ट व्यक्तिहरूको बलियो सञ्जाल तथा समाजको मौनता प्रमुख रूपमा देखिन्छ ।

भ्रष्ट व्यक्तिहरूलाई सामाजिक बहिष्कार गर्ने संस्कार विकास हुनुपर्छ । सुशासन र राजनीतिक प्रतिबद्धता आवश्यक छ । पारदर्शिता कायम राख्नु र विलासी जीवनशैलीबाट टाढा रहनु पनि भ्रष्टाचार नियन्त्रणका महत्वपूर्ण उपाय हुन् । भ्रष्टाचारविरुद्ध व्यापक जनचेतना अभियान सञ्चालन गरिनुपर्छ र सरकारी अधिकारीहरूलाई पर्याप्त तथा न्यायोचित तलबको व्यवस्था गरिनु आवश्यक छ । आज संसारको सबैभन्दा खराब रोग भ्रष्टाचार हो र यसको उपचार पारदर्शिता हो ।

भ्रष्टाचारलाई चुनौती दिनु युवाहरूको कर्तव्य हो । त्यसैले नेपालमा जेनजीको विद्रोह आवश्यक थियो । ट्रान्सपरेन्सी इन्टरनेसनलको करप्सन पर्सेप्सन इन्डेक्सअनुसार नेपाल १ सय ८० देशमध्ये १ सय ७औं स्थानमा रहेको छ र यसको स्कोर ३४ रहेको छ । ठुला-ठुला घोटाला जस्तै ठेक्का, भूमाफिया र कर छल बारम्बार सार्वजनिक भइरहेका छन् । भ्रष्टाचारले शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारी क्षेत्रमा प्रत्यक्ष असर पारिरहेको छ ।सरकारले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति घोषणा गरेको छ तर यसको प्रभावकारी कार्यान्वयन अत्यावश्यक छ । घुस, अधिकार दुरुपयोग, अवैध सम्पत्ति र मनी लन्डरिङलाई अपराध घोषित गरिएको छ । संस्थागत सुधारका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सशक्त बनाउने प्रयास गरिएको छ र भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिअनुरूप नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ । तर नेपालमा सुशासनका प्रमुख चुनौतीहरूमा कानुनी निकायमा हुने राजनीतिक हस्तक्षेप, कानुन भए पनि कमजोर कार्यान्वयन, भ्रष्टाचारविरुद्ध नागरिक आवाज उठाउने प्लेटफर्मको अभाव र अनुसन्धान निकायमा स्रोत तथा दक्ष जनशक्तिको कमी रहेका छन् । यी चुनौती समाधान नगरी सुशासन सम्भव छैन ।




भ्रष्टाचार नियन्त्रणका लागि कानुनी कडाइ, सम्पत्ति घोषणा प्रणालीको प्रभावकारी कार्यान्वयन, ई-गभर्नेन्समार्फत पारदर्शिता वृद्धि, नागरिक निगरानीको विस्तार, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने व्यवस्था तथा विद्यालयदेखि विश्वविद्यालयसम्म नैतिक शिक्षाको समावेश आवश्यक छ । सुशासन र आर्थिक विकासबीच घनिष्ठ सम्बन्ध छ । सुशासनले विदेशी लगानी आकर्षित गर्छ, पारदर्शिताले सार्वजनिक खर्चको दक्षता बढाउँछ, भ्रष्टाचार नियन्त्रणले गरिबी न्यूनीकरणमा योगदान दिन्छ र सुशासनले नागरिक विश्वास तथा सामाजिक स्थिरता कायम गर्छ । यस प्रक्रियामा निजी क्षेत्र पनि महत्वपूर्ण आपूर्तिकर्ता हुन् ।

अन्तर्राष्ट्रिय अनुभवबाट हेर्दा, सिंगापुरले कडा कानुनी व्यवस्था र पारदर्शितामार्फत भ्रष्टाचार नियन्त्रण गरेको छ भने भुटानले सुशासनलाई राष्ट्रिय दर्शनकै रूपमा अंगीकार गरेको छ । नेपालले यी देशहरूबाट कानुनी कडाइ, पारदर्शिता र नागरिक सहभागिताका अभ्यास सिक्न सक्छ । नेपालमा भ्रष्टाचार एक बहुआयामिक समस्या हो, जुन कमजोर संस्था, अपारदर्शी शासन प्रणाली, सामाजिक-आर्थिक दबाब र ग्राहकवादलाई सहन गर्ने सांस्कृतिक मान्यतामा आधारित छ । यसको प्रभावकारी नियन्त्रणका लागि कानुनी, संस्थागत, प्राविधिक, राजनीतिक र सामाजिक क्षेत्रहरूमा एकैसाथ सुधार आवश्यक छ । प्राथमिकता प्राप्त कार्य, जिम्मेवार निकाय र मापनयोग्य लक्ष्यसहितको व्यावहारिक रोडम्याप अनिवार्य छ ।

भ्रष्टाचारविरोधी संस्थाहरूको स्वतन्त्रता र क्षमता सुनिश्चित गर्नुपर्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई वैधानिक स्वायत्तता, पारदर्शी नियुक्ति प्रक्रिया, सुरक्षित बजेट, योग्य जनशक्ति र बलियो फोरेन्सिक तथा लेखा क्षमता प्रदान गर्नुपर्छ । सार्वजनिक प्रशासनलाई अराजनीतिकीकरण गर्दै योग्यता प्रणाली लागू गर्नु आवश्यक छ । केन्द्रित डिजिटलाइजेसन, खरिद सुधार र बलियो अनुसन्धान क्षमताबाट २-४ वर्षमा दैनिक घुसखोरी घटाउन सकिन्छ भने राजनीतिक भ्रष्टाचारमा गहिरो सुधारका लागि ५-१० वर्षको दीर्घकालीन रणनीति आवश्यक पर्छ । नेपालमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण कुनै नारा मात्र होइन, दिगो विकासको आधार हो । हालका सुधार प्रयासहरू सकारात्मक भए पनि कार्यान्वयन कमजोर छ । यदि नेपालले कानुनी सुधारलाई कडाइका साथ लागू गर्‍यो, डिजिटल शासन विस्तार गर्‍यो र नागरिक सहभागिता बढायो भने मात्र दिगो विकास, सामाजिक न्याय र नागरिक विश्वास कायम गर्न सकिन्छ ।


## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उदयपुर, कोशी प्रदेश, नेपाल

### चिसोबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिडडुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँईमा नसुतौं खाट वा पलङ्को प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सडेगलेको र भिँगा भन्केको खानेकुरा नखाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म बाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गरौं ।
- जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- चिसोबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

### हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कालुमान लामा
प्रमुख

मणिका देवी दुलाल
उप- प्रमुख

चौदण्डीगढी नगरपालिका, उदयपूर, कोशी प्रदेश, नेपाल



## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

Damak Municipality

### नगरबासीहरुमा जानकारी मूलक सन्देश

### चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म बाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तनपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिडडुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- विना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सडेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।

### हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राम कुमार थापा
प्रमुख

रेगिना भट्टराई प्रसाई
उप- प्रमुख

दमक नगरपालिका, दमक, झापा, कोशी प्रदेश, नेपाल

# नेपाली अर्थतन्त्रको लेखाजोखा



■ डा. सुमनकुमार रेग्मी

> विभिन्न नीतिगत तथा संरचनागत सुधारका बाबजुद नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात न्यून रहँदै आएको छ, जसले हरेक वर्ष व्यापार घाटा बढाउँदै लगेको छ ।

२०७८ मंसिरमा वस्तु आयातमा गरिएका कडाइपछि देशको अर्थतन्त्र सुधारोन्मुख देखिँदै आएको छ । अघिल्ला वर्षहरूमा विदेशी विनिमय सञ्चिति घट्दै गएपछि विलासी वस्तुहरूको आयातमा कडाइ गरिएको थियो । आयातमा गरिएको कडाइसँगै विदेशी विनिमय सञ्चिति बढेको अवस्था देखिन्छ । आव २०७९/८० का पछिल्ला महिनाहरूमा वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स रकम पनि बढ्दै गएको छ । यसका कारण देशको शोधनान्तर स्थिति बचतमा देखिएको छ । व्यापार घाटामा केही कमी आएको देखिए पनि मूल्यवृद्धि आमसर्वसाधारणले सहजै धान्न सक्ने खालको छैन । केही सूचकमा सुधार देखिएकै आधारमा अर्थतन्त्र सुधारतर्फ गएको भन्न मिल्छ कि मिल्दैन भन्ने विषयमा सबैको उस्तै धारणा पाइँदैन ।

नेपालले १ सय ६४ देशबाट १९ खर्ब २१ अर्बभन्दा बढीको वस्तु आयात गरेको छ । भारतबाट मात्र २०७८/७९ मा नेपालले १२ खर्ब १५ अर्ब २७ लाखभन्दा बढीको वस्तु आयात गरेको थियो । सोही अवधिमा १२ खर्बभन्दा बढीको वस्तु आयात हुँदा १ खर्ब ५५ अर्ब २२ करोड ३० लाखबराबरको मात्र निर्यात भएको थियो । फलस्वरूप, नेपालले भारतसँग मात्र २०७८/७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापार घाटा बेहोरेको थियो ।

२०७९/८० को पहिलो सात महिनाको व्यापारिक अवस्थातर्फ नियाल्दा माघ महिनासम्म कुल वैदेशिक व्यापार २० दशमलव ८४ प्रतिशतले घटेको छ । यस अवधिमा निर्यात २९ दशमलव ३ प्रतिशतले घटेको छ भने आयात १९ दशमलव ९ प्रतिशतले कमी आएको छ । माघ २०७९ मसान्तसम्म देशले ८ खर्ब २५ अर्ब ७३ करोडको व्यापार घाटा बेहोरेको देखिन्छ । यसै अवधिमा पौने २ खर्ब रुपैयाँको इन्धन आयात भएको छ । माघ २०७९ मसान्तसम्म नेपालबाट सबैभन्दा बढी १३ अर्ब ९२ करोड ६७ लाखबराबरको पाम तेल निर्यात भएको छ भने ८ अर्ब २७ करोडको सोयाबिन



तेल निर्यात भएको छ । त्यस्तै, ४ अर्बभन्दा बढीको अलैंची र २ अर्बभन्दा बढीको चिया निर्यात भएको छ ।

आव २०७९/८० को पहिलो सात महिनामा ९ खर्ब १९ अर्ब १६ करोडको वस्तु आयात हुँदा निर्यात भने ९३ अर्ब ४३ करोडको मात्र भएको छ । यसका कारण ८ खर्बभन्दा बढी व्यापार घाटा हुन गएको छ । तथापि अघिल्लो वर्षको तुलनामा व्यापार घाटा १८ दशमलव ७१ प्रतिशतले घटेको छ । माघ २०७९ मसान्तसम्म नेपालको कुल वैदेशिक व्यापार १० खर्ब १२ अर्ब ५९ करोड ७६ लाख पुगेको छ । यस अवधिमा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ७७ प्रतिशत र निर्यातको हिस्सा ९ दशमलव २३ प्रतिशत मात्र रहेको देखिन्छ । सोही अवधिमा वैदेशिक व्यापारबाट २ खर्ब १२ अर्ब १२ करोड ७४ लाख भन्सार राजस्व संकलन भएको छ ।

निर्यातभन्दा आयात बढी हुँदै आएको कारण नेपालको व्यापार घाटा बढ्दै गएको छ । २०७९/८० मा कुल व्यापारमा निर्यातको हिस्सा ९ प्रतिशत मात्र रहेको छ भने आयातको हिस्सा ९१ प्रतिशत रहेको छ । सबैभन्दा बढी व्यापार घाटा भारतसँग नै रहँदै आएको छ । भारतसँग मात्र पाँच महिनामा ३ खर्ब ५२ अर्ब ८० करोड २९ लाख ६७ हजारको व्यापार घाटा भएको छ, जुन समग्र व्यापार घाटाको ६० प्रतिशतभन्दा बढी हो । दोस्रो ठुलो व्यापार घाटा हुने देश चीन भए पनि चीनसँगको व्यापार घाटा ९४ अर्ब ३३ करोड ६३ लाख मात्र रहेको छ ।

निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था महासंघको नेतृत्वमा केही क्षेत्रमा देखिएको सुधारका आधारमा अर्थतन्त्र सकारात्मक दिशातर्फ गएको भन्न नसकिने धारणा व्यक्त गरिएको छ । निजी क्षेत्रले अर्थतन्त्र सही बाटोमा नभएको ठाने पनि सार्वजनिक गरिएको २०७९/८० को चार महिनाको आर्थिक तथा वित्तीय विवरणअनुसार शोधनान्तर स्थिति २० अर्ब ३ करोडको बचतमा देखिएको छ । २०७८/७९ को सोही अवधिमा शोधनान्तर स्थिति १ खर्ब ५० अर्ब ३८ करोडको घाटामा रहेको थियो । यस्तै, चालु खाता पछिल्ला चार महिनामा ३५ अर्ब ४० करोडको घाटामा रहेको छ ।

विभिन्न नीतिगत तथा संरचनागत सुधारका बाबजुद नेपालको वैदेशिक व्यापारमा आयातको तुलनामा निर्यात न्यून रहँदै आएको छ, जसले हरेक वर्ष व्यापार घाटा बढाउँदै लगेको छ । यसले शोधनान्तर स्थितिमा समेत प्रतिकूल प्रभाव पारेको छ । निकासी नीतिमा देखिएका कमजोरीका कारण निकासी व्यापारमा ह्रास आएको छ । निकासी व्यापारलाई अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा लिनु आवश्यक छ । तर अद्यावधिक तथा उपयुक्त नीतिनियमको अभावमा निकासी व्यापार विस्तार हुन सकेको छैन । निकासी प्रवर्धनका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम ल्याइनु आवश्यक छ ।

हाल केही स्थापित निकासीकर्ताबाहेक अन्यलाई माल चलानीपश्चात् मात्र निकासी कर्जा दिने व्यवस्था रहेको छ । निकासी विस्तारका लागि पूर्व-सामान चलानी तथा पश्चात्य-सामान चलानी दुवै प्रकारका निकासी कर्जा आवश्यक देखिन्छ ।

धेरैजसो निकासीकर्ता निकाय तथा नेपाली निकासी उद्यमी कम्पनी अझै पर्याप्त क्षमतावान् बन्न नसकेको कारण निकासी वातावरण निर्माण हुन सकेको छैन । भौगोलिक अवस्था, भारतसँगको खुला सिमाना र नेपाल-भारत व्यापार सम्बन्धका बाबजुद व्यापार अभिवृद्धि अपेक्षित रूपमा हुन सकेको छैन ।

वाणिज्य नीति २०७२ ले १२ वटा सम्भावनायुक्त वस्तुहरूमा जडीबुटी तथा सारयुक्त तेललाई पनि समावेश गरेको छ । यस नीतिले निर्यातयोग्य कृषि तथा वनजन्य वस्तुको संकलन, प्रशोधन र निर्यात प्रवर्धन, प्रशोधन केन्द्र स्थापना, गुणस्तर प्रमाणीकरण प्रयोगशालाको सुदृढीकरण तथा एक्रिडिटेसन, बहुउद्देश्यीय प्रयोगशाला स्थापना, लिजमा जग्गा उपलब्ध गराउने, प्याकेजिङ, लेबलिङ, भण्डारण तथा प्रमाणीकरणमा सहयोग गर्ने र असल कृषि अभ्यास तथा प्रांगारिक खेती प्रवर्धनमा जोड दिएको छ ।

एनटिआइएस २०१० (२०७३) तथा सोसँग सम्बन्धित रणनीति कार्यान्वयनका सन्दर्भमा जर्मन संस्था जिआइजेड, अमेरिकी सहयोग संस्था, डिएफआइडी तथा युरोपियन आयोगबाट सहयोगका विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । दीर्घकालीन रूपमा नेपालको व्यापार सहायता परिचालनका लागि क्षेत्रगत अवधारणा कार्यान्वयनमा छ ।

निकासी प्रवर्धनमा देखिएको कमजोरीका कारण नेपाली वस्तुहरूको निर्यात परिमाण र मूल्य दुवै बढ्न सकेको छैन । गलैंचा, तयारी पोसाक, पश्मिना, हस्तकलालगायतका प्रमुख निर्यात वस्तुहरू विगतमा प्राप्त उच्चतम बिन्दुमा पुनः पुग्न सकेका छैनन् । मूल्य अभिवृद्धि न्यून हुँदा व्यापार घाटा झनै चुलिँदै गएको छ । सम्भावनायुक्त निकासी क्षेत्र विस्तार गर्न दीर्घकालीन प्रतिबद्धता आवश्यक छ र राष्ट्रिय प्राथमिकतामा निकासीलाई समेटिनु अपरिहार्य छ ।

*(डा रेग्मी व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन् ।)*

फालेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँचथर, कोशी प्रदेश, नेपाल

चिसोबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिडडुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विधुतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङ्को प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा मात्र खाने गरौं । चिसो सेलाएको र झिँगा भन्केको खानेकुरा नखाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म बाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गरौं ।
- जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- चिसोबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वीर विक्रम थाम्सुहाङ
अध्यक्ष

महेन्द्र हाङ जवेगु
उपाध्यक्ष

फालेलुङ गाउँपालिका कोशी प्रदेश, पाँचथर, नेपाल

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ, कोशी प्रदेश, नेपाल

चिसोबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिडडुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विधुतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङ्को प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा मात्र खाने गरौं । चिसो सेलाएको र झिँगा भन्केको खानेकुरा नखाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म बाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गरौं ।
- जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- चिसोबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गीरेन्द्रबहादुर राई
अध्यक्ष

राजेशकुमार राजभण्डारी
उपाध्यक्ष

ऐसेलुखर्क गाउँपालिका, खोटाङ, कोशी प्रदेश, नेपाल

# विश्वभर फैलिए नेपाली



■ रेशमराज पौडेल



वर्तमान अवस्थामा बेरोजगार नेपाली युवायुवतीका लागि मात्रै नभई नेपाली अर्थतन्त्रका लागि अपरिहार्य भएको वैदेशिक रोजगारको इतिहास लामो छ। सन् १८१४/१८१५ देखि बेलायती सेनाअन्तर्गत गोर्खा रेजिमेन्ट सुरु भएको नेपालको वैदेशिक रोजगारको इतिहासले देखाउँछ । मूलतः अरेबियन मुलुकहरूमा पेट्रोलियम पदार्थको अन्वेषणपछि ठुलो संख्यामा विदेशी जनशक्तिको आवश्यकता भएपछि विगत चार दशकको अवधिमा वैदेशिक रोजगारीका लागि नेपालीहरू विश्वका विभिन्न १ सय १० भन्दा बढी मुलुक पुगेका छन् । आधिकारिक तथ्यांक राख्न थालिएको २०६५ सालदेखि लगभग डेढ दशकको अवधिमा वैदेशिक रोजगारका लागि ५७ लाख श्रम स्वीकृति जारी गरिएको राष्ट्रिय श्रम प्रतिवेदनको तथ्यांकले देखाएको छ। वैदेशिक रोजगारमा जाने यो तीव्र प्रवृत्तिले अल्पकालीन बेरोजगारी समस्याको समाधान, राष्ट्रिय अर्थतन्त्रमा योगदान र विदेशमा नेपाली डायस्पोराको आकार फराकिलो बनाएको छ।

### भिसाका लागि ढाकाको भर

सुरुवातमा खाडी मुलुकका श्रम गन्तव्य देशका राजदूतावास तथा कन्सुलर कार्यालय काठमाडौंमा थिएनन् । नेपालका वैदेशिक रोजगार व्यवसायी कामदारको भिसा लगाउन बंगलादेशको राजधानी ढाकामा रहेका खाडी मुलुकका राजदूतावास जानुपर्थ्यो। भिसा लिन बंगलादेशका एजेन्ट समाउनुपर्ने र रकम खर्चिनुपर्ने बाध्यता एकातिर थियो भने अर्कोतिर नेपाली कामदारका राहदानी हराउने र चोरी हुने खतरा पनि उत्तिकै थियो। खाडी क्षेत्रका विभिन्न मुलुकमा बंगलादेशी नागरिकलाई कामदारका रूपमा बन्देज लगाइएकाले उनीहरूले नेपाली राहदानी प्रयोग गरी ती देशमा जाने गरेका कारणले नेपाली राहदानी चोरी हुने गरेका थिए। कतिपय वैदेशिक रोजगार व्यवसायीले जानीजानी बंगलादेशका गिरोहलाई राहदानी बिक्री गर्दा उनीहरू राहदानी तस्करी गरेको आरोपमा लामो समय मुद्दा खेप्न बाध्य भए । कतिपय ती आरोप प्रतिवाद गर्न नसकेर लामो समय भूमिगत भए भने कतिपय देश नै छोडेर बिदेसिए। नेपाली राहदानी प्रयोग गर्ने विदेशी मृत्यु भएमा सनाखत गर्नसमेत समस्या हुने गरेको थियो । साउदी अरेबियामा मरेका कतिपय बंगलादेशका नागरिकको शव तिम्रो छोराको शव बुझ भन्दै घरमा लासको कफन आउँदा सम्बन्धित व्यक्ति घरमै भेटिने र लासको कफन सम्बन्धित मुलुकमा नै फर्काउने घटना आउने गरेका थिए।

### वैदेशिक रोजगार ऐन कानुनमा परिवर्तन

त्यतिबेला नेपालमा वैदेशिक रोजगार लामो समय व्यक्तिगत ऐजेन्टका आधारमा चलेको थियो । ठुलो संख्यामा खाडी मुलुक र नगन्य मात्रै युरोपेली मुलुकमा वैदेशिक रोजगारीका लागि जाने गरेका थिए । वैदेशिक रोजगारमा जाने नेपाली संख्या बढ्दै गएपछि सरकारले २०४२ सालमा वैदेशिक रोजगार ऐन २०४२ जारी गऱ्यो । त्यसपछि नेपालको वैदेशिक रोजगार प्रशासन आधुनिकतातर्फ उन्मुख भएको मानिन्छ।

उक्त ऐनमार्फत सरकारले वैदेशिक रोजगारको नियन्त्रण एवं व्यवस्था गर्ने उद्देश्य लियो । त्यसको आलोचना बढेपछि पुनः २०६४ सालमा उक्त ऐन पनि संशोधन गरियो । वैदेशिक रोजगारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न उक्त ऐनले वैदेशिक रोजगार व्यवसायलाई प्रवर्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्ने उद्देश्य लिएको छ । हाल पुनः संशोधनको गृहकार्यमा रहेको वैदेशिक रोजगार ऐनले आफ्नो प्रस्तावनाको उद्देश्यमा केही परिमार्जन गर्दै संशोधनका लागि तयार पारिएको छ। हालसम्म गरिएबाट सबै कानुनी प्रबन्धमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित मर्यादित बनाउने लक्ष्य लिएको देखिन्छ।

### फ्रि भिसा, फ्रि टिकेटको दुर्दशा

तत्कालीन सरकारले २०६० वैशाख २४ गते मलेसियाका लागि ८० हजार र खाडी मुलुकका लागि ७० हजार लागत तोकेको थियो। वैदेशिक रोजगार व्यवसायीले त्यसकै हाराहारी रकम उठाउने गर्थे । २०७२ जेठ २६ गते सो निर्णय परिवर्तन गरेर तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले 'फ्रि भिसा, फ्रि टिकेट'को निर्णय लागू गरी सेवाशुल्क १० हजार मात्रै तोकिदिए । वैदेशिक रोजगार व्यवसायीले त्यसपछि नेपालको वैदेशिक रोजगार क्षेत्रमा विकृति र विसंगतिको सुरुवात भएको निष्कर्ष निकालेका छन् । तर नेपाललाई ग्लोबल कम्प्याक्ट फर माइग्रेसन (जिसिएम)को लागि 'च्याम्पियन देश'का रूपमा मान्यता दिइएको छ। विशेषगरी वैदेशिक रोजगारमा जाने कामदारहरूका लागि निष्पक्ष र नैतिक भर्तीलाई प्रवर्धन गर्ने कुरामा केन्द्रित यो सफलतालाई प्रायः पर्यवेक्षकले ' कागजमा मात्र' सीमित भनेर वर्णन गरेको विरोधाभास हटेको छैन ।

### महिला कामदारको बढोत्तरी

दुई दशकअघि वैदेशिक रोजगारीमा पुरुष कामदार जाने प्रवृत्ति थियो । नेपाली चेलिबेटी मुम्बई, कलकत्ताजस्ता सहरमा बेचिएको खबर बाक्लोगरी आउने गरेका थिए । पछिल्ला दुई आर्थिक वर्षमा नयाँ र पुनः श्रम स्वीकृतिका माध्यमबाट १ लाख ५२ हजार ३ सय ५ महिला कामदार वैदेशिक रोजगारीमा गए। यसभन्दा ठुलो संख्या अवैधानिक मार्गबाट खाडी मुलुक पुगेको देखिन्छ। विगत दुई दशकमा खाडी मुलुकमा रोजगारीमा जाने प्रवृत्तिले भारतीय सहरमा नेपाली महिलालाई वेश्यावृतिका लागि लगाउने दुश्चक्रको अन्त्य गरेको छ।

### उदाएको युरोपेली गन्तव्य

नेपाली कामदार मध्य र पूर्वी युरोपेली देशजस्तै अल्बानिया, क्रोएसिया, पोल्यान्ड, रोमानिया, बुल्गेरिया, उत्तरी म्यासेडोनिया र सर्बिया, रोमानिया, माल्टा, क्रोएसिया र माल्दिभ्सजस्ता उदीयमान गन्तव्य बन्न पुगेका छन् । पश्चिम एसियामा साइप्रस र टर्की पनि प्रमुख गन्तव्य देखिन्छन्। तर कूटनीतिक नियोग भएका देशहरूमा पनि मागपत्र प्रमाणीकरण नहुँदा विकृति बढेको ठगीका उजुरी अत्यधिक बढेको छ। कूटनीतिक नियोग नभएका सबै देशमा मागपत्र प्रमाणीकरणलाई थप सरलीकृत र व्यवस्थित बनाउन मागपत्र प्रमाणीकरण कार्यविधि-२०८० लाई पुनः कार्यान्वयनमा ल्याए नेपाली कामदार तलब र मानवअधिकारका दृष्टिकोणले राम्रो अवस्था रहेका युरोपेली मुलुकलाई आफ्नो श्रम गन्तव्य बनाउन सहज हुनेछ।

### कोशी र मधेस अगाडि

विगत दुई दशकमा वैदेशिक रोजगारमा हालका कोशी र मधेश प्रदेशबाट जानेले सबैभन्दा ठुलो हिस्सा ओगटेका छन् भने कर्णाली र सुदूरपश्चिम प्रदेशबाट गएका कामदारको संख्या थोरै छ । यसअवधिमा कोशी र मधेशका १ लाख बढी कामदार गएका छन् । पुरुष कामदार झापा, धनुषा, मोरङ, सुनसरी सर्लाही, चितवन, नवलपरासी महोत्तरी र रूपन्देही जिल्लाबाट बढी गएका छन् । यसले पञ्जाव तथा हरियाणाजस्ता भारतीय सहरमा नाम मात्रको तलबको रोजगारीका लागि जाने बाध्यता परिवर्तन भएको छ। झापा र मोरङ, मकवानपुर, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक महिला कामदार धेरै गएका छन्। उनीहरू अधिकांश सफाइ र लुगा धुने कामका लागि गएका छन्। केही ठगी र शोषणमा नपरेका होइनन् । तर वैदेशिक रोजगारीले धेरै महिलाको स्वाभिमान, आत्मसम्मान र सम्पत्तिमाथि पहुँच बढाएको छ ।

### संस्थागत सुधार

वैदेशिक रोजगार न्यायाधीकरणको श्रम आप्रवासनसँग सम्बन्धित कानुनी मुद्दाहरूको निराकरण, राष्ट्रिय व्यावसायिक तालिम प्रतिष्ठानको प्राविधिक र व्यावसायिक तालिमजस्ता संस्थागत उपलब्धि छन् । तर दुई दशकअघि प्रावधान संस्थागत थिएनन्। यति मात्र नभई प्रदेश तहमा रहेका श्रम कार्यालयले दिने श्रम स्वीकृति र स्थानीय तहमा खडा गरिएका रोजगार अधिकृतले श्रम आप्रवासन क्षेत्रलाई सहजता प्रदान गरिरहेका छन्। जिल्ला प्रशासन कार्यालयमा रहेका आप्रवासी स्रोत केन्द्रहरूले वैदेशिक रोजगारमा जाने कामदारलाई परामर्श सेवा र ठगीमा परेको अवस्थामा मुद्दा दर्ता गर्न सहायता प्रदान गरिरहेका छन्।

नेपालले वैदेशिक रोजगारीलाई सुरक्षित र लाभदायक बनाउन विभिन्न कानुनी र नीतिगत ढाँचाहरूलाई संस्थागत गरेको छ । फर्केका कामदारहरूको पुनः एकीकरणलाई प्रभावकारी र दिगो बनाउने अपेक्षा छ । उचित सूचनाको अभावमा नेपालमा हुने कामदार छनोटमा चर्को लागत, कामदारप्रति गलत व्यवहार, गन्तव्य देशमा रोजगारदाता र बिचौलियाद्वारा शोषण, उपयुक्त र छिटो कानुनी सुरक्षाको अभावजस्ता समस्या छन्।

सरकारले ठुलो संख्यामा नेपाली कामदार रहेका मुलुकमा श्रम सहचारी पठाउने, वैदेशिक रोजगारमा रहेका कामदारलाई ब्याजमा आर्थिक लाभ र लगानीमा छुट, बिमा र सामाजिक सुरक्षाकोषमार्फत गरेको संरक्षणले विगत दुई दशकमा वैदेशिक रोजगारमा केही असन्तुष्टिका वाबजुद सकारात्मक परिवर्तन देखिन्छन् । आगामी दिनमा नेपाली कामदार डिजिटल ठगीको डरलाग्दो ट्र्यापमा पर्ने जोखिम पनि उत्तिकै बढेको कतिपयको टिप्पणी छ। लामो समयदेखि अल्झिएका समस्याको समाधान गरी डिजिटल ट्र्यापबाट नेपाली कामदार बचाउन उपयुक्त नीति पनि आवश्यक देखिन्छ।

६

नेपालले वैदेशिक रोजगारीलाई सुरक्षित र लाभदायक बनाउन विभिन्न कानुनी र नीतिगत ढाँचाहरुलाई संस्थागत गरेको छ । फर्केका कामदार हरुको पुनः एकीकरणलाई प्रभावकारी र दिगो बनाउने अपेक्षा छ ।





## सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिराटचोक मोरङ, कोशी प्रदेश, नेपाल

### चिसो तथा शितलहरबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- खाली भुँइमा नसुतौं खाट वा पलङ्को प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा मात्र खाने गरौं । चिसो सडेगलेको र झिँगा भन्केको खानेकुरा नखाऔं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्ने परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिड्डुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- शितलहर वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङ्वाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रूपमा स्तानपान गरौं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केदार प्रसाद गुरागाईं
नगर प्रमुख

अकली चौधरी
नगर उप-प्रमुख

सुन्दरहरैंचा नगरपालिका बिराटचोक मोरङ, कोशी प्रदेश, नेपाल

# पर्यटन : समृद्धिको आधार



टिपी भुसाल

नेपाली पर्यटनले संख्याभन्दा गुणस्तरमा ध्यान दिनु आवश्यक छ । दिगो, समावेशी र स्थानीय लाभ सुनिश्चित गर्ने पर्यटन रणनीति अवलम्बन गर्न सके पर्यटन नै नेपालको समृद्धिको प्रमुख आधार बन्न सक्छ ।

नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताले भरिपूर्ण देश हो । हिमाल, पहाड र तराईको अद्वितीय भौगोलिक संरचना, विश्वकै सर्वोच्च शिखर सगरमाथा, प्राचीन सभ्यता, बहुसांस्कृतिक समाज तथा धार्मिक सहिष्णुताले नेपाललाई विश्व पर्यटन मानचित्रमा विशिष्ट स्थान दिलाएको छ । तथापि हामीले नेपालको पर्यटनबाट अपेक्षित लाभ भने लिन सकिरहेका छैनौं ।

प्राकृतिक र सांस्कृतिक सम्पदाले सम्पन्न भए पनि नेपाल विश्व पर्यटन बजारमा अपेक्षित रूपमा स्थापित हुन नसकेको नेपालको पर्यटनलाई भिजिट नेपाल १९९८ अभियानले नेपालको पर्यटन इतिहासमा योजनाबद्ध र ब्रान्डेड प्रवर्धनको नयाँ युगको सुरुवात गर्‍यो । सन् १९९८ को अभियानले सरकारी र निजी क्षेत्रबीच सहकार्यको आधार तयार गर्दै नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन मानचित्रमा चिनाउने महत्वपूर्ण भूमिका खेल्यो ।

### नेपाली पर्यटनको यात्रा

विगत दुई दशकभन्दा बढी समय नेपालको पर्यटन क्षेत्रका लागि चुनौती र अवसर दुवैका रूपमा देखिन्छ । भिजिट नेपाल १९९८ पछि नेपालको पर्यटक आगमनमा क्रमिक वृद्धि देखियो । सन् २००० को सुरुवातसम्म पर्यटन सकारात्मक दिशामा अघि बढेको भए पनि राजनीतिक अस्थिरता र सशस्त्र द्वन्द्वका कारण यो क्षेत्र गम्भीर रूपमा प्रभावित भयो । शान्ति प्रक्रियापछि पर्यटनले पुनः गति लियो ।

२०११ मा नेपाल पर्यटन वर्ष, २०१८ मा भ्रमण वर्षको तयारी र २०२० को नेपाल भ्रमण वर्ष अभियानले पर्यटन प्रवर्धनमा सकारात्मक सन्देश प्रवाह गर्‍यो । यद्यपि २०१५ को विनाशकारी भूकम्प र २०२०-२०२२ को कोभिड-१९ महामारीले पर्यटन क्षेत्रलाई ठुलो धक्का दियो । यी चुनौतीबीच पनि नेपालले आफ्नो पर्यटन छवि पुनर्निर्माण गर्दै अघि बढ्ने प्रयास गर्‍यो ।

सन् २०१९ मा करिब १२ लाख विदेशी पर्यटक नेपाल भित्रिन सफल भए, जुन ऐतिहासिक उपलब्धि थियो । तर कोभिड-१९ महामारीले यो उपलब्धिलाई एकाएक ठप्प बनायो । सन् २०२० देखि २०२५ सम्म आइपुग्दा पर्यटन क्रमिक रूपमा पुनरुत्थान हुँदै गएको छ । सन् २०२५ मा ११ लाख ५८ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । सन् २०२४ को तुलनामा ७ प्रतिशत र सन् २०१९ को तुलनामा ९७ प्रतिशत रिकभरि हो । पछिल्लो समयको जेनजी आन्दोलनको प्रभाव नपरेको भए सन् २०२५ मा पर्यटक आगमन २०१९ भन्दामाथि जान सक्थ्यो भन्ने आकंलन गर्न सकिन्छ । यद्यपि यो संख्या कुनै ठुलो संख्या भने होइन ।



### पर्यटन पूर्वाधार विकास

पर्यटन विकासका लागि पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ । विगत २५-२७ वर्षमा नेपालले सडक, हवाई, सञ्चार र ऊर्जा पूर्वाधारमा उल्लेखनीय प्रगति गरेको छ । सन् १९९८ यता नेपालमा होटल, रिसोर्ट, ट्रेकिङ रुट, सडक सञ्जाल र हवाई सेवामा उल्लेखनीय विस्तार भएको छ । पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, ग्रामीण सडक पहुँच र सञ्चार सुविधाको विस्तारले पर्यटन सम्भावनालाई फराकिलो बनाएको छ ।

हवाई पूर्वाधार विकासमा हालैका वर्षहरूमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप कम गर्न पोखरामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन् । यसले क्षेत्रीय पर्यटन विकास र अन्तर्राष्ट्रिय पर्यटक आगमनमा नयाँ सम्भावना खोलेको छ । यद्यपि निर्माण सम्पन्न भएका विमानस्थलहरूको प्रभावकारी सञ्चालन, अन्तर ाष्ट्रिय उडान संख्या, हवाई सुरक्षाको विश्वसनीयता र राष्ट्रिय ध्वजावाहकको प्रतिस्पर्धात्मक क्षमतामा सुधार आवश्यक देखिन्छ ।

विगत २४ वर्षमा नेपालमा पाँचतारे होटलदेखि होमस्टेसम्मको विकास भएको छ । काठमाडौं, पोखरा, चितवन, लुम्बिनी र सौराहाजस्ता क्षेत्रमा अन्तर्राष्ट्रियस्तरका होटल खुलेका छन् । साथै ग्रामीण पर्यटन प्रवर्धनका लागि होमस्टे कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनमा आएको छ । होटल संघ नेपालका अनुसार अहिले नेपालले ३५ लाख पर्यटकलाई आतिथ्य प्रदान गर्ने क्षमता राख्छ ।

### आन्तरिक तथा बाह्य पर्यटनको सम्भावना

नेपालमा परम्परागत पर्यटन (ट्रेकिङ, पर्वतारोहण, सांस्कृतिक भ्रमण)बाहेक नयाँ आयाम विकसित हुँदै छन् । साहसिक पर्यटन बन्जी जम्प, प्याराग्लाइडिङ, राफ्टिङ, धार्मिक पर्यटन लुम्बिनी, पशुपतिनाथ, जनकपुर, स्वास्थ्य तथा योग पर्यटन, कृषि पर्यटन, ग्रामीण पर्यटन र माइस पर्यटनको सम्भावना उच्च छ । डिजिटल प्रविधिको प्रयोग, अनलाइन बुकिङ, सामाजिक सञ्जालमार्फत प्रचारप्रसारले पर्यटनलाई आधुनिक स्वरूप दिन थालेको छ ।

पछिल्ला वर्षहरूमा नेपालीहरू आफ्नै देशभित्र घुम्ने प्रवृत्ति बढ्दै गएको छ । पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटन नेपालको पर्यटन विकासको आधार बन्दै गएको छ । यसले होटल, यातायात र स्थानीय अर्थतन्त्रलाई सहयोग पुर्‍याएको छ । बाह्य पर्यटनतर्फ भारत, चीन, अमेरिका, युरोप र दक्षिण एसियाली देश मुख्य बजार हुन् । छिमेकी मुलुकसँगको सहज आवागमन, धार्मिक तथा सांस्कृतिक सम्बन्धले पर्यटक संख्या बढाउने ठुलो सम्भावना रहेको छ ।

### पर्यटन जनशक्ति विकास

पर्यटन क्षेत्र श्रमप्रधान उद्योग हो । विगत वर्षहरूमा होटल व्यवस्थापन, ट्राभल एजेन्सी, ट्रेकिङ गाइड, पर्वतारोहण, आतिथ्य सेवामा जनशक्ति उत्पादन भएको छ । पर्यटन तथा होटल व्यवस्थापन कलेज, तालिम केन्द्र र निजी संस्था सक्रिय छन् । तर दक्ष, बहुभाषिक र अन्तर्राष्ट्रियस्तरको सेवा दिन सक्ने जनशक्तिको अभाव अझै चुनौतीकै रूपमा रहेको छ । युवा जनशक्तिको वैदेशिक पलायनले पनि पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्ति टिकाउन कठिन बनाएको छ ।

### भावी योजना र निष्कर्ष

भावी दिनमा नेपालको पर्यटन विकासका लागि दीर्घकालीन नीति, दिगो पर्यटन अवधारणा र निजी-सार्वजनिक साझेदारी आवश्यक छ । पूर्वाधार सुधार, हवाई पहुँच विस्तार, पर्यटकीय गन्तव्य विविधीकरण, सेवा गुणस्तर वृद्धि र वातावरणीय संरक्षणलाई प्राथमिकता दिनुपर्छ । नेपालको पर्यटन अनेकौं चुनौती पार गर्दै नेपालको पर्यटन क्षेत्र अघि बढेको छ । वर्तमान अवस्थामा सुधारका संकेत देखिन्छन् र सही योजना, लगानी र व्यवस्थापन भएमा पर्यटन नेपालको आर्थिक समृद्धिको मुख्य आधार बन्न सक्ने प्रबल सम्भावना रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा, पर्यटन विकासका चुनौतीहरूमा नीतिगत निरन्तरताको अभाव, कमजोर गन्तव्य व्यवस्थापन, वातावरणीय जोखिम, जनशक्ति पलायन र अन्तर्राष्ट्रिय प्रचारको कमी प्रमुख छन् । नेपालको पर्यटन प्रवर्धनका लागि नेपाल पर्यटन बोर्डको भूमिका प्रभावकारी हुन सकेको छैन । यसको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ । आगामी दिनमा नेपाली पर्यटनले संख्याभन्दा गुणस्तरमा ध्यान दिनु आवश्यक छ । दिगो, समावेशी र स्थानीय लाभ सुनिश्चित गर्ने पर्यटन रणनीति अवलम्बन गर्न सके पर्यटन नै नेपालको समृद्धिको प्रमुख आधार बन्न सक्छ ।

*(उपप्राध्यापक भुसाल नेपाल पर्यटन बोर्डका पूर्वसञ्चार परामर्शदाता हुन् ।)*

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मोरङ
कोशी प्रदेश, नेपाल
गाउँबासीहरुमा जानकारी मूलक सन्देश
चिसो तथा शितलहरीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना
- बढी चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तानपान गरौं ।
- शितलहरी वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- हिड्डुल गरिरहने / सक्रिय भइरहने बानीको विकास गरौं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्ने परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बबि कुमार राई, अध्यक्ष
दिनेश पौडेल, उपाध्यक्ष
मिक्लाजुङ गाउँपालिका, मोरङ, कोशी प्रदेश, नेपाल

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ, कोशी प्रदेश, नेपाल
चिसो तथा शितलहरबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र भिंगा भन्केको खानेकुरा नखाऔं ।
- शितलहरबाट बच्ने भ्रममा जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिड्डुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विद्युतीय उपकरणहरुको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरुलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- शितलहर वा चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रूपमा स्तानपान गरौं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिल प्रसाद राई, नगर प्रमुख
नितु थापा कोइराला, नगर उप-प्रमुख
बेलबारी नगरपालिका बिराटचोक मोरङ, कोशी प्रदेश, नेपाल

# डायल-अप इन्टरनेटबाट स्मार्ट नेपालसम्म




■ सन्देश अर्याल


> अब सूचना प्रविधि सीमित प्रयोगको विषय मात्रै रहेन, शासन प्रणालीकै अभिन्न अंग बनिसक्यो । यस्तो अवस्थामा पूर्वाधार र नीति निर्माणमा सन्तुलन कायम गर्न सकियो भने प्रविधि विकासको माध्यम मात्रै होइन, समावेशी समृद्धिको आधार पनि बन्न सक्छ ।

दुई दशकअघि २०६० सालतिर नेपालमा इन्टरनेटलाई विलासिताको रूपमा मात्रै हेरिन्थ्यो । काठमाडौं, पोखरा, विराटनगर, भैरहवाजस्ता केही सीमित सहरका मुख्य साइबर क्याफे, सीमित सरकारी कार्यालय र थोरै घरमा मात्रै इन्टरनेट थियो । मोबाइल फोन त झन् दुर्लभ थियो, भएका पनि कल र एसएमएसमा सीमित थिए । सूचना तथा जानकारीका लागि कि पत्रिका, कि एफएम रेडियो, कि टेलिभिजनको भर पर्नुपर्ने अवस्था थियो । तर त्यस्तो अवस्थाबाट सुरु भएको नेपालको डिजिटल यात्रा 'स्मार्ट नेपाल'को अवधारणासम्म फैलिएको छ । अहिले इन्टरनेट र मोबाइलको प्रयोग सामान्य मात्रै बनेको छैन, आर्थिक कारोबार नै डिजिटलमा रूपान्तरण भइसकेको छ । हाम्रो दैनिकी नै फेरिएको छ । पछिल्लो केही वर्षयता त झन् कृत्रिम बुद्धिमत्ता (एआई)ले सूचना प्रविधिको प्रयोगलाई थप भिन्न रूप दिएको छ । सूचना प्रविधिलाई विलासिता देख्ने दुई दशकअघिको समय र सूचना प्रविधि बिनाको दैनिकी कल्पना गर्न नसकिने समयलाई तुलना गर्नु नै निकै अनौठो छ । यहाँ यसको क्रमबद्धतालाई केलाउँदै बाँकी सम्भावनाबारे चर्चा गरिएको छ ।

### सुरुवाती चरण

नेपालमा इन्टरनेट २०५० सालतिरबाट प्रयोगमा आएको देखिन्छ । तत्कालीन समय राज्य नेपाल विज्ञान तथा प्राविधिक अकादेमीको सहयोगमा अध्ययन तथा अनुसन्धान प्रयोजनका लागि नेपालमा इन्टरनेट भित्रिएको थियो । यद्यपि यसको व्यावहारिक प्रयोग भने केही पछि मात्रै भएको पाइन्छ । २०६० दशकबाट यसको प्रयोग र विकासक्रमले केही तीव्रता पाएको पाइन्छ ।

२०६० सम्म डायल-अप इन्टरनेट प्रयोगमा थियो । जुन इन्टरनेट प्रयोग गर्दा फोन लाइन व्यस्त हुन्थ्यो भने इन्टरनेट चलेको बेला फोन गर्न सकिँदैनथ्यो । वेबसाइटको पेज खुल्नै केही मिनेट लाग्ने अवस्था थियो । इन्टरनेटको अधिकतम स्पीड ५० केबिपिएससम्मको थियो । सरकारी नेपाल टेलिकमसहित वर्ल्डलिंक, मर्केन्टाइललगायत केही सीमित कम्पनीले मात्रै केही सीमित क्षेत्रमा सेवा दिएका थिए । तत्कालीन समय इमेल पठाउनु नै आफैंमा ठुलो कुरा मानिन्थ्यो । सूचना खोज्न अखबार, रेडियो र टेलिभिजन नै प्रमुख माध्यम थिए । मोबाइल फोन पनि आमनागरिकको पहुँचभन्दा बाहिर थियो । नेपाल टेलिकम र मेरो मोबाइल (अहिले नाम फेरिएको एनसेल) सीमित सिमकार्ड, महँगा सेट र कमजोर नेटवर्कका कारण मोबाइल लिनु प्रतिष्ठाको विषयजस्तै थियो । गाउँ-गाउँमा फोन गर्न टेलिफोन बुथ वा पत्र नै भरपर्दो माध्यम थियो । तत्कालीन समयमा डिजिटल भुक्तानीको कल्पना पनि थिएन । बैंकिङ कारोबार काउन्टरमै लाइन बसेर गर्नुपर्थ्यो । तलब नगदमा, बिल नगदमै तिर्ने चलन थियो । यद्यपि यो समयमा नै नेपालमा डिजिटल संस्कृतिको बिउ रोपिएको हो । सीमित भए पनि नेपाल इन्टरनेटमार्फत विश्व समुदायसँग जोडिन पुगेको हो । क्रमशः इमेलको प्रयोगले व्यापकता लिने अवस्था बनेको थियो ।

### विकासक्रम

नेपालमा डिजिटल यात्राले २०७० को दशकसँगै व्यापकता लिन थालेको पाइन्छ । २०६० तिर निर्विकल्प डायल-अपको ठाउँ २०७० आउँदा ब्रोडब्यान्डले लिन थालेको थियो । एडीएसएलसँगै केबल इन्टरनेट र पछि फाइबर इन्टरनेटको प्रयोगले व्यापकता पायो । इन्टरनेटको गति र व्यापकता यति धेरै बढ्यो कि छोटो अवधिमै सहर मात्रै नभई गाउँसम्म यसको पहुँच विस्तार भयो । इन्टरनेटसँगै मोबाइल क्षेत्रमा पनि ठुलो परिवर्तन देखियो । किप्याड फोनको विस्तार मात्रै भएन, स्मार्टफोनले पनि क्रमशः व्यापकता लिने अवस्था बन्यो । गाउँगाउँसम्म मोबाइलको प्रयोग हुन थाल्यो । नेपालीहरू मोबाइलबाटै फेसबुक, युट्युब, मेसेन्जरजस्ता सामाजिक सञ्जालमा त्यतिबेलादेखि जोडिएका हुन् । आवाज मात्रै होइन, भिडियोमै फोन कल गर्ने अवस्था पनि ती सञ्जालको प्रयोगसँगै भयो । नेपालीका लागि सबैभन्दा सुखद वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यसँग नियमित, त्यो पनि भिडियोमै संवाद गर्ने अवस्था बन्यो ।



आर्थिक क्षेत्रमा डिजिटल भुक्तानीको पनि व्यापकता यही दशकबाटै सुरु भएको पाइन्छ । इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, ई-सेवा, खल्ती, आइएमई पेजस्ता माध्यम प्रयोग गर्ने अवस्था बन्यो । विभिन्न सेवा प्रयोग गर्दा तिर्नुपर्ने शुल्क मोबाइलबाटै तिर्ने अवस्था हुँदै गयो ।

यो चरणलाई ठुलो क्रान्तिकै रूपमा लिन सकिन्छ । जसले समय र खर्चको मात्रै बचत गरेको छैन, व्यावसायिक क्षेत्रलाई समेत बदलिदिएको छ । सेवा प्रदायकलाई पनि थोरै कर्मचारीबाट धेरै सेवा दिन सक्षम बनाएको छ । यद्यपि सामाजिक सञ्जालको दुरुपयोग, गलत सूचनाको व्यापकता, साइबर अपराधजस्ता नकारात्मक कुराको सुरुवात पनि यही समयबाट भएको छ ।

### स्मार्ट नेपालको अभियान

२०६० को दशकमा बिउ रोपिएको डिजिटल अभियान २०८० को दशकसम्म आइपुग्दा निकै भिन्न अवस्थामा प्रवेश गरेको छ । डायल-अप इन्टरनेटबाट आज नेपाल 'स्मार्ट नेपाल'को दिशातर्फ अघि बढिरहेको छ । आज इन्टरनेट प्रयोग सामान्य बनेको छ । मोबाइलबिनाको दैनिकी कल्पना गर्न नसकिने अवस्थामा हामी पुगेका छौं ।

आज डिजिटल कारोबार पनि सामान्य बनेको छ । चिया पसलदेखि डिपार्टमेन्टल स्टोरसम्म क्युआर कोडबाटै भुक्तानी गर्ने प्रचलन तीव्र छ । सरकारी सेवा पनि 'पेपरलेस' प्रणालीतर्फ अघि बढेका छन् । सरकारी शुल्क पनि अनलाइनबाटै तिर्ने अवस्था बनिसकेको छ । आज विद्युत् वा खानेपानीको शुल्क भुक्तानीका लागि घण्टौं लाइन कुनुपर्दैन ।

डिजिटल प्रविधिको प्रयोगले तीव्रता पाइरहँदा एआईको प्रवेशले नयाँ अध्यायको सुरुवात गरेको छ । अब एआई विज्ञानका कथा होइन, व्यावहारिक विषय बनिसकेको छ । विभिन्न खालका सूचना तथा जानकारी लिन र दैनिक गतिविधिमा सहयोग लिन पनि एआईको प्रयोग हुन थालेको छ । आज शिक्षा र स्वास्थ्य क्षेत्रमा एआईले ठुलो मद्दत गरिरहेको छ । यद्यपि एआईको प्रवेशसँगै नयाँनयाँ चुनौती पनि थपिएका छन् । यसले एकातिर रोजगारीमा प्रत्यक्ष प्रभाव पार्ने अवस्था बनाएको छ भने अर्कोतिर नक्कली सामग्री (डिपफेक)को व्यापकता हुने जोखिम बढाएको छ ।

### स्मार्ट नेपाल कता जाँदै छ ?

सूचना प्रविधिको क्षेत्रमा दुई दशकअघि हामी जहाँ थियौं, आज त्यसभन्दा धेरै फरक स्थानमा छौं । छोटो अवधिमै कल्पना गरेभन्दा धेरै भिन्नताको अनुभव हामीले गरिरहेका छौं । डायल-अप इन्टरनेटबाट सुरु भएको हाम्रो डिजिटल यात्रा आज एआईसम्म आइपुगेको छ । अब सूचना प्रविधि सीमित प्रयोगको विषय मात्रै रहेन, शासन प्रणालीकै अभिन्न अंग बनिसक्यो । यस्तो अवस्थामा पूर्वाधार र नीति निर्माणमा सन्तुलन कायम गर्न सकियो भने प्रविधि विकासको माध्यम मात्रै होइन, समावेशी समृद्धिको आधार बन्न सक्छ ।

डिजिटल क्षेत्रमा आएको परिवर्तनले जीवनशैली सरल र छरितो बनाएको छ भने जोखिम पनि उत्तिकै बढाएको छ । डिजिटल प्रविधिको प्रयोग सामान्य बन्दै जाँदा साइबर सुरक्षाको चुनौती पनि त्यसैअनुसार गम्भीर बन्दै गएको छ । यद्यपि हामी डिजिटल क्षेत्रमा भइरहेको विकासबाट टाढिन सक्दैनौं । यसलाई उपयोग गर्दै, यसबाट सुरक्षित रहनु नै अहिलेको आवश्यकता हो ।







# २५ लाख बाह्य पर्यटकको सपना





सूर्य थपलिया

सिर्जना नेपाली

सन् १९७८ मा मात्र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्थापना भयो । मास्टर प्लानका पाना पल्टाउँदा निजी क्षेत्रका दुई प्रमुख संस्था नाटा/हानले कति महत्वपूर्ण भूमिका खेलेका थिए भन्ने स्पष्ट देखिन्छ ।

सन् १९९७ डिसेम्बर ३१ का दिन नेपालले सार्वजनिक-निजी साझेदारीको एक नयाँ अध्यायमा प्रवेश गर्‍यो । त्यो दिनसम्म जरा गाडेर बसेको 'रेड टेपिज्म' अर्थात् झन्झटिलो प्रशासनिक सोचलाई चुनौती दिँदै एक नयाँ सपना, नयाँ संस्थाको जन्म भयो । निजी क्षेत्रको दीर्घकालीन लगानी, जुजारुपन र ऊर्जा अब सशक्तीकरणको प्रतीकका रूपमा रूपान्तरण भइरहेको थियो । यही सन्दर्भमा नेपाल पर्यटन बोर्ड अस्तित्वमा आयो । यो कुनै बाध्यताको परिणाम होइन या थिएन, नयाँ समयको बजार, उदारीकरण र खुला आर्थिक नीतिको मागलाई सम्मान गर्दै गरिएको गम्भीर र दूरदर्शी निर्णय थियो ।

रोचक संयोग के छ भने, त्यही दिन अमेरिकामा माइक्रोसफ्टले हटमेललाई ४ सय मिलियन डलरमा खरिद गर्‍यो । विश्वको दुई फरक भूगोलमा एकै दिन भएका यी घटनाले विकासका दुई अलग आयाम देखाउँछन् । एकातिर प्रविधिको तीव्र उडान, अर्कोतिर नेपालमा पर्यटनको संस्थागत विकासको ऐतिहासिक सुरुवात । वास्तविक अर्थमा नेपाल पर्यटन बोर्डको स्थापना (२०५४ साल) सजिलो यात्रा थिएन । यसको बिउ त धेरै अगाडिदेखि रोपिएको थियो । सन् १९७२ मा जर्मन सहयोगमा तयार गरिएको 'मास्टर प्लान'ले नेपालमा पर्यटन विकासका लागि सार्वजनिक-निजी साझेदारी अपरिहार्य छ भनेर स्पष्ट रूपमा औंल्याइसकेको थियो । चौथो पञ्चवर्षीय योजनासँग मेल खाँदै उक्त मास्टर प्लानले पर्यटनका लागि कानुनी र संस्थागत संरचनाको आवश्यकता देखाएको थियो । त्यतिबेला पर्यटन उद्योग तथा वाणिज्य मन्त्रालयअन्तर्गत थियो । सन् १९७८ मा मात्र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्थापना भयो । मास्टर प्लानका पाना पल्टाउँदा निजी क्षेत्रका दुई प्रमुख संस्था नाटा/हानले कति महत्वपूर्ण भूमिका खेलेका थिए भन्ने स्पष्ट देखिन्छ ।

### १९५० को दशक : उचाइमा उडेको साहस र नाटकीयता

१९५० को दशक नेपालको पर्यटन इतिहासमा आरोहण अभियानहरूको दशक थियो । त्यो समय ब्रिटिस र फ्रेन्चबीच '८ हजार मिटर'का हिमालहरूमा एक प्रकारको प्रतिस्पर्धा चलिरहेको थियो । फ्रेन्चहरूले अन्नपूर्ण जिते भने ब्रिटिसले सगरमाथामा आफ्नो झन्डा गाडे । दोस्रो विश्वयुद्धपछिको थकित संसारले नयाँ गौरव खोजिरहेको थियो र त्यो गौरव उनीहरूले हिमालमा पाए, नेपालका हिमालमा । १९५० जुन ३ मा अन्नपूर्ण प्रथमको सफल आरोहण र १९५३ मे २९ मा सगरमाथाको सफल आरोहण मानव इतिहासकै सबैभन्दा गौरवशाली क्षणमध्ये पर्छन् । चन्द्रमामा मानव पुग्नु जत्तिकै महत्वपूर्ण मानिने यी उपलब्धिले नेपाललाई विश्व पर्यटनको नक्सामा स्थायी रूपमा स्थापित गरिदियो । सगरमाथा शदियांदेखि मानवीय साहसको प्रतीक थियो । सन् १९५३ मा तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले देखाएको साहसले नेपाललाई विश्वव्यापी पहिचान दियो । यसअघि नै १९५० मा अन्नपूर्ण प्रथमको सफल आरोहणले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा उभ्याइसकेको थियो ।

नेपाल स्वयं राजनीतिक र सामाजिक संक्रमणमा थियो । तर हिमालले दिएको पहिचानले नेपाललाई विश्व सामु गर्वका साथ उभ्यायो । यही समयबाट नेपाल पर्यटनको अन्तर्राष्ट्रिय यात्रामा प्रवेश गर्‍यो ।

### निजी क्षेत्रको उदय र संस्थागत विकास

१९६० को दशकबाट यात्रा तथा पर्यटन व्यवसाय संस्थागत रूपमा अगाडि बढ्न थाल्यो । होटल एसोसिएसन अफ नेपाल (हान) र नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा)को स्थापना भयो । यी संस्थाहरूले निजी क्षेत्रको नेतृत्व र स्वामित्वको जग बसाले । राज्यभन्दा अगाडि नै निजी क्षेत्रले पर्यटनमा नेतृत्व लिएको देखिन्छ । छिमेकी भारतमा ताल सन् १९५१ मै स्थापना भइसकेको थियो । नेपालमा भने औपचारिक संस्थागत विकास केही ढिलो भयो तर दृढताका साथ अघि बढ्यो ।

### १९७२ को मास्टर प्लान र पर्यटनको नक्सा

१९७२ को पर्यटन मास्टर प्लान नेपालको पर्यटन विकासमा 'बक्स अफिस हिट'जस्तै बन्यो । जर्मन सहयोगमा तयार भएको यस योजनाले पर्यटन र नागरिक उड्डयनको दीर्घकालीन संरचना कोरिदियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएको काठमाडौंलाई केन्द्र बनाउँदै पूर्व-पश्चिम पर्यटन मार्ग, ट्रेकिङ र तीर्थयात्रा विकास गर्ने अवधारणा अघि सारियो । सन् १९७३ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन ल्याइनु अर्को ऐतिहासिक कदम थियो । यसले चितवन, सगरमाथा, लाङटाङ, रारा, शुक्लाफाँटाजस्ता क्षेत्रलाई पर्यटनका नयाँ केन्द्रमा रूपान्तरण गर्‍यो । १९७० को दशक राष्ट्रिय निकुञ्जहरूको दशक बन्यो, जसले नेपालमा इको-टुरिजमको आधार तयार गर्‍यो ।

### १९७८ पछि कानुनी र संस्थागत सुदृढीकरण

सन् १९७८ मा पर्यटन ऐन जारी भई १९६४ को पर्यटन उद्योग ऐन खारेज गरियो । पर्यटन मन्त्रालयलाई क्षेत्र नियमनको बलियो अधिकार दिइयो । १९८४ मा गरिएको मास्टर प्लानको पुनरावलोकनले निजी क्षेत्रको सक्रिय सहभागिताले पर्यटन वृद्धिमा ठूलो योगदान दिएको देखायो । यसै दशकमा टान स्थापना भयो, जसले ट्रेकिङ पर्यटनलाई एकीकृत रूपमा अघि बढायो ।

### १९९० को दशक : परिवर्तनको दशक

यो दशक नेपालका लागि राजनीतिक र आर्थिक दुवै हिसाबले निर्णायक रह्यो । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना, खुला बजार अर्थतन्त्र, उदारीकरण र संरचनात्मक सुधारको लहरले सबै क्षेत्रलाई छोयो । नेपाल पर्यटन विकास कार्यक्रमले विदेशी लगानी, यातायात पूर्वाधार र सरकारी निकायबीचको समन्वयको समस्यालाई उजागर गर्‍यो । २०४७ सालको संविधानले जनतालाई सार्वभौमसत्ता दियो र आर्थिक संरचनामा परिवर्तन ल्यायो । २०५२ सालको पर्यटन नीतिले नेपाल पर्यटन बोर्ड स्थापना गर्ने बाटो खोल्यो । सुरुवातमा बोर्डको अध्यक्ष पर्यटन मन्त्री हुने प्रस्ताव थियो तर अन्तिम रूपमा पर्यटन सचिव अध्यक्ष हुने व्यवस्था गरियो ।

### नेपाल पर्यटन बोर्ड : निजी क्षेत्रसागको कहिल्यै नटुट्ने सम्बन्ध

नेपाल पर्यटन बोर्ड निजी क्षेत्रका लागि गर्वको संस्था हो । संरचनागत रूपमा पनि यसको ठूलो हिस्सा निजी क्षेत्रकै प्रतिनिधित्वमा छ । नेपालजस्तो अर्थतन्त्रमा यति स्वायत्त र आत्मनिर्भर संस्थाको स्थापना आफैंमा ठूलो उपलब्धि थियो । बोर्डले राजनीतिक अस्थिरता, द्वन्द्व र परिवर्तनका सबै चरण पार गर्दै आफ्नो अस्तित्व जोगायो । यो संस्था निजी क्षेत्रकै हो भन्ने भावना अझै बलियो छ । तर यससँगै केही चुनौती पनि छन् । संघीय संरचनामा प्रवेश गरेपछि नयाँ अवसर र नयाँ जटिलता दुवै आएका छन् । संघ, प्रदेश र स्थानीय तहबीचको भूमिकाको स्पष्टता अझै विकासको क्रममा छ । यस अवस्थामा पर्यटन बोर्डको भूमिका झन् महत्वपूर्ण बनेको छ । पर्यटन र संघीयताको सम्बन्ध अझै लेखिँदै गरेको कथा हो । नयाँ व्यवस्थाको यात्रा जारी छ ।

### संख्यासँगको प्रेम : १५ लाख/२५ लाखको अफेयर

नेपालको पर्यटनको पर्यटक आगमन संख्यासँगको प्रेम स्वाभाविक र महन्वपूर्ण छ । ११/१२ लाखको रस्साकसीमा अलमलिएको छ यो लामो कथा । सडकमार्गबाट आउने भारतीयको संख्या यसमा जोडिँदैन । यो संख्या नै १२ देखि १५ लाखको आँकलन छ । यस अर्थमा २५ लाख बाह्य पर्यटकको आगमन छ भन्ने आधार त छ । ११/१२ लाखभित्र पनि गैरआवासीय नेपाली र नेपालमा रहेको विदेशी डायस्पोरा रहेको तथ्यमा निजी क्षेत्र विश्वस्त छ । प्रश्न, के यही स्थितिमा २५ लाख पर्यटक आगमन कसरी सम्भव हुन्छ भन्ने हो । सिधा जवाफ दिने हो भने यो सम्भव छैन । अहिलेको संख्या दोब्बर हुने भनेको हाल सञ्चालनमा रहेको आगमनको संयन्त्र दोब्बर क्षमतामा जानु हो । पोखरा र भैरहवाका विमानस्थल क्षमताको आधा प्रतिशतमा काम गर्न थाले पनि यो मुस्किल छ । नेपालको पर्यटनका लागि प्रमुख ट्रान्जिट रुट कतार, टर्की, दुबइ र भारत (दिल्ली)बाट यो संख्या दोब्बर नै हुनुपर्छ । ऐतिहासिक रूपमा नेपालको पर्यटनको सभ्रान्त मानसिकताले स्थलमार्गका भारतीय पर्यटकको संख्यालाई खारेज गर्ने चरित्रले २५ लाखको म्याजिकल फिगरसँगको पिरती अझैं लम्बिने निश्चित छ । यो प्रेमको भविष्य नेपाल एअरलाइन्सको उडानमा छ ।

*(लेखक सूर्य थपलिया (पिएचडी) नेपाल पर्यटन बोर्ड, वरिष्ठ प्रबन्धक र सिर्जना नेपाली नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत हुन् ।)*




National Flag Carrier of Nepal
Nepal Airlines
Fly
NEPAL AIRLINES
• New Delhi | • Mumbai | • Bengaluru | • Dubai | • Doha | • Dammam
• Bangkok | • Kuala Lumpur | • Hong Kong | • Narita | • Guangzhou
DMM DXB DEL BKK CAN NRT DOH BOM KUL HKG
BOOK NOW INTERNATIONAL SALES (KATHMANDU)
Reservation : 5718542 | 43 | 44 | 45
Sales : 5718538 | 39 | 40
Airport : 4113011 | 4113211
nepalairlines.com.np

२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरूको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा थप प्रगतिको कामना गर्दछौं । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
श्री नन्दलाल बिक (अजय)
अध्यक्ष एवं
गण्डकी प्रदेश समन्वय परिषद् कतार परिवार

२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरूको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा थप प्रगतिको कामना गर्दछौं । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
श्री महेन्द्रप्रसाद चम्लागाईं
अध्यक्ष एवं
नेपाल व्यवसायी संघ कतार एलएलसी (जी), परिवार
NBAQ
Nepal Business Association Qatar LLC(G)

# बैंकिङ कर्जा विस्तार



■ रमेशकुमार पोखरेल

> तरलता र न्यून ब्याजदर मात्र कर्जा विस्तारका लागि पर्याप्त हुँदैनन् । जबसम्म आर्थिक गतिविधि सक्रिय हुँदैन र लगानीयोग्य अवसर सिर्जना हुँदैनन्, तबसम्म नेपालको बैंकिङ क्षेत्रमा अपेक्षित कर्जा विस्तार सम्भव देखिँदैन ।

नेपालको बैंकिङ क्षेत्रमा पछिल्ला वर्षहरूमा पर्याप्त तरलता र न्यून ब्याजदरको अवस्था रहँदा पनि अपेक्षित कर्जा विस्तार हुन सकेको छैन । सामान्यतया बैंकिङ क्षेत्रमा पर्याप्त तरलता र न्यून ब्याजदर हुँदा कर्जाको माग र आपूर्ति दुवै बढ्नुपर्ने हो तर नेपालको सन्दर्भमा यो अवस्था देखिन सकेको छैन । आर्थिक गतिविधिमा आएको सुस्ततासँगै मुलुकमा विकसित पछिल्लो अवस्थाको कारण औद्योगिक र व्यावसायिक वातावरणमा देखिएको नैराश्यताले समेत कर्जाको माग घटेको आंकलन गरिएको छ । यसरी नै लगानीका नयाँ अवसरको पहिचान हुन नसक्नु, मुलुकमा व्याप्त गरिबी र बेरोजगारीको कारण नागरिकको आय खुम्चिँदै जानु, मुलुकबाट पुजीँ पलायन हुनु, बैंकिङ क्षेत्रको सम्पत्तिको गुणस्तरमा आएको गिरावटको कारण पुँजी पर्याप्ततामा दबाब सिर्जना हुनु र केही संरचनात्मक समस्याको कारणले  गर्दा पनि बैंकहरू कर्जा विस्तारमा उत्प्रेरित हुन नसकेको अनुमान गर्न सकिन्छ । समग्रमा बैंकिङ क्षेत्रमा पर्याप्त तरलता र न्यून ब्याजदर हुँदाहुँदै पनि नेपालको बैंकिङ क्षेत्रमा कर्जा विस्तार हुन नसक्नुमा देहायबमोजिमका कारण देखिएका छन् ।

## ■ कर्जा मागको अभाव

देशको समग्र आर्थिक गतिविधि सुस्त रहँदा मुलुकमा विकसित पछिल्लो अवस्थाको कारण औद्योगिक र व्यावसायिक वातावरणमा देखिएको नैराश्यताले समेत कर्जाको माग घटेको आंकलन गरिएको छ । जसको कारण निजी क्षेत्र नयाँ लगानी गर्न इच्छुक देखिँदैन । उद्योग, व्यापार, निर्माण तथा सेवा क्षेत्रमा देखिएका केही संरचनात्मक समस्याको कारण यस्ता क्षेत्रहरूमा अपेक्षित नाफा नदेखिएकाले पनि व्यवसायी कर्जा लिएर जोखिम लिन चाहँदैनन् । उपभोगमा आएको गिरावट, आयात घट्नु र माग पक्ष कमजोर हुनुले पनि कर्जा विस्तारमा प्रत्यक्ष असर पारेको छ ।

## ■ खराब कर्जा

औद्योगिक र व्यावसायिक क्षेत्रमा आएको नैराश्यताको कारण यी क्षेत्रहरूको आयमा भएको गिरावटले कर्जा असुलीमा प्रतिकूल प्रभाव परेकाले बैंकिङ क्षेत्रको खराब कर्जा अनुपात बढ्दै गएको छ । बैंकिङ क्षेत्रको निष्क्रिय कर्जा धेरै वर्षपछि करिब १० प्रतिशतसम्म पुगेको अनुमान गरिएको छ । निष्क्रिय कर्जाको उच्च अनुपातले बैंकहरूलाई नयाँ कर्जा प्रवाह गर्दा सतर्क बनाएको छ । खराब कर्जा बढ्दा बैंकको खुद आम्दानीमा गिरावट आई नाफा घट्नुका साथै पुँजी पर्याप्ततामा समेत दबाब पर्दै गइरहेको छ । यसले बैंकहरूलाई कर्जा विस्तारभन्दा जोखिम न्यूनीकरणतर्फ केन्द्रित बनाउँदै गएको देखिन्छ ।

## ■ नियामकीय दबाब

खराब कर्जा बढेपछि बैंकहरूको खुद आय र मुनाफा खुम्चिँदा पुँजी पर्याप्तता अनुपात कमजोर हुन्छ । पुँजी पर्याप्तता अनुपातसम्बन्धी नेपाल राष्ट्र बैंकको कडाइपूर्ण नियमन व्यवस्थाले बैंकलाई यो प्रावधान पालना गर्न बाध्य बनाएको छ । फलस्वरूप, पर्याप्त तरलता हुँदाहुँदै पनि कर्जा विस्तारमा बैंक अनिच्छुक देखिन्छन् ।

## ■ उत्पादनशील क्षेत्रको कमी

नेपालमा पर्याप्त रूपमा तयार र व्यावसायिक रूपमा सम्भाव्य परियोजनाको अभाव छ । अर्थतन्त्रका उद्योग, व्यापार, पर्यटनलगायतका सेवा क्षेत्र विद्यमान परिस्थितिमा जोखिमयुक्त वा कम प्रतिफल दिने खालका देखिँदा पनि ऋणीहरू कर्जा लिन उत्साहित देखिँदैनन् । राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, प्राकृतिक विपद् र कार्यान्वयन पक्ष कमजोर हुनुले पनि लगानीको वातावरण नकारात्मक बनाएको छ ।

## ■ ब्याज मार्जिनमा दबाब

न्यून ब्याजदरका कारण बैंकहरूको ब्याज आम्दानी घटेको छ । कर्जा प्रवाह गर्दा जोखिम उच्च तर प्रतिफल कम हुने अवस्था सिर्जना भएकाले बैंकहरू सुरक्षित विकल्प रोज्न थालेका छन्, जसले गर्दा बैंक तथा वित्तीय संस्था कमै भए पनि नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निक्षेप उपकरण, ऋणपत्र र ट्रेजरी बिलमा लगानी गर्न उत्साहित हुँदा कर्जा विस्तारलाई थप सुस्त बनाएको छ ।

## ■ अबको बाटो

नेपालमा उल्लेखित परिस्थिति अझै केही समयसम्म विद्यमान रहने आंकलन गरिएकाले यस परिस्थितिलाई सम्बोधन गर्न नेपाल सरकार, केन्द्रीय बैंक र सरोकारवाला निकायबाट देहायबमोजिमका कार्य गर्न र गराउन आवश्यक देखिन्छ ।

- आर्थिक गतिविधि पुनर्जीवित गर्न र निजी क्षेत्रको गिर्दो मनोबल उकास्न सरकार र निजी क्षेत्रबीच व्यापक सहकार्य बढाउनुपर्छ । यसका लागि व्यवसायको सुरक्षा, प्रचलित कानुन र नियमनमा व्यवसायमैत्री सुधार र उत्पादित वस्तु तथा सेवाका लागि सहज बजार पहुँचलगायतका कार्य गर्न विलम्ब गर्नुहुँदैन ।
- पूर्वाधार, उत्पादनमूलक उद्योग, कृषि, ऊर्जा र निर्यातमुखी क्षेत्रमा लक्षित प्रोत्साहन आवश्यक छ । यी क्षेत्रहरूमा थप कर्जा प्रवाह गर्न केन्द्रीय बैंकले पनि नियामकीय लचकता देखाउन आवश्यक छ र यी क्षेत्र पुनः परिभाषितसमेत गर्न आवश्यक छ ।
- खराब कर्जा व्यवस्थापन प्रणाली सुदृढ गर्दै कर्जा असुली प्रक्रिया प्रभावकारी बनाउनुपर्छ । यसरी नै लामो समयदेखि चर्चा गरिँदै आइएको सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना पनि खराब कर्जा व्यवस्थापन प्रणालीका लागि अत्यावश्यक देखिन्छ ।
- बैंकहरूको पुँजी आधार मजबुत पार्न दीर्घकालीन पुँजी परिचालनका साधन र उपाय प्रयोग गर्नुपर्छ ।
- नियामकीय नीतिमा केही लचकता र लगानीमैत्री वातावरण सिर्जना गर्न सके मात्र तरलता र न्यून ब्याजदरको वास्तविक लाभ कर्जा विस्तारमार्फत अर्थतन्त्रमा देखिन सक्छ ।

## ■ निष्कर्ष

तरलता र न्युन ब्याजदर मात्र कर्जा विस्तारका लागि पर्याप्त हुँदैनन् । जबसम्म आर्थिक गतिविधि सक्रिय हुँदैन र लगानीयोग्य अवसर सिर्जना हुँदैनन्, तबसम्म नेपालको बैंकिङ क्षेत्रमा अपेक्षित कर्जा विस्तार सम्भव देखिँदैन । समग्रमा बैंकिङ क्षेत्रमा पर्याप्त तरलता र न्यून ब्याजदर हुँदाहुँदै पनि माथि उल्लेखित नीतिगत, आर्थिक, संरचनागत, तथा मनोवैज्ञानिक कारणको संयोजन नै नेपालको बैंकिङ क्षेत्रको कर्जा विस्तार हुन नसक्नुमा प्रमुख रूपमा जिम्मेवार रहेको देखिन्छ । बढ्दो निष्क्रिय कर्जा, गिर्दो व्यावसायिक वातावरण, कमजोर जोखिम व्यवस्थापन प्रणाली र सुशासनको अभावजस्ता समस्या समयमै सम्बोधन हुन जरुरी छ । त्यसो नभएमा बैंकिङ क्षेत्रको तरलताको सही उपयोग हुन नसकी समग्र अर्थतन्त्रमा थप नकरात्मक असर पर्ने र समग्र बैंकिङ क्षेत्रको जोखिम बढी वित्तीय स्थायित्वमै चुनौती खडा हुन सक्छ ।

यसर्थ, प्रचलित कानुन र नियमनमा व्यवसायमैत्री सुधार, सुदृढ जोखिम व्यवस्थापन, सुरक्षित प्रविधिको प्रयोग, उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको अनुकूल वातावरण र सुशासनको प्रवर्धनमार्फत मात्र नेपालको बैंक तथा वित्तीय क्षेत्रलाई सबल, स्थिर र विकासोन्मुख बनाउन सकिन्छ । सरकार, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्था र सरोकारवाला सम्पूर्ण निकायको संयुक्त तथा दीर्घकालीन प्रयास नै दिगो समाधानको आधार हो ।

*(पोखरेल नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।)*

छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा, कर्णाली प्रदेश, नेपाल
छार्का ताङसोङ गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सेनांङ गुरुङ, अध्यक्ष
विशाल पौडेल, प्रमुख प्रशासकीय अधिकृत
कर्मा दुण्डुप गुरुङ, उपाध्यक्ष
छार्का ताङसोङ गाउँपालिका कागकोट, डोल्पा, कर्णाली प्रदेश, नेपाल

शैलुङ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
काटाकुटी, दोलखा, बागमती प्रदेश
शैलुङ गाँउपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रिमल बाबु श्रेष्ठ, अध्यक्ष
सन्जिब न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत
पार्वती कार्की थापा, उपाध्यक्ष
शैलुङ गाउँपालिका काटाकुटी, दोलखा, बागमती प्रदेश

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु



# भू-राजनीतिक चपेटामा साना राष्ट्र



■ खिमराज गिरी

आगामी फागुन २१ गतेको निर्वाचन नेपाली जनताका लागि निर्णायक अवसर हो । दलभन्दा माथि उठेर जसले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय हित र दीर्घकालीन विकासका लागि इमानदारीपूर्वक योगदान दिएको छ, त्यही शक्ति रोज्नु आजको आवश्यकता हो ।

संयुक्त राष्ट्रसंघको बडापत्रले कुनै पनि शक्तिशाली राष्ट्रले अर्को सार्वभौम राष्ट्रमाथि बल प्रयोग गर्न नपाओस् भन्ने उद्देश्यका साथ केही मौलिक सिद्धान्त स्पष्ट रूपमा उल्लेख गरेको छ । ती सिद्धान्तअनुसार सार्वभौमिक समानताको सिद्धान्त, बल प्रयोग नगर्ने सिद्धान्त र आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्त प्रमुख छन् । कुनै पनि राष्ट्रले अर्को राष्ट्रको भौगोलिक अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध सैनिक बल, धम्की वा हिंसाको प्रयोग गर्न पाउँदैन । यस सिद्धान्तले युद्धलाई गैरकानुनी ठहर गर्दछ ।

त्यसैगरी, कुनै पनि देशको आन्तरिक राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक मामिलामा बाह्य हस्तक्षेप गर्न पाइँदैन । हरेक राष्ट्रलाई आफ्नो शासन व्यवस्था, विकास मोडेल र सामाजिक संरचना आफैं निर्धारण गर्ने अधिकार हुन्छ । बाह्य शक्तिले शासन व्यवस्था परिवर्तन गराउने, विद्रोह उक्साउने, राजनीतिक अस्थिरता सिर्जना गर्ने वा सामाजिक विचलन ल्याउने कार्य अन्तर्राष्ट्रिय कानुनअनुसार गैरकानुनी मानिन्छन् । यही सिद्धान्तअनुसार नेपालले सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको थियो र तत्कालीन प्रधानमन्त्री मोहन शमशेरले बडापत्रको पालना गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

तर नेपालमा विगत लामो समयदेखि 'राजनीतिक परिवर्तन'का नाममा प्रत्येक दशकमा सामाजिक उथलपुथल र आन्दोलन हुँदै आएको यथार्थ लुकाउन सकिँदैन । पछिल्लो उदाहरणका रूपमा गत भदौ २३ र २४ गते दुई तिहाइ बहुमतको सरकार गिराउने उद्देश्यसहित 'जेनजी'को नाममा गरिएको आन्दोलन २४ घण्टामै उग्र रूप लिँदै सत्ता परिवर्तनसम्म पुग्यो ।

गएको जनवरी ३ मा भेनेजुएलामाथि अमेरिकी सेनाको आक्रमण गरी करिब ३० मिनेटमै राष्ट्रपति निकोलस मदुरो र उनकी पत्नी सिलिया फ्लोरेन्सलाई अपहरण गरिएको समाचारले विश्व राजनीति तरंगित बनाएको छ । यस घटनाबारे अन्तर्राष्ट्रियस्तरमा विभिन्न अड्कलबाजी र विश्लेषण भइरहेका छन् ।



समकालीन विश्व राजनीतिलाई नियाल्दा, सत्ता परिवर्तन अब केवल बन्दुक, ट्यांक र प्रत्यक्ष सैनिक हस्तक्षेपबाट मात्र नभई सामाजिक सञ्जाल, सूचना युद्ध, आर्थिक प्रलोभन, अन्तर्राष्ट्रिय संस्थाहरूको प्रयोग र वैचारिक हस्तक्षेपमार्फत पनि सम्भव भइरहेको देखिन्छ । नेपालमा बन्दुक नचलाईकन सत्ता उलटपलट भयो भने भेनेजुएलामा सैनिक हस्तक्षेपद्वारा राष्ट्रप्रमुख नै अपहरण गरियो । दुवै घटनाको उद्देश्य सत्ता परिवर्तन नै थियो । यसले धनी र शक्तिशाली राष्ट्रहरूले गरिब र कमजोर राष्ट्रप्रति अपनाउने व्यवहारमाथि गम्भीर बहस आवश्यक रहेको संकेत गर्छ ।

अमेरिकाको रणनीतिक चासो ग्रिनल्यान्ड टापुतर्फ पनि बढिरहेको देखिन्छ । चीन र रुसको सक्रियता रहेको क्षेत्रमा अमेरिकी दृष्टि पर्नु नौलो विषय होइन । ग्रिनल्यान्डलाई नियन्त्रणमा लिन सक्ने संकेतपछि डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सन र ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स फ्रेडरिकले कडा आपत्ति जनाएका छन् । यसअघि सन् २००१ देखि २०२१ सम्म अफगानिस्तानमा अन्तर्राष्ट्रिय सेना तैनाथ गरी खनिज स्रोतको स्वार्थ पूरा गरिएको थियो । आज अफगानिस्तान आर्थिक रूपमा जर्जर छ, सामाजिक अस्थिरता कायमै छ । कंगो, बुरुन्डी, इराक, इरान, कुवेतलगायत देशहरूमा पनि तेल र खनिज स्वार्थकै लागि हस्तक्षेप भएको इतिहास छ । दक्षिण एसियामा नेपाल, बंगलादेश र श्रीलंका, पूर्वी एसियामा जापान र दक्षिण कोरिया, मध्यपूर्वमा इजरायल-गाजा द्वन्द्व–यी सबै अमेरिकी प्रभावको परिधिमा देखिन्छन् । नेपालको सन्दर्भमा भारतीय गुप्तचर संस्था 'रअ'को भूमिका पनि चर्चामा रहँदै आएको छ ।

नेपालमा सत्ता परिवर्तनको पृष्ठभूमिमा जनताको आक्रोश, भ्रष्टाचार, नातावाद-कृपावाद, अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश, सामाजिक सञ्जाल बन्द हुनु र दशकौंदेखि एउटै व्यक्तिको नेतृत्व हाबी हुनुजस्ता कारण थिए । यही असन्तोषको अवस्थालाई प्रयोग गर्दै अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको सहयोगमा जेन-जी युवालाई अगाडि सारेर आन्दोलन गरिएको चर्चा व्यापक छ । आन्दोलनका क्रममा सर्वोच्च अदालत, सिंहदरबार, संसद् भवन, राष्ट्रपति भवन तथा विभिन्न नेताका घरमा आगजनी भयो । कयौंले ज्यान गुमाए, सयौं घाइते अझै अस्पतालमा छन् । फागुन २१ गतेका लागि आमनिर्वाचन घोषणा भए पनि त्यसको सुनिश्चितता अझै अस्पष्ट छ ।

आजको विश्व परिवेशमा यदि गरिब राष्ट्रहरूले राष्ट्रिय एकता, सार्वभौमिकता र स्वाधीनताको रक्षा गर्न सकेनन् भने शक्तिशाली राष्ट्रहरूले संयुक्त राष्ट्रसंघका सिद्धान्तविपरीत आफ्ना स्वार्थ लाद्दै जाने खतरा बढ्दो छ । नेपालमा भएको ' बिनाहतियार' आन्दोलन र भेनेजुएलामा भएको प्रत्यक्ष सैनिक हस्तक्षेपले यही वास्तविकता उजागर गर्छ ।

निचोडमा भन्नुपर्दा, कुनै पनि राष्ट्र सानो वा ठुलो, धनी वा गरिब जे भए पनि आफ्ना नागरिकले स्वतन्त्र रूपमा राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार उपभोग गर्न पाउनुपर्छ । नागरिक र राजनीतिक नेतृत्वले सत्ता, शक्ति र धनको लोभमा परेर विदेशी शक्तिको कठपुतली बन्नुहुँदैन । जस देशका नेता र नागरिक विदेशी स्वार्थमा झुक्छन्, अन्ततः त्यही देश पराधीनताको सिकार बन्न पुग्छ ।

आगामी फागुन २१ गतेको निर्वाचन नेपाली जनताका लागि निर्णायक अवसर हो । दलभन्दा माथि उठेर जसले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय हित र दीर्घकालीन विकासका लागि इमानदारीपूर्वक योगदान दिएको छ, त्यही शक्ति रोज्नु आजको आवश्यकता हो । अन्यथा सीमा विवाद, एमसिसीजस्ता परियोजनाका दीर्घकालीन प्रभाव, विदेशी फाउन्डेसनहरूको चलखेल र बढ्दो ऋणभारले देशलाई गम्भीर संकटतर्फ धकेल्नेछ ।

हार्दिक बधाई तथा शुभकामना

विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरूको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा थप प्रगतिको कामना गर्दछौं । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण पन्थी
अध्यक्ष एवं
गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद, कतार

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक बधाई ।

पत्रिकाले निरन्तररुपमा वैदेशिक क्षेत्रका विषयमा उठाउँदै आएको आवाज थप बुलन्द बन्दै जानेछ भन्ने विश्वाससहित स्वतन्त्र, निष्पक्ष एवं व्यावसायिक पत्रकारिता गर्दै थप सफलता प्राप्त गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

किशोर शर्मा
म्यानेजिङ डाइरेक्टर एवं
अल स्किल्स इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि. परिवार
बसुन्धरा, काठमाडौं, नेपाल

हार्दिक बधाई तथा शुभकामना

विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरुको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा थप प्रगतिको कामना गर्दछौं । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री सजन लौडारी
अध्यक्ष एवं
लुम्बिनी प्रदेश समन्वय परिषद्, कतार परिवार

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक बधाई ।

पत्रिकाले निरन्तररुपमा वैदेशिक क्षेत्रका विषयमा उठाउँदै आएको आवाज थप बुलन्द बन्दै जानेछ भन्ने विश्वाससहित स्वतन्त्र, निष्पक्ष एवं व्यावसायिक पत्रकारिता गर्दै थप सफलता प्राप्त गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

Mahamad Jabar Din Miya
Managing, Director
Al-Zafar International Pvt. Ltd, Family
Samakhusi, Kathmandu, Nepal

हार्दिक बधाई तथा शुभकामना

विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरुको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा हार्दिक बधाई तथा थप प्रगतिको कामना गर्दछौं । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री डम्बर लिवाङ मिसेक
अध्यक्ष एवं
संघीय लिम्बुवान सामाजिक मञ्च
कतार परिवार

हार्दिक बधाई तथा शुभकामना

विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरुको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा थप प्रगतिको कामना गर्दछौं । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री गोरख चन्द ठकुरी
अध्यक्ष एवं
सुदूर पश्चिमेली नेपाली समाज
कतार, परिवार

# नेतृत्वको गणतान्त्रिक चरित्र



■ प्रा.डा. बद्रीविशाल पोखरेल

"कुनै पनि शासन सत्ता, प्रणाली र पद्धतिका आआफ्नै संस्कृति र संस्कारगत मान्यता हुन्छन् । त्यसका जगमा ती शासन प्रणाली स्थापित, विकसित तथा दीर्घजीवी बन्न सक्छन् । राजनीतिक रूपमा नेपाल गणतान्त्रिक युगमा प्रवेश गरे पनि सांस्कृतिक रूपमा राजा वा राजतन्त्रात्मक प्रवृत्ति अझै जिउँदो जाग्दो देखिन्छ ।"

२०६५ साल जेठ १५ गते नेपाल गणतान्त्रिक युगमा प्रवेश गरेको हो । यो शासन प्रणाली दुनियाँमा चलेका प्रणालीमध्ये उत्तम मानिन्छ । यो पद्धति कुनै पनि खाले सार रूपको राजतन्त्रात्मक व्यवस्था होइन । यो संसदीय बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीभन्दा विकसित शासन व्यवस्था हो । लोकतान्त्रिक विधि, पद्धति तथा प्रक्रियाबाट प्रत्यक्ष वा परोक्ष रूपमा जनताका छोरा वा छोरीलाई जनताले नै छान्ने वा चुन्ने प्रणाली गणतन्त्र हो । कुल, घरान र जन्मका आधारमा देशको शासन व्यवस्थाको उच्च स्थानमा राजा महाराजा हुने प्रणाली यो होइन । जन्मजात राजा महाराजा, जर्नेल, कर्णेल हुने प्रणालीभित्र गणतन्त्र पर्दैन । जुनसुकै भाषिक, भूगोल तथा सांस्कृतिक समुदायको देश र जनताको सेवामा समर्पित योग्य तथा योग्यतम व्यक्तित्व देशको उच्चतम अभिभावक हुने पद्धति नै गणतन्त्रको सार र रूप सौन्दर्य हो ।

अंग्रेजीको रिपब्लिकको समानार्थी शब्द गणतन्त्रले राष्ट्रपति वा राष्ट्राध्यक्षको परिकल्पना गरेको छ । यस प्रणालीमा राष्ट्रपति संविधानको मातहत हुन्छ, संविधानमाथि हुँदैन । यस प्रणालीमा जनतामा निहित सार्वभौमसत्ता संविधानतः प्रयोग गर्ने मात्र अधिकार निहित हुन्छ । यस खालको सीमाबद्धता कुनै पनि खाले राजन्त्रात्मक शासन प्रणालीमा हुँदैन । त्यसैले पूर्णतया जनताको नियमन, नियन्त्रण र निगरानीमा रही देश र जनताकै सर्वोपरि हितमा समर्पित शासन प्रणाली लोकतान्त्रिक गणतन्त्र हो । यो कुनै धर्म, जातजाति, नश्ल, भूगोल, खास धर्म र सस्कृति संकीर्णताभन्दा माथि हुन्छ र हुनुपर्छ । सम्पूर्ण जनताका सांस्कृतिक भावनालाई ससम्मान समेट्ने उच्च र उन्नत चेतको समतामूलक संस्कृतिको धरोहर हो, गणतन्त्र । देशको मूल अभिभावक, संविधानको रक्षक र पालनकर्ताका रूपमा राष्ट्रपतिलाई नेपालमा लिइन्छ । नेपालजस्तो बहुजातीय, धार्मिक तथा सांस्कृतिक मुलुकमा संवैधानिक राष्ट्रपतिको प्रणालीले सिंगो देशलाई जैविक रूपमा सम्मिलन गराउन सक्छ । वेद, मुन्धुम, किराँत, बौद्ध, इस्लाम आदि धार्मिक र सांस्कृतिक समष्टिमा मात्र समग्र देश प्रतिबिम्बित हुन्छ । यस खालको सप्तरंगी इन्द्रणी सौन्दर्य गणतन्त्रको आत्मा र अन्तर्य हो । गणतन्त्र कुनै पनि खाले विषमता, विभेद, उँचनीच विरोधी, अहंकारी भावनाको शून्य सहनशीलता हो । यस प्रणालीलाई स्थापित, विकसित र समृद्ध पार्न तदनुकूलको संस्कार शैली जीवन आदर्शको अभाव राजनीतिक प्रमुख नेतृत्वमा खड्कियो । फेरिएको परिस्थितिअनुसार आफूलाई किञ्चित बदल्न नचाहने अधिकांश प्रमुख नेता आफैं राजा महाराजा बन्न उद्यत देखिए । तिनमा गैर गणतान्त्रिक– चेत हावी र प्रभावी भयो । पूर्वराजा ज्ञानेन्द्र शाहले हाँसीहाँसी सदियौंदेखिको शासन सत्ता/राजदरबारबाट बहिर्गमन गरे । तर कांग्रेस-कम्युनिस्ट नेताहरू शासन सत्ता, शक्ति र सम्पत्तिका अति लुब्धा देखिए । यिनका कारण ती पार्टी जनसमक्ष कटुआलोचित भए । यस खालका चरम असन्तुष्टिको आगोमा खेलेर लुसिफरहरू देशलाई रसातलमा पुऱ्याउने ध्याउन्नमा देखिन्छन् । यस्तो नाजुक अवस्थामा एमालले जस्तो देशव्यापी सबल पार्टी यसका अध्यक्ष नै पार्टीमा अन्तर विग्रह र विखण्डन गर्न र गराउन उद्यत देखिन्छन् । कुनै पनि शासन सत्ता, प्रणाली र पद्धतिका आआफ्नै संस्कृति र संस्कारगत मान्यता हुन्छन् । त्यसका जगमा ती शासन प्रणाली स्थापित, विकसित तथा दीर्घजीवी बन्न सक्छन् । राजतन्त्रात्मक शासन प्रणाली रुढीग्रस्त धार्मिक सांस्कृतिक आधारमा बलशाली भएको हो । देश र जनताको आर्थिक भौतिक विकास खासै नगरे पनि राजतन्त्रले सामन्तवादी धार्मिक सांस्कृतिक कुरूप पक्षबाट प्रभावित बनायो । यसमा सुमधुर स्वर, गीत, संगीत तथा व्याख्यानमार्फत सामन्तवादले आमजनतालाई लठ्ठ बनायो । यसरी परोक्ष रूपमा आफ्नै चरम शोषण शासन गर्ने राजा/राजतन्त्र/सामन्तवादी संस्कृतिका लागि आमजनता मार्न पिट्न उद्यत भएका हुन् । यसैले राजनीतिक रूपमा नेपाल गणतान्त्रिक युगमा प्रवेश गरे पनि सांस्कृतिक रूपमा राजा वा राजतन्त्रात्मक प्रवृत्ति अझै जिउँदो जाग्दो देखिन्छ ।

वैदिक सनातन/हिन्दू धर्म सम्प्रदायले राजालाई भगवान्को अवतार मानेको हुँदा र यस खालको व्याख्यान हजार बार हुँदा जनमनमा राजा राजतन्त्र जब्बर बनेको हो । तर लोकतान्त्रिक चेतना अभिवृद्धि गर्न कुनै पाठ्यपुस्तक, पठन सामग्री र प्रवचन गर्नेबारे प्रमुख पार्टी उदासीन रहे ।

राजा राजतन्त्र सामन्तवादी प्रणालीमा राजा वा भावी राजालाई त्यस अनुकूलको व्यक्तित्व निर्माण र प्रवर्धन गर्न दरबारमै बौद्धिक, भौतिक नैतिक आचार र आचरणजस्ता विषयमा बाल्यवयदेखि नै सघन तालिम दिइन्छ तर राष्ट्रपति भएका व्यक्तित्वहरू तदनुकूलको बहुआयामिक उच्च अभिभावकीय आदर्श व्यक्तित्व निर्माणबारे बेखबरजस्तै देखिए । प्रमुख पार्टीका नेता र जनतामा राष्ट्रपतिबारे यदाकदा आवश्यक सम्मान नभएको दृश्य देखिन्छ । अझ प्रमुख पार्टीका एक अध्यक्षले राजा महाराजाका अगाडि राष्ट्रपति प्रभावहीन भन्नसम्म भ्याए । यो उनमा निहित सामन्तवादी कुरूप सांस्कृतिक अवशेषको परिणाम हो । जननेता मदन भण्डारीले राम्रो काम पनि राम्रै तरिकाले सम्पन्न गर्नुपर्छ भनेझैं राम्रोलाई राम्रै तरिकाले प्रस्तुत गर्न जान्नुपर्छ ।

संविधानतः नीति, विधि र पद्धतिका रूपमा नेपालमा गणतन्त्र स्थापित गरियो । तुलनात्मक रूपमा राजतन्त्र कालमा भन्दा आर्थिक भौतिक उपलब्धि देशमा भए । मात्रात्मक रूपमा विकास निर्माणका काम भए पनि गुणात्मक रूपान्तरणको काम भने पटक्कै भएनन् । मदनले मुलुकको धार्मिक, सांस्कृतिक नैतिक रूपान्तरणलाई आर्थिक भौतिक विकास सँगसँगै लैजानुपर्छ भन्ने कुरालाई बेवास्ता गरियो । यसले गर्दा लोकतान्त्रिक संस्कृतिको अभाव भएका नेतृत्वले आफैंले गणतान्त्रिक उन्नत सांस्कृतिक चेत ग्रहण गरेनन् । प्रथम महिला राष्ट्रपति विद्या भण्डारी अखिल नेपाल महिला संघको अध्यक्ष हुँदा उनकै प्रस्तावमा राजकीय र राजनीतिक क्षेत्रमा महिलालाई ३३ प्रतिशत आरक्षणको प्रक्रिया अघि बढेको थियो । जुन अहिले संवैधानिक हक बनेको छ । तीलगायत पछि परेका र पारिएका सीमान्तकृत समुदायको राजकीय निकायमा प्रतिनिधित्व गर्ने व्यवस्था संविधानतः भयो । तर तिनको बौद्धिक वैचारिक तथा सिर्जनात्मक उत्थान र विकास गर्नेबारे सतही सोच विद्यमान छ । त्यसैले मात्रात्मक रूपमा नेपालमा गणतन्त्र स्थापित भयो । यसलाई आर्थिक भौतिक विकाससँगै जोडेर सांस्कृतिक दृष्टिले सबल सक्षम तथा सुदृढ बनाउने कुरामा विशेष ध्यान दिनुपर्थ्यो । तर सामन्तवादी संस्कार र संस्कृति ग्रसित प्रमुख पार्टीका प्रमुख नेतृत्वका कारण नव स्थापित लोकतान्त्रिक गणतन्त्र धरापमा देखिन्छ ।



शे-फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल
शे-फोक्सुण्डो गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
धावा सम्डुक गुरुङ, अध्यक्ष
सुमन ढकाल, प्रमुख प्रशासकीय अधिकृत
पेम्मा वाङछेन गुरुङ, उपाध्यक्ष
शे-फोक्सुण्डो गाउँपालिका, साल्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल




त्रिवेणी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल
त्रिवेणी गाँउपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गणेश कुमार के.सी., अध्यक्ष
यज्ञ वहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत
राजकुमारी रेउले, उपाध्यक्ष
त्रिवेणी गाउँपालिका सिम्रुतु खारानेटा, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

बागमती गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर, बागमती प्रदेश, नेपाल
बागमती गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बिर बहादुर लोप्चन, अध्यक्ष
लोकहरी थापा, प्रमुख प्रशासकीय अधिकृत
भक्त बहादुर दर्लामी मगर (निशान), उपाध्यक्ष
बागमती गाउँपालिका भट्टेडाँडा, ललितपुर, बागमती प्रदेश, नेपाल

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा
बारपाक सुलिकोट गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णु प्रसाद भट्ट, अध्यक्ष
सुवास आले, प्रमुख प्रशासकीय अधिकृत
सन माया गुरुङ, उपाध्यक्ष
बारपाक सुलिकोट गाउँपालिका ताकुकोट, गोरखा

# संस्कृति परम्परा र आधुनिकताको द्वन्द्व



■ मुना बोहरा

> समाज विभिन्न प्रथा र परम्पराबाट सञ्चालन हुन्छ । ती धेरै पहिलादेखि नै समाजमा रहेको पाइन्छ । जसका स्रोत श्रुति, वेद, स्मृति, धर्मशास्त्र, पुराण आदि हुन् ।

नेपाली समाज परम्परागत रूपमा सामूहिक मूल्यमा आधारित छ । जातीय संरचना, धार्मिक आस्था, चाडपर्व र सामाजिक संस्कारले समाजलाई बाँध्ने काम गर्दै आएका छन् । चाडपर्व, विवाह संस्कार र श्राद्धजस्ता परम्पराले सामाजिक निरन्तरता कायम राखेका छन् । तर धेरै परिवर्तन भइसकेको छ ।

विधुवा महिलाले रातो पहिरन लगाउँदा परिवारदेखि समाजसम्मले वहिष्कार गरेका घटना अझै पनि ताजा नै छन् । मुस्लिम महिलाहरूले बुर्का खोलेर सामाजिक अभियानमा लाग्दा मुस्लिम समाजले बहिष्कार गरेका पात्र पनि समाजमा नै छन् । जो राज्यको नेतृत्वसम्म पुगेका छन् । अढाई दशकलाई फर्केर हेर्दा महिला नेपाली समाज तीव्र परिवर्तन हुँदै गइरहेको छ ।

प्रविधि, शिक्षा र विश्वव्यापी प्रभावसँगै जीवनशैली बदलिँदै जाँदा संस्कृतिभित्र परम्परा र आधुनिकता बीचको द्वन्द्व झन् स्पष्ट बन्दै गएको छ । यो द्वन्द्व आज विवाह, परिवार, धर्म, लैंगिक भूमिका र सामाजिक मूल्य-मान्यतासम्म फैलिएको छ। श्रीमान् बितेका महिलाहरूले सेतो वस्त्र अनिवार्य थियो । जसलाई विधुवा नारीको पहिचान बनाउँथ्यो । महिला राजी खुसी नहुँदा पनि परिवार वा श्रीमानको दबाबमा सन्तानको जन्म दिनुपर्ने दबाब थियो । त्यति मात्रै होइन श्रीमानको हिंसा सहेर बस्नुपर्ने बाध्यता पनि उत्तिकै थियो । आजको समाजलाई हेर्ने हो भने कुन महिला विधुवा, डिर्भोसी छुट्याउन गाह्रो छ । जसले गर्दा महिला समानतामा एकरूपता देखाउँछ। महिलाहरूले आफूले नचाहेको अवस्थामा गर्भ पतन गराउन पाउने कानुनी अधिकारसमेत पाएका छन् ।

समाजमा परम्परादेखि चलिरहेको बोक्सीजस्ता कुप्रथाबाट महिला प्रताडित हुने क्रम घट्दै गएको छ। जसलाई नियन्त्रण गर्न कानुनसमेत बनेको छ । परम्परासँग महिला उत्पीडन र दासताको निकै पुरानो सम्बन्ध छ। परम्पराको जन्जिरमै जेलिएर महिला दासताको अन्त्य हुँदै छ । अन्धविश्वास र कुरीतिजस्ता कुरासामु विरोध गर्दै आएका छन् । त्यही परम्पराभित्रको एउटा पर्व हो तीज र विवाह । तीजमा परम्पराकै खातिर पुरुष (पति)को गोडा धोएको पानी खुवाउने चलन छ । तर पछिल्लो समय बाध्यता छैन । त्यस्तै विवाहमा दुलहीले दुलाहाको खुट्टा ढोग्ने चलन थियो तर पछिल्लो समय दुलाहाले पनि दुलहीको खुट्टा ढोग्न थालेका छन् । नेपालमा महिला हिंसा नियन्त्रण गर्न कुरीति, कुप्रथा र परम्परा नियन्त्रण गर्न कनुन र ऐन बनेका छन् ।

नेपाली समाज अझै परम्परागत मान्यता, प्रचलन तथा रहनसहनबाट प्रभावित छ । हिन्दू समाजमा महिलालाई विद्या, शक्ति तथा धनकी प्रतीकका रूपमा त लिइन्छ तर महिला पुरुषको नियन्त्रणमा रहनुपर्ने सामाजिक मान्यताले पश्रय पाएकै छ । महिलालाई पुरुषको सहयोगी, दोस्रो दर्जाको मानव ठानिन्छ। विशेषगरी महिलालाई धर्म र संस्कृतिको वाहनामा परापूर्वकालदेखि विभेद र हिंसा हुँदै आएको छ । अझै पनि छाउपडी, देउकी, हलिया, कमैया, बोक्सी, कुमारीप्रथा, पर्दाप्रथा, आनी बन्ने आदिजस्ता कुसंस्कारबाट महिला पीडितै छन् । श्रीमानको मृत्यु भएपछि श्रीमती पनि ऊसँगै चितामा जिउँदै जल्नुपर्थ्यो जसलाई सतीप्रथा भनिन्थ्यो । सदियौंदेखि लादिएको यस्तो क्रुर प्रथा (सतीप्रथा) अन्त्यको घोषणा राजा त्रिभुवन शाहका पालामा चन्द्रशमशेरले १९७७ असार २५ गते गरेका थिए । त्यसयता यो प्रथा कानुनी रूपमा हटेको छ । यो प्रथा प्राचीनकालदेखि नेपाल र भारतमा प्रचलनमा रहेको कुरा इतिहासमा उल्लेख छ । यो प्रथा रोक्ने प्रयासमा राजा मानदेवकी आमा सती नजानु, मुलुकी ऐन १९१० को सुधार, वीरशमशेरको सरकारको अनुमतिमा मात्र सती जान पाइने घटनालाई मान्न सकिन्छ । तत्कालीन समयमा यो प्रथाले महिलाको समृद्धि र विकासमा ठुलो असर पारेको थियो ।

महिलाहरूको समृद्धि तथा हानिकारक परम्परागत अभ्यास अन्त्यका लागि नेपालको संविधान २०७२ को शोषणविरुद्धको हक धारा (२९) को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक प्रदान गरेको छ। यसैगरी, उपधारा (२) ले धर्म, प्रथा, परम्परा, संस्कार र प्रचलन वा अन्य कुनै पनि आधारमा कुनै पनि व्यक्तिलाई शोषण गर्न पाइनेछैन भनी स्पष्ट रूपमा व्याख्या गरेर हरेक व्यक्तिले हिंसामुक्त जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गरेको छ ।

चुलादेखि नै विद्रोह चिर्दै आएका महिला चुलोलाई नै आर्थिक सबल बन्न सफल भएका छन् । महिलाले हलो छुन हुँदैन भन्ने समाज महिलाहरूले खेतबारी जोतर देखाइदिएका परिवर्तनसँगै काजकिरियासम्ममा परिवर्तन भइसकेको छ । छोरीहरूले पनि छोरासरह आमाबुबाको काजकिरिया गर्न थालेका छन् ।

तर यिनै परम्पराभित्र छुवाछुत, लैंगिक विभेद, महिलामाथिको नियन्त्रण र सामाजिक असमानताजस्ता अभ्यास अझै जीवित छन् । परम्पराले पहिचान दिएको छ तर केही परम्पराले अवसर खोसेका पनि छन् । जस्तै महिलालाई घरभित्रै सीमित राख्नुपर्छ भन्ने परम्पराले अधिकार खोसिएको छ भने तर त्यसको



विद्रोह गर्दै वैदेशिक रोजगारीका लागि विभिन्न देशमा समेत पुगेका छन् ।

शिक्षा, सूचना प्रविधि, सामाजिक सञ्जाल र वैदेशिक रोजगारीले नेपाली समाजमा आधुनिक सोच भित्राएको छ। महिलाको शिक्षा र रोजगारी बढ्दै गएको छ । अन्तरजातीय विवाह, एकल परिवार र व्यक्तिगत स्वतन्त्रताप्रति आकर्षण बढ्दो छ ।

समयसँगै संस्कृति र परम्परा पनि परिवर्तन हुँदै गएको छ। ती पुरातन परम्परा परिमार्जित हुँदै आएका छन्। परम्पराको आत्मा जोगाउँदै परिवर्तन स्वीकार्नु नै संस्कृतिको रक्षा हो । परम्परा र आधुनिकताको द्वन्दले समाजमा सुधारको हुँदै गएको छ । महिला अधिकार आन्दोलन, दलितमुक्ति अभियान, बालविवाहविरुद्धको चेतना र लैंगिक समानताको बहस यही द्वन्द्वको उपज हुन् ।

परम्परा र आधुनिकताबीच सन्तुलन अपरिहार्य रहेको छ। मानव मूल्य, सामाजिक सद्भाव र सांस्कृतिक पहिचान जोगाउने परम्परालाई संरक्षण गर्नुपर्ने देखिन्छ तर नेपाली समाज अहिले संक्रमणकालीन मोडमा छ । परम्परा र आधुनिकताको द्वन्द्व विनाशको संकेत होइन, सामाजिक रूपान्तरणको प्रक्रिया हो । संवाद, सहिष्णुता र चेतनाको माध्यमबाट यो द्वन्द्वलाई संघर्ष होइन, सन्तुलित परिवर्तनको आधार बनाउने चुनौती अहिलेको समाजसामु छ ।

वंशजका आधारमा सन्तानलाई नागरिता दिने सोच, कानुनमा समेत परिर्वतन आएको छ । आमाको नामबाट नागरिकतासमेत पाउन थालेका छन् । वंशका अधिकारहरू, हिंसामुक्त भई सामाजिक सुरक्षासहित बाँच्न पाउने अधिकार, शरीर, बुद्धि र निर्णयमाथिको आफ्नो अधिकारजस्ता आधारभूत अधिकारहरूले आवश्यक चर्चा एवं स्थान पाउन थालेका छन् ।

समाज विभिन्न प्रथा र परम्पराबाट सञ्चालन हुन्छ। ती धेरै पहिलादेखि नै समाजमा रहेको पाइन्छ । जसका स्रोत श्रुति, वेद, स्मृति, धर्मशास्त्र, पुराण आदि हुन् । यस्ता प्रथा र परम्परालाई हाम्रा अग्रजले विभिन्न समयमा प्रचलनमा ल्याउँदै तथा आवश्यकताअनुसार परिमार्जन गर्दै गएको हो भन्ने कुरा इतिहासमा उल्लेख छन् । यसरी समाजमा प्रचलित सबै परम्परा महिला हिंसाका रूप होइनन् । सामाजिक, सांस्कृतिक रूपमा स्वीकार गरिएका त्यस्ता अभ्यास जसले महिलाको जीवनमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा असर पार्छन् त्यस्ता हानिकारक परम्परागत अभ्यास मात्र महिला हिंसाका स्वरूप हुन् ।

आठवीसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल
आठवीसकोट नगरपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रवि के.सी. — नगर प्रमुख
राजेश गौतम — प्रमुख प्रशासकीय अधिकृत
धन कुमारी शाही — उप-प्रमुख
आठवीसकोट नगरपालिका आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

सुनछहरी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल
सुनछहरी गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
धनबहादुर पुन मगर — अध्यक्ष
प्रेमबहादुर घर्ती — प्रमुख प्रशासकीय अधिकृत
ननकला घर्ती — उपाध्यक्ष
सुनछहरी गाउँपालिका पोबाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्, गोरखा, गण्डकी प्रदेश, नेपाल
शहिद लखन गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रेम गुरुङ — अध्यक्ष
बाबुराम मगर — प्रमुख प्रशासकीय अधिकृत
सकुन थापा — उपाध्यक्ष
शहिद लखन गाउँपालिका घैरुङ्, गोरखा, गण्डकी प्रदेश, नेपाल

छत्रेश्वरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
छत्रेश्वरी गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ओज बहादुर बुढाथोकी — अध्यक्ष
दिपक बुढाथोकी — प्रमुख प्रशासकीय अधिकृत
बुद्ध कुमारी खत्री — उपाध्यक्ष
छत्रेश्वरी गाउँपालिका कर्णाली प्रदेश, नेपाल

एक्सप्रेस कलर प्रेस कं.प्रा.लि.
EXCOP
फोनः ५२४२८१०,९८१५-२२५९०८ १५६-सिद्धार्थमार्ग, शंखमुल, काठमाण्डौं । ईमेलः expresscolorpress@gmail.com
उचित मुल्यमा दैनिक, साप्ताहिक, पाक्षिक र मासिक
सय प्रति दखि पत्रिका छाप्नुहोस् लाखौं प्रति सम्म
सीधा काटिएको हुन्छ
९०० प्रतिसम्म फोल्ड नहुने
अब प्लेट, छपाई र वाण्डिङ्ग एकै छाना मुनी
डिजाईन दिनुस् र पत्रिका, पुस्तक लिईजानुस् ।।।
करौंती जस्तो काटिएको हुन्छ
मध्यान्ह
अभियान
कारोबार
आर्थिक
द नेपाल टप
जन सवाल
प्रभाव दैनिक
सौर्य दैनिक
साप्ताहिक, दैनिक प्लेट सहित छपाई सुपथ मूल्यमा
१,००,००० प्रतिसम्म
फोल्ड भई आउने
सरकारी विधालयका पुस्तकहरू (पाठ्यक्रम बिकास केन्द्र) सुपथ मुल्यमा धमाधम बिक्री भईरहेकोछ ।
साथै विध्यालयका पुस्तक, पाम्प्लेट, पोष्टर आदिको लागि सम्झनुहोस् ।

# निजीकरण, प्राविधिक शिक्षा र डिजिटल कक्षा



■ पूजा न्यौपाने

“दुई दशकमा नेपालको शिक्षा प्रणालीले निजीकरण, प्राविधिक शिक्षा र डिजिटल शिक्षाको क्षेत्रमा उल्लेख्य प्रगति गरेको छ । निजीकरणले अधिक विकल्प प्रदान गरेको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले सिप-आधारित शिक्षा अघि बढाएको छ । डिजिटल कक्षाले शिक्षालाई प्रविधिमैत्री बनाएको छ ।

नेपालको शिक्षा प्रणाली रूपान्तरणको चरणमा छ । विगत दुई दशकमा विद्यालयदेखि विश्वविद्यालयसम्म प्राविधिक तालिमदेखि डिजिटल सिकाइसम्म, सबै तहमा सुधार देखिएका छन् । निजीकरण, प्राविधिक शिक्षा र डिजिटल कक्षाजस्ता आयामले नेपालको शिक्षालाई नयाँ दिशा दिएका छन् । नेपालको शिक्षा प्रणालीमा पछिल्लो दुई दशकमा निजी क्षेत्रको संलग्नता उल्लेख्य रूपमा बढेको छ । प्राथमिकदेखि माध्यमिक तहसम्म निजी विद्यालयहरूको संख्या बढ्दै गएको छ । उच्च शिक्षामा निजी लगानीले गर्दा ८० प्रतिशत क्याम्पस प्राविधिक-प्राविधिक तथा व्यावसायिक विषयमा पढाउने ट्रेन्ड देखिएको छ, जसले बजार माग र रोजगारी व्यवस्थापनलाई सुनिश्चित गर्ने प्रयास गरेको छ । निजीकरणले सार्वजनिक शिक्षामा देखिएको भिड, ढिलासुस्ती र स्रोत अभावको विकल्प दिएको छ । निजी संस्थाहरूले नयाँ विषय, व्यवस्थापन दक्षता र बजारमुखी पाठ्यक्रम ल्याएका छन् । उच्च शिक्षामा व्यवस्थापन, सूचना प्रविधि, स्वास्थ्य विज्ञान र इन्जिनियरिङजस्ता क्षेत्रमा निजी कलेजहरूको योगदान उल्लेखनीय छ ।

अहिले मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५ हजार बढी विद्यालय सञ्चालनमा छन् भने करिब ८ हजार निजी विद्यालय छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीलाई सेवाप्रवाह गरिरहेको छ । पछिल्लो १० वर्षको एसएलसी वा एसइई परीक्षाको नतिजाको उत्तीर्ण प्रतिशत हेर्ने हो भने निजी विद्यालयको उत्तीर्ण प्रतिशत लगभग ९० प्रतिशतको हाराहारीमा छ । यसको अर्थ निजी विद्यालयले शैक्षिक गुणस्तरमा पनि ध्यान दिएको देखिन्छ ।

निजी संस्थाहरूले सुविधा, आधुनिक कक्षाको प्रयोग, अंग्रेजी भाषा, नियमसंगत उपस्थितिलाई बढी ध्यान दिए । सामाजिक असमानता र खर्चिलो शुल्क लागू हुने ती संस्थाहरूले सरकारी शिक्षा प्रणालीलाई कामै नलाग्ने अवस्थामा छ भन्ने भाष्य पनि सिर्जना गर्न सहयोगी भए । तर जे भए पनि शिक्षा क्षेत्रमा देखिएको यो परिवर्तन अथवा निजीकरणको प्रभावले सरकार पनि आफ्नो शिक्षा प्रणालीमा सुधार गर्न बाध्य भएको छ, यो सकारात्मक पक्ष हो ।

अंग्रेजी भाषा बोल्न सक्नु ठुलो कुरा नहुन सक्छ । अंग्रेजीमा कमजोर भएकै कारण अवसरबाट वञ्चित हुनुपर्ने अवस्था आउनु ठुलो कुरा पक्कै हो । निजी विद्यालयले उत्पादन गरेका विद्यार्थी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छन् । यसका लागि भाषाको मात्र भूमिका नभएर सिकाइको तहले पनि फरक पारेको छ ।

तर निजीकरणसँगै शिक्षा क्रमशः महँगो बन्दै गएको यथार्थ पनि लुकाउन मिल्दैन । आर्थिक हैसियत कमजोर भएका परिवारका लागि गुणस्तरीय शिक्षा पहुँचबाहिर जाने जोखिम बढेको छ । यसले शिक्षा सामाजिक समानताको साधनभन्दा पनि वर्गीय विभाजनको कारक बन्दै गएको आलोचना जन्माएको छ । राज्यले निजीकरणलाई नियन्त्रण, नियमन र सार्वजनिक-निजी साझेदारीको सन्तुलित मोडेलमा लैजान नसक्दा यो बहस अझ चर्किएको हो ।

त्यस्तै, शिक्षा प्रणालीमा देखिएको अर्को महत्वपूर्ण पक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पनि हो । २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सिटिइभिटीको स्थापना भयो । अहिले यसको नेटवर्क र कार्यक्रम देशभरि नै विस्तार भएको छ । पछिल्ला प्रतिवेदनहरूमा १ हजार ६ सय ६५ संस्थाहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरेको पुष्टि छ ।

विशेषगरी २०६० सालपछि प्राविधिक विद्यालय, डिप्लोमा कार्यक्रम, छोटो अवधिका तालिम र सिप परीक्षण प्रणाली विस्तार भएको देखिन्छ । इन्जिनियरिङ, स्वास्थ्य, कृषि, होटल व्यवस्थापन, अटोमेकानिक्स, इलेक्ट्रोनिक्स र सूचना प्रविधिजस्ता क्षेत्रमा प्राविधिक शिक्षा लिने युवाको संख्या बढेको छ । ग्रामीण क्षेत्रका युवालाई सिपमार्फत रोजगारीमा जोड्ने प्रयास पनि भएका छन् । वैदेशिक रोजगारीमा जाने युवाका लागि सिप प्रमाणीकरण र तालिमले आयस्तर सुधार गर्न सहयोग पुऱ्याएको छ ।

यसमा पनि विद्यार्थी भर्नादर र पाठ्यक्रम अनुरूपबजार मागबीचको अन्तर अझै छ । प्राविधिक शिक्षा कार्यक्रम सबै स्थानीय तहमा समान रूपमा पुग्न सकेको छैन । तथापि उत्पादन एवं रोजगारमूलक शिक्षाका लागि प्राविधिक शिक्षा महत्वपूर्ण बनेको देखिन्छ ।

नेपालको शिक्षामा देखिएको अर्को महत्वपूर्ण आयाम डिजिटल कक्षा पनि हो । डिजिटल कक्षा अथवा शिक्षा इन्टरनेट, कम्प्युटर, अनलाइन प्लेटफर्ममार्फत गरिने शिक्षण-सिकाइ हो । नेपालको सन्दर्भमा कोभिड-१९ महामारीपछि डिजिटल कक्षा तीव्र गतिमा प्रयोगमा आएको देखिन्छ । विद्यालय र कलेज बन्द हुँदा अनलाइन कक्षा, भर्चुअल परीक्षा, डिजिटल सामग्री र टेलिभिजन/रेडियो शिक्षाको प्रयोग व्यापक बन्यो । यसले शिक्षक र विद्यार्थी दुवैलाई प्रविधिसँग नजिक ल्यायो । डिजिटल कक्षाले समय र स्थानको सीमालाई तोडेको छ ।

सिकाइ चौतारी, एडुसफ्ट नेपाल, सेडेपकालगायतका डिजिटल प्लेटफर्ममार्फत आजभोलि घरमै बसेर पनि पढाइ गर्न सकिन्छ । आधारभूतदेखि माध्यमिक र विश्वविद्यालय तहसम्म र अन्य प्रतिस्पर्धात्मक पढाइ र सिकाइका लागि पनि डिजिटल कक्षा र प्लेटफर्म महत्वपूर्ण साबित भएका छन् । तथापि इन्टरनेट र कम्प्युटर दुवैको पहुँचमा असमानता अपूरो रहेको र सबै विद्यार्थीलाई डिजिटल शिक्षा बराबरीले प्राप्त नभएको गुनासा छन् ।

विगत दुई दशकमा नेपालको शिक्षा प्रणालीले निजीकरण, प्राविधिक शिक्षा र डिजिटल शिक्षाको क्षेत्रमा उल्लेख्य प्रगति गरेका छन् । निजीकरणले अधिक विकल्प प्रदान गरेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले सिप-आधारित शिक्षा अघि बढाएको छ । डिजिटल कक्षाले शिक्षालाई प्रविधिमैत्री बनाएको छ । सरकारले निजी विद्यालयमाथि नियमन गर्नुपर्छ । प्राविधिक शिक्षालाई उद्योग, कृषि र सेवासँग जोड्नुपर्छ । डिजिटल कक्षालाई सबै विद्यार्थीको पहुँचमा पुऱ्याउन राज्यले प्रविधि पूर्वाधारमा लगानी बढाउनुपर्छ । यसो गरियो भने शिक्षा केवल प्रमाणपत्रको माध्यम नभई नेपालको आर्थिक र सामाजिक रूपान्तरणको मेरुदण्ड बन्न सक्छ ।



डोल्पो बुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल

डोल्पो बुद्ध गाउँपालिकाको अनुरोध

- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कार्मा छोइवेल गुरुङ, अध्यक्ष
मन बहादुर थापा, प्रमुख प्रशासकीय अधिकृत
पेम्मा धोर्चे गुरुङ, उपाध्यक्ष

डोल्पो बुद्ध गाउँपालिका धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट, रुकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल

मुसिकोट नगरपालिकाको अनुरोध

- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

महेन्द्र केसी, नगर प्रमुख
गौरी प्रसाद आचार्य, प्रमुख प्रशासकीय अधिकृत
बिमल कुमार पुन मगर, उप-प्रमुख

मुसिकोट नगरपालिका मुसिकोट, रूकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल



# संघीयताले फेरेको सिंहदरबार

## ठुला निर्णयमा स्थानीय तह र प्रदेशको सहभागिता अनिवार्य



■ मुकुन्द लामिछाने

> जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकाले विकास, सेवाप्रवाह र नीति कार्यान्वयनमा उनीहरूको भूमिका निर्णायक छ । प्रदेश सरकार संघीय संरचनाको मध्यस्तम्भ हो, जसले स्थानीय आवश्यकता र राष्ट्रिय नीतिबीच सेतुको काम गर्छ ।

१७ पुसमा निर्वाचन आयोगले गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नेपाल नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघका प्रमुख तथा प्रतिनिधिसँग छलफल गऱ्यो । विषय थियो- २१ फागुनको निर्वाचनको तयारी । निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार उनीहरूसँग मतदाता शिक्षा कार्यक्रम, मतदानको वातावरण, निर्वाचन सुरक्षा, निर्वाचन आचारसंहिता कार्यान्वयनलगायतका विषयमा कुराकानी भयो । १८ पुसमा निर्वाचन आयोगमै आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता भट्टराईले भने, 'चुनाव प्रतिनिधि सभाको हुँदै गरेको भए तापनि तीनवटै तहको सरकारको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । उहाँहरूको राय लियौं र अगाडि बढ्ने विषयमा उहाँहरूको साथ खोज्यौं ।' यसैगरी प्रदेशका प्रतिनिधिसँग समेत आयोगले समन्वय गरेको छ । अर्थात् निर्वाचन आयोगले निर्वाचन हुँदै गर्दा प्रदेश र स्थानीय तहको साथ खोजेको छ । नेपाल संघीय संरचनामा आउनु अगाडि नि स्थानीय निकाय थियो । त्यसबेला आयोग केन्द्र सरकारको निर्णय कार्यान्वयन गर्थ्यो र स्थानीय निकायलाई कार्यान्वयन गर्न निर्देशन जारी गर्थ्यो । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेसँगै स्थानीय तहले निर्देशन पालना गर्ने निकायका रूपमा छैन । सुझाव दिन्छ र सिंहदरबारको निर्णय सच्याउने वा बदल्ने हैसियत राख्छ । यो त एउटा उदाहरण मात्रै हो । सिंहदरबारमा हुने हरनिर्णयमा स्थानीय तह र प्रदेशको सहभागिता र अपनत्व अनिवार्य छ । केन्द्रीय शासन सत्तामा जो आए तापनि उनीहरू आफ्नो योजना र जिम्मेवारी पूरा गर्ने सन्दर्भमा स्थानीय तह र प्रदेशको साथ लिन बाध्य हुन्छन् ।

२३ र २४ भदौको जेनजी आन्दोलनले तत्कालीन सरकार अपदस्त गऱ्यो र अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले प्रधानमन्त्री भएलगत्तै प्रदेश सरकार र स्थानीय सरकारको साथ खोजिन् । १६ कात्तिकमा सातै प्रदेशका मुख्यमन्त्रीलाई प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार बोलाएर राय



लिइन् । सो छलफलको विषय थियो- परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीचको सहकार्य कसरी अगाडि बढाउने ? त्यसदिनको छलफलपछि प्रधानमन्त्रीका प्रेस संयोजक राम रावलले भने, 'बैठकमा संघ र प्रदेशबीचको सम्बन्ध, संवाद आदानप्रदान, परिवर्तित परिस्थितिमा सकारकारका काम कारबाहीलाई कसरी प्रभावकारी बनाउने, शान्ति सुरक्षा, सरकारको मितव्ययी नीतिजस्ता विषयमा छलफल भए ।' अर्थात्, संघ सरकार एक्लै अगाडि बढ्न सक्ने अवस्था छैन । संघीय शासन प्रणालीले सिंहदरबारमा रहेको अधिकार विकेन्द्रित गरेको छ । यसकारण केन्द्रीकृत शासन व्यवस्थामा जस्तो सिंहदरबार मात्रै शक्ति-केन्द्र रहेन । संविधानले राज्यशक्तिलाई संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरेपछि निर्णय प्रक्रिया र कार्यान्वयन दुवैमा तीनवटै सरकार जिम्मेवार छन् । तथापि, संविधानको मर्मअनुसार व्यवहारगत रूपमा अझै पनि धेरै ठुला नीति, योजना र निर्णय सिंहदरबारमै सीमित रहेको र यसले संघीयताको मर्म र उद्देश्यमाथि प्रहार गरेको भनेर आलोचना गर्नेहरू पनि उत्तकै छन् ।

संघीयता विज्ञ डा. खिमलाल देवकोटाको नजरमा संविधानले अधिकार त बाँड्यो तर सिंहदरबारले सोच बाँड्न सकेको छैन । छलफलका लागि छलफल गर्ने अभ्यास स्थापित भएको छ तर सिंहदरबारबाटै निर्णय गरेर कार्यान्वयन गराउने कोसिस पनि हुँदै आएको छ । उनका अनुसार ठुला नीति र योजना बनाउँदा प्रदेश र स्थानीय तहलाई विश्वासमा नलिनु संघीयताको मूल आत्माविपरीत हो । संघीयता भनेको अधिकार हस्तान्तरण मात्र होइन, निर्णय प्रक्रियाको लोकतन्त्रीकरण हो । यसमा अझै व्यवहारजन्य सुधार आवश्यक छ । ताकि पछिल्लो समय जेनजी आन्दोलनले खोजेको भ्रष्टाचार नियन्त्रण, सुशासन र जवाफदेहिता सही अर्थमा कार्यान्वयनमा आउन सकोस् ।

राजनीतिक विश्लेषक लोकराज बरालको बुझाइमा पनि नेपालमा संघीयताको कार्यान्वयन कागजमा लागू भयो । व्यवहारमा अझै एकात्मक राज्यकै अभ्यास देखिन्छ । बजेट, कर्मचारी व्यवस्थापन, सुरक्षा, ठुला पूर्वाधार र प्राकृतिक स्रोतको निर्णयमा केन्द्रको वर्चस्व कायम रहँदा प्रदेश र स्थानीय तहले संविधानतः प्राप्त अधिकारको अभ्यास गर्न पाएका वा सकेका छैनन् । तथापि, व्यवहार सुधार्दा मात्रै धेरै ठुलो प्रगति छिटो हुने अवस्था छ । यस्तो वातावरण बनाउन सक्ने परिस्थितिको निर्माण पनि हुँदै गएको छ । जसले केन्द्रीकृत शासन व्यवस्थाकै जस्तो सिंहदरबार एक्लै अगाडि बढ्न सक्ने अवस्था छैन । किनभने संविधानले नै स्थानीय तहलाई सरकारकै हैसियत दिएको छ । जनताको सबैभन्दा नजिकको सरकार भएकाले विकास, सेवाप्रवाह र नीति कार्यान्वयनमा उनीहरूको भूमिका निर्णायक छ । प्रदेश सरकार संघीय संरचनाको मध्यस्तम्भ हो, जसले स्थानीय आवश्यकता र राष्ट्रिय नीतिबीच सेतुको काम गर्छ । अब गर्नुपर्ने सुधार भनेको ठुला राष्ट्रिय निर्णयमा प्रदेश र स्थानीय सरकारको थप बलियो सहभागिता हो । जस्तै बजेटको प्राथमिकता, ठुला पूर्वाधार आयोजना, प्राकृतिक स्रोतको उपयोग, शिक्षा-स्वास्थ्य नीतिमा प्रदेश र स्थानीय तहसँग पर्याप्त परामर्श हुन आवश्यक छ । ताकि संघीयताको आत्मा बलियो बन्न सकोस् र फेरिएको सिंहदरबारको अनुभूति कागजबाट व्यवहारमै जनताले गर्न पाऊन् ।

संघीयता विज्ञ डा. देवकोटा र राजनीतिक विश्लेषक बराल दुवैका नजरमा संघीयताले सिंहदरबारलाई सानो बनाएको छैन्, बरु जिम्मेवार बनाएको छ । संघीयतापछि सिंहदरबार आदेश दिने थलोबाट समन्वय गर्ने, सहजीकरण गर्ने र साझा निर्णयको नेतृत्व गर्ने भूमिका बदलिएको छ । प्रदेश र स्थानीय तहलाई केवल कार्यान्वयनकर्ता ठान्ने पुरानो केन्द्रीकृत मानसिकता पनि तोडिँदै छ । ठुला राष्ट्रिय निर्णयमा प्रदेश र स्थानीय तहको सहभागिता बदलिएको सिंहदरबारको सिम्बोल मात्र मात्र होइन, लोकतन्त्रको विस्तार पनि हो । यसले हरेक निर्णयलाई व्यावहारिक, समावेशी र जनउत्तरदायी बनाउँछ । स्थानीय तहले भोगेका समस्या, प्रदेशले देखेका सम्भावना र केन्द्रको राष्ट्रिय दृष्टिकोण एउटै मञ्चमा राख्ने अभ्यासको निरन्तरताले दिगो नीति बन्छ र मुलुकले समग्रतामा गति लिन्छ ।




# अन्नबालीको प्रेम



■ झलक शर्मा

रोजगारी सिर्जना, भोकमरीको अन्त्य, सक्षम जनशक्ति निर्माण र खाद्यान्नको पहुँच स्थापित गर्ने कृषि क्षेत्रले नै हो । तसर्थ सुदूरपश्चिम प्रदेशका किसानले देखाएको कृषिप्रतिको प्रेमलाई सदैव जोगाउनु आवश्यक छ ।



कञ्चनपुर र कैलाली जिल्लालाई कृषियोग्य जमिनका रूपमा चिन्न सकिन्छ । यहाँको जमिन प्रायः बाँझो छैन । यतिबेला गहुँ उम्रिएर हरियाली हुने र तोरी फुलेर पहेंलपुरे हुने दृश्य देख्न पाइन्छ । कृषकको मेहनत र पसिना त्यस दृश्यले देखाउने सुन्दरतामा स्पष्ट देख्न सकिन्छ । विगतमा यात्रा गर्दा पूर्वी तराईका सडक छेउछाउका जमिन केही बाँझो देखिन्थ्यो भने पश्चिम तराईमा भने अझै अन्नबालीबाट नै जीविका गुजार्ने प्रयत्न किसानको देखियो । सुदूरपश्चिमका किसानले देखाएको ती मिहेनत समग्र देशका किसानले सिको गरे खाद्यान्नमा भारतसँग निर्भर रहनुपर्दैन । सुदूरपश्चिमका तराई क्षेत्रका कैलाली र कञ्चनपुर जिल्लाहरूले भरतको सिमानालाई छुने गर्छन् । कैलालीमा गौरिफन्टा र कञ्चनपुरमा गड्डाचौकी नाका रहेका छन् । यहाँ नाका भन्सारलाई किन जोडियो भने भारतीय बजार नेपाली बजारभन्दा निकै सस्तो रहेको छ । खुला सिमानाका कारण नेपालीहरू भारतीय बजारमा किनमेल गर्न रुचाउँछन् । भारतमा चिनी, तेल, चामललगायत दैनिक उपभोग्य सामान सस्तो पाइने भएका कारण भारतबाट नै ल्याउने प्रयत्न नेपालीहरूले गरेका हुन्छन् । त्यसो त नेपाली किसानले उत्पादन गरेका धान, गहुँ, मकै, दालहरू, तेरी, तेलले बजार कहिले पाउँछ भन्ने प्रश्न उठ्छ ।

उत्पादनलाई व्यवस्थित रूपबाट बजारीकरण गरियो भने नेपालमा अन्य देशबाट खाद्यान्न आयात गर्न पर्दैन । यसमा संघीय सरकारको ध्यान कम पुगेको छ । सुदूरपश्चिम प्रदेश संघीय राजधानीबाट टाढा पर्छ । टाढा भएर नै सुदूरपश्चिम नामकरण भयो । राज्यको नजर सुदूरतिर कमै मात्रामा पर्छ । सुदूरपश्चिमका पहाडी जिल्लालाई त राज्यले सदैव उपेक्षा गरेको महसुस गराउँछ । सुदूरकै तराई भेगका जिल्ला भने केही विकसित हुँदै गएका छन् । कैलाली जिल्ला सुदूरपश्चिमको राजधानी रहेको छ । तथापि यो प्रदेशका नागरिकमा आन्नबालीप्रतिको प्रेम अगाध छ ।

तराई क्षेत्र अन्नबाली, दलहन तेलहनको भण्डार हो भने पहाडी क्षेत्र जडीबुटी र फलफूलको उद्यान नै हो । प्रदेश वस्तुगत विवरण २०८२ अनुसार कैलालीमा १ लाख ६० हजार २ सय ४० र कञ्चनपुरमा ९५ हजार ८ सय ९० मेक्ट्रिटन धानको बासलात रहेको छ भने गहुँ कैलालीमा ८८ हजार ७ सय ५१ र कञ्चनपुरमा ७८ हजार ९ सय ४४ मेक्ट्रिटन रहेको छ । सुदूरपश्चिम प्रदेशको २०७९/८० को खाद्य सुरक्षा स्थितिलाई विश्लेषण गर्दा कैलाली, कञ्चनपुर, अक्षाम र बझाङ जिल्लाहरूमा खाद्यान्न पुग्ने देखिन्छ भने डोटी, बैतडी, डडेल्धुरा, दार्चुला, बाजुरामा खाद्यान्न अपुग देखिन्छ । सुदूरपश्चिम प्रदेशको २०८०/८१ मा १ लाख ५६ हजार २ सय ८९ क्षेत्रफल हेक्टरमा धान लगाइएको छ भने धानको उत्पादन ५ लाख ९९ हजार १ सय २४ मेक्ट्रिटन रहेको छ । त्यस्तै १ लाख २८ हजार ६ सय १० क्षेत्रफल हेक्टरमा गहुँ लगाइएको छ भने त्यसको उत्पादन ३ लाख ५१ हजार ६ सय १० मेक्ट्रिटन रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार सुदूरपश्चिम प्रदेशमा ९ लाख ६५ हजार ३ सय ५७ जना कृषि, वन र माछापालन कार्यका लागि दक्ष कामदार रहेका छन् ।

यस्ता तथ्यांकहरूले नेपाल खाद्यान्न बालीमा सक्षम रहेको तर त्यसको बजारीकरणको अभावका कारण खाद्यान्नमा नै परनिर्भरता रहन गएको तथ्य पत्ता लगाउन सकिन्छ । नेपालको खाद्यान्न भारतले सस्तो मूल्यमा खरिद गरेर त्यसको प्रसोधन गरी पुन नेपाललाई महँगो मूल्यमा नेपाली बजारलाई हस्तक्षेप गरी बिक्री वितरण गर्दा यस्तो परिस्थिति सिर्जना भएको आँकलन गर्न सकिन्छ । सीमा क्षेत्रमा हुने असमान बजारले गर्दा नेपाली सीमावर्ती बजारमा शून्यता छाएको छ । तसर्थ कृषि उत्पादन वृद्धिमा राज्यको दृष्टि पुग्नु जरुरी छ । तथ्यांकहरूमा धान, चामल, गहुँ निर्यात भएकोमा खुसी व्यक्त गरिरहँदा त्यही सामान पुनः आयात हुनु दुखद् विषय बनेको छ । त्यसका लागि कृषकले उत्पादन गरेको अन्नबालीको समय सापेक्ष खरिद समर्थन मूल्य तोकी किसानलाई मनग्य आम्दानी भएको महसुस गराउनुपर्छ । त्यसैगरी खाद्यान्न प्रशोधन र वितरणमा निजी क्षेत्रलाई आकर्षण गराई दूरदराजमा खाद्यान्नको पहुँच पुऱ्याउनु आवश्यक छ । यसले गर्दा नेपालको खाद्यान्नले नेपालमा नै बजार पाउने गर्दछ । कृषकमा पनि कृषिबाली उत्पादनमा उत्साहित भई उत्पादकत्व वृद्धि हुने गर्दछ । त्यसका लागि कृषक राहत कार्यक्रम, कृषि विमा, तालिम, सिँचाइको व्यवस्था राज्यले गर्नुपर्छ । नेपालमा कृषिमा श्रम गर्ने श्रमिकको अभाव महसुस गरिँदै आइएको छ । राज्यबाट श्रमिकको व्यवस्था गर्ने, श्रम गरेअनुरूपको ज्याला, पारिश्रमिक उपलब्ध गराउन निश्चित मापदण्ड तोकिनुपर्छ ।

कृषकले उत्पादन गरेको वस्तुलाई बजारसम्म पुऱ्याउन एवं विकट जिल्लाहरूमा वितरण गर्न सरकारले निःशुल्क वा केही राहतमा ढुवानी सेवाको व्यवस्था मिलाउनुपर्छ । परम्परागत कृषि प्रणालीलाई व्यवसायीकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नतर्फ राज्यको ध्यान जानु जरुरी छ । कृषि क्षेत्रमा अधिकतम दक्ष जनशक्ति भित्र्याई कृषिलाई प्रमुख पेसाका रूपमा रूपान्तरण गर्न सक्नुपर्दछ । सीमावर्ती क्षेत्र वा नेपालका अन्य बजार पूर्ण प्रतिस्पर्धाको अवधारणाबाट सञ्चालित गरी गुणस्तरीय खाद्यवस्तुलाई सस्तो मूल्यमा प्राप्त गर्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । निजी, सामूहिक, करार र सहकारीमार्फत कृषि सुपरजोन वा जोनसरहको क्षेत्रफलमा व्यावसायिक खेती वा पशुपालन गरेमा सोहीबराबरको अनुदान सुविधा किसानलाई राज्यले उपलब्ध गराउनुपर्छ । कृषिमा राज्यले पर्याप्त लगानी गर्ने हो भने समृद्ध मुलुक स्थापित गर्न सकिन्छ । रोजगारी सिर्जना, भोकमरीको अन्त्य, सक्षम जनशक्ति निर्माण र खाद्यान्नको पहुँच स्थापित गर्ने कृषि क्षेत्रले नै हो । तसर्थ सुदूरपश्चिम प्रदेशका किसानले देखाएको कृषिप्रतिको प्रेमलाई सदैव जोगाउनु आवश्यक छ ।






# मुद्रितबाट मल्टिमिडियासम्म



जानकी पाठक

**मल्टिमिडिया अभिव्यक्तिले भाषामा लचिलोपनदेखि विश्वव्यापी पहुँच दिएको छ । सानो समुदायको भाषा पनि डिजिटल माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा चिनिन सकेका छन् । शिक्षा, सञ्चार र सिर्जनात्मक क्षेत्रमा नयाँ सम्भावना खुलेका छन् ।**

अभिव्यक्तिको मूल आधार भाषा हो । भाषा मानवले निर्माण गरेको शक्तिशाली एवं सामूहिक आविष्कार पनि हो । एकअर्कासँग सहकार्य गर्न संकेत, ध्वनि र शब्दहरूको प्रयोगबाट सुरु भएको भाषा समयक्रमसँगै लेखिने र छापिने माध्यमका रूपमा विकास भयो । आजको डिजिटल युगमा दृश्य-श्रव्य माध्यमसँग जोडिएर बहुआयामिक अभिव्यक्तिका रूपमा भाषा विकसित भएको छ । मुद्रित शब्दबाट सुरु भएको अभिव्यक्तिको यात्रा आज मल्टिमिडिया प्लेटफर्मसम्म आइपुगेको छ, जसले भाषा प्रयोग गर्ने शैली, प्रभाव र पहुँचलाई पूर्ण रूपमा परिवर्तन गरिदिएको छ ।

मुद्रण प्रविधिको विकासले भाषिक अभिव्यक्तिमा क्रान्ति ल्यायो । नेपालमा पहिलोपटक १९०८ सालमा छापाखानाको प्रयोग भएको हो । जसलाई गिद्दे प्रेसको नामले चिनिन्छ । प्रधानमन्त्री जंगबहादुर राणाले बेलायत भ्रमणबाट फर्कंदा ल्याएको हाते छापाखाना थापाथली दरबारमा जडान गरी सञ्चालन गरेका थिए । १९५८ सालमा गोरखापत्र प्रकाशनपछि नेपाली भाषा विस्तारमा महत्वपूर्ण आयाम थपियो । विस्तारै नेपालमा पत्रपत्रिका, जर्नल र पर्चाहरूको प्रकाशन हुन थाल्यो, जसले विचारलाई स्थायी रूप दिए । साहित्य, दर्शन, राजनीति र विज्ञानका कुराहरू मुद्रित माध्यममार्फत फैलिन सके । औपचारिक, संरचित र व्याकरणमा आधारित भाषा विस्तारै सरलीकृत हुँदै आजको युगसम्म आइपुगेको छ ।

मुद्रित शब्दको सीमा पनि थियो । जसका कारण अशिक्षित वा कम शिक्षित वर्गले यसलाई बुझ्न कठिन हुने अवस्था थियो । समयसँगै सहज, छिटो र प्रभावकारी अभिव्यक्तिको खोजीका लागि भाषामा श्रव्य र दृश्य पनि जोडिन पुग्यो । रेडियो र टेलिभिजनको विकाससँगै भाषिक अभिव्यक्ति पनि नयाँ चरणमा प्रवेश गर्‍यो । रेडियोले आवाज र टेलिभिजनले दृश्य र शब्दलाई एकसाथ प्रस्तुत गर्‍यो । यससँगै भाषा पढिने मात्र होइन, सुनिने र देखिने पनि बन्यो । समाचार, नाटक, गीत, अन्तर्वार्ता र वृत्तचित्रहरूले भाषालाई जनजीवनसँग अझ नजिक ल्याए ।

इन्टरनेट र डिजिटल प्रविधिको विकाससँगै भाषिक अभिव्यक्ति बहुआयामिक बन्न पुग्यो । वेबसाइट, ब्लग, सामाजिक सञ्जाल, युट्युब, पोडकास्ट, एनिमेसन र इन्फोग्राफिक्सले भाषा प्रयोग गर्ने तरिका नै बदलिदिएको छ । अब अभिव्यक्ति शब्दमा मात्र सीमित नभएर चित्र, भिडियो, आवाज, इमोजी, ग्राफिक्स र अन्तर्क्रियासँग पनि जोडिएको छ ।



नेपालमा नेपाल न्युजले पहिलो अनलाइन न्युज पोर्टलको सुरुवात गरेको थियो । जसले आफ्नै समाचार राख्नेदेखि लिएर अन्य पत्रिकाहरूलाई समेत आफ्नो साइटमा राखेर प्रचार गर्ने काम गरेको थियो । सुरुवातमा कान्तिपुर, गोरखापत्रलगायत अन्य थुप्रै साप्ताहिक र मासिक पत्रिका नेपाल न्युजको वेबसाइटमार्फत प्रकाशन गर्ने महत्वपूर्ण काम गर्‍यो । अहिले प्रायः सबै प्रकाशन हाउसका आफ्नै अनलाइन पोर्टल पनि छन् । अब अहिले अनलाइन पोर्टलका समाचार अझ छिटो विस्तार गर्न सामाजिक सञ्जालको प्रयोग हुने गरेको छ ।

मल्टिमिडिया अभिव्यक्तिमा पाठक वा दर्शक अडियन्स मात्र नभएर प्रतिक्रिया दिने, टिप्पणी गर्ने, सेयर गर्ने कुरामा सहभागी हुन्छन् । जसले भाषिक अभिव्यक्तिमा सबैको पहुँच पुर्‍याएको छ । सामाजिक सञ्जालमा लामो लेखभन्दा छोटो क्याप्सन, भिडियो वा दृश्य सामग्री बढी प्रभावकारी भएको देखिन थालेको छ ।

मल्टिमिडिया अभिव्यक्तिले भाषामा लचिलोपनदेखि विश्वव्यापी पहुँच दिएको छ । सानो समुदायको भाषा पनि डिजिटल माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा चिनिन सकेका छन् । शिक्षा, सञ्चार र सिर्जनात्मक क्षेत्रमा नयाँ सम्भावना खुलेका छन् । स्थानीय भाषा, बोलीचाली, मिश्रित भाषाजस्तै नेपाली-अंग्रेजी र नयाँ शब्दावलीको प्रयोग बढेको छ ।

पछिलो दुई दशक अथवा गणतन्त्रपछि नेपालको भाषा अभिव्यक्तिको माध्यम डिजिटल प्लेटफर्ममा निर्भर रहेको देखिन्छ । सामान्यदेखि सामान्य सूचनासम्म सामाजिक सञ्जाल र वेबसाइटमा अपलोड गरिएको हुन्छ । उपन्यास, महाकाव्य अथवा कुनै संग्रहभन्दा बाहेक प्रकाशन न्यून छ । सर्जकहरू पुस्तक प्रकाशनभन्दा ब्लग क्रियट गरेर आफ्ना क्रियसन डिजिटल प्लेटफर्ममा राख्न थालेका छन् । अडियन्स पनि थिएटर छोडेर सामाजिक सञ्जालमा कविता, गजल, कथा, उपन्यास आदिको बनिबनाउ भिडियोमा आकर्षित हुन थालेका छन् । ई-बुक, अनलाइन पत्रपत्रिकाले मुद्रण परम्परालाई लगभग विस्थापित गरेको छ भने रेडियो टेलिभिजनलाई युट्युब, टिकटकजस्ता मनोरञ्जनमूलक एपले पछाडि पारेको छ । आजभोलि कतिपय पुस्तक निश्चित रकम तिरेर अनलाइनबाट पढ्न मिल्नेसम्मको सहजता छ । पढ्नका लागि पुस्तक किन्नैपर्छ भन्ने ट्रेन्ड पनि हटेको देखिन्छ ।

रेडियो नेपालबाट सुरु भएको श्रव्य अभिव्यक्ति, नेपाल टेलिभिजनबाट सुरु भएको दृश्य अभिव्यक्ति अहिले मल्टिमिडियामा गएर मिसिएका छन् । मुद्रण र श्रव्य, दृश्यमा डिजिटल प्रविधिले पारेको केही प्रभावलाई छोड्ने हो भने यो दुई दशकमा नेपाली भाषा, साहित्य सबैको पहुँचमा पुगेको देखिन्छ । घटना घट्नेबित्तिकै हातमै खबर आइसक्ने प्रविधिको विकासले आममानिसलाई दुनियासँग नजिक बनाएको छ । मनमा लागेको कुरा, व्यक्त गर्न चाहेका भावना बिनाझन्झट पोस्ट गर्न सक्ने अवस्था छ । यसले अभिव्यक्तिलाई सीमित गर्दैन ।

दृश्य र श्रव्य सामग्रीको अधिक प्रयोगले पढ्ने संस्कार कमजोर हुँदै गएको देखिन्छ । अभिव्यक्तिलाई सजिलो बनाएको भए पनि कहिलेकाहीँ भाषिक शुद्धता र गहिराइमा चुनौती पनि खडा गरेको देखिन्छ । सूचनाको भीड, सतही सामग्री, गलत सूचना र भाषिक मौलिकताको क्षय पछिल्लो समय भाषामा देखिएको समस्या हो । केही समस्यालाई छोड्ने हो भने प्रविधिमा आएको यो परिवर्तनले आममान्छेको जीवन सहज बनाएको देखिन्छ । मुद्रित शब्दबाट मल्टिमिडिया अभिव्यक्तिसम्मको यात्रा भाषाको निरन्तर विकासक्रम हो ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

AdFocus Multiple Business Pvt. Ltd.
Asmit Shrestha, Managing Director
Smriti Shrestha, Executive Manager

SUNMOON Media Pvt. Ltd. "your business supporter"
+977 1 4541775, 4002032
9851196549, 9851036249
mediaforadvt@gmail.com
sunmoonmedia.com.np
Lazimpat, Kathmandu, Nepal
नेपाल सरकार विज्ञापन बोर्डमा सुचिकृत विज्ञापन एजेन्सी

Manaslu Advertising & Media Pvt. Ltd.
Newplaza, Kathmandu, Nepal
Phone No : 01-4536965
Email : manasluad@gmail.com
Website : manasluadvertising.com

KAP MEDIA PVT. LTD.
Kathmandu-29, Anamnagar, Kathmandu
Email: kapmedia6@gmail.com

Trikon Advertising Service
Subarna Shamsher Marg
Baluwatar, Kathmandu
Email: trikon@trikonadvertising.com
Tel.: 977-1-4425965, 4000536, 4411303
www.trikonadvertising.com

IMPRESSIONS SIMPLY SIGNIFICANT

Sumi Publication Pvt. Ltd.
Dakshinkali Municipality-1, Chalnakhel, Kathmandu
Email: sumipublication2077@gmail.com

Fastech Media Agency
Our Services: Advertisement, IT Solutions, Video Documentary
Managing Director SUBAS RIMAL
9851080671
info.fastechmedia@gmail.com
Sundarharaincha-09, Morang

Padam Raj Sanjyal, Managing Director
9851248152
Anamnagar, Kathmandu, Nepal
+977-1-5705064
innovativemedia2017@gmail.com
www.immbnepal.com.np
Innovative Media & Multiple Business Pvt. Ltd.

Suman Poudel, Managing Director
Cell : +977- 9851093029
+977- 9803151914
GANDAKI MEDIA Pvt. Ltd.
गण्डकी मिडिया प्रा. लि.
Anamnagar-29, Kathmandu
E-mail: gandakiad@gmail.com
poudelsuman01@gmail.com

Graphic Designing · Advertising · Printing · Branding
Santosh Paudyal, Managing Director
Namaste Creation & Advertising Pvt. Ltd.
Anamnagar | Kathmandu
9851153579
+977-1-4232741
ncamedia1@gmail.com

outreach Nepal

जोईन मिडिया हाउस प्रा.लि.
Join Media House P. Ltd.
Anamnagar, Kathmandu, Nepal
Tel: 01-4261030, Mob: 9851133942, 9851069943
Email: joinmediahouse@gmail.com

KAROBAR MEDIA Pvt. Ltd.
977-1-5232329 / 5232045
www.karobarmedia.com
karobarmedia@gmail.com
Kamaladi, Kathmandu, Nepal

COSMOS ADVERTISING
Kupandole, Lalitpur
01-590 4780, 590 5667 | 9851077965
cosmosagency@gmail.com cosmosadvertising.com.np

विज्ञापन प्रकाशन तथा प्रशारणका लागि सधैं सम्झनुहोस् ।
ENIGMA Advertising & Marketing (P) Ltd.
Regd. No. 15404/057/58 Vat Regd. No. 500205530
New Baneshwor, Kathmandu, Nepal. Tel.: 4780935, 4782177
Cell: 9851023518

# महिला नेतृत्व विकासका अढाइ दशक



■ सपना बोहरा

जनसंख्याको ५१ दशमलव ५ प्रतिशत हिस्सा ओगट्ने महिलाले वडा तहदेखि नै प्रधानमन्त्रीसम्म महिलाहरूले नेतृत्व गर्न थालेका छन् ।

जेनजी आन्दोलनले नेकपा एमाले-नेपाली कांग्रेस गठबन्धनको केपी ओली नेतृत्वको सरकार ढलेसँगै सुशीला कार्की पहिलो महिला प्रधानमन्त्री बन्न सफल भएकी हुन् । गत भदौ २३ गते जेनजी पुस्ताले गरेको आन्दोलनमा प्रहरीको गोली लागेर कम्तीमा १९ जना युवाको मृत्यु भएपछि २४ गते आक्रोशित समूहले देशभर प्रदर्शनसहित आगजनी र तोडफोड गरेको थियो । देशकै अवस्था भयावह बन्यो । त्यो समय प्रधानमन्त्री सुशीला कार्कीले नेतृत्व गरिन् । उनकै नेतृत्वमा देशलाई निर्वाचन गराएर निकास दिनुपर्नेछ । यसै वर्ष देशकै पहिलो विद्यालय दरबार हाइस्कुलले स्थापनाको १ सय ७२ वर्षपछि पहिलोपटक महिला प्रधानाध्यापक पाएको छ । हाल भानु माध्यमिक विद्यालयका रूपमा रहेको दरबार हाइस्कुल १९१० सालमा सञ्चालन भएको थियो । नेपालको शैक्षिक इतिहास बोकेको यस विद्यालयमा ४ मंसिरमा शारदाकुमारी पौडेल प्राधानाध्यापक नियुक्त भइन् । उनी सोही विद्यालयमा १३ वर्षदेखि कार्यवाहक प्रधानाध्यापक थिइन् ।

त्यस्तै, राज्यको चौथो अंगका रूपमा लिइने नेपाल पत्रकार महासंघमा पनि संकट आयो । दुई/दुईवटा अध्यक्ष र कार्यवहाक अध्यक्षले निर्वाचन गराउन नसकिरहेका बेला उपाध्यक्ष बाला अधिकारीले नेतृत्व सम्हालिन् र निर्वाचन गराइन् । संयोगवश महासंघको अध्यक्षमा निर्मला शर्मा निर्वाचित भइन् । वर्षौंदेखि पुरुषले वर्चस्व जमाएको महासंघमा शर्मा पहिलो अध्यक्ष हुन् ।

सडकमा लाखौं शिक्षक आफ्नो हक र अधिकारका लागि महिनौंदेखि आन्दोलनरत थिए । त्यो समयमा पनि शिक्षा, विज्ञान तथा प्रविधि विकास मन्त्रालयको मन्त्रीमा विद्या भट्टराई नै थिइन् । उनले नै शिक्षकको मागलाई सम्बोधन गर्ने ड्राफट तयार पारेकी थिइन् । उनले तयार पारेको ड्राफट नै अन्तिम निर्णय भएको छ ।

पछिल्लो एक वर्षको राष्ट्रिय तथा अन्तर र्ाष्ट्रियस्तरमा सबैको ध्यान तानेको प्रमुख महिला हुन् । राज्यको हरेक तहमा महिलाको सहभागिता बढ्दै गएको छ । तर उल्लेख गरिएको ती महिला विशेष परिवेशमा विशेष भूमिका निभाएका छन् । हिजो एउटा महिला समूहमा आफ्नो परिचय दिन नसक्ने महिला पहिलो नेतृत्वका रूपमा छुट्टै पहिचान बनाउन सफल भएका छन् । उनीहरूले नेतृत्व गरेको हरेक निकाय पारदर्शी, प्रभावकारी र शतप्रतिशत नतिजा दिन सफल भएका छन् । संघर्ष गरेरै नेतृत्वमा पुगे पनि महिलाले गर्व गर्नलायक काम गरेका छन् ।

२०६२/६३ को संयुक्त जनआन्दोलनपछि नेपालमा समावेशिताको विषयमा राजनीतिक बहस हुन थालेको हो । २०६४ सालको संविधान सभामा महिलाको ३३ प्रतिशत महिला सहभगिता थियो । यसलाई नेपालको संविधान २०७२ ले संवैधानिक रूपमै व्यवस्थित गऱ्यो । राज्यका निकायहरूमा ३३ प्रतिशत महिला सहभागिता



अनिवार्य भएसँगै गरेसँगै महिलाहरूको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ । जनसंख्याको ५१ दशमलव ५ प्रतिशत हिस्सा ओगट्ने महिलाले वडा तहदेखि नै प्रधानमन्त्रीसम्म महिलाहरूले नेतृत्व गर्न थालेका छन् । नेपालको संविधानले राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री र प्रधानन्यायाधीस सुशीला कार्की, सभामुख ओनसरी घर्तीलगायत नेृत्वमा पुगेका छन् । योसँगै तल्लो तहदेखि नै राज्यको प्रमुख तहसम्म महिलाहरूको नेृतत्व छ । स्थानीय तहको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुखमध्ये एक जना महिला उम्मेदवार हुनुपर्ने अनिवार्य प्रावधान छ । संसदीय चुनावको टिकट प्रणालीदेखि लिएर पार्टीका पदाधिकारीसम्म महिलाको सहभागिता बढ्दै गएको छ । महिलालाई संविधानले निर्देशन गरेअनुसारको संख्यामा राख्नुपर्ने बाध्यकारी भूमिकाजस्तै भएको छ । जसले गर्दा राजनीतिक संगठनको नेतृत्वमा पुग्नलाई पनि सहज भएको छ ।

देशको वर्तमान राज्य निकायमा महिला नेतृत्वको सहभागिता बढ्दै गएको छ । विगतको आन्दोलनलाई फर्किएर हेर्ने हो भने २०४६ सालको जनआन्दोलनको समयमा पनि नेपाली महिलाले नेतृत्वदायी भूमिका पाएका थिए । महिला संगठनहरूले नेपाली इतिहासमा तत्कालीन निरंकुश राणाशासनविरुद्ध र प्रजातन्त्र प्राप्तिका लागि पुरुषसँगै लडेका थिए । २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि २०४६ सालसम्म पटकपटकका आन्दोलनमा महिलाले भाग लिएका छन् ।

जनआन्दोलन २०४६ दुई प्रमुख शक्ति प्रजातान्त्रिक र वामपन्थीको एकताबाट सम्भव भएको थियो । प्रजातन्त्रवादी कित्ताको नेतृत्व गणेशमान सिंहको थियो भने वाममोर्चा अध्यक्ष थिइन् सहाना प्रधान । सात वामपन्थी घटक मिलेर बनेको संयुक्त वाममोर्चाको नेतृत्व तिनै सहानाले गरेकी थिइन्, जो नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संस्थापक महासचिव पुष्पलालकी पत्नी हुन् । जनआन्दोलन २०६२/६३ पछि महिला सहभागिता बढाउन संवैधानिक र कानुनी व्यवस्था भएका छन् । २०१७ सालमा राजालाई कालो झन्डा देखाउँदा कांग्रेस नेता शैलजा आचार्य १३ वर्षकी मात्र थिइन् । उनी त्यसै अभियोगमा तीन वर्ष जेल बसिन् । कांग्रेस मात्र होइन, वाम दलमा समेत कैयन् महिलाले क्रान्तिकारी भूमिका निर्वाह गरेका छन् ।

२०१५ सालको पहिलो प्रतिनिधि सभाको निर्वाचनमा निर्वाचित भई द्वारिकादेवी ठकुरानी नेपालको इतिहासमा पहिलो महिलामन्त्री बनेकी थिइन् । त्यसपछि पनि विभिन्न आमनिर्वाचनमा महिलाहरूले प्रतिनिधित्व गर्दै आएका छन् ।

नेपाली राजनीतिको इतिहासमा बिपी कोइराला, मदन भण्डारी र प्रचण्डहरूको नाम आइरहँदा इतिहासमा पनि महिला सहभागिता थियो नै । प्रजातन्त्र स्थापनापछिको सात दशकमा महिला राज्यका उच्च तहमा नपुगेका भने होइनन् । मुलुकले इतिहासमै पहिलोपटक राष्ट्रप्रमुखदेखि राज्यकाका मुख्य निकाय महिलाले सम्हालेका छन् ।

उच्च निकायका प्रमुखमा राष्ट्रपति विद्यादेवी भण्डारी, सभामुख ओनसरी घर्ती र प्रधानन्यायाधीश र प्रधानमन्त्री सुशीला कार्की हुँदा विश्वभर नै महिला नेृतत्वको चर्चा भयो ।

नेकपा एमालेको उपाध्यक्ष अष्ठलक्ष्मी शाक्यले भनेकी छन्, 'राज्यको हरेक अंगमा महिलाहरूले नेतृत्व गर्न सक्छन् भन्ने विश्वास बढ्दै गएको छ ।'

मुख्य कुरा शिक्षा नै हो । शिक्षित महिलाहरूको संख्या पनि उल्लेखनीय छ । छोरीलाई घरकै चुलोचौको घास दाउरामा सीमित राख्ने समाज । अनि विद्यालयमा बिरलै शिक्षिकाका रूपमा देखिने ती महिला महिलाहरूले नेतृत्व गरेर विद्यालय हाँकिरहेका छन् । शिक्षा सेवा आयोगका अनुसार, शिक्षा नियमावलीले प्राथमिक तहमा तीन शिक्षक दरबन्दी भएकोमा एक महिला अनिवार्य गरेको छ । त्यस्तै, सात शिक्षक दरबन्दी भएकोमा दुई महिला र सातभन्दा बढी दरबन्दी भएमा तीन महिला शिक्षक अनिवार्य राख्नैपर्ने व्यवस्थाले पनि महिला शिक्षकको संख्या क्रमशः वृद्धि हुँदै गएको छ ।

शिक्षा तथा मानव विकास स्रोत केन्द्रका अनुसार, नेपालमा कक्षा एक देखि कक्षा पाँचसम्म पढाउनेमा पुरुषभन्दा महिला धेरै छन् । माथिल्ला कक्षामा भने महिला शिक्षकको संख्या घट्दै गएको छ । आर्थिक क्षेत्रमा पनि सबल भएका छन् । भान्छामै विभिन्न परिकार पकाएर पनि आर्यआर्जन सुरु गरेका छन् भने सिपअनुसारको व्यावसायिकमा छन् । त्यस्तै पछिल्लो समय महिला घरव्यवहार चलाउनकै लागि वैदेशिक रोजगारीमा समेत गएका छन् । अहिले मलेसिया, साउदी अरेबिया, कतार, यूएई, कुवेत, ओमान, बहराइनमा समेत पुगेका छन् । त्यस्तै युरोपको विकसित देश क्रोएसिया, पोल्यान्ड, रोमानियालगायतका देशमा जान थालेका छन् । ३० वर्षको अवधिमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ५९ लाख ६९ हजार पुगेको जनाएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार पुरुष ९३ दशमलव ८ प्रतिशत र महिला ६ दशमलव २ प्रतिशत रहेका छन् । महिलाहरू घरको काममा मात्रै सीमित हुनुपर्छ, घर परिवारलाई हेर्नुपर्छ र पुरुषले कमाएर ल्याउनुपर्छ भन्ने नेपाली समाजको मान्यता तोड्दै वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ ।

निजामती सेवा ऐन तथा नियमावलीमा उल्लिखित सेवाअन्तर्गतका कर्मचारी, नेपाल स्वास्थ्य सेवा, संसद् सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शिक्षक कर्मचारी, न्यायाधीश तथा संवैधानिक पदाधिकारीमा महिलाहरूको सहभागिता बढ्दै गएको छ । राष्ट्रिय किताबखानाअनुसार कुल कर्मचारी ८५ हजार ३ सय २८ मध्ये ७१ दशमलव १८ प्रतिशत पुरुष र २८ दशमलव ८२ प्रतिशत महिला रहेको देखिन्छ । त्यस्तै, नेपाल प्रहरीतर्फ ७९ हजार ५ सय ४३ र सशस्त्र प्रहरी बलतर्फ ३७ हजार १ सय ५३ गरी जम्मा १ लाख १६ हजार ६ सय ९६ दरबन्दी रहेको छ । तीमध्ये नेपाल प्रहरीतर्फ ८८ दशमलव २० प्रतिशत पुरुष र ११ दशमलव ८० प्रतिशत महिला, यसैगरी सशस्त्र प्रहरी बलतर्फ ९० दशमलव २३ प्रतिशत पुरुष र ९ दशमलव ७७ महिला कार्यरत रहेको देखिन्छ ।









# समृद्ध मुलुकका लागि सीपमूलक शिक्षा



■ रामप्रसाद पौडेल

**यदि सरकारले दीर्घकालीन योजना, लगानीमैत्री नीति, प्रविधि विकास र अन्तर्राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिन सक्यो भने जलविद्युत् तथा अन्य जलस्रोतको प्रभावकारी उपयोग गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ**

कुनै पनि राष्ट्रको दिगो विकास त्यस देशका नागरिक कति सीपयुक्त, उत्पादनशील र आत्मनिर्भर छन् भन्ने कुरामा निर्भर हुन्छ । आजको विश्व अर्थतन्त्र ज्ञान, प्रविधि र सिपमा आधारित छ, जहाँ केवल शैक्षिक प्रमाणपत्रले होइन, व्यावहारिक दक्षताले व्यक्तिको मूल्य निर्धारण गर्छ । नेपालजस्तो विकासोन्मुख देशका लागि आत्मनिर्भरता अब वैकल्पिक विषय होइन, राष्ट्रिय आवश्यकता हो । आत्मनिर्भर नेपाल निर्माण गर्न शिक्षा प्रणालीलाई व्यावहारिक, रोजगारमुखी र उत्पादनसँग जोड्नु अनिवार्य भइसकेको छ। यही आवश्यकता पूरा गर्ने सबैभन्दा प्रभावकारी माध्यम सिपमूलक शिक्षा हो । सिपमूलक शिक्षा भन्नाले सैद्धान्तिक ज्ञानसँगै जीवनोपयोगी सिप, प्रविधि, पेसागत दक्षता र उद्यमशील क्षमता विकास गर्ने शिक्षा प्रणालीलाई जनाउँछ। यस्तो शिक्षाले व्यक्तिलाई रोजगारीका लागि योग्य मात्र होइन, स्वरोजगारी र उत्पादनमा सक्षम बनाउँछ । नेपालमा लामो समयदेखि परम्परागत शिक्षा प्रणाली हाबी रहँदा शिक्षित बेरोजगारको संख्या बढ्दै गएको छ । विश्वविद्यालय र कलेजबाट हरेक वर्ष हजारौं स्नातक उत्पादन भए पनि उनीहरू सिप अभावका कारण बेरोजगार बस्न बाध्य छन् । यसले शिक्षा र श्रम बजारबीच गहिरो असन्तुलन सिर्जना गरेको छ, जसलाई सिपमूलक शिक्षाले मात्र सम्बोधन गर्न सक्छ ।

नेपालमा बेरोजगारी र अर्धबेरोजगारी गम्भीर समस्या बनेको छ। ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा निर्भर हुनुपरेको अवस्था छ, जसका कारण देशको सक्रिय श्रमशक्ति बाहिरिँदै गएको छ। यद्यपि वैदेशिक रोजगारबाट रेमिट्यान्स प्राप्त भए पनि दीर्घकालीन रूपमा यसले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सक्दैन । यदि युवालाई स्वदेशमै प्राविधिक, व्यावसायिक र उद्यमशील सिप प्रदान गर्न सकियो भने उनीहरू आफ्नै देशमा रोजगारी सिर्जना गर्न सक्षम हुन्छन्। सिपमूलक शिक्षाले युवालाई जागिर खोज्ने मानसिकताबाट मुक्त गरी उत्पादन र उद्यमतर्फ उन्मुख गराउँछ। सिपमूलक शिक्षाको अर्को महत्वपूर्ण पक्ष स्वरोजगारीको विकास हो । नेपालमा उपलब्ध स्थानीय स्रोत र साधनको उचित उपयोग गर्न सके साना तथा मझौला उद्यमको ठूलो सम्भावना छ। कृषि, पशुपालन, हस्तकला, सिलाइ-कटाइ, काठ तथा धातु उद्योग, सूचना प्रविधि, निर्माण र सेवा क्षेत्रमा आवश्यक सिप हासिल गरेका युवाले आफ्नै व्यवसाय सुरु गर्न सक्छन् । यसले व्यक्ति आत्मनिर्भर बन्नुका साथै अरूलाई पनि रोजगारी दिने अवसर सिर्जना गर्छ। स्वरोजगारी विस्तारसँगै स्थानीय अर्थतन्त्र सबल बन्छ र गरिबी न्यूनीकरणमा सहयोग पुग्छ।




आत्मनिर्भर नेपाल निर्माणका लागि उद्योग क्षेत्रको विकास अपरिहार्य छ । उद्योगबिना उत्पादन सम्भव हुँदैन र उत्पादनबिना आर्थिक आत्मनिर्भरता हासिल गर्न सकिँदैन। घरेलु, लघु तथा साना उद्योग सञ्चालनका लागि दक्ष प्राविधिक जनशक्ति आवश्यक पर्छ, जुन सिपमूलक शिक्षाबाट मात्र उत्पादन हुन्छ। यदि नेपालले आफ्नै कच्चा पदार्थमा आधारित उद्योग विकास गर्न सके आयात प्रतिस्थापन सम्भव हुन्छ। आयात घटेमा विदेशी मुद्रा बाहिरिने क्रम कम हुन्छ र राष्ट्रिय अर्थतन्त्र बलियो बन्छ। नेपाल कृषि प्रधान देश भएता पनि आजसम्म पूर्ण रूपमा खाद्यान्नमा आत्मनिर्भर बन्न सकेको छैन। यसको मुख्य कारण परम्परागत खेती प्रणाली, आधुनिक प्रविधिको अभाव र युवाको कृषि क्षेत्रप्रतिको घट्दो आकर्षण हो। सिपमूलक कृषि शिक्षाले किसानलाई आधुनिक खेती प्रविधि, उन्नत बिउबिजन, सिँचाइ, कृषि यान्त्रिकीकरण, पशुपालन र बजार व्यवस्थापनमा दक्ष बनाउँछ। जब कृषि पेसा सम्मानजनक र नाफामूलक बन्छ तब युवा पुस्ता यसतर्फ आकर्षित हुन्छ। कृषि क्षेत्रमा आत्मनिर्भरता हासिल नगरी समग्र आत्मनिर्भरता सम्भव हुँदैन ।

त्यसैगरी, पर्यटन क्षेत्र पनि आत्मनिर्भर नेपालका लागि अत्यन्त महत्वपूर्ण छ । नेपाल प्राकृतिक सौन्दर्य, हिमाल, जैविक विविधता, सांस्कृतिक र ऐतिहासिक सम्पदाले भरिपूर्ण देश हो । तर दक्ष जनशक्तिको अभावले पर्यटन क्षेत्रले अपेक्षित योगदान दिन सकेको छैन । पर्यटक मार्गदर्शक, होटल तथा आतिथ्य व्यवस्थापन, भाषा सिप र सेवा क्षेत्रमा सिपमूलक शिक्षा प्रदान गर्न सके स्थानीयस्तरमै ठूलो मात्रामा रोजगारी सिर्जना हुन्छ। पर्यटनबाट विदेशी मुद्रा आर्जन भई राष्ट्रिय आय वृद्धि हुन्छ, जसले अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँछ। अन्ततः आत्मनिर्भर नेपाल निर्माणको बलियो आधार सिपमूलक शिक्षा नै हो । शिक्षा प्रणालीलाई व्यावहारिक, रोजगारमुखी र उत्पादनसँग नजोडेसम्म बेरोजगारी, गरिबी र वैदेशिक निर्भरता घटाउन सकिँदैन। सरकार, शैक्षिक संस्था, निजी क्षेत्र र समाजको संयुक्त प्रयासमा सिपमूलक शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके नेपाल आत्मनिर्भर मात्र होइन, समृद्ध राष्ट्र बन्न सक्छ। सिपयुक्त नागरिक नै आत्मनिर्भर नेपालको वास्तविक शक्ति हुन् ।

सिपमूलक शिक्षाले केवल रोजगारी मात्र सिर्जना गर्दैन, यसले राष्ट्रिय उत्पादन प्रणालीलाई पनि बलियो बनाउँछ । कृषि, ऊर्जा, निर्माण, सूचना प्रविधि, स्वास्थ्य र पर्यटनजस्ता क्षेत्रमा आवश्यक स्थानीय सिपयुक्त जनशक्ति तयार हुँदा देशले आफ्नै स्रोतसाधन प्रयोग गरेर उत्पादन बढाउन सक्छ। उदाहरणका लागि, कृषि क्षेत्रमा आधुनिक प्रविधि प्रयोग गर्न जान्ने जनशक्ति हुँदा उत्पादन वृद्धि, लागत घटाउने र मूल्य शृंखला सुधार सम्भव हुन्छ । यसले खाद्यान्न आयात घटाई खाद्य आत्मनिर्भरतातर्फ देशलाई लैजान्छ। सरकारी नीतिगत दृष्टिले पनि सिपमूलक शिक्षा अत्यन्त महत्वपूर्ण छ । शिक्षा नीति, औद्योगिक नीति र श्रम नीतिबीच समन्वय गरेर सिपमूलक शिक्षा विस्तार गर्दा मानव पुँजी विकास तीव्र हुन्छ। अनुसन्धानहरूले देखाएका छन् कि मानव पुँजीमा गरिएको लगानीले दीर्घकालीन रूपमा जिडिपी वृद्धि दर बढाउँछ । दक्ष जनशक्तिले उद्योगलाई आकर्षित गर्छ, जसले आन्तरिक लगानी र प्रविधि हस्तान्तरण बढाउँछ ।

वैज्ञानिक रूपमा, सिपमूलक शिक्षाले २१औं शताब्दीका क्रिटिकल थिंकिङ, कोलाब्रेसन, एडेप्टिबिलिटी, डिजिटल साक्षरता विकसित गर्छ । यस्ता सिप भएका व्यक्ति आर्थिक परिवर्तनसँग छिटो अनुकूल हुन सक्छन्। अटोमेसन, आर्टिफिसियल इन्टेलिजेन्सको युगमा पनि सिप अद्यावधिक गर्न सक्ने क्षमता आत्मनिर्भर अर्थतन्त्रको मुख्य आधार हो । विज्ञानले प्रमाणित गरेको छ कि लाइफलङ लर्निङ ओरेन्टेड एजुकेसन भएका समाज संकटका बेला पनि आर्थिक रूपमा टिकाउ हुन्छन् । सामाजिक रूपमा, सिपमूलक शिक्षाले बेरोजगारीजन्य सामाजिक समस्याजस्तै गरिबी, अपराध र वैदेशिक पलायन घटाउँछ । जब युवाहरू आफ्नै देशमा सम्मानजनक रोजगारी र आय देख्छन् तब देशप्रतिको उत्तरदायित्व र राष्ट्रिय भावना बलियो हुन्छ। यसले सामाजिक स्थिरता कायम राख्न सहयोग पुऱ्याउँछ। अन्ततः सिपमूलक शिक्षा भनेको केवल पाठ्यक्रम परिवर्तन होइन, यो आर्थिक संरचना रूपान्तरणको आधार हो । उत्पादनशील जनशक्ति, वैज्ञानिक सोच र सरकारी नीतिको सहकार्यबाट सिपमूलक शिक्षा लागू भएमा मुलुक दीर्घकालीन रूपमा आत्मनिर्भर, प्रतिस्पर्धी र समृद्ध बन्न सक्छ ।

***(पौडेल प्राविधिक शिक्षाको ज्ञाता एवं स्वतन्त्र पत्रकार हुन् ।)***


## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

RR MEDIA RAJENDRA Rana, Managing Director, +977-9869835007, +977-9803662260, Kapan, Kathmandu, rradmedia2020@gmail.com, "The future of advertising"

AdCircle — Ad Circle Pvt. Ltd., Anamnagar, Kathmandu, Nepal, Tel: 01-5900268, 9851088112, adcircle.marketing@gmail.com, www.adcircle.com.np

KITE ADVERTISING — Kite Advertising Agency Pvt. Ltd., Anamnagar, Kathmandu, 01-5705292, kitead@gmail.com

Dinesh Regmi, Managing Director, 9851181298 — ऐना Aina Advertisement Pvt. Ltd., Kathmandu-10, Tel: 01-4780105, Email: aniaadvertisement@gmail.com

Grand Media House Pvt. Ltd, An Advertising Agency — Madhav Khanal, Managing Director, Cell: 9851045388, 9813642208, Grand Media House Pvt. Ltd. Bagbazar, Kathmandu, Email: ad.grandmedia@gmail.com, We provide all kinds of Advertising and Printing Service.

Japan Gurung, Executive Director — Palika Advertising and Suppliers Pvt. Ltd., Bagbazar, Kathmandu, Nepal, Email: palikaadd@gmail.com, We provide all Kind of Advertising and Supply Services for Government and Private Sector.

डायल अप मिडिया प्रा. लि. Dial Up Media Pvt. Ltd., Authorized Agency for Advertisement, Tinkune, Kathmandu, Nepal, Tel.: 01-4111541, 9851071408, 9802071408, 9851210895, Email: dialupmedia@gmail.com

Que Media & Marketing Private Limited — Que Media & Marketing P. Ltd., New Baneshwor, Kathmandu, Nepal, Contact No. 01-4785404, Email: q.medianepal@gmail.com, quemediamarketing@outlook.com

राम बज्राचार्य, ९८५११५६७११ (प्रबन्ध निर्देशक), नयाँ बानेश्वर, काठमाण्डौ, ईमेल: creativemedia2071@gmail.com — Creative Media Print क्रियटिभ मिडिया प्रिन्ट प्रा.लि., Producing and Release of Advertisement in Newspaper, Magazine, TV Channel & FM Station. Printing all kinds of Stationery materials, Flex, Stickers, Digital Print, ID Cards etc. Designing Advertisement, Brochure, Calender, Book, Magazine.

विरेन्द्र कुमार शाह — जनक दरबार मिडिया प्रा.लि. परिवार, लहान, सिराहा, सम्पर्क नं.: ९८६०३१२५७५, ९८१७८५१४६३, ईमेल: biruazad66@gmail.com

Rainbow Media Pvt. Ltd, Anamnagar, Kathmandu, Nepal, rainbowmedia55@gmail.com, +977-01-4102510

v-chitra

Spectrum Advertising & Media Consultant, Kamaladi Ganeshthan, Kamaladi, Kathmandu, Nepal, Tel.: 977-1-4242890, 4221838, E-mail: spectadv@gmail.com, URl: www.spectrumad.com.np

Media Magnum Pvt. Ltd., Kamaladi, Putalisadak, Kathmandu, Phone No.: 01-4416565, 9851033967, E-mail: infomediamagnum@gmail.com

Quick Media Service, Bagbazar, Kathmandu, Nepal, Phone: 015343924, 5347427, Cell: 9851037158, E-mail: quick2media@gmail.com

blitz, www.blitz.com.np

# नेतृत्वको आर्थिक चेत



■ तारा पौडेल

" भौतिक रूपमा मान्छे अवश्य वृद्ध हुन्छ तर विचारको हिसाबले भने मान्छे गतिशील भइरहन सक्यो भने जति वृद्ध भयो उति धेरै अनुभवी र क्षमतावान् हुन्छ । तर हामीकहाँ वृद्ध हुँदै गएका राजनीतिक नेतृत्वमा समस्या र आवश्यकतासँग तालमेल नमिल्दा पुराना भनेर हेला हुन थालेको छ ।

यतिबेला मुलुक चुनावमय बनेको छ। यसपटकको चुनावी माहोल विगतको तुलनामा अलिक नयाँ पनि बनेको छ। यसको एउटा महत्वपूर्ण पक्ष भनेको नयाँ र पुरानो भन्ने रहेको देखिन्छ।

सामान्यतया यस चुनावमा नयाँ राजनीतिक शक्तिले पुरानो शक्तिलाई 'आइसोलेटेड' गर्नुपर्छ भन्ने कुराको भावनात्मक 'अल्गोरिदम' समाजमय बनेको र जसको प्रभाव सबै तहका मान्छेसम्म पुगेको जस्तो देखिएको छ। विशेषगरी सूचना प्रविधिको सञ्जालमा बेरिन पुगेको समाजमा अल्गोरिदमको कारण चुनावी नतिजा प्रभावित हुन सक्छ भनेर सहजै अनुमान गर्न सकिन्छ।

साथै, पुराना शक्तिले मुलुकको लोकतान्त्रिक इतिहास निर्माणमा ठुलो योगदान गरे पनि लामो अपारदर्शी राजनीतिक अभ्यासले गर्दा अहिले सो पक्षले 'नयाँ'को अभियान सञ्चालन पक्षलाई तार्किक जवाफ दिनसक्ने बलियो औजार छैन। जसले गर्दा मुलुकको भविष्यको विषयमा धेरै रूपरेखा निर्माण नगरीकनै नयाँ भनेकै आधारमा राजनीतिक शक्ति निर्माणको प्रयत्न भएको पाइन्छ। आजको अवस्था आउनुमा धेरैले विशेषगरी राजनीतिक शक्तिको राजनीतिक व्यवस्था रूपान्तरणको अभियानमा भएको कमजोरी नभएर मुलुकमा राजनीतिक रूपान्तरणसँगै आर्थिक विकासको विषय सँगसँगै लैजान नसक्नु हो। राजनीतिक सचेतताको विकास वा स्वतन्त्रता प्राप्ति सँगसँगै मुलुकको आर्थिक विकाससँगै जान नसक्दा नेतृत्वको क्षमतामा प्रश्न उठ्ने ठाउँहरू बन्दै गएका हुन् र राजनीतिक शक्ति सन्तुलनमा आजको स्थिति पैदा भएको हो भनेर भन्न सकिन्छ।

नेतृत्वको सीमित आर्थिक चेतको असर एकपटक आजको विश्वलाई सामान्य




हिसाबले हेर्दा विश्वमा कुनै पनि एउटै विचारधाराको पक्षले लामो समयदेखि राज्यसत्ता सञ्चालन गरिरहेको छैन। तर धेरै देशका राज्यव्यवस्था भने स्थिर हिसाबले लामो समयसम्म सञ्चालन भइरहन भने सफल भएको देखिन्छ। मूलतः पुँजीवादी वा समाजवादी वा उदारवादी वा कम्युनिस्ट जुनसुकै ढंगले सञ्चालन भएका राज्यव्यवस्थाहरूले आर्थिक विकास र लगानीको वातावरणलाई सन्तुलनमा राख्न सक्दा ती मुलुक बलियो हुन पुगेको देखिन्छ। यद्यपि विश्वमा विकसित देखिने कतिपय मुलुकमा भने लोकतन्त्र र अधिकारको प्रश्न भने कमजोर छ।

तर नेपालमा भने स्वतन्त्रताको आन्दोलनमा निरन्तर सफलता प्राप्त हुन सक्दा पनि आर्थिक विकास भने कमजोर बन्न पुग्यो। जसको मुख्य कारण राजनीतिक नेतृत्व तहमा कमजोर आर्थिक चेत नै हो।

भौगोलिक र साधन स्रोतको हिसाबले नेपाल सम्भावना भएको मुलुक हो भनेर धेरै अन्वेषकहरूले औंल्याउँदै आएको पाइन्छ। सतही रूपमा हेर्दा पनि हिमालदेखि तराईसम्मको पर्यटन अनुकूल भूगोल, जलस्रोतको प्रशस्तता, उत्पादनयोग्य भूमि, जंगल, जडीबुटीलगायतको भण्डारले पनि नेपाल धेरै सम्भावना बोकेको मुलुक हो भनेर भन्न सकिन्छ।तर बिडम्बना यहीँ उत्पादन भएर पुग्न सम्भव हुने खाद्यवस्तु पनि आयात गरेर मात्रै पूर्ति गर्न बाध्य भइरहेका छौं हामी। यो हुनुमा पहिलो, हाम्रो मुलुकको सम्भावना र आवश्यकतामाथि अध्ययन नहुनु हो। दोस्रो सम्भावना र आवश्यकताका आधारमा काम गर्ने वातावरण तयार गर्नका लागि नीति, कानुन र योजना निर्माण नगर्नु हो।

विश्व इतिहास हेर्दा कुनै पनि मुलुकको समृद्धिको पछाडि त्यहाँको राजनीतिक नेतृत्वले देख्ने सपना नै मुख्य हुन्छ। तर विडम्बना हाम्रो मुलुकको नेतृत्वले अहिलेसम्म मुलुकलाई समृद्धितर्फ डोऱ्याउन सक्ने सपना देख्न नै सकेनन् जसले गर्दा पटकपटकका राजनीतिक क्रान्तिपश्चात् पनि मुलुकले समृद्धिको गुणात्मक गति लिन सकेन। नेतृत्वको चौतर्फी गतिहीनताको कारण नै नयाँ पुस्ताले अनुभवी पुरानो पुस्तालाई दुत्कार्ने अवस्था सिर्जना भएको हो र आजको नयाँ राजनीतिक संक्रमण पैदा भएको हो।

## ■ नयाँ सुरुवातबाट मात्रै सम्भव

भनिन्छ, मान्छेको इच्छाशक्ति भयो भने धेरै असम्भव कुरा सम्भव तुल्याउन सकिन्छ। मुलुकको समृद्धि हासिल गर्ने कुरा त झन मान्छेले योजनाबद्ध ढंगले गरेपछि प्राप्ति हुने कुरा हो। जुन असम्भव भन्ने कुरा नै भएन।

तर, यसका लागि सामान्य सुझबुझका साथ दलहरूले मुलुकको दिगो विकासको विषयलाई केन्द्रमा राखेर सबै स्तरमा छलफलको प्रारम्भ गर्न आवश्यक छ। त्यसपछि सबै दलहरूले दलभित्रै अर्थराजनीतिक विज्ञहरूको एउटा औपचारिक अनुसन्धानमूलक फोरम तयार पार्नुपर्छ।

आफ्ना विचारहरूले माग गर्ने अर्थराजनीति के हुन् ? कस्तो आर्थिक नीति अख्तियार गरेको खण्डमा आफ्ना दर्शन, विचार र राजनीति मुलुकमा लागू गर्न सकिन्छ र मुलुकको विकास पनि गर्न सकिन्छ ? ती दलले आन्तरिक र बाह्य रूपमा यसमा सघन छलफल सञ्चालन गर्नुपर्छ। सोही आधारमा स्पष्ट एवं गतिशील अर्थराजनीतिक दृष्टिकोण निर्माण सम्भव छ।

सोही आधारमा दलको सांगठनिक संरचनामा वा नेतृत्व तहमा लहडका आधारमा वा गुटको आधारमा वा कसैको सीमित स्वार्थका आधारमा नभएर मुलुकको समृद्धिका निम्ति तार्किक अर्थराजनीतिक दृष्टिकोणका आधारमा नेतृत्वको विकास गर्ने वातावरण तयार गर्न सकिन्छ। त्यसरी पैदा हुने नेतृत्वले कम्तीमा मुलुकको समस्या देख्न सक्छन् र समस्याको सम्भावनाको विषयमा बहस छलफल गर्दै निकास पनि पैदा गर्न सक्छन्।

भौतिक रूपमा मान्छे अवश्य वृद्ध हुन्छ तर विचारको हिसाबले भने मान्छे गतिशील भइरहन सक्यो भने जति वृद्ध भयो उति धेरै अनुभवी र क्षमतावान् हुन्छ। तर हामीकहाँ खराब नियत वा हेलचेक्र्याइँ वा चेतको कमीले उमेरले वृद्ध हुँदै गएका राजनीतिक नेतृत्व समस्या र आवश्यकतासँग तालमेल नमिल्दा पुराना भनेर हेला गर्नुपर्ने बिडम्बनापूर्ण स्थिति बनेको छ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ZERO Media Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
T: 01-5705695, 5705327
E: zeromediamail@gmail.com
www.merozero.com
Be faithful in small things because it is in them that your strength lies

सपोर्ट मिडिया प्रा.लि.
टोखा-३, काठमाडौं, फोन : ९८६३५९३९६०, ९७६५३०२५११
E-mail: suportmedia02@gmail.com
विभिन्न पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरूमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

WELCOME ADVERTISING & MARKETING
Bhimsengola, Old Baneshwor Kathmandu, Nepal
977-1-4116227, 4594842
info@welcomeadnepal.com
www. welcomeadnepal.com

SMD Smart Media
Services
Advertising Services
Design & Illustration
Printing Services
SMD Smart Media Pvt. Ltd.
Dillibazar, Kathmandu, Nepal
Email: smdsmartmedia@gmail.com

City Express Media Pvt. Ltd.
सिटी एक्सप्रेस मिडिया प्रा.लि.
www.onnnepal.com, www.esahakari.com
Amrit Kumar Panthee
Managing Director
Cell: 9851046267, 9841302442
Kalanki-14, Kathmandu
Tel No. +977-1-5234623
www.cityemedia.com.np, Email: cityemedia@gmail.com

MODAK Advertising Pvt.Ltd.
KRS
9765564777
Suraybinayak, Bhaktapur

FUTURE HUB MEDIA
फ्यूचर हब मिडिया मल्टिप्रपोज प्रा. लि.
Future Hub Media Multipurpose Pvt. Ltd.
Head Office: Anamanagar-32, Kathmandu Tel: 01-4102679, 80, 4102855
Branch Office: Nayabazar-9, Pokhara, Kaski Tel: 061-538584
Email: futurehub2@gmail.com

"Stopping Advertising To Save Money Is Like Stopping Your Watch To Save Time"
9849585191
9803649495
REENA RANABHAT
Managing Director
Smart Creative Media Private Limited
Balkot, Bhaktapur
New Baneshwor, Kathmandu
smartmedia2078@gmail.com
DESIGNING: Ad, Brochure, Calender Book, Magazine, Menu Bill or any kind of Design Work
PRINTING: Offset Printing (Paper) ID CARD, Digital Print Flex, Sticker, Screen
ADVERTISING: TVC Ad, FM/Radio Newspaper Ad Magazine Ad Hoarding Board

नागेश्वर मिडिया एण्ड एडभरटाइजिङ प्रा.लि.
इटहरी सुनसरी

EVEREST AD. & EVENT MANAGEMENT
Tel: 015441875
Kupondole, Lalitpur, Nepal

KAROBAR MEDIA Pvt.Ltd.
977-1-5232329 / 5232045
www.karobarmedia.com
karobarmedia@gmail.com
Kamaladi, Kathmandu, Nepal

कामना टेलिभिजन द्वारा सञ्चालित कामना टुडे अन्लाईन पत्रीका
नेपाली भाषाको यो पोर्टलले समाचार, विचार, मनोरन्जन, खेल, विश्व, सुचना प्रविधि, भिडियो तथा जीवनका बिभिन्न आयामका समाचार र विश्लेषणलाई समेट्छ | कामना टुडे ले मर्यादित समाज विकास र उन्नतीको पथमा अगाडी बढ्ने उदेश्यका साथ आवाज बिहीनहरुको आवाज बनेर बाहिर प्रस्फुटन हुन नसकेको सत्य तथ्य, निष्पक्ष र भ्रस्टाचार, अनियमितता सम्बन्धी कुनै अडियो भिडियो तपाई संग छ भने हामीलाई उपलब्ध गराउनुहोस र जिम्मेवार नागरिकको दायित्व पुरा गर्नुहोस श्रोत गोप्य राखिने छ ।
मोबाइल न. :९८५८४८८०२४ | ९८५८४८२०३७ | ९८५८४८८०२३ | ९८५११७१९५५
कामना टुडे
Kamanatoday.com
३५३५-०७९/०८० सूचना बिभाग दर्ता नं
३५१९ प्रेस काउन्सिल नेपाल दर्ता नं
०३३८ बिज्ञापन वोर्ड सूचीकरण नम्बर
Our Team 091-590933

Herald Media & Advertising Agency (P) Ltd.
हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि.
बागबजार, काठमाडौं ।
फोन नं. ०१-५३४५३४४
Email : heraldadagency@gmail.com

Regd. No. 306642079080
Shanta Shrestha
Director
+977-9851359713
दृश्य नेपाल मिडिया एण्ड मल्टिपल ट्रेड ईन्टरनेशनल प्रा. लि.
Drishya Nepal Media and Multiple Trade International Pvt. Ltd.
Lazimpat, Kathmandu, Nepal
Phone: +977-9851359713
Email: dnmi2023trade@gmail.com

30 YEARS Building Brands.
PRISMARK
AN ADVERTISING & MARCOMM AGENCY
Jawalakhel, Lalitpur, Nepal
977 01 5438180, 5438181
prismark@prismark.com.np
www.prismark.com.np

# आफ्नै लागि दौडौं, घडीका लागि होइन



■ बाल जोशी



दौड सुरु हुनुअघि हरेक धावकले एउटै अनुभूति गर्छ । स्टार्ट लाइनमा उभिँदा मन अलि अस्थिर हुन्छ, मुटु छिटोछिटो धड्किन्छ । हातको घडी चम्किरहेको देखिन्छ । दिमागमा अनेक प्रश्न घुमिरहन्छन्, कति पेसमा दौड्ने ? कति मिनेटमा सक्ने ? अरूभन्दा पछाडि त पर्दिनँ ?

तर यही हतार, तुलना र हिसाब-किताबको झमेलामा हामी एउटा धेरै साधारण तर महत्वपूर्ण सत्य बिर्सन्छौं– दौड समयसँग लड्नका लागि होइन, आफूलाई महसुस गर्नका लागि हो । दौड भनेको घडी हेरेर आफैंलाई थिच्ने खेल होइन । शरीर र मनलाई सुन्ने अभ्यास हो । र दौड सबैका लागि हो । दौडको सबैभन्दा सुन्दर कुरा के हो भने– जो हिँड्न सक्छ, ऊ दौडन पनि सक्छ । यसका लागि तपाईंलाई प्रोफेसनल खेलाडी हुनुपर्दैन । महँगो जुत्ता, अत्याधुनिक घडी, वा ठूलो लक्ष्य अनिवार्य छैन । दौड कुनै विशिष्ट वर्ग वा केही चुनिएका मानिसहरूको खेल पनि होइन । यहाँ च्याम्पियन हुनैपर्छ भन्ने छैन, पोडियमको सपना देख्नैपर्छ भन्ने पनि छैन । चाहिने कुरा एउटै हो– सुरु गर्ने साहस ।

एक पाइला चाल्नुहोस् । त्यसपछि अर्को पाइला । यही सानो सुरुवातले विस्तारै ठूलो परिवर्तन ल्याउँछ । धेरै युवाहरू सोचिरहेका हुन्छन्-

'म दौडिनलाई फिट छैन ।' 'म त ढिलो दौडिन्छु ।' 'अरूजस्तो हुन सक्दिनँ ।' तर दौड अरूजस्तो हुनका लागि होइन, आफ्नै बाटो बनाउने प्रक्रिया हो ।

## ■ समयको दबाब र तुलना

आजभोलि दौड पनि प्रतिस्पर्धाजस्तै बनाइँदै छ । कसको टाइम राम्रो आयो, कसले कति किलोमिटर दौडियो, कसको पोस्ट बढी लाइक भयो– यिनै कुराले धेरैलाई निराश बनाइरहेको छ ।

'मेरो समय राम्रो आएन भने के होला ?'

'सोसल मिडियामा राख्न लायक भएन भने ?' यस्ता सोचहरूले दौडको आनन्द खोसिदिन्छन् । साँचो कुरा के हो भने पछिल्लो समय हामीमध्ये धेरैजसो ट्रफी जित्न होइन, आफूलाई सुधार्न दौडन थालेका हौं । स्वास्थ्य सुधार्न, दिनचर्या सुधार्न । समग्रमा आफैंलाई सुधार्न ।

हामी दौडिन्छौं– स्वास्थ्यका लागि । तनाव घटाउन । मन हलुका बनाउन । र आफैंसँग केही समय बिताउन ।

## ■ प्रतिस्पर्धा होइन, निरन्तरता

यदि तपाईं त्यो सानो प्रतिशतमा पर्नुहुन्छ, जो प्रतिस्पर्धा गर्न, मेडल जित्न, रेकर्ड तोड्न दौडिरहनुभएको छ भने– त्यो पनि सम्मानयोग्य यात्रा हो । तपाईं त्यो साधनामा लाग्नुभयो भने सक्नुहुन्छ । तर बाँकी धेरै युवाका लागि, दौड भनेको नियमितता र धैर्य सिक्ने माध्यम हो । मुड नभएको दिन पनि जुत्ता लगाएर बाहिर निस्कनु । थकाइ हुँदाहुँदै पनि एक राउन्ड थप्नु । त्यसैले त, दौड जीवन दर्शन सिकाउने माध्यम हो । दौडले हामीलाई जीवनकै महत्वपूर्ण पाठ सिकाउँछ– शरीरले त्यही गर्छ, जुन मनले विश्वास गर्छ ।

## ■ सडकमा भेटिने ऊर्जा

आज नेपालका सडकहरूमा हेर्नुहोस्– नेपालगन्ज, काठमाडौं, पोखरा वा साना गाउँहरूमा पनि युवा दौडिरहेका छन् । दौड संस्कृतिको विस्तार देखिन थालेको छ । कोही बिहान सबेरै, कोही साँझपख । कोही एक्लै, कोही साथीहरूसँग । यस्ता दौडमा कहिलेकाहीँ घडीलाई बिर्सनुहोस् । संख्याको पछि नलाग्नुहोस् ।

बरु– आफ्नो सासको ताल सुन्नुहोस् । खुट्टाले सडक छोएको महसुस गर्नुहोस् । पसिना बग्दा आफू जीवित भएको अनुभूति गर्नुहोस् । र बाटोछेउ उभिएका अपरिचित मानिसहरूको मुस्कान र ताली स्वीकार गर्नुहोस्– जसले तपाईंलाई नचिने पनि तपाईंमा विश्वास गरिरहेका हुन्छन् ।

साँचो जित के हो ? दौडलाई फेरि सरल बनाऔं । दौडलाई फेरि इमानदार बनाऔं । दौडलाई फेरि आफ्नै बनाऔं । किनकि साँचो जित भनेको फिनिस लाइनमा अरूभन्दा छिटो पुग्नु होइन । साँचो जित भनेको आफू हिजोभन्दा आज अलिकति बलियो बन्नु हो ।

## ■ युवाका लागि सन्देश

आजका युवाहरूको जीवन घडीले बाँधिएको छ । कक्षा, काम, लक्ष्य, उपलब्धि– सबै कुरा समयसँग तुलना गरिन्छ । यही मानसिकता हामी दौडमा पनि बोकेर जान्छौं । तर प्रिय युवा साथीहरू, दौडमा जस्तै जीवनमा पनि सबैको गति फरक हुन्छ । कसैको यात्रा छिटो हुन्छ, कसैको ढिलो । तर महत्वपूर्ण कुरा गति होइन– निरन्तरता हो ।

त्यसैले, कृतज्ञतासाथ दौडिनुहोस् । अरूसँग तुलना गर्न होइन, आफूलाई भेट्न दौडिनुहोस् । आफ्नै कारणका लागि दौडिनुहोस् । र सधैं सम्झनुहोस्–यो दौड मेरा लागि हो ।

घडीका लागि होइन । - जोशी संसारका ४० धेरै म्याराथन दौडिसकेका एन्ड्युरेन्स एथ्लेट हुन् । उनी छिट्टै सात महादेशका वर्ल्ड म्याराथन च्यालेन्ज दौडिँदै छन् ।

दौडमा जस्तै जीवनमा पनि सबैको गति फरक हुन्छ । कसैको यात्रा छिटो हुन्छ, कसैको ढिलो । तर महत्वपूर्ण कुरा गति होइन– निरन्तरता हो । त्यसैले, कृतज्ञतासाथ दौडिनुहोस् । अरूसँग तुलना गर्न होइन, आफूलाई भेट्न दौडिनुहोस् ।

चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
कोशी प्रदेश, नेपाल

गाउँबासीहरुमा जानकारी मूलक सन्देश
चिसोबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

- न्यानो लुगाको प्रयोग गरौं, चिसो तथा भिजेको कपडा प्रयोग नगरौं ।
- शारिरिक व्यायामलाई निरन्तरता दिऔं ।
- बन्द कोठामा आगो, कोइला, हिटर नबालौं बाल्नै परे हावा आवतजावत गर्ने बनाएर मात्र बालौं ।
- छरछिमेकमा कोही बिमारी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारका लागि अस्पताल लैजाऔं ।
- हिडडुल गरिरहने/सक्रिय भइरहने बानीको विकास गरौं ।
- विद्युतीय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाएर मात्र प्रयोग गर्ने गरौं ।
- बिना कारण शितलहरको समयमा घर बाहिर ननिस्कौं र खुल्ला स्थानमा पनि नजाऔं ।
- खाली भुँइमा नसुतौं खाट वा पलङको प्रयोग गरौं ।
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलीलो खानेकुरा मात्र खाने गरौं । चिसो सढेगलेको र झिँगा भन्केको खानेकुरा नखाऔं ।
- बढि चिसो तथा शितलहरी परेको बेलामा मर्निङवाक नगरौं ।
- सकेसम्म वाथरुममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्ने परेमा भेन्टिलेसन खुल्ला राखेर प्रयोग गरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा नजिकका चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।
- घर, अस्पताल, होटल उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- आमाको दूध खाने बच्चाहरूलाई नियमित रुपमा स्तानपान गरौं ।
- जाँड, रक्सी तथा सुर्तिजन्य पदार्थ चुरोट, सुर्ति सेवन नगरौं ।
- जाडो महिनामा बालबालिका तथा वृद्धवृद्धालाई बढि चिसोले असर गर्ने हुँदा विशेष हेरचाह गरौं ।
- चिसो तथा खुला स्थानमा लामो समयसम्म नबसौं ।
- दम, हृदयरोग, मोटोपन, कोलस्टोर, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गर्ने गरौं ।
- सवारी साधनमा यात्रा गर्दा हावा छेक्ने कपडा लगाउनुको साथै टोपी, पन्जाको प्रयोग गर्ने गरौं ।
- दैनिक घाम ताप्ने गरौं सकभर तेलको प्रयोग गरी मालिस गर्ने गरौं ।
- बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई बढि चिसोको समयमा काम विना बाहिर निस्कन नदिऔं ।
- चिसोबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र केरुङ, अध्यक्ष
दिल कुमारी लिम्बु (योङहाङ्ग), उपाध्यक्ष
चुलाचुली गाउँपालिका, इलाम, कोशी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र प्रजापति, अध्यक्ष — राकेश प्रजापति, प्रबन्ध निर्देशक
MR ADVERTISING AGENCY PVT. LTD.
Tokha-1, KTM, Tel.: 9846700291, 9826172438
E-mail: mradvtagency@gmail.com
पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरुमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

max media
your in-house media partner
+977 1 526 83 77 / 526 83 78 +977 1 526 85 79
Maxmedia Pvt. Ltd., Maxmedia Villa, Chakupat Road
[Behind Patan Multiple Campus] G.P.O Box: 750
info@maxmedia.com.np www.maxmedia.com.np

Managing Director Kamala Dangi
Trilaxmi Advertising Services Pvt. Ltd.
+977 9851324771
Tokha-08, Kathmandu
trilaxmiadvertising14@gmail.com
kushmadangi86@gmail.com
All kinds of advertising publication.

पब्लिक एड्भरटाईजिङ्ग प्रा. लि.
PUBLIC ADVERTISING PVT. LTD.
शंखमूल, काठमाडौं, नेपाल, फोनः ०१-४७९४३२९
इमेलः publicad75@gmail.com

Akshaya Publication & G Media Pvt. Ltd.
PHONE 01-5554815, 5549880 G.P.BOX 8450
EMAIL gmedia07@gmail.com
ADDRESS Kopundole, Lalitpur, Nepal

Safal Media House Pvt. Ltd.
Safal biz link
सफल आवाज
www.safalawaj.com
Nayabazar, Pokhara : 061- 588913
Baluwatar, Kathmandu : 01- 4536211
www.safalawaj.com

जेनी शाक्य, अध्यक्ष
त्रिरत्न सञ्चार गृह प्रा.लि.
खाँदबारी, सखुवासभा

श्याम खतिवडा, अध्यक्ष
गौरी शंकर मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५११५४२५२
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

BAHAR MEDIA PVT. LTD.
बहार मिडिया प्रा.लि.
Thapagaun, New Baneshwor, Kathmandu
9843509211, 9851026747, 9808082077
baharmedia17@gmail.com
budhadharm0@gmail.com
Our Services | Advertisement on all Daily Newspaper, Best Media Counseling, Complete Advertisement Products, Creative Designing & Printing...

पूर्बेली विज्ञापन सेवा
नयाँबानेश्वर, काठमाडौं
विज्ञापन छपाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ०१-५९१७२३७
९८५१०५६५१४, ९८५१०२११७२

Pramila Basnet, Proprietor
9866430155, 9813635609
Advertising Service
(PASHUPATI BIGYAPAN SEWA)
Sorhakhutte, Kathmandu, Nepal
Tel: 977-1-4355760
E-mail: pashupatibigyapan2075@gmail.com
Website: www.adsgorkha.com
Advertisement Booking Counter For All Media

रमेश सुवेदी
९८४०२३२५८३
ADVENTURE Media House
Bharatpur-9, Chitwan
हामी कहाँ स्थानीय तथा राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना/विज्ञापन प्रकाशन गरिन्छ ।
adventuremediahouse709@gmail.com

# जलवायु परिवर्तनको चुनौती



राजेन्द्र राना

जनवायु परिवर्तनको प्रभावस्वरूप हिमनदीहरु तीव्र गतिमा पग्लिरहेका छन्, जसले हिमताल विस्फोटको जोखिम बढाएको छ । नेपालमा जोखिमयुक्त हिमतालहरुको संख्या ४७ भन्दा बढी रहेको सरकारी अध्ययनले देखाएका छन्, जुन तल्लो तटीय क्षेत्रमा बाढी र जनधनको ठुलो क्षतिको कारण बन्न सक्छ ।

जलवायु परिवर्तन अहिले विश्वकै सबैभन्दा जटिल समस्या बनेको छ । लामो समयसम्म पृथ्वीको तापक्रम, वर्षा प्रणाली र मौसम चक्रमा देखिने अस्वाभाविक परिवर्तनले मानव जीवनमा गहिरो प्रभाव पार्दै लगेको छ । तीव्र र अव्यवस्थित सहरीकरणले वातावरणीय समस्यालाई अझ चर्काएको छ । नेपालले विश्वको कुल कार्बन उत्सर्जनमा नगण्य योगदान गरे तापनि जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित देशहरूको सूचीमा पर्छ ।

बढ्दो तापक्रम, अनियमित वर्षा, बाढीपहिरो, वायु प्रदूषण, पानीको अभाव र फोहोर व्यवस्थापनको समस्या आज हाम्रा सहर र गाउँ दुवैका साझा चुनौती बनेका छन् । नेपाल जलवायु परिवर्तनको दृष्टिले नेपालजस्तो भौगोलिक रूपमा संवेदनशील र विकासोन्मुख मुलुकमा यो समस्या अझ संवेदनशील बन्दै गएको छ ।

विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्तै न्यून (०.१ प्रतिशतभन्दा कम) भए पनि यसको असर नेपालले बढी भोगिरहेको छ । भौगोलिक विविधता, कमजोर पूर्वाधार र जीविकोपार्जनका लागि प्रकृतिमाथिको उच्च निर्भरता नेपाललाई अझ जोखिमपूर्ण बनाउने मुख्य कारण हुन् ।

नेपालमा पछिल्ला केही दशकयता औसत तापक्रम विश्व औसतभन्दा छिटो बढिरहेको तथ्यांकहरूले देखाएका छन् । विशेषगरी हिमाली र पहाडी क्षेत्रमा तापक्रम वृद्धिदर उच्च छ । यसको प्रत्यक्ष प्रभावस्वरूप हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन्, जसले हिमताल विस्फोटको जोखिम बढाएको छ । नेपालमा जोखिमयुक्त हिमतालहरूको संख्या ४७ भन्दा बढी रहेको सरकारी अध्ययनहरूले देखाएका छन्, जुन तल्लो तटीय क्षेत्रमा बाढी र जनधनको ठुलो क्षतिको कारण बन्न सक्छ ।

जलवायु परिवर्तनकै कारण नेपालमा मनसुन प्रणाली अनियमित बन्दै गएको छ । कतै अत्यधिक वर्षा भएर बाढी-पहिरो जाने, कतै लामो समयसम्म पानी नपर्ने समस्या बढ्दो छ । यसले कृषि क्षेत्रमा गम्भीर असर पारेको छ । हिमालहरूमा पर्याप्त हिउँ छैनन् । सेता हिमाल काला पहाडमा परिणत हुन थालेका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, मौसमजन्य विपद्का कारण हरेक वर्ष हजारौं हेक्टर खेतीयोग्य जमिन क्षतिग्रस्त हुने गरेको छ, जसले खाद्य सुरक्षा र किसानको आम्दानीमा प्रत्यक्ष असर पुऱ्याएको छ ।



सहरी क्षेत्रमा नेपालको अवस्था झन् चुनौतीपूर्ण देखिन्छ । पछिल्ला वर्षहरूमा सहरीकरणको गति तीव्र भए पनि त्यसअनुसारको योजना र पूर्वाधार विकास हुन सकेको छैन । काठमाडौं उपत्यका यसको स्पष्ट उदाहरण हो । सवारीसाधनको चाप, निर्माण कार्य, उद्योग र खुला फोहोर जलाउने प्रवृत्तिले काठमाडौंको वायु प्रदूषणस्तर दक्षिण एसियामै उच्चमध्ये एक बनाएको छ । वायु प्रदूषणका कारण श्वासप्रश्वास, मुटु तथा दीर्घकालीन स्वास्थ्य समस्या बढ्दै गएका छन् ।

फोहोर व्यवस्थापन नेपालको अर्को गम्भीर समस्या हो । काठमाडौं उपत्यकामा मात्र दैनिक करिब १ हजार २ सय मेट्रिक टन फोहोर उत्पादन हुने भए पनि यसको दीर्घकालीन र वातावरणमैत्री व्यवस्थापन चुनौतीपूर्ण छ । ल्यान्डफिल साइटमा निर्भरता, स्थानीय विरोध र पुनः प्रयोगको कमजोर अभ्यासले समस्या जटिल बनेको छ ।

पानीको अभाव पनि सहरी नेपालको प्रमुख संकट बन्दै गएको छ । प्राकृतिक जलस्रोतको अतिक्रमण, कंक्रिट संरचनाको अत्यधिक प्रयोग र वर्षाको पानी संकलन प्रणालीको अभावले भूमिगत पानीको सतह घट्दै गएको छ । मेलम्चीजस्तो आयोजना भए पनि दीर्घकालीन समाधानका लागि दिगो जल व्यवस्थापन अझै आवश्यक छ । नीतिगत रूपमा नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय अनुकूलन कार्यक्रम र स्थानीय अनुकूलन कार्ययोजनाजस्ता प्रयास अघि बढाएको छ । तर कार्यान्वयन कमजोर हुनु, स्रोतसाधनको अभाव र संस्थागत समन्वय नहुँदा अपेक्षित परिणाम आउन सकेको छैन ।

नेपाल जलवायु परिवर्तन र सहरी वातावरणीय संकटको अग्रपंक्तिमा रहेकाले यसका चुनौती गहिरा छन् । वैज्ञानिक अध्ययनअनुसार औद्योगिक क्रान्तिपछि पृथ्वीको औसत तापक्रम करिब १.१ डिग्री सेल्सियसले वृद्धि भइसकेको छ । जीवाश्म इन्धन (कोइला, पेट्रोलियम, ग्यास)को अत्यधिक प्रयोग, वन विनाश र औद्योगिक गतिविधिबाट उत्सर्जित हरितगृह ग्यास यसको प्रमुख कारण हुन् । संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार विश्वभर हुने कुल हरितगृह ग्यास उत्सर्जनको करिब ७५ प्रतिशत ऊर्जा, उद्योग र यातायात क्षेत्रबाट निस्कन्छ । यही कारणले समुद्री सतह बढ्नु, चरम मौसमी घटना बढ्नु र जैविक विविधतामा क्षति पुग्नुजस्ता समस्या विश्वभर फैलिरहेका छन् । जलवायु परिवर्तनका कारण कृषि प्रणाली प्रत्यक्ष रूपमा प्रभावित भएको छ । सरकारी तथ्यांकअनुसार मौसमजन्य विपद्का कारण वार्षिक रूपमा ५ देखि १० प्रतिशतसम्म कृषि उत्पादनमा क्षति पुग्ने गरेको छ । यसले खाद्य सुरक्षामा समेत चुनौती थपेको छ ।

अहिले देशको करिब ६० प्रतिशतभन्दा बढी जनसंख्या सहरी क्षेत्रमा बसोबास गर्ने गरेको विभिन्न तथ्यांकहरूले बताउँछन् । तर यो सहरीकरणलाई योजनाबद्ध नभई अव्यवस्थित बसोबासका रूपमा लिइएको छ । सहर विस्तारसँगै वायु प्रदूषण, ट्राफिक जाम, खुला स्थानको अभाव, अव्यवस्थित बस्ती र खानेपानी संकटजस्ता समस्या बढिरहेका छन् । सहरमा जनसंख्या केन्द्रित हुँदा ऊर्जा खपत र फोहोर उत्पादन पनि तीव्र रूपमा बढेको छ, जसले वातावरणीय प्रभावमाथि दबाब थपेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार वायु प्रदूषणका कारण विश्वभर हरेक वर्ष करिब ७० लाख मानिसको अकाल मृत्यु हुने गर्छ । काठमाडौं उपत्यका दक्षिण एसियाकै प्रदूषित सहरमध्ये पर्छ । सवारीसाधनबाट निस्कने धुवाँ, निर्माण कार्यको धुलो, उद्योग तथा खुला रूपमा फोहोर जलाउने प्रवृत्तिले मानवीय स्वास्थ्यमा दीर्घकालीन निम्त्याइरहेको छ ।

यी जटिल समस्याको समाधानका लागि दीर्घकालीन सोच र सामूहिक प्रयास आवश्यक छ । नवीकरणीय ऊर्जाको प्रयोग विस्तार, सार्वजनिक तथा विद्युतीय यातायात प्रवर्धन, हरित सहरको अवधारणा, फोहोरको स्रोतमै वर्गीकरण र पुनः प्रयोग, तथा खुला स्थान र हरियाली संरक्षणजस्ता उपाय प्रभावकारी हुन सक्छन् । साथै, स्थानीय तहलाई जलवायु अनुकूलनमा सशक्त बनाउनु अत्यावश्यक भइसकेको छ ।




## गजुरी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल

**गजुरी गाँउपालिकाको अनुरोध**

- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गणेशलाल श्रेष्ठ, अध्यक्ष | जगदिश प्रसाद जोशी, प्रमुख प्रशासकीय अधिकृत | शर्मिला बिसुराल, उपाध्यक्ष

गजुरी गाउँपालिका गजुरी, धादिङ, बागमती प्रदेश, नेपाल

## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ गण्डकी प्रदेश, नेपाल

**आँबुखैरेनी गाउँपालिकाको अनुरोध**

- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शुक्र चुमान, अध्यक्ष | शर्मिला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत | दुर्गा अर्याल, उपाध्यक्ष

आँबुखैरेनी गाउँपालिका आँबुखैरेनी, तनहुँ गण्डकी प्रदेश, नेपाल

## बौधीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट, मधेश प्रदेश, नेपाल

**बौधीमाई नगरपालिकाको अनुरोध**

- शीतलहरबाट बच्न न्यानो कपडा लगाऔं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- जाडो बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरू-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।

**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बौधीमाई नगरपालिका, सरमुजवा, रौतहट, मधेश प्रदेश, नेपाल

# लैंगिक अल्पसंख्यक र पहिचानको मुद्दा



■ खुसी पाठक

❝

लैंगिक पहिचानका कारण घरबाट निकालिनु, पढाइ छोड्न बाध्य हुनु, रोजगारी नपाउनु र मानसिक तथा शारीरिक हिंसाको सिकार हुनु सामान्यजस्तै थियो । कानुनी रूपमा पनि उनीहरुको पहिचानले मान्यता पाएको थिएन । तर पछिल्लो केही दशक हेर्ने हो भने समाजले विस्तारै लैंगिक अल्पसंख्यकको पहिचानलाई स्वीकार गर्न थालेको देखिन्छ ।

नेपाली समाजमा लैंगिक तथा यौनिक अल्पसख्यकलाई अस्वाभाविक वा लज्जाका रूपमा हेरिने क्रम विस्तारै कम हुँदै गएको छ । यो समाजमा आएको परिवर्तनसँगै मानिसको सोच र व्यवहारमा देखिएको सुधार हो । विगत केही वर्षको अवधिमा नेपाली समाजमा लैंगिक अल्पसंख्यक समुदायप्रति हेर्ने दृष्टिकोणको परिभाषा केही बदलिएको छ ।

२०७८ सालमा गरिएको जनगणनामा पहिलोपटक महिला र पुरुषबाहेक अन्य लैंगिक र यौनिक पहिचान भएकाहरूलाई समावेश गरिएको थियो । जसअनुसार लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको संख्या २ हजार ९ सय २८ जना रहेको छ । जुन कुल जनसंख्याको ०.०१ प्रतिशत हुन आउँछ । दुई-तीन दशकअघिसम्म नेपाली समाजमा लैंगिक अल्पसंख्यक भन्ने अवधारणा नै स्पष्ट थिएन । पुरुष र महिला बाहेकको लैंगिक पहिचानलाई समाजले स्वीकार गर्दैनथ्यो । तेस्रो लिंगी, समलैंगिक, द्विलैंगिक वा ट्रान्सजेन्डर व्यक्तिहरूलाई असामान्य, गलत वा लज्जाको विषयका रूपमा हेरिन्थ्यो । धेरैजसो अवस्थामा उनीहरू परिवारबाट नै तिरस्कृत हुन्थे, विद्यालयमा दुर्व्यवहार भोग्थे र समाजबाट बहिष्करणमा पर्थे ।

लैंगिक पहिचानका कारण घरबाट निकालिनु, पढाइ छोड्न बाध्य हुनु, रोजगारी नपाउनु र मानसिक तथा शारीरिक हिंसाको सिकार हुनु सामान्यजस्तै थियो । कानुनी रूपमा पनि उनीहरूको पहिचानले मान्यता पाएको थिएन । जसका कारण नागरिकता, राहदानी, बैंक खाता, सरकारी सेवा वा अन्य कुनै पनि किसिमका काम गर्न वा सेवा प्राप्त गर्न



समस्या थियो ।

तर पछिल्लो केही दशक हेर्ने हो भने समाजले विस्तारै लैंगिक अल्पसंख्यकको पहिचानलाई स्वीकार गर्न थालेको देखिन्छ । कानुनी रूपमा पनि उनीहरूको हकअधिकारबारे स्पष्ट पारिएको छ । नागरिकता, मतदाता परिचयपत्र, राहदानीजस्ता सरकारी कागजातमा लैंगिक पहिचानको विकल्प समावेश गरिएको छ । राज्यले उनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा समावेश गर्ने नीति अगाडि सारेको छ ।

नेपालको संविधानको धारा ४२ मा 'आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा पछाडि परेका क्षेत्रका नागरिक'लाई राज्यका सबै अंगमा समावेशी सहभागिताको हक प्रत्याभूति गरिएको छ । संविधानको धारा १२ र १८ मा समेत लैंगिक तथा यौनिक अल्पसंख्यक स्पष्टसँगको हक र अधिकारबारे व्याख्या गरिएको छ । धारा १२ मा वंशीय आधार तथा लैंगिक पहिचानसहितको नागरिकतासम्बन्धी व्यवस्था राखिएको छ । १८ को २ मा 'सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिनेछैन,' भन्ने लेखिएको छ ।

कानुनी मान्यतासँगै सामाजिक चेतनामा पनि विस्तारै परिवर्तन आएको छ । सञ्चारमाध्यम, सामाजिक सञ्जाल, नागरिक अभियान र गैरसरकारी संस्थाहरूको सक्रियताले लैंगिक विविधताबारे बहसलाई सार्वजनिक बनाएको छ । पहिले लुकाइने र दबाइने विषय अहिले खुला रूपमा छलफल हुन थालेको छ । २०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा म (सुनिलबाबु पन्त) राष्ट्रिय राजनीतिमा निर्वाचित हुन सफल भएको एक ऐतिहासिक घटना हो ।

स्कुल र कलेजमा लैंगिक विषयमा पाठ्यक्रम बनेका छन् । प्राज्ञिकस्तरमा यसबारे बहस हुने गरेको छ । अहिले लैंगिक तथा यौनिक अल्पसंख्यकका विषयमा अध्ययन गर्न अवधारणा बनेका छन् । सहरी क्षेत्र, शिक्षित समुदाय र युवा पुस्तामा लैंगिक अल्पसंख्यकप्रति स्वीकार्यता अलि बढेको देखिन्छ । केही अभिभावकले आफ्ना सन्तानको लैंगिक पहिचान स्वीकार गर्न थालेका उदाहरण पनि छन् ।

शिक्षाबाटै बाहिर राखिने लैंगिक अल्पसंख्यक समुदायका सदस्य अहिले क्रमशः शिक्षामा पहुँच बनाउँदै गएका छन् । केही संस्थाहरूले छात्रवृत्ति, सिपमूलक तालिम र आत्मनिर्भरता कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । यसले उनीहरूलाई परम्परागत रूपमा थोपारिएको सीमित पेसाबाट बाहिर निस्कन सहयोग पुऱ्याएको देखिन्छ । अहिले उनीहरू सञ्चारकर्मी, कलाकार, अभियन्ता, उद्यमी र राजनीतिक कार्यकर्ताका रूपमा स्थापित हुने प्रयासमा छन् ।

यति धेरै परिवर्तनका बाबजुद ग्रामीण क्षेत्र र परम्परागत सोच हावी भएका समाजमा भेदभाव, हिंसा र अपमान अझै कायम छ । सुनिलबाबु पन्तबाहेक राष्ट्रियस्तरमा अहिलेसम्म कुनै लैंगिक तथा अल्पसंख्यक समुदायका व्यक्तिको प्रतिनिधित्व देखिएको छैन । निजामती, सुरक्षालगायत अन्य सरकारी सेवामा आजसम्म तोकेर यही समुदायको व्यक्तिका लागि भनेर कोटा निर्धारण गरिएको छैन । महिला, दलित, जनजाति, मधेशी, मुस्लिम र अपांगता भएका व्यक्तिहरूका लागि छुट्टाछुट्टै आयोग बनेका छन् तर लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि कुनै आयोग गठन हुन सकेको छैन ।

कानुनमा व्यवस्था भएका बुँदाहरू व्यवहारमा लागू गर्न सकियो भने सदियौंदेखि पहिचानविहीन भएका लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकार सुनिश्चित हुनेछ । पूर्वीय सभ्यतामा सम्मानका साथ स्मरण गरिने किन्नर समाज, समुदाय आजको आधुनिक समाजमा केही विकृत भएर विस्तार भएको देखिए पनि कानुनले लैंगिक पहिचानका आधारमा कसैलाई पनि भेदभाव गर्न नपाइने उल्लेख गरेको छ ।




HYUNDAI परिवार
HYUNDAI

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

**Hyundai Call Center No:** 01-5970226

**Dealership:**
**Thapathali:** 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801239277 **Thapathali-EV:** 01-5912626, 5913636, 9801239277
**Naxal:** 01-4513934, 4513942, 9801201082 **Bhaktapur:** 01-6635266, 6637147, 9801201016
**Birtamod :** 023-541495, 9802672044, 9802672041 **Biratnagar:** 021-466609, 9802369313, 9802369339 **Itahari:** 025-588486, 9801239293
**Birgunj:** 9707086115 **Hetauda:** 057-520200, 9802641982, 9802641989 **Bharatpur:** 056-522776, 9801353765
**Pokhara:** 061-537426, 9801201010, 9801240155 **Bhairahawa:** 071-575428, 9802608803, 9802608801 **Butwal:** 071-415278, 9801943958
**Dang:** 082-563634, 9801347966, 9801347967 **Nepalgunj:** 081-550427, 9802546481 **Dhangadi:** 091-524492, 9802540105

# युवाको काँधमा देश



■ चेतन अधिकारी

> 6 नेपालले अहिले नै जनसंख्या लाभांश प्रयोग गर्न सक्छ । जनसंख्या लाभांश भनेको युवाको बाहुल्यताको समयमा देशले आर्थिक र सामाजिक विकासका लागि अवसर पाउने अवस्था हो । यो अवसर एकपटक मात्र आउँछ र त्यसपछि जनसंख्या संरचना फेरबदल भई बुढ्यौलीको समय आउँछ ।

नेपालको जनसंख्या, मतदाता वितरण र बसाइँसराइ हालको निर्वाचन प्रणाली तथा विकासका लागि अत्यन्त महत्वपूर्ण विषय हो । २०७८ सालको जनगणनाले नेपालको करिब ६८ लाख घरधुरी रहेको देखाएको छ । यसमध्ये करिब ५ लाख घरधुरी खाली छन् अर्थात् त्यहाँ कुनै मानिस बस्दैनन् तर त्यहाँ मतदाता नामावली अझै कायम छ । यसले मतदाता नामावली सधैं वास्तविक बसाइसँग मेल खाँदैन भन्ने देखाउँछ । उदाहरणका लागि, पूर्वीरुकुमका मान्छे अस्थायी रूपमा काठमाडौं बस्छन् तर मतदाता नामावली रुकुममै रहन्छ । यस्तो अवस्थामा, उनीहरूले मतदान गर्न कहाँ जाने भन्ने प्रश्न उठ्छ ।

मतदाता तीन प्रकारका छन् । पहिलो, आफ्नो नामावलीअनुसार स्थानीय मतदाता । दोस्रो, देशभित्र आफ्नै निर्वाचन क्षेत्रभन्दा बाहिर बसाइँसराइ गरेका मतदाता । तेस्रो, विदेशमा रहेका मतदाता । अध्ययनअनुसार करिब २२ लाख नेपाली जनगणनाको बेलामा घरमा थिएनन् । करिब ४० लाख नेपाली विदेशमा छन् भनिन्छ । यसले मतदान योग्य युवाहरू ठुलो संख्यामा देशबाहिर छन् ।

यदि हामीले तीन प्रकारका मतदातालाई हेर्ने हो भने, पहिलो आफ्नो निर्वाचन क्षेत्रमा मतदाता । दोस्रो देशभित्र अन्यत्र बस्ने मतदाता । तेस्रो विदेशमा रहेका मतदाता । यीमध्ये युवा मतदाता निर्णायक देखिन्छन् । अहिले उपलब्ध तथ्यांकअनुसार सबैभन्दा बढी युवा जनसंख्या कर्णाली प्रदेशमा छ । यहाँ करिब ३९ प्रतिशत जनसंख्या १३ देखि १८ वर्ष उमेर समूहको छ । लुम्बिनी प्रदेशमा ३५ प्रतिशत, मधेश प्रदेशमा ३५ प्रतिशत, कोशी प्रदेशमा ३१ प्रतिशत, बागमती प्रदेशमा ३० प्रतिशत र गण्डकी प्रदेश ३१ प्रतिशत युवा जनसंख्या रहेका छन् ।

बसाइँसराइ र सहरीकरणको प्रभाव मतदाता वितरणमा पनि देखिन्छ । धेरै मतदाता आफ्नो मूल निर्वाचन क्षेत्रभन्दा बाहिर बस्छन् । उदाहरणका लागि, सहरमा कामका लागि आउने वा परिवारलाई साथ ल्याउने मान्छेहरूको संख्या ठुलो छ । यसले मतदाता व्यवहारमा महत्वपूर्ण प्रभाव पार्छ । विशेष गरी काठमाडौंमा स्विङ मतदाता धेरै छन् । यी मतदाताले आफ्नो मूल निर्वाचन क्षेत्रमा अंगालेको दल र विचार छोडेर नयाँ क्षेत्रमा बस्दा नयाँ नेतृत्व खोज्ने सम्भावना बढी हुन्छ ।

अहिले नेपालको युवा जनसंख्या धेरै छ । १६ देखि ४० वर्षको उमेर समूहलाई युवा मानिन्छ, जसको आकार करिब ३७ प्रतिशत छ । १८ देखि ३५ वर्षको जनसंख्या




३८ प्रतिशत छ । सक्रिय उमेर समूह (१५-६४ वर्ष) करिब ६५ प्रतिशत छ । आश्रित अनुपात ५३ प्रतिशत छ, अर्थात् काम गर्ने १०० मान्छेले ५३ जनालाई पाल्नुपर्छ । जन्मदर घटेको कारण बालबालिकाको आश्रित अनुपात पनि कम भएको छ । नेपाल अझै बुढ्यौलीको चरणमा प्रवेश गरेको छैन तर औसत उमेर बढ्दै छ ।

नेपालीको औसत उमेर अहिले २६ वर्ष छ । १० वर्षअघि यो २१ वर्ष थियो । अर्को दशकमा औसत उमेर ३३ वर्ष पुग्ने अनुमान छ । यसले नेपाल बुढ्यौलीतर्फ उन्मुख देखाउँछ । तर देशले अहिले नै आफ्नो जनसंख्या लाभांश प्रयोग गर्न सक्छ । जनसंख्या लाभांश भनेको युवाको बाहुल्यताको समयमा देशले आर्थिक र सामाजिक विकासका लागि अवसर पाउने अवस्था हो । यो अवसर एकपटक मात्र आउँछ र त्यसपछि जनसंख्या संरचना फेरबदल भई बुढ्यौलीको समय आउँछ ।

विदेशमा रहेका युवाले रेमिट्यान्स पठाएर अर्थतन्त्रलाई सहयोग गरिरहेका छन् । तर यो अस्थायी समाधान हो । यदि विदेशी रोजगारी बन्द भयो भने देशमा युवाहरूको रोजगारीको ठुलो चुनौती उत्पन्न हुनेछ । बेरोजगारी बढेमा असन्तुष्टि, आन्दोलन र सामाजिक समस्याको सम्भावना बढ्छ । त्यसैले युवाको क्षमता र ऊर्जाको बेलैमा सदुपयोग गर्नु आवश्यक छ ।

नेपालको जनसंख्या हाल घट्दो अवस्थामा छ । २०६८ देखि २०७८ दशकमा जनसंख्या २६ लाखले मात्र बढ्यो, अघिल्लो दशकमा ३३ लाखले बढेको थियो । वृद्धिदर घटेको कारण स्पष्ट छैन । तर वैदेशिक रोजगारी र ढिलो विवाहलाई मुख्य कारण मानिएको छ । २०५८ सालसम्म नेपालको जनसंख्या द्रुत वृद्धि भएको थियो, करिब २ दशमलव २ प्रतिशत वार्षिक वृद्धि दरले । तर २०६८ सालको जनगणनाअनुसार जनसंख्या वृद्धिदर १ दशमलव ३ प्रतिशतमा झर्‍यो । २०७८ सालको जनगणनाअनुसार यो अझ घटेर ०.९३ प्रतिशत पुगेको छ । प्रतिमहिला प्रजनन् दर १ दशमलव ९ रहेको छ । यसरी जनसंख्या वृद्धि दर घट्नु नेपालको लागि नयाँ चुनौती बनेको छ ।

नेपालको औसत ज्येष्ठ नागरिकको प्रतिशत बढ्दै छ । २०६८ सालमा ६० वर्षभन्दा माथिको जनसंख्या करिब ६ प्रतिशत थियो । १० वर्षपछि यो लगभग १० प्रतिशत पुग्ने देखिन्छ । यसको अर्थ, समाजमा वृद्ध मानिसहरूको संख्या बढ्दै जानेछ । यसले सामाजिक सुरक्षा, स्वास्थ्य र अन्य पूर्वाधारमा दबाब थपिनेछ । यसले नेपाली जनसंख्या वृद्धिदर घट्दै गएको देखाउँछ । वृद्धिदर घट्दा श्रम शक्ति पनि घट्नेछ र त्यसको सोझो असर आर्थिक उत्पादनमा पर्नेछ । बसाइँसराइ र वैदेशिक रोजगारीले गाउँ र पहाडका क्षेत्र खाली हुँदै गएका छन् । पहाडबाट मानिस तराई वा सहरमा बस्न थालेका छन् । पहिलो चरणमा, वैदेशिक रोजगारीमा गएको युवा सहर वा तराईमा फर्कन्छ । दोस्रो चरणमा, परिवारका अन्य सदस्य पनि सहरतिर बसाइ सर्दै जान्छन् । यसले गाउँहरू उजाड बनाइरहेको छ ।

यति हुँदाहुँदै पनि यो समय जनसंख्या लाभांशको अवसर हो । यदि अहिलेको युवा जनसंख्यालाई शिक्षा, रोजगारी र उत्पादनशील क्षेत्रमा लगाउन सकियो भने देशले समृद्धिको पाइला छिटो सार्न सक्छ । सँगसँगै समयको माग अनुसारको नीति निर्णयमा ढिला भयो भने भविष्यमा वृद्ध जनसंख्या र बेरोजगारीको चुनौतीको सामना गर्नुपर्नेछ । नेपालको वर्तमान अवस्थाले युवा बाहुल्यताको हो । यसले निर्वाचन र आर्थिक प्रणालीमै निर्णायक भूमिका खेल्छ । यदि हामीले वर्तमान अवसरको सदुपयोग गर्‍यौं भने देश छिटो समृद्धितर्फ अघि बढ्न सक्छ ।

*(अधिकारी पत्रकार एवं जनसंख्याविद् हुन् ।)*





# युवामा विदेश मोह



■ सन्दीप अर्याल

“ नयाँ पुस्तासमेत रोजगारीका लागि फेरि उही विदेशी भूमिमा पुग्नु पर्ने हुन्छ । पछिल्लो समय श्रममा आधारित रोजगारी विश्वभर नै कमी आएको छ ।

नेपालमा युवा जनशक्तिको अभाव बढ्दो छ। वृद्ध र बच्चाले गाउँघरमा कुरेका छन् भने युवा जनशक्तिको रोजगारीका लागि विश्वभर पुगेका छन् । नेपालमा भन्दा लगानी गर्नेभन्दा विदेश जाने भनेपछि मोटो रकम लगानी गरेर भए पनि देश छाडिरहेको अवस्था छ । रोजगारीका लागि नेपाली युवा शक्ति देश छोडिरहेको छैन अवसरको खोजीमा समेत गाउँबाट सहर, सहरबाट विदेशसम्म पुगेका छन् । पछिल्लो दुई दशकयता विदेश जाने ट्रेन्डको विकास बढेको छ । २०६२/६३ को जनआन्दोलपछि देशमा गणतन्त्र आए पनि समाजको आर्थिक तथा मनोवैज्ञानिक रूपमा देशमा रोजगारीको अवसर छैन भन्ने भाष्य सिर्जना हुँदा विदेश पलायनको लहर नै देखिन्छ । दुई दशक बितिसक्दासमेत अझै विदेश जानेको संख्या घट्नुको सट्टा बढ्दो ग्राफ छ ।



देशमा राजनीतक अस्थिरताले लगानीकर्ताको मनोबल कमजोर हुँदै गएको छ। विदेशी बहुराष्ट्रिय कम्पनीलाई नेपालमा लगानी गर्ने वातावरण बन्न नसक्दा रोजगारी सिर्जना हुनै सकिरहेको छैन । नेपालमा सकसले चलिरहेको उद्योग व्यवसायले समेत महँगी र युवाको आवश्यताअनुसार पारिश्रमिक तथा सेवा सुविधा दिन नसक्दा समेत युवापुस्तामा विदेश मोह बढी देखिएको हो । हामीले २४ वर्षअघि र अहिले नेपाली युवाको रोजगारी सोचभन्दा पनि घरमै बसेर आर्थिक आयआर्जनको काम गर्ने र जीवन निर्वाह गर्ने धेरै थियो । आम्दानीको मुख्य स्रोत कृषिमै निर्भर देखिन्थ्यो तर त्यसपछि कृषिभन्दा खाडी मुलुकमा भए पनि विदेश रोजगारीका लागि जानेको संख्या हरेक वर्ष बढ्दो छ। त्यसले नेपाली समाजमा विदेश गयो भने आर्थिक अवस्थामा सुधार आउने सोचको विकास गरेको छ ।

## सिप नभई विदेश

नेपालको युवा जनशक्ति सिप नभई विदेश पलायनले तल्लोस्तरको काम वा मजदुरीमा जाने धेरै छन् । यसले नेपालको श्रमशक्ति सस्तोमा पलायन भइरहेको छ । सिपको अभावमा कम पैसामा रोजगारीका लागि जानुपर्ने अवस्था छ । नेपालमा पढेको शिक्षा सैद्धान्तिक हुँदा त्यसको असर वैदेशिक रोजगारमा समेत परेको छ । अन्य देशमा नागरिक प्राप्त गर्नेभन्दा कम ज्यालामा नेपाली कामदारले काम गर्न बाध्य छन् । नेपाली समाजमा अहिले जसरी पनि विदेश जानै पर्ने मनोविज्ञानको विस्तारले समेत जस्तो पायो त्यही काममा विदेश जाने र त्यहाँ गएर पछुताउने धेरै नेपाली छन् । नेपाली श्रमिकहरूमा भविष्य बनाउने लक्ष्यमा साथ विदेश जाने धेरै छन् । तर विदेश जानुभन्दा अघि सिप सिकेर जाने निकै कम छन् । देशभित्र समेत सिप हुनेले राम्रो आम्दानी गरिरहेका छन् । यहाँ सिप सिक्ने/सिकाउनेप्रति चासो न सरकारको छ न स्वयं व्यक्तिको नै । सिप नहुँदा रोजगारीको अभावले युवा पलायन हुन बाध्य छन् । नेपालमा पछिल्लो समय शिक्षित युवाको संख्या बढ्दै गएको छ । देशमा बस्नुभन्दा शैक्षिक भिसा र आयल्स गरेर विदेश जानेको संख्यासमेत बढ्दो छ। नेपालमै रोजगारीको अवसर खोज्नेहरूले समेत राम्रो आम्दानी नभएको भन्दै विदेशतर्फ लागिरहेका छन् । देशभित्रका कम्पनीले दिने तलब र विदेश केही घण्टा काम गर्नेबीच नै आम्दानीमा अन्तर हुँदा विदेश मोह बढ्दो छ। नेपालमा भइरहेको राजनीतिक अस्थिरता, स्थिर व्यवसायी नीतिको अभावमा नेपालमा भविष्य युवाहरूले देख्न सकेका छैनन् । नेपालमा कामको सम्मान गर्ने संस्कार समेत नहुँदा पलायवादी सोचको विस्तारको गति समेत बढेको देखिन्छ । नेपालीका लागि विदेश पलायनले नेपाली श्रम बजारमा काम गर्ने श्रमिकको अभाव हुन थालेको छ। अहिले निर्माण क्षेत्रमा काम गर्न भारतबाट समेत आउन थालेका छन् ।

नेपालको श्रमशक्ति अहिले विदेशी भूमिमा आफ्नो जवानी र पसिना निकै सस्तो मूल्यमा बेचिरहेका छन् । जब उमेर र शक्ति घटेपछि अधिकांश स्वदेश फर्किनुपर्ने बाध्यता छ । सीप नहुँदा पछिल्लो समय प्रविधिको प्रयोगले लामो समयदेखि विदेशमा काम गर्नेहरू समेत फर्किनुपर्ने अवस्था छ । देश निर्वाचनमा होमिँदै छ । नयाँ आउने नेतृत्वले नेपाली युवा जनशक्तिलाई विदेश होइन स्वदेशमै आत्मनिर्भर र रोजगारीको सम्भावना देखाउन सक्नुपर्छ । आगामी पाँच वर्षका लागि आउने नयाँ सरकारले स्वदेशमा लगानीकर्तालाई लगानी गर्न र विदेश गएकाहरूले समेत आफ्नो मातृभूमिमै आएर लगानी गर्ने वातावरण बनाउन बनाउने नीति अवलम्न गर्न आवश्यक छ। यदि फेरि पनि निर्वाचनपछि आउने नेतृत्वले समेत देशको भद्रगोल अवस्थालाई समाल्न नसक्ने हो भने थप अन्योलतामा मुलुक पर्नेछ । अहिले जसरी तसरी चलिरहेका उद्योगधन्दा समेत बन्द हुने अवस्था आउने र रोजगारीको खोजीमा फेरि विदेशकै मोहमा युवा जनशक्ति पलायनको बाटो रोज्नुपर्ने बाध्यता हट्न आवश्यक छ । अहिले जसरी नेपालमा केही हुँदैन भन्ने भाष्यको सिर्जना भएको छ अबको पाँच वर्ष देश बनाउन देशमै आर्थिक समृद्धिको रोड म्याप तयार गर्न आवश्यक छ । जेन्जी आन्दोलनमा जसरी सरकारप्रतिको असन्तुष्टिले भौतिक तथा व्यावसायिक प्रतिष्ठानलाई आक्रमण भएको थियो । त्यसलाई परिपूर्ति गर्नसमेत आगामी नेतृत्वको आवश्यक देखिन्छ । पछिल्लो समय देशमै लगानी गरेका उद्यमीसमेत नेपालको आर्थिक मन्दीको अवस्थाबाट तरंगित छन् । अबका दिनमा समेत अर्थतन्त्रले गति नदिने हो भने व्यवसायीले लगानी गर्नेभन्दा पलायन हुने अवस्था आउन सक्ने देखिन्छ। लगानी नै पलायन हुने हो भने नयाँ पुस्तासमेत रोजगारीको लागि फेरि उही विदेशी भूमिमा पुग्नुपर्ने हुन्छ । पछिल्लो समय श्रममा आधारित रोजगारी विश्वभर नै कमी आएको छ । प्रविधिको प्रयोगले सिपबिनाका नेपाली श्रमिकको आवश्यता पर्ने छैन त्यसैले अब नेपालले उत्पादनमुखी अर्थतन्त्र, कृषि, पर्यटन तथा जलविद्युत् क्षेत्रमा लगानीको विस्तार गरेर युवा जनशक्तिलाई स्वदेशमै रोक्ने रणनीति बनाउनु नै अहिलेको आवश्यकता हो ।

२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरूको हकहितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारीसम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पुरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा थप प्रगतिको कामना गर्दछु । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
दामोदर नेपाल
नेपाली साझा मञ्च, साउदी
रास्वपा केन्द्रीय नेतृत्व मञ्चको सदस्य

२४ औं वार्षिकोत्सव यात्रा २५ वर्षको
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तर रुपमा अनो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Ram Prasad Bhantana
(Chairman / CEO)
ROSE Rose Overseas Pvt.Ltd. Family
Chapalkharkhana-4, Kathmandu

नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
अवकासपछिको जीवन सुरक्षित बनाऔं !!
कोषका अवकास योजना/कार्यक्रमहरू :
- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष
विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।
नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट, मधेश प्रदेश, नेपाल
गौर नगरपालिकाको अनुरोध
- शीतलहरबाट बच्न न्यानो कपडा लगाऔं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- जाडो बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरू-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौँ ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गौर नगरपालिका, गौर, रौतहट, मधेश प्रदेश, नेपाल

देवाही गोनाही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रेमपुर, रौतहट, मधेश प्रदेश, नेपाल
देवाही गोनाही नगरपालिकाको अनुरोध
- शीतलहरबाट बच्न न्यानो कपडा लगाऔं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- जाडो बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरू-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौँ ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
देवाही गोनाही नगरपालिका, प्रेमपुर, रौतहट, मधेश प्रदेश, नेपाल

बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट, मधेश प्रदेश, नेपाल
बौधीमाई नगरपालिकाको अनुरोध
- शीतलहरबाट बच्न न्यानो कपडा लगाऔं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- जाडो बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरू-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौँ ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बौधीमाई नगरपालिका, सरमुजवा, रौतहट, मधेश प्रदेश, नेपाल

थवाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा, लुम्बिनी, प्रदेश, नेपाल
थवाङ गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ऋषि केशव बुढा मगर, अध्यक्ष
गणेश वि.क., प्रमुख प्रशासकीय अधिकृत
शर्मिला बुढा मगर, उपाध्यक्ष
थवाङ गाउँपालिका, थवाङ, रोल्पा, लुम्बिनी, प्रदेश, नेपाल

यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट, मधेश प्रदेश, नेपाल
यमुनामाई गाउँपालिकाको अनुरोध
- शीतलहरबाट बच्न न्यानो कपडा लगाऔं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- जाडो बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरू-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौँ ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
यमुनामाई गाउँपालिका, सरुअठा, रौतहट, मधेश प्रदेश, नेपाल

माधव नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माधोपुर, रौतहट, मधेश प्रदेश, नेपाल
माधव नारायण नगरपालिकाको अनुरोध
- शीतलहरबाट बच्न न्यानो कपडा लगाऔं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- शीतलहरको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिका तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । शीतलहरको प्रभाव र प्रकोप देखा पर्ना साथ नजीकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ ।
- जाडो बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- सुत्ने समयमा न्यानो कपडाहरू-सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौँ ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौं ।
- खाली भुइमा नसुतौ खाट पलङको प्रयोग गरौं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
माधव नारायण नगरपालिका, माधोपुर, रौतहट, मधेश प्रदेश, नेपाल

# नेपाली पुस्तकको अर्थतन्त्र



■ अजित बराल

पछिल्ला १५-२० वर्षमा नेपालको रिडिङ कल्चर उल्लेख्य रूपमा बढेको देखिन्छ । यसको प्रत्यक्ष संकेत प्रकाशन उद्योगमै देखिन्छ । पहिले नयाँ प्रकाशन गृह सुरु हुँदा एउटा किताबको प्रारम्भिक छपाइ एक हजारप्रति वरिपरि हुन्थ्यो भने अहिले ३०-३५ हजारसम्मको इनिसियल प्रिन्ट सम्भव भएको छ। यसले नेपाली किताबको बिक्री संख्या बढेको स्पष्ट संकेत गर्छ। यो परिवर्तन खासगरी २०६२/६३ पछि देखिन थालेको हो ।

यसअघि नेपाली प्रकाशन क्षेत्र निकै सीमित थियो। केही स्थापित पुराना प्रकाशक मात्रै सक्रिय थिए, नयाँ प्रकाशन गृहहरू थिएनन् । त्यतिखेर पढ्ने संस्कृति पनि व्यापक थिएन । तर १९९० पछाडि नेपालको जनसंख्या बढ्दै गयो, साक्षरता दर पनि क्रमशः उक्लँदै गयो । शिक्षामा पहुँच बढेसँगै मानिसहरू ज्ञानको खोजमा किताबतर्फ आकर्षित हुन थाले। यही सामाजिक परिवर्तनले नेपाली पुस्तक बजार विस्तार हुन मद्दत गर्‍यो ।

पछि सामाजिक सञ्जालको प्रवेशले किताब प्रवर्धनमा ठूलो भूमिका खेल्यो। एउटा यस्तो समय पनि आयो, किताब पढेर सामाजिक सञ्जालमा पोस्ट गर्नु, पुस्तक विमोचनमा जानु, लेखकसँग हस्ताक्षर लिएको फोटो राख्नु 'ट्रेन्ड' नै बन्यो । यसले किताबबारे चर्चा बढायो र बिक्रीमा समेत सकारात्मक असर पारेको देखियो । यही समयमा नयाँ लेखकहरू पनि उदाए, जसले पाठकको रुचिअनुसार किताब लेख्न थाले । पल्पसा क्याफे, सोच, कर्णाली ब्लुज, समर लभजस्ता पुस्तकहरूले नेपाली बजारमा नयाँ ऊर्जा भरे ।

तर कोरोना महामारीले यो गतिलाई एकाएक रोकिदियो। लामो समय प्रकाशन गृह बन्द भए। नयाँ किताब छाप्न आर्थिक संकट आयो। बजारमा किताब जानै सकेन। केही समय नेपाली पुस्तक बजार लगभग ठप्पजस्तै भयो। अहिले भने अर्थतन्त्र विस्तारै चलायमान हुँदै जाँदा पुस्तक बजार पनि क्रमशः उकासिँदै गएको देखिन्छ । कतिपयले अहिले नेपाली किताबको बिक्री घटेको गुनासो गर्छन्। तर समग्र पुस्तक बजार हेर्दा यस्तो देखिँदैन। नेपालमा नेपाली किताब मात्रै होइन, विदेशबाट छापिएका अंग्रेजी किताब पनि ठूलो संख्यामा बिक्री हुन्छन् । उदाहरणका लागि, पहिले एउटा अन्तर्राष्ट्रिय प्रकाशन संस्थाले नेपालका लागि वार्षिक २ करोडको कारोबार लक्ष्य राख्थ्यो भने अहिले त्यो ५ करोडसम्म पुगेको छ । यो त एउटा कम्पनीको मात्र तथ्यांक हो, यस्ता धेरै प्रकाशन गृह भारतलगायत देशबाट नेपालमा किताब पठाइरहेका छन् ।

अनलाइन माध्यमबाट किताब बिक्री गर्ने प्रवृत्ति पनि बढ्दो छ। संस्थागतभन्दा बढी व्यक्तिगत रूपमा भए पनि अनलाइन बुकस्टोरहरू सक्रिय छन् । बुक बर्थ, नेपाल मण्डला, किताब किरोजस्ता प्लेटफर्महरूले राम्रो बिक्री गरिरहेका छन् । यसले किताब पढ्ने संख्या घटेको होइन, माध्यम परिवर्तन भइरहेको संकेत गर्छ ।

तर नेपाली किताबको बिक्री केही घट्नुको कारण भने स्पष्ट देखिन्छ। पछिल्ला वर्षहरूमा अंग्रेजी शिक्षाको प्रभाव



बढेको छ। मोबाइल, इन्टरनेट र डिजिटल सामग्रीको अत्यधिक प्रयोगले बाल्यकालदेखि नै अंग्रेजी सामग्रीको पहुँच बढाएको छ । परिणामतः एउटा पुस्ता यस्तो बन्दै छ, जसलाई नेपालीभन्दा अंग्रेजी पढ्न सजिलो लाग्छ । यसले नेपाली भाषामा लेखिएका किताबको बजार संकुचित बनाएको छ ।

यसबाहेक, नेपालमा पुस्तक बजारको ठोस तथ्यांक नै छैन। कुल पुस्तक बजार कति हो, नेपाली र विदेशी किताबको अनुपात कस्तो छ भन्नेबारे कुनै सरकारी वा प्राज्ञिक अध्ययन भएको छैन । यसो अनुमान गर्दा नेपाली साहित्यिक किताबको बजार १५-२० करोडको हाराहारीमा छ कि। पाठ्यपुस्तकको बजार भने निकै छ, जहाँ लाखौंप्रति बिक्री हुन्छन् ।

नेपालमा पूर्णकालीन लेखक भएर बाँच्नु अझै कठिन छ । केही अपवादबाहेक अधिकांश लेखकको लेखन आम्दानी सहायक मात्र हुन्छ । सुबिन भट्टराई, बुद्धिसागरजस्ता लेखक अपवाद हुन्, जो निरन्तर बेस्टसेलर लेखिरहेका छन् । पुरस्कारप्राप्त किताबहरूको दीर्घकालीन बिक्री राम्रो हुन्छ । विशेषगरी मदन पुरस्कार पाएका किताबहरू 'सेफ च्वाइस' मानिने भएकाले लामो समयसम्म बिक्रीमा रहन्छन् ।

नेपाली पुस्तक बजार सधैं राष्ट्रिय अर्थतन्त्रसँग गाँसिएको छ । नेपालमा बारम्बार राजनीतिक आन्दोलन, जनयुद्ध, नाकाबन्दी, भूकम्प, कोभिडजस्ता संकट आए । किताब अत्यावश्यक वस्तु नभएकाले संकटको बेला यसको बिक्री सबैभन्दा पहिले प्रभावित हुन्छ । कमजोर सार्वजनिक पुस्तकालय प्रणाली, विश्वविद्यालयमा पुस्तक खरिदका लागि न्यून बजेट, र राज्यको कमजोर दृष्टिकोणले पनि बजार विस्तारमा बाधा पुर्‍याएको छ ।

अब भविष्यतर्फ हेर्दा, नेपाली प्रकाशन उद्योगले प्रविधिसँग तालमेल गर्नैपर्छ। अडियो बुक, ई-बुक, अनलाइन प्लेटफर्म र अन्तर्राष्ट्रिय बजारतर्फ ध्यान दिनु आवश्यक छ। ठूलो नेपाली डायस्पोरा विश्वभर छ तर नेपाली किताब त्यहाँसम्म पर्याप्त पुग्न सकेको छैन । अमेजनजस्ता प्लेटफर्ममार्फत अन्तर्राष्ट्रिय पाठकसम्म पुग्ने सम्भावना ठूलो छ ।

समग्रमा, नेपाली पुस्तकको अर्थतन्त्र सानो भए पनि गतिशील छ। तथ्यांकको अभाव, कमजोर संरचना र आर्थिक चुनौतीबीच पनि यसले निरन्तर संघर्ष गरिरहेको छ । समयअनुसार माध्यम बदल्दै, नयाँ प्रविधि अंगाल्दै अघि बढ्न सके नेपाली पुस्तक उद्योगको भविष्य अझ सम्भावनायुक्त देखिन्छ ।

*(फाइन प्रिन्टका प्रकाशक अजित बरालसँग कुराकानीमा आधारित ।)*

एउटा यस्तो समय पनि आयो, किताब पढेर सामाजिक सञ्जालमा पोस्ट गर्नु, पुस्तक विमोचनमा जानु, लेखकसँग हस्ताक्षर लिएको फोटो राख्नु "ट्रेन्ड" नै बन्यो । यसले किताबबारे चर्चा बढायो र बिक्रीमा समेत सकारात्मक असर पारेको देखियो । यही समयमा नयाँ लेखकहरू पनि उदाए, जसले पाठकको रुचिअनुसार किताब लेख्न थाले ।

We take care of your
INTEREST
with our loan products.

AGRICULTURE
HOME
PERSONAL
BUSINESS

The true worth of money is when you can have it, when you need it the most. Come to Goodwill for your loan needs and we will take care of it.

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
Hattisar, Kathmandu, P. O. Box: 8867
Tel: 4544039
Email: info@goodwill.net.np

Branches
Dillibazar 4522290, Indrachowk 5329554, Bhaktapur 6620067, Kumaripati 5408690, Tripureshwor 5331533, Nayabazar 5910738, Itahari, Sunsari 025-587051, Birtamod 023-530548, Nepalgunj 081-532056
Ghorai, Dang 082–563350, Ilam 027-520949, Phidim 024-523068, Butwal 071–537282, Bardibas 044–550102, Dhangadi 091-417357, Nawalpur 046-570060, Gaindakot 078-501411, Bhairahawa 071-590963

www.goodwillfinance.com.np
financing for success..... since 1995




विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउण्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।
IME International Money Express
Fast, Reliable And Secure Remittance
khalti by IME

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा लुम्बिनी प्रदेश
तिनाउ गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रेम श्रेष्ठ, अध्यक्ष
दिनेश सारू, प्रमुख प्रशासकीय अधिकृत
लाल बहादुर थापा, उपाध्यक्ष
तिनाउ गाउँपालिका, दोभान, पाल्पा लुम्बिनी प्रदेश

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
गौरीशंकर गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विस्वास कार्की, अध्यक्ष
रिजेश उपरकोटी, प्रमुख प्रशासकीय अधिकृत
उमा लुङ्गेली मगर शेर्पा, उपाध्यक्ष
गौरीशंकर गाउँपालिका सुरी, दोलखा

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, सोलुखुम्बु, नेपाल
महाकुलुङ गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- समयमा कर तिरौ र सभ्य नागरिकको परिचय दिऔं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व. को भाद्र मसान्तभित्र अनिवार्य रुपमा परिचय पत्र नविकरण गरौ ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौ ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गा.पा. मा जानकारी गराऔं ।
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सूर्य बहादुर कुलुङ, अध्यक्ष
खरिधन राई, प्रमुख प्रशासकीय अधिकृत
विपना कुलुङ, उपाध्यक्ष
महाकुलुङ गाउँपालिका, कोशी प्रदेश, सोलुखुम्बु, नेपाल

# चम्किलो संग्रहालयप्रति मौन राज्य



■ ओमप्रकाश घिमिरे

संग्रहालय कुनै राष्ट्रको सामूहिक स्मृति, सांस्कृतिक पहिचान र ऐतिहासिक निरन्तरताको संरक्षित स्वरूप भएकाले यसले विगतका अनुभव, वस्तु, कला र ज्ञानलाई वर्तमान पुस्तासँग जोड्दै भविष्यका लागि मार्गनिर्देशन गर्नसमेत योगदान गर्दछ ।

संग्रहालय हाम्रो इतिहास, परम्परा र सभ्यताका जीवन्त प्रमाणका रूपमा रहेका सम्पदा, ज्ञान, मनोरञ्जन र भावनाको विश्वासिलो स्रोत हो । जसले भौतिक र अभौतिक दुवै किसिमका सम्पदाको प्रवर्धनका लागि स्थायी संस्थाको भूमिका खेलेको हुनछ । विश्वमा आधुनिक संग्रहालयको सुरुवात सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ । युनेस्कोको सन् २०२१ को आँकडाअनुसार हाल विश्वमा १ लाख ४ हजारभन्दा बढी सक्रिय रूपमा सञ्चालमा आएका संग्रहालय छन् । देशगत रूपमा हेर्दा संयुक्त राज्य अमेरिकामा करिब ३३ हजारभन्दा बढी संग्रहालय छन्, जुन देशगत आधारमा विश्वमा सबैभन्दा ठुलो संख्या हो । त्यसपछि जर्मनी, जापान, रुस, फ्रान्स, इटाली, युकेजस्ता देश छन्, जसका हजारौं संग्रहालय छन् । पछिल्लो समयमा यो संख्यामा तीव्र वृद्धि भएको छ । उदाहरणका लागि सन् २०१९ मा करिब ५५ सय संग्रहालय भएको चीनमा अहिले झन्डै ८ हजार संग्रहालय बनेका छन् ।

## नेपालमा संग्रहालय

नेपालमा भने विश्वमा आधुनिक संग्रहालय स्थापना भएको साढे २ सय वर्षपछि अर्थात १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो संग्रहालय हो । हाल काठमाडौंको छाउनीमा रहेको राष्ट्रिय संग्रहालय नै त्यतिखेरको नेपाल म्युजियम हो । १८८१ सालमा तत्कालीन प्रधानमन्त्री भीमसेन थापाले हतियार भण्डारण गृहका रूपमा प्रयोग गरेका थिए, जसलाई शिलखाना घर भनिन्थ्यो । यही घरलाई नै १९९५ सालमा तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले देशकै पहिलो संग्रहालय 'नेपाल म्युजियम घोषणा गरेका थिए भने २०२४ सालमा राजा महेन्द्रको पालामा राष्ट्रिय संग्रहालयमा रूपान्तरित गरियो ।



नेपालमा विधिवत् रूपमा संग्रहालय स्थापना भएको करिब नौ दशक बितिसकेको छ । यो यात्रा पार गर्दै गर्दा हाल कला, सम्पदा, संस्कृति, इतिहास, विज्ञान, जीवनीलगायतका धेरै क्षेत्रलाई समेटेका क्षेत्रगत संग्रहालय सञ्चालनमा आएका छन् । क्षेत्रगत दृष्टिले नेपाली सेना, नेपाल प्रहरी, त्रिभुवन विश्वविद्यालयजस्ता सरकारी निकायदेखि स्थानीय सरकार, प्रदेश सरकारले समेत संग्रहालय सञ्चालन गरेका छन् । त्यसबाहेक समुदाय र निजी क्षेत्रले पनि संग्रहालय सञ्चालन गरेका छन् । देशभर कुल संग्रहालयको संख्याबारे यकिन तथ्यांक नभए पनि करिब १ हजारको हाराहारीमा संग्रहालय दर्ता भएको अनुमान छ । त्यसैगरी वार्षिक करिब ३० लाख मानिसले संग्रहालय भ्रमण गर्ने गरेको अनमान छ । यो संख्या हरेक वर्ष बढेर गएको देखिन्छ ।

## नीतिगत धरातल

२००७ सालमा प्रजातन्त्र स्थापना भएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण राज्यको दायित्व हुने कुरा संविधानमै समावेश गरियो । सोही संवैधानिक व्यवस्थालाई विशिष्ट कानुन बनाउन २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याइयो, जसलाई कानुनी आधार मानेर राज्यले विभिन्न संग्रहालय स्थापना र विस्तारतर्फ अग्रसरता लियो । अहिले पनि नेपाल सरकारले सोही कानुनलाई आधार मानेर पुरातत्व विभागअन्तर्गत सरकारी संग्रहालयको रेखदेख र नियमन गर्दछ । तर सो ऐन संग्रहालयसम्बन्धीको कुनै पनि व्यवस्था छैन ।

राष्ट्रिय संस्कृति नीति २०६७ ले संग्रहालय ऐनको अभाव उल्लेख गर्दै उक्त ऐन बनाउने उद्देश्य राख्यो । तर उक्त नीति आएको डेढ दशक बितिसक्दा पनि संग्रहालयसम्बन्धीको ऐन आएको छैन । संग्रहालयसम्बन्धीको विशिष्ट कानुनको अभावमा संग्रहालयको विकास र विस्तार कार्यमा नीतिगत अन्योलता झन् बढेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संग्रहालय सञ्चालनको अधिकार स्थानीय तहलाई दिएपछि स्थानीयस्तरमा संग्रहालय खुल्ने क्रम बढेको छ । तर संग्रहालय स्थापना र सञ्चालनका लागि आवश्यक न्यूनतम मापदण्डको अभाव तथा दर्ता र अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा धेरै नयाँ संग्रहालय व्यवस्थित र दिगो बन्न सकेका छैनन् । नेपालको संविधान २०७२० ले सांस्कृतिक अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र राज्यलाई संस्कृति संरक्षण तथा प्रवर्धनको दायित्व दिएको छ ।

## बढ्दो आवश्यकता

संग्रहालय राष्ट्रको जीवित पाठशाला हो । यसले इतिहास, संस्कृति र पहिचानलाई दृश्य र अनुभवजन्य रूपमा प्रस्तुत गर्छ । विद्यार्थी, अनुसन्धानकर्ता र सर्वसाधारणका लागि संग्रहालय अनौपचारिक शिक्षाको महत्वपूर्ण माध्यमको काम गर्दै यसले नागरिकमा इतिहासप्रतिको चेतना, सांस्कृतिक विविधताप्रतिको सम्मान र संरक्षणप्रतिको जिम्मेवारी विकास गर्छ । संग्रहालयको यही महत्वलाई बुझेर विश्वमा विशेष खालको वास्तुकलाको प्रयोगमार्फत बनाइएका ठुलाठुला आइकोनिक भवनमार्फत संग्रहालयमा आगन्तुकलाई आकर्षण गर्ने अभ्यास बढेको छ । तर नेपालका अधिकांश ठुला संग्रहालय विगतमा राजकाज चलाउन बनाइएका दरबारमा अवस्थित छन् । पाटन संग्रहालय, हनुमान ढोका दरबार संग्रहालय, नाराणहिटि दरबार संग्रहालय यसका केही उदाहरण हुन् । यी स्थान पुरातात्विक सम्पदा, ऐतिहासिक राजकाजको विरात, धार्मिकस्थल र संग्रहालयको संयोजन भएका थलो भएकाले संग्रहालयलाई दर्शक पाउन पनि सजिलो भएको छ । तर काठमाडौंबाहिरका संग्रहालयमा भने संग्रहालय नै हेर्नका लागि आगन्तुक आउने गरेको पाइन्छ । उदाहरणका लागि दाङको दंगीशरण गाउँपालिकामा रहेको थारु संग्रहालयमा वार्षिक झन्डै १ लाख आगन्तुक हेर्नका लागि आउने गर्दछन् ।

विश्व सम्पदा सूचीमा परेका काठमाडौं र लुम्बिनीजस्ता सांस्कृतिक सम्पदा स्थलमा लाखौंको संख्यामा आगन्तुक आउँछन् । उनीहरूलाई पनि विशेष संग्रहालय सञ्चालन गरेर त्यस स्थानबारे जानकारी लिने थलोका रूपमा विकास गर्न सकियो भने नेपालमा संग्रहालय भ्रमणकर्ताको संख्या करोड बढी हुन्छ । त्यसबाहेक खुला संग्रहालयका रूपमा रहेका सम्पदा नेपालमा अन्यत्र पनि छन् । यी विविधता, संस्कृति, सम्पदालगायतको संरक्षणमा संग्रहालयको ठुलो योगदान हुने भएकाले यसको विकासबाट आगन्तुकको संख्या बढाउनेसँगै सम्पदा र इतिहासको संरक्षणमा समेत मद्दत पुग्छ ।

नेपालका जातीय र सामुदायिक संग्रहालयले स्थानीय जीवनशैली, सिप र परम्परालाई राष्ट्रियस्तरमा चिनाउने अवसरसँगै सांस्कृतिक पर्यटनको आधारसमेत दिएका छन् । जसले स्थानीय अर्थतन्त्र र सिर्जनशील उद्योगलाई समेत टेवा दिएको देखिन्छ ।


हार्दिक बधाई तथा शुभकामना

विशेष गरी मध्यपूर्व तथा कतारमा कार्यरत श्रमिकका समस्यालाई उजागर गर्दै उनीहरुको हक हितको पक्षमा आवाज बुलन्द पार्दै वैदेशिक रोजगारी सम्बन्धी समाचार, सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गर्दै आएको मध्यान्ह राष्ट्रिय दैनिक २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा थप प्रगतिको कामना गर्दछु । यस दैनिकले विगतमा जस्तै आगामी दिनमा पनि निष्पक्ष रुपमा समाचार प्रसारण तथा प्रकाशनलाई निरन्तरता प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै मध्यान्ह परिवारमा हार्दिक मंलमय शुभकामना व्यक्त गर्दछु ।



सरोज थापा
होटल केम्पेन्स्की
साउदी अरेबिया एग्जेकुटिभ पेस्ट्री सेफ



हार्दिक बधाई

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

मीनबहादुर कार्की
अध्यक्ष तथा

(An ISO 9001-2015 Certified Company)

ए.एस. इन्टरनेशनल ग्रुप प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल



शीतलहर तथा चिसोबाट बच्न पकहाँ मैनपुर गाउँपालिकाको अनुरोध

यस वर्षको चिसो समय हाल भईरहेको छ । यस गाउँपालिकामा विगत देखिनै शीतलहर तथा चिसोका कारण मानवीय तथा धनजनको क्षती हुदै आईरहेको छ । त्यसैले यस गाउँपालिका कार्यालयले मौसमको कारण हुने शीतलहर तथा चिसोबाट बच्नको लागि समयमै सचेत रहन सर्वसाधारण सबैलाई हार्दिक अनुरोध गर्दछौ । शीतलहरबाट हुन सक्ने क्षती हुन नदिन सबैले आ-आफ्नो तर्फबाट भुमिका निभाउन अनुरोध छ । शीतलहर तथा चिसोबाट बच्न निम्न उपायहरु अपनाउन हार्दिक अनुरोध गर्दछौं ।

- जाडो समयमा सधै न्यानो कपडा लगाऔं ।
- शीतलहरको समयमा सकेसम्म घरबाट बाहिर खुल्ला स्थानमा धेरै समय नबसौं ।
- रातको समयमा न्यानो सिरक, कम्बल ओड्ने गरौं । सुत्दा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने, छाती र टाउकोलाई चिसोबाट बचाऔं ।
- चिसोको समयमा शरिरलाई चाहिने आवश्यक खानेकुरा तथा तातो झोलिलो खानेकुरा प्रशस्त मात्रामा खाने गरौं ।
- चिसोका कारण विरामी भएमा तत्काले नजिकको स्वास्थ्यचौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाऔं ।
- शीतलहरले सबैभन्दा बढी वालवालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा विरामीहरु प्रभावित हुने हुदा विशेष सतर्कता अपनाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- धुम्रपान तथा मध्यपानको सेवन नगरौं ।
- शीतलहर चलेको समयमा पाल्तु पशुंपन्छी, पशु चौपायलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलगी गोठ अथवा टहरमै राखेर पर्याप्त घास पराल, पानी दिने गरौं । विरामी परेमा नजिकको पशु कार्यालयमा जानकारी गराई उपचारको विधि अपानाऔं ।
- आगो बालेको स्थानमा बच्चाहरुलाई एक्लै नछाडौं ।
- सुत्ने कोठामा आगो, मक्कल, कोईला, हिटर बालेर झ्याल ढोका बन्द गरेर नसुतौं, जसले गर्दा स्वास फेर्न नसकी मृत्यू समेत हुन सक्छ ।
- केही भवितव्य परेमा एक अर्कामा सहयोगको भुमिका निर्वाह गरौं ।

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
मधेश प्रदेश, नेपाल



सखुवाप्रसौनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सखुवाप्रसौनी, मकवानपुर
मधेश प्रदेश, नेपाल

जनहितमा जारी सन्देश/सूचना

- घर, आँगन, सडक पेटी, सफा राखौं । पाटी पौवा र पोखरीहरुको संरक्षण र संवर्द्धन गरौं । राष्ट्रिय सम्पदा तथा धरोहरहरुलाई जगेर्ना गरौं ।
- वातावरणमैत्री नगर बनाउन प्रतिवद्ध बनौं । वातावरणीय जोखिमलाई न्युनिकरण गर्न रुखविरुवा रोप्ने बानी बसालौं । मठ मन्दिर वरिपरिको वातावरणलाई सफा र सुन्दर राखौं ।
- जेष्ठ नागरिक, एकल महिला एवं अपांगता भएका व्यक्तिहरुका लागि वितरण गरिने भत्ता तथा अन्य लक्षित कार्यक्रममा हुने सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको दर्ता ३५ दिन भित्र आफूले पनि गरौं, अरुलाई पनि गर्न प्रेरित गरौं ।
- गाउँक्षेत्र तपाईहरुकै हो । यसलाई हराभरा बनाउन आफ्नो तर्फबाट सकेजति सहयोग गरौं ।
- गाउँपालिकामा तिर्नुपर्ने कर समयमै तिरी असल करदाताको परिचय दिऔं ।
- गाउँपालिका कार्यालयबाट ईजाजत लिएर मात्र घर निर्माण गरौं । भवन निर्माण संहिता अनुसार भूकम्प प्रतिरोधी भवन निर्माण गरि निर्माण सम्पन्न प्रमाणपत्र लिऔं ।
- विकास निर्माणको कार्यमा जनसहभागिता जुटाऔं । गाउँपालिकालाई स्वच्छ, हराभरा कायम राख्न सहयोग गरौं ।
- गाउँपालिका भित्र संचालन हुने सम्पूर्ण व्यापार, व्यवसाय गाउँपालिका कार्यालयमा दर्ता गरेर मात्र संचालन गरौं ।
- जथाभावी गाई बस्तु नचराऔं । छाडा चौपाय नियन्त्रण गरौं ।
- बालबालिकालाई नियमित विद्यालय पठाऔं, सानै उमेरमा काम नलगाऔं ।
- पालिका भित्र रहेको सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौं । जथाभावी फोहोर फाल्नु दण्डनीय अपराध हो ।
- आफ्नो घर वरिपरी बोटविरुवा रोपी हरियाली बनाऔं, वातावरणीय जोखिमलाई न्युनिकरण गरौं ।
- सडक किनारमा बटुवालाई अवरोध हुने गरि निर्माण सामाग्री तथा व्यापार, व्यवसाय नगरौं ।

# ट्रेकिङ, हाइकिङ र होमस्टे



■ प्रतिमा भट्टराई

> नेपाली जीवनशैलीले अहिले घरको चुलोबाट रेस्टुरेन्टसम्म, गाउँको गोरेटोबाट हिमाली पदमार्गसम्म, ढिँडोको थालबाट थकाली भान्सासम्म फड्को मारिसकेको छ । झट्ट हेर्दा यो सबै फेसनजस्तो बनेको छ । तर यसभित्र प्रकृतिसँग नजिक हुने, शरीर र मनलाई सन्तुलनमा राख्ने र जीवनलाई अलि सहज र रमाइलो बनाउने चाहना लुकेको छ ।

नेपाली समाज परम्परागत रूपमा आत्मीयता, सामूहिकता र आतिथ्य संस्कृतिमा आधारित छ । केही दशकअघिसम्म कसैलाई भेट्ने, खुसी साट्ने वा दुःख पोख्ने बहाना भनेकै घरमै खाना खान बोलाउने हुन्थ्यो । पाहुनाको स्वागत घरकै भान्सामा पकाएको ढिँडो, भात, सागसब्जी र अचारले गरिन्थ्यो । घरमै बस्ने, घरमै खाने र घरायसी दुःखसुखमा रमाउने नेपाली जीवनशैली थियो । तर पछिल्ला केही दशकमा यो व्यवहार पूरै फेरिएको छ ।

आजभोलि पाहुनालाई घरमा बोलाउनेभन्दा 'थकाली खाना खाऔं,' 'रैथाने भान्सा घर जाऔं' वा 'नयाँ रेस्टुरेन्ट ट्राइ गरौं' भन्ने प्रस्ताव सामान्य भइसकेको छ । आतिथ्यता घरको आँगनबाट होटल र रेस्टुरेन्टको टेबलतिर सरेको छ । सहरिया व्यस्तता, समयको अभाव, बढ्दो व्यक्तिगत दूरी र सामाजिक सम्बन्धमा आएको फेरबदलले यो परिवर्तन आएको देखिन्छ ।

नेपालीहरू घुम्न, हिँड्न र प्रकृतिसँग नजिक हुन थालेका छन् । गाउँघरको पुरानो स्वाद र संस्कृतिको झल्को मेट्न होमस्टेमा जान थालेका छन् । स्याङ्जाको सिरुबारी गाउँबाट सुरु भएको होमस्टे अवधारणाले नेपाली पर्यटनमा नयाँ अभ्यास सुरु गऱ्यो । स्थानीय संस्कार, भोजन र दैनिकीलाई नै आकर्षण बनाउने यो मोडेल आज लमजुङको घलेगाउँ, बर्दियाको डल्ला, बाँकेको गाभरलगायतका थुप्रै गाउँमा फैलिएको छ । यस्ता होमस्टेमा सहरका मानिस गाउँ पुगेर स्थानीय भान्साको स्वाद लिन्छन्, स्थानीय जनजीवनका कथा सुन्छन् र केही समयका लागि भए पनि गाउँकै जीवन जिउँछन् । बाँके, बर्दिया र चितवन निकुञ्ज वरपर पुग्नेहरू होमस्टेमा बस्ने र निकुन्जभित्र जंगल सफारी गरेर फर्किने क्रम बढेको छ । यसले गाउँको अर्थतन्त्र चलायमान बनाएको छ भने सहर-गाउँबीचको दूरी पनि घटाउन मद्दत पुऱ्याएको मानिन्छ ।




अर्को, पदयात्रा (ट्रेकिङ) नेपाली जीवनशैलीमा आएको अर्को बदलाव हो । कुनै समय विदेशी पर्यटकसँग मात्र जोडिने पदमार्गहरू आज नेपाली युवापुस्ताका लागि साहस र रमाइलोको बाहना बनेको छ । गत सिजनमा अन्नपूर्ण क्षेत्रको पदमार्गमा देखिएको ठूलो घुइँचोले यसको पुष्टि गर्छ । अन्नपूर्ण बेसक्याम्प, घोरेपानी-पुनहिल, लाङटाङ, मनास्लु, मर्दी हिमालजस्ता पदमार्गमा नेपाली यात्रुको उपस्थिति पछिल्ला वर्षहरूमा उल्लेख्य रूपमा बढेको छ । सगरमाथा बेसक्याम्प पुग्ने सपना बोकेर हिँड्ने नेपालीहरूको संख्या पनि बर्सेनि बढ्दै गएको छ । यी पदमार्ग गन्तव्य मात्र होइनन्, आत्मबल, धैर्य र प्रकृतिसँग नजिकिने खुला पाठशालाजस्तै बनेका छन् । कुनैबेला आन्तरिक पर्यटनलाई खासै महत्व दिइँदैनथ्यो । तर पछिल्ला वर्षमा पर्यटन व्यवसायीको एउटा मुख्य आधार घरेलु पर्यटक बनेका छन् । सरकारले केही वर्षअघि घुम्नका लागि १५ दिन बिदा दिने नीति घोषणा पनि गरेको थियो । भलै, त्यो कार्यान्वयन भएन ।

लामो दूरीका पदयात्रा आँट्न नसक्नेहरू वा भनौं त्यसको अभ्यासका लागि हाइकिङको पनि उस्तै लहर चलेको छ । काठमाडौं उपत्यका वरपर हाइकिङ गर्नेहरूको संख्या बर्सेनि बढ्दै गइरहेको छ । शिवपुरी, फुलचोकी, चम्पादेवी, नगरकोट, सुन्दरीजल, चोभार, टौदह र दक्षिणकाली आसपासका दर्जनौं हाइकिङ रुटहरूमा हरेक शनिबार बिहान मानिसहरूको लर्को लागेको देखिन्छ । अलिअघिसम्म शनिबार वा कुनै सार्वजनिक बिदा भनेको ढिलो उठ्ने र सहरमै अल्झिने समय हुन्थ्यो । अहिले बिहानै उठेर डाँडाकाँडा उक्लिने, पसिना बगाउने र साथीभाइसँग समय बिताउने संस्कृति बस्दै गएको छ । हाइकिङ सामाजिक भेटघाट, मानसिक ताजगी र प्रकृतिसँग नजिकिने अर्को माध्यम बनेको छ । पछिल्ला वर्षहरूमा नेपालीहरू घुम्न थालेका छन्, परिवारसँग रमाउन थालेका छन् । यससँगै सांस्कृतिक रूपान्तरण पनि तीव्र गतिमा भइरहेको छ । हिजो गाउँका रोधीघरमा घन्किने मादल अब सहरका रोधीसाँझमा सुनिन् थालेका छन् । गाउँमा हराउँदै गएको दोहोरी सहरका दोहोरी साँझ, क्लब र रेस्टुरेन्टसम्म आइपुगेका छन् । तिनले लोकसंस्कृतिको पुरानै झल्को दिए पनि थुप्रै विकृति सँगसँगै भित्र्याएका छन् । लोकसंस्कृतिको संरक्षण र व्यवसायीकरणबीचको द्वन्द्व प्रस्टै देखिन थालेको छ । नेपाली जीवनशैलीले अहिले घरको चुलोबाट रेस्टुरेन्टसम्म, गाउँको गोरेटोबाट हिमाली पदमार्गसम्म, ढिँडोको थालबाट थकाली भान्सासम्म फड्को मारिसकेको छ । झट्ट हेर्दा यो सबै फेसनजस्तो बनेको छ । तर यसभित्र आफ्नो भित्रि पहिचान खोज्ने, प्रकृतिसँग नजिक हुने, शरीर र मनलाई सन्तुलनमा राख्ने र जीवनलाई अलि सहज र रमाइलो बनाउने चाहना लुकेको छ । यही चाहनाले आजको नेपाली समाज परम्परा र आधुनिकता दुवैलाई सँगै लिएर हिँड्न खोज्दै छ ।









# बदलियो शिक्षा नीति, बदलिएन नियति



■ उत्तम कार्की

"परम्परागत पाठ्यपुस्तक-केन्द्रित र परीक्षा-केन्द्रित प्रणाली अझै बलियो छ, जसले विद्यार्थीलाई रचनात्मक/व्यावहारिक क्षमतामा सुधार ल्याउन सकेको छैन ।"

नीतिका दृष्टिमा नेपालको पछिल्लो अढाइ दशक निकै नै परिवर्तनकारी देखिन्छ । राजतन्त्र र राजाको पक्षपोषण गर्दै हुने शिक्षा प्रणालीलाई २०६२/६३ सालको जनआन्दोलनले इतिहास बनाइदियो । यति मात्रै होइन, शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्ने नीति पनि यही अढाइ दशकमा प्राप्त भएको महत्वपूर्ण उपलब्धि हो ।

२०६२ सालसम्म नेपालको शिक्षा नीति राजतन्त्रात्मक थियो । तत्कालीन नेकपा माओवादीको जनयुद्ध र १९ दिने आन्दोलनपछि प्रतिनिधि सभा पुनर्स्थापित भयो र त्यस्तो नीतिमा तुरुन्तै बदलाव ल्यायो । यसअनुकूलको नीति बन्न भने समय लाग्यो ।

२०६४ सालमा संविधान सभाको निर्वाचन भयो । संविधान सभाले नै व्यवस्थापिकाको काम गर्दथ्यो । तत्कालीन व्यवस्थापिकाले गणतन्त्रात्मक शासन व्यवस्था अनुकूलका नीति बनाउन काम गर्‍यो । संविधान सभाबाट २०७२ सालमा जारी संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ ।

संविधानअनुसार राष्ट्रिय शिक्षा नीति २०७६ बनेको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा संरचना परिवर्तन भएसँगै यससँग मिल्ने गरी पुरानो नीतिहरूलाई समेट्ने प्रयास भएको छ । संघ-प्रदेश-स्थानीय तहबीच कार्यान्वयन संरचना समायोजन भएको छ ।

समावेशी शिक्षा, समतामूलक पहुँच, गुणस्तर सुधार र व्यावसायिक/प्राविधिक शिक्षा वृद्धिजस्ता लक्ष्यउम्मुखी कदम चालिएका छन् ।

शिक्षा नीतिले विधि, नीति र संस्थागत सुधारमा काम गर्दै छ । आधारभूत शिक्षा सबैलाई सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । विज्ञान, प्रविधि, अनुसन्धान, नवप्रवर्तन र प्राविधिक शिक्षामा जोड दिइएको छ । डिजिटल शिक्षाको विस्तार भएको छ । निजी र सार्वजनिक विद्यालयका गुणस्तर मापदण्ड तय गर्ने प्रयास भएको छ । यी विषय नीतिमा आएको फरकपन हुन् । संवैधानिक शिक्षा अधिकारलाई नीति-कार्यक्रममा ल्याउने कोसिस भए पनि कानुनबमोजिम सबैले शिक्षा पाउने हक संविधानमा मात्रै सुनिश्चित छ । व्यवहारमा भने यो लागू हुन सकेको छैन ।



संविधानको मौलिक हकमा आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरे पनि यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । अर्थात्, आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुनुपर्ने कैयनको नियति यथावत् छ ।

नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा राखिएको छ । जहाँ 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने' उल्लेख छ । यो व्यवस्था कार्यान्वयनका लागि राजनीतिक दलहरूले आफ्ना चुनावी घोषणापत्रमा प्रतिबद्धता व्यक्त गर्दै आएका छन् । प्रत्येक चुनावमा बाचा आउँछन्, यसपटक पनि आएका छन् । नेपाल सरकारका हरेक वर्षका नीति तथा कार्यक्रममा पनि यी विषयप्रतिको प्रतिबद्धता छुट्दैनन् । तर स्रोतसाधन र पूवार्धारको अपर्याप्तताका कारण निःशुल्क हकको पूर्ण कार्यान्वयन हुन सकेको छैन ।

सामुदायिक विद्यालयमा पर्याप्त लगानी तथा शिक्षक दरबन्दी नहुने समस्या यथावत् छ । यो नियति पुरानै नियति हो । अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजना हुनुपर्नेमा त्यस रूपमा लगानी गर्न सकेको छैन ।

समाजवादोन्मुख संविधानको परिकल्पनाअनुसार शिक्षाका अधिकारको कार्यान्वयनमा पूर्णता नहुँदा शिक्षाको मौलिक हक केवल संविधान र कानुनका कागजमा सीमित भएका हुन् । संविधानको मौलिक हकको कार्यान्वयनका लागि बनेको 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' मा चार वर्षदेखि १३ वर्ष उमेर समूहका बालबालिकालाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्था छ । शिक्षण संस्थालाई विद्यार्थीलाई भर्नामा इन्कार गर्न हुँदैन भने ऐनमा व्यवस्था छ । यसको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको हो । तर यसको कार्यान्वयन भए/नभएको अनुगमन हुन सकेको छैन ।

शिक्षालाई जीवनोपयोगी, आधुनिक, प्राविधिक र अनुसन्धानमुखी बनाइने, प्रारम्भिक बाल विकासलाई पुनः व्यवस्थित गर्ने विषय नीतिमा आउने र व्यवहारमा नआउने प्रवृति छ । अब पनि विद्यालयमा बालबालिकालाई पुर्‍याउने, सिकाउने र टिकाउने कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्न आवश्यक छ ।

कुशल/गुणस्तरपूर्ण र व्यावहारिक शिक्षातिर अग्रसर हुने नीति र व्यवहार नभए फेरि नीति केवल कागजमा सीमित हुनेछ ।

सुधार गर्नुपर्ने विषय पठन संस्कृतिमा पनि छ । परम्परागत पाठ्यपुस्तक-केन्द्रित र परीक्षा-केन्द्रित प्रणाली अझै बलियो छ, जसले विद्यार्थीलाई रचनात्मक/व्यावहारिक क्षमतामा सधार ल्याउन सकेको छैन ।

समस्या छ भनेर प्रश्न उठ्दै आएको छ । शैक्षिक सुधारका लागि अनेकन प्रतिवेदन बने पनि त्यसको प्रभावकारी लागू हुन सकिरहेको छैन । पठन-लेखन, आधारभूत सिप र मानक मापनलाई ध्यानमा राख्दै गुणस्तरमा ख्याल पुर्‍याउनेछ । प्राविधिक शिक्षा र अनुसन्धानको आवश्यकतालाई बोध गर्दै नीति र नियति दुवैमा सुधार आवश्यक छ ।

विश्वविद्यालय र उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउनुपर्नेछ । सरकारलाई विभिन्न अध्ययन र प्रतिवेदनमार्फत प्राप्त भएका सुझाव/नीति तथा सिफारिस, अनुसन्धानकर्ता/शिक्षाविदले दिएका सुझाव कार्यान्वयनमा अग्रसरता देखाउने राजनीतिक नेतृत्वको जरुरी छ । ताकि नीतिमार्फत नै व्यावसायिक र काम-आधारित शिक्षा मजबुत बनाउनु छ, राष्ट्रिय मान्यता/एक्रेडिटेसन संरचना बलियो पार्नुपर्नेहुन्छ । शिक्षा-रोजगारीलाई जोड्ने नीति बनाउन नसके फेरि पनि समस्या सुल्झिने छैन ।

प्रविधि र नवप्रवर्तनलाई बढावा दिनुपर्छ । अध्यापक पेसागत विकास र गुणस्तरमा जोड दिनुका साथै निःशुल्क शिक्षालाई कार्यान्वयनमा ल्याउन सक्नुपर्छ । बिदेसिएका सिपलाई देशमा फर्काउन/लगानी अवसर सिर्जना गर्ने शिक्षा नीतिकै लागि पनि शिक्षा क्षेत्रमा रहेको कागजी प्रतिबद्धता हटाएर व्यावहारिक सुधार गर्ने अग्रसरता आवश्यक छ ।


पञ्चकन्या ग्रुप
आवासको एक मात्र विकल्प

पञ्चकन्या भवन, कृष्णगल्ली, ललितपुर • सम्पर्क नं.: ०१-५४२६५५१ • www.panchakanya.com

हार्दिक बधाई
मध्याह्न राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्याह्न राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
निर्मल जिसी
अध्यक्ष
तथा
NICE नाइस रिक्रुटिङ एजेन्सी प्रा. लि. परिवार
सामाखुसी, काठमाडौं

हार्दिक बधाई तथा शुभकामना
मध्याह्न राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २३ औं वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्याह्न राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बिबी रोक्का
प्रबन्ध निर्देशक
तथा
Yacca यात्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि. परिवार
महाराजगंज, काठमाडौं, नेपाल

हार्दिक बधाई तथा शुभकामना
मध्याह्न राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तर रुपमा अनो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्याह्न राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विजय लामा
प्रबन्ध निर्देशक
NRC नेपाल रिक्रुटमेन्ट कन्सल्टेन्सी परिवार
सम्भु मार्ग एयरपोर्ट, काठमाण्डौं

हार्दिक बधाई तथा शुभकामना
मध्याह्न राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तर रुपमा अनो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्याह्न राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बिनोदजंग केसी
प्रबन्ध निर्देशक
MBK एम.बि.के ओभरसिज प्रा.लि परिवार
सामाखुसी, काठमाडौं

हार्दिक बधाई तथा शुभकामना
मध्याह्न राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तर रुपमा अनो प्रकाशनको २३ वर्ष पूरा गरी २४ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्याह्न राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Akhtar Hussain
(Chairman / CEO)
Overseas Employment (P) Ltd. Family
Bhimsengola, Baneshwor - 32, Kathmandu, Nepal

# सगर-सागरको सह-सम्बन्ध



■ प्रदीप उप्रेती

हिन्दुकुश हिमालय क्षेत्रमा अवस्थित नदीहरूको प्रमुख उद्गमस्थल भनेको हिउँ पग्लेर निस्कने हिमनदीका अतिरिक्त वाष्पीकरणको माध्यमद्वारा आकाशगंगाबाट वर्षने पानीको स्रोतलाई लिन सकिन्छ । यस प्राकृतिक प्रक्रियाले समयसँगै परिवर्तन हुँदै आएका जलचक्र र मौसमीय प्रणालीसँग प्रत्यक्ष सम्बन्ध राख्दै नेपाल-भारतका अधिकांश भूभागमा आवश्यक पर्ने पानीको माग आपूर्ति गर्ने आधार बनेको छ भन्ने जनविश्वास रही आएको छ । आर्थिक समुन्नति, शिक्षा आर्जन एवं अन्य प्रयोजनका लागि विकट भूभागबाट सुगम स्थलतर्फ हुने बसाइँसराइ र अव्यवस्थित सहरीकरणको वृद्धि स्वयं सामाजिक परिवर्तनको सूचक हो, जसका कारण पानीको माग झनै बढ्दै जानेछ । यस परिवर्तनशील अवस्थाले धर्तीलाई सिञ्चित गर्दै अत्यधिक लाभ लिन सकिने सम्भावना त देखाउँछ नै साथै स्रोत व्यवस्थापनमा नयाँ सोच र नीति आवश्यक भएको संकेत पनि गर्छ ।

उचाइबाट बहने हिमनदीमा पानीको बहाव तीव्र रहने हुँदा जलऊर्जा विकास र विद्युतीकरणमा ठुलो सहयोग पुग्ने तथ्य परिवर्तनको यही यात्राको महत्वपूर्ण आयाम हो। तर यही परिवर्तनले वर्षा याममा पहाडमा भूक्षय र तराईमा बाढीको प्रकोप निम्त्याउने सम्भावनालाई पनि त्यत्तिकै बढाएको पाइन्छ । यसले प्राकृतिक सन्तुलन जोगाउन अब परम्परागत सोचभन्दा फरक र समयअनुकूल उपाय अपनाउनुपर्ने यथार्थ उजागर गरेको छ ।

यस प्रकारका हिमनदीहरू सम्बद्ध मुलुकका लागि वरदान साबित भएका छन् । निरन्तर अविरल बगिरहने नदीले नेपाललगायत सम्पूर्ण दक्षिण एसिया क्षेत्रमा खानानाना, जलऊर्जा विकास-विस्तार, वातावरणीय प्रभाव सन्तुलन र व्यापार विविधीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । तर बदलिँदो जलवायु र बढ्दो जनसंख्याले यी उपलब्धिलाई दिगो रूपमा जोगाइराख्न अब सचेत परिवर्तन अपरिहार्य भएको तथ्यप्रति हामी आँखा चिम्लिन सक्दैनौं ।

यद्यपि जनचेतनाको अभाव र संस्कारगत कमजोरीका कारण पानीको गुणस्तरप्रति उचित ध्यान दिन नसक्ने प्रवृत्ति अझै पनि यथावत् छ । परिवर्तनको यही कमीका कारण प्रकृतिद्वारा निःशुल्क प्राप्त जलसम्पदा प्रदूषित हुँदै जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने जोखिम बढ्दै गएको देखिन्छ ।

> जनचेतनाको अभाव र संस्कारगत कमजोरीका कारण पानीको गुणस्तरप्रति उचित ध्यान दिन नसक्ने प्रवृति अझै पनि यथावत् छ । परिवर्तनको यही कमीका कारण प्रकृतिद्वारा नि:शुल्क प्राप्त जलसम्पदा प्रदूषित हुँदै जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने जोखिम बढ्दै गएको देखिन्छ ।

मुलुकको भू-राजनीतिक अवस्थाका कारण अभाव, गरिबी र विसंगतिले हामी र हाम्रा सन्ततिका लागि समृद्धिको मार्ग अवरुद्ध गरिरहेका छन् । तर समयसँगै भूपरिवेष्ठित मुलुकको परिचयलाई क्रमशः परिवर्तन गर्दै सामुद्रिक पहुँचतर्फ उन्मुख हुने सम्भावनाले नेपालको पहिचानलाई नयाँ दिशातर्फ लैजाने संकेत दिएको छ । यस्तो परिवर्तनले दुई मुलुकबीचको मित्रताको कसीमा नयाँ आयाम थप्नेछ, जसलाई साकार तुल्याउन सगर र सागरको मिलन अपरिहार्य भइसकेको छ ।

प्रकृतिका अनुपम उपहारका रूपमा रहेका सगर र सागर दुवैको आ-आफ्नै पहिचान र अस्तित्व रहे पनि बदलिँदो भूगोल र समयले निम्त्याएको सहसम्बन्ध अब साझेदारीको नयाँ मोडमा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

सगरको जल सागरमा मिसिएर सागर पवित्र भएझैं नेपाल र भारतीय जनताबीचको सदियौं पुरानो सम्बन्ध, सद्भाव र सहयोगलाई समयअनुकूल परिवर्तनसहित व्यवहारमा उतार्ने हो भने सम्बन्ध विस्तारको यात्रामा नयाँ गति आउन सक्छ । यसका लागि दुवै पक्षले इमानदारीपूर्वक परिवर्तन स्वीकार गर्दै अघि बढ्नुपर्छ । परिणामतः द्विपक्षीय सह-सम्बन्ध विकासमा तिक्तताको साटो विश्वासको संस्कार विकास हुनेछ र यस सहकार्यले दुवै



मुलुकको आर्थिक समृद्धि तथा नागरिकको जीवनस्तर सुधारमा उल्लेखनीय परिवर्तन ल्याउनेछ ।

यसले आज देखिएको अराजक व्यवहारमा न्यूनता ल्याउँदै कूटनीतिक सम्बन्धलाई परिपक्व बनाउनेछ । छिमेकी राष्ट्रसँगको मैत्रीपूर्ण सहसम्बन्ध विस्तारमा भनाइ र गराइबीच तालमेल मिलाउन नसके परिवर्तन नकारात्मक दिशामा जान सक्ने हुँदा वैदेशिक कूटनीतिमा संवेदनशीलता झन् आवश्यक भएको छ ।

यदि सहयोगको भाव कमजोर हुँदै गयो र तेस्रो पक्षको सहारामा जाने संकेत बढ्दै गयो भने त्यसले कूटनीतिक सम्बन्धमा दीर्घकालीन परिवर्तन र जटिलता निम्त्याउन सक्छ । 'छोरी कुटेर बुहारी तह लगाउने' उखानझैं असन्तुलित व्यवहारले कहिलेकाहीं सम्बन्ध विस्तारमा प्रत्यूत्पादक असर पार्ने यथार्थ आधुनिक नेपाली समाजले चासोपूर्वक हेरिरहेको छ ।

यद्यपि विगतका केही असमझदारीलाई समयसँगै चिर्दै, नयाँ सोच र सकारात्मक परिवर्तनसहित मैत्रीपूर्ण सहकार्यको आरम्भ गर्न सकियो भने द्विपक्षीय सम्बन्ध विकासमा ठुलो लाभ लिन सकिनेछ । छिमेकीलाई चिढ्याएर होइन, परिवर्तनशील विश्वसँग तालमेल मिलाउँदै रिझाएर अघि बढ्ने कूटनीतिक प्रवृत्तिले मात्र सगर-सागरको समन्वयलाई वास्तविक अर्थमा सार्थक बनाउनेछ ।












CIMEX INC. PVT. LTD.
Naxal, Kathmandu
01-5970733
9802396101

CIMEX INC.

BANEPA: 9849769643 I BHAIRAHAWA: 9857088804 I BHAKTAPUR: 9851038377 I BIRATNAGAR: 9820730353 I BIRGUNJ: 9855022964
BIRTAMODE: 9817021197 I BUTWAL: 9857088805 I CHITWAN : 9801368497 I DAMAK: 9842753415 I DANG: 9766682137
DHANGADI: 9801020415 I ITAHARI: 9802600501 I JANAKPUR : 9844039594 I LAHAN: 9824705794 I LALITPUR: 9801981531
NEPALGUNJ: 9858061501 I POKHARA: 9801097284 I SOLTEEMODE: 9801188666